"पञ्ञा नरान रतन"

# परियत्तिशिक्षा

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ८, छैठौं पत्र)

### ऐच्छिक अभिधर्म

(प.स.पा. को कोविद प्रथम वर्षको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ४०

| | |
|---|---|
| १) अभिधर्मार्थ संग्रह | - ४० अंक, १८ घण्टा |
| २) जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग | - ३० अंक, ११ घण्टा |
| ३) नेपालका बौद्ध जनजाति | - ३० अंक, ८ घण्टा |

संकलन

**भिक्षु निग्रोध स्थविर**

(सचिव, ने. बौ. शिक्षा परिषद्)

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# अभिधर्मार्थ संग्रह

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ८, छैठौं पत्र)

अभिधर्मार्थ संग्रह प्राप्ताङ्क ४० अंक, १८ घण्टा

## लेखक - भिक्षु ज्ञानपूर्णिक महास्थविर

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# अभिधर्मार्थसंग्रह

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

**उनी भगवान् अर्हत् सम्यकसम्बुद्धलाई नमस्कार ।**

## चित्त-काण्ड १

### प्रमाण र प्रतिज्ञा

***पालि*** **- सम्मासम्बुद्ध - मतुलं, ससद्धम्म - गणुत्तर्म ।**

**अभिवादिय भासिस्सं, अभिधम्मत्थसङ्गहं ॥**

***भावार्थ*** **-** मैले सत्पुरुषहरुको, परमार्थ हिसाबले विद्यमान भइरहेको अनि प्रमाणित भएको धर्म र विशेष रूपले अविद्या उखेलिसकेका उत्तम हुनु भएका आर्य पुद्‌गलहरु सहित हुनुभएका, शील आदि गुणले कुनै सँग समान नहुनु भएका र संस्कृत असंस्कृत रूपले भेद भइरहेको धर्मलाई यथार्थ रूपले स्वयम्भू ज्ञानले स्वयं आफैले जानी लिनुभएका सम्यकसम्बुद्धलाई अभिवादन गरिसकेपछि सातवटा अभिधर्म ग्रन्थमा व्याख्या गरिराख्नुभएको अर्थलाई संक्षिप्तले ग्रहण गरिराखेको अभिधर्मार्थसंग्रहलाई भन्दछु ।

..........................

Dhamma.Digital

### परमार्थ धर्म ४ वटा

***पालि*** **- तत्थ वुत्ताभिधम्मत्था, चतुधा परमत्थतो ।**

**चित्तं चेतसिक रूपं, निब्बान मिति-सब्बथा ॥**

***भावार्थ*** **-** ती सात अभिधर्म ग्रन्थमा कुशल र स्कन्ध आदि सम्पूर्ण भेदले तथागतहरुले बताउनु भएको अभिधर्मार्थ, यथार्थ रूपले र उत्तम स्वभावको हिसाबले विज्ञानस्कन्ध, वेदना आदि तीन स्कन्ध समूह, भूत र उपादा रूप अनुसार भेद भइरहेको रूपस्कन्ध र मार्ग अनि फलको आरम्मण भइरहेको असंस्कृत धर्म निर्वाण, यसरी चार आकार प्रकारले रहेको छ ।

### भूमि अनुसार चित्तको भेद

Downloaded from http://dhamma.digital/

***पालि*** **- तत्थ चित्तं ताव चतुब्बिधं होति कामावचरं**

**रूपावचरं अरूपावचरं लोकुत्तरं चेति ॥**

***भावार्थ -*** संक्षिप्त हिसाबले देखाई आएको ती चार अभिधर्मार्थ मध्येमा (अहिले) मैले पहिले संक्षिप्तले देखाउनुपर्ने चित्त कामावचर, रूपावचर, अरूपावचर र लोकुत्तर भनिकन चार प्रकारका छन् ।

# अकुशल चित्त १२ वटा

## लोभमूल चित्त ८ वटा

***पालि*** **- सोमनस्स-सहगतं दिट्ठिगतसम्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ -*** सौमनस्य वेदना र एकउत्पाद आदि हिसाबले मिलेको अनि मिथ्यादृष्टिसँग राम्रैसँग एकउत्पाद इत्यादि प्रभेद युक्त प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

***पालि*** **- सोमनस्स-सहगतं दिट्ठिगतविप्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ -*** सौमनस्य वेदना र एकउत्पाद आदि हिसाबले मिलेको अनि मिथ्यादृष्टिबाट विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

***पालि*** **- उपेक्खा-सहगतं दिट्ठिगत-सम्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ -*** उपेक्षा वेदना र एकउत्पाद आदि हिसाबले मिलेको अनि मिथ्यादृष्टिसँग राम्रैसँग एकउत्पाद इत्यादि प्रभेदले युक्त भएको प्रेरणा रहित एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

***पालि*** **- उपेक्खा-सहगतं दिट्ठिगत-विप्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ -*** अपेक्षा वेदना र एकउत्पाद आदि हिसाबले मिलेको अनि मिथ्यादृष्टिले विप्रयुक्त प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा । यसरी आठ प्रकारका यी चित्तलाई लोभ सहगत भएको चित्त भनिन्छ ।

## दोषमूल चित्त २ वटा

***पालि*** **- दोमनस्स-सहगतं पटिघ-सम्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं"ति इमानि द्वेपि पटिघ सम्पयुत्त-चित्तानि नाम ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ -*** दौर्मनस्य वेदना र एकुत्पाद हिसाबले मिलेको अनि प्रतिघसँग राम्रैसँग एकुत्पाद प्रभेदले युक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा; यसरी दुई प्रकारका यी चित्तलाई प्रतिघ सम्प्रयुक्त चित्त भनिन्छ ।

## मोहमूल चित्त २ वटा

***पालि*** **- उपेक्खा-सहगतं विचिकिच्छा-सम्पयुत्तमेकंस उपेक्खा-सहगतं उद्धच्चसम्पयुत्तमेकं"ति इमानि द्वेपि मोमूह-चित्तानि नाम ।**

***भावार्थ -*** उपेक्षा वेदना र एकुत्पाद आदि हिसाबले मिलेको विचिकित्सा र औधृत्यसँग रामैसँग एकुत्पाद इत्यादि प्रभेदले युक्त भएको चित्त; यसरी दुई प्रकारका यी चित्तलाई मोहमूह चित्त भनिन्छ ।

## निगमन

***पालि*** **- इच्चेवं सब्बथापि द्वादसा-कुसलचित्तानि समत्तानि ।**

***भावार्थ -*** यसरी यथाकथित नय अनुरूप सौमनस्य उपेक्षा, दृष्टि-सम्प्रयोगादि सम्पूर्ण आकार भएको बाऱ्हवटा अकुशल चित्त समाप्त भयो ।

## संग्रह गाथा

**पालि - अट्ठया लोभमूलानि, दोसमूलानि च द्विधा ।**

**मोहमूलानि च द्वेति, द्वादसा-कुसला सियुं ॥**

***भावार्थ -*** लोभमूल चित्त वेदानादि भेदले आठ प्रकार, दोषमूल चित्त संस्कार भेदले दुई प्रकारका र मोहमूल चित्त पनि दुई प्रकारका छन्, यसरी अकुशल चित्त बाऱ्ह वटामात्र छन् । ( त्यसभन्दा घटी वा बढी छैन ।)

...........................

## अहेतुक चित्त १८ वटा

Downloaded from http://dhamma.digital/

**पालि - उपेक्खा-सहगतं चक्खु-विञ्ञाणं तथा सोत-विञ्ञाणं घाण-विञ्ञाणं जिह्वा-विञ्ञाणं दुक्खसहगतं कायविञ्ञाणं उपेक्खा-सहगतं सम्पटिच्छन्न-चित्तं उपेक्खा-सहगतं सन्तीरण-चित्तं चे"ति इमानि सत्तपि अकुसलविपाक-चित्तानि नाम ।**

***भावार्थ -*** उपेक्षा वेदना र एकुत्पाद आदि हिसाबले मिलेको चक्षुविज्ञान चित्त, श्रोत, घ्राण, जिह्वाविज्ञान चित्त, उपेक्षावेदना र एकुत्पाद आदि हिसाबले मिलेको सम्प्रतिच्छन्न र सन्तीरण-चित्त; यसरी सात प्रकारका यी चित्तलाई अकुशल विपाक चित्त भनिन्छ ।

..........................

## अहेतुक कुशल विपाक चित्त ८ वटा

***पालि*** **- उपेक्खा-सहगतं कुसल-विपाकं चक्खुविञ्ञाणं तथा सोतविञ्ञाणं, घाणविञ्ञाणं, जिह्वाविञ्ञाणं, सुख-सहगतं कायविञ्ञाणं, सोमनस्स-सहगतं सन्तीरणचित्तं, उपेक्खा-सहगतं सम्पटिच्छन्न-चित्तं, चे"ति इमानि अट्ठपि कुसल-विपाकाहेतुक-चित्तानि नाम ।**

***भावार्थ -*** उपेक्षा वेदना र एकुत्पाद हिसाबले मिलेको चक्षुविज्ञान चित्त, श्रोत, घ्राण, जिह्वाविज्ञान चित्त, सुख वेदना र एकुत्पाद हिसाबले मिलेको कायविज्ञान चित्त, उपेक्षा वेदना र एकुत्पाद आदि हिसाबले मिलेको सम्प्रतिच्छन्न चित्त, सौमनस्य वेदना र एकुत्पाद आदि हिसाबले मिलेको सन्तीरण चित्त र उपेक्षा वेदना र एकुत्पाद आदि हिसाबले मिलेको सन्तीरण चित्तस यसरी आठ प्रकारका चित्तलाई अहेतुक कुशल विपाक चित्त भनिन्छ ।

## अहेतुक क्रिया चित्त ३ वटा

***पालि*** **- उपेक्खा सहगतं पञ्चद्वारावज्जन - चित्तं तथा मनोद्वारावज्जन-चित्तं, सोमनस्स-सहगतं हसितुप्पादचित्तं चे"ति इमानि तीणिपि अहेतुक-क्रिया चित्तानि नाम ।**

***भावार्थ -*** उपेक्षा वेदना र एकुत्पाद आदि हिसाबले मिलेको पञ्चद्वार-आवर्जन चित्त र मनोद्वार-आवर्जन चित्त, सौमनस्य-वेदना र एकुत्पाद आदि हिसाबले मिलेको हसितुप्पाद चित्त; यसरी तीन प्रकारका यी चित्तलाई अहेतुक क्रिया चित्त भनिन्छ ।

## निगमन

***पालि*** **- इच्चेवं सब्बथापि अट्ठारसा-हेतुक-चित्तानि समत्तानि ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ*** **-** यसरी यथाकथित नय अनुसार अकुशल विपाक, कुशल विपाक र क्रिया भनिएको सम्पूर्ण प्रकारले अठारवटा अहेतुक चित्त सम्पूर्ण भयो ।

### संग्रह - गाथा

***पालि*** **- सत्ता-कुसल-पाकानि, पुञ्ञ-पाकाति अट्ठधा ।**

**क्रिया चित्तानि तीणिति, अट्ठारस अहेतुका ॥**

***भावार्थ*** **-** अकुशल विपाक र कुशल विपाक चित्त चक्षु आदि आधार र सम्प्रतिच्छनादि कृत्य भेदले सातवटा र आठवटा भइकन अहेतुक क्रिया चित्त आवर्जन आदि कृत्य भेदले तीनवटा छन्; यसरी अहेतुक चित्त अठारवटा मात्र छन् ।

...........................

## शोभन - चित्त

***पालि*** **- पापाहेतुक-मुत्तानि, सोभनानीति वुच्चरे ।**

**एकूनसट्ठि-चित्तानि, अथेकनवुतीपि वा ॥**

***भावार्थ*** **-** अकुशल चित्त र अहेतुक चित्त बाहेक एक कम साठीवटा वा एकानब्बे चित्तलाई शोभन चित्त भनी भन्दछन् ।

...........................

# कामावचर शोभन चित्त २४ वटा

## महाकुशल चित्त ८ वटा

***पालि*** **- सोमनस्स-सहगतं ञाणसम्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ*** **-** सौमनस्य वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले सम्प्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

***पालि*** **- सोमनस्स-सहगतं ञाण-विप्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ -*** सौमनस्य वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

*पालि* - **उपेक्खा-सहगतं ञाण-सम्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ-*** उपेक्षा वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले सम्प्रयुक्त भैरहेको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

*पालि* - **उपेक्खा-सहगतं ञाण-विप्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं"ति इमानि अट्ठपि कामावचर कुसल-चित्तानि नाम ।**

***भावार्थ-*** उपेक्षा वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले विप्रयुक्त भैरहेको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा । यसरी यी आठवटा चित्तलाई कामावचर कुशल चित्त भनिन्छ ।

..........................

## महाविपाक चित्त ८ वटा

*पालि* - **सोमनस्स-सहगतं ञाण-सम्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ*** - सौमनस्य वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले सम्प्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

*पालि* - **सोमनस्स-सहगतं ञाण-विप्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ*** - सौमनस्य वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

*पालि* - **उपेक्खा-सहगतं ञाण-सम्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ*** - उपेक्षा वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले सम्प्रयुक्त भैरहेको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

*पालि* - **उपेक्खा-सहगतं ञाण-विप्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं"ति इमानि अट्ठपि सहेतुक कामावचर विपाक-चित्तानि नाम ।**

***भावार्थ*** - उपेक्षा वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले विप्रयुक्त भैरहेको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा । यसरी यी आठवटा चित्तलाई सहेतुक कामावचर विपाक चित्त भनिन्छ ।

Downloaded from http://dhamma.digital/

...........................

# महाक्रिया चित्त ८ वटा

***पालि* - सोमनस्स-सहगतं ञाण-सम्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ*** - सौमनस्य वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले सम्प्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

**पालि - सोमनस्स-सहगतं ञाण-विप्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ*** - सौमनस्य वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

***पालि* - उपेक्खा-सहगतं ञाण-सम्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं ।**

***भावार्थ*** - उपेक्षा वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले सम्प्रयुक्त भैरहेको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

***पालि* - उपेक्खा-सहगतं ञाण-विप्पयुत्तं असंखारिक-मेकं ससंखारिक-मेकं"ति इमानि अट्ठपि सहेतुक कामावचर क्रिय-चित्तानि नाम ।**

***भावार्थ*** - उपेक्षा वेदना र एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले विप्रयुक्त भैरहेको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा । यसरी यी आठवटा चित्तलाई सहेतुक कामावचर क्रिया चित्त भनिन्छ ।

## निगमन

***पालि* - इच्चेवं सब्बथापि चतुवीसति सहेतुक-कामावचर-कुसल-विपाक-क्रिय-चित्तानि नाम ।**

***भावार्थ*** - यसरी यथाकथित नय अनुरूप कुशल, विपाक र क्रिया भनिने सम्पूर्ण आकार प्रकारले चौबीस वटा कामावचर चित्त समाप्त भयो ।

## समूह गाथा

***पालि* - वेदना-ञाण-संखार, भेदेन चतुवीसति ।**

Downloaded from http://dhamma.digital/

**सहेतु कामावचर, पुञ्ञ-पाक-क्रिया मता ॥**

***भावार्थ*** - कामावचर कुशल, सहेतुक कामावचर विपाक र सहेतुक कामावचर क्रिया चित्तलाई वेदना, ज्ञान, संस्कार भेदले प्रत्येक चित्त दुई थरी, चार थरी र आठ थरी भएकोले सामूहिक रूपले छवटा, बाऱ्हवटा र चौबीसवटा छ भनी विज्ञहरुले जान्नुपऱ्यो ।

..........................

# कामावचर चित्त ५४ वटा

## संग्रह गाथा

***पालि*** - **कामे तेवीस-पाकानि, पुञ्ञा-पुञ्ञा-नि वीसति ।**

**एकादस क्रिया चेति, चतुपञ्ञास सब्बथा ॥**

***भावार्थ*** - एघार कामभूमिमा विशेष रूपले उत्पन्न हुने विपाक चित्त २३ वटा कुशल र अकुशल चित्त २० वटा अनि क्रिया चित्त ११ वटा, यसरी ५४ वटा मात्र छन् ।

..........................

# रूपावचर चित्त १५ वटा

## कुशल चित्त ५ वटा

***पालि*** - **वितक्क-विचार -पीति - सुखेकग्गता-सहितं पठमज्झान - कुसल-चित्तं ।**

***भावार्थ*** - वितर्क विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग पाँचवटा भएको प्रथमध्यान कुशल चित्त एकवटा ।

***पालि*** - **विचार- पीति- सुखेकग्गता-सहितं दुतियज्झान-कुसल-चित्तं ।**

***भावार्थ*** - विचार प्रीति सुख र एकाग्रता ध्यानाङ्ग चारवटा भएको द्वितीयध्यान कुशल चित्त एकवटा ।

***पालि*** - **पीति- सुखेकग्गता-सहित ततियज्झान- कुसल- चित्तं ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ*** - प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटा भएको तृतीयध्यान कुशल चित्त एकवटा ।

***पालि*** - **सुखेकग्गता-सहित चतुत्थज्झान-कुसल-चित्तं ।**

***भावार्थ*** - सुख र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको चतुर्थध्यान कुशल चित्त एकवटा ।

***पालि*** - **उपेक्खकग्गता-सहित पञ्चमज्झान-कुसल- चित्तं चे"ति इमानि पञ्चपि रूपावचर-कुसल-चित्तानि नाम ।**

***भावार्थ*** - उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको पञ्चमध्यान संगमिलेको कुशल चित्त एकवटा यसरी पाँचवटा यी चित्तलाई रूपावचर कुशल चित्त भनिन्छ ।

...........................

## विपाक चित्त ५ वटा

***पालि*** - **वितक्क- विचार- पीति- सुखेकग्गता-सहितं पठमज्झान-विपाक-चित्तं ।**

***भावार्थ*** - वितर्क विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग पाँच वटा भएको प्रथमध्यान विपाक चित्त एक वटा ।

***पालि*** - **पीति-सुखेकग्गता-ततियज्झान-विपाक-चित्तं ।**

***भावार्थ*** - प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटा भएको तृतीयध्यान विपाक चित्त एकवटा ।

**पालि - सुखेकग्गता-सहितं चतुत्थज्झान-विपाक-चित्तं ।**

***भावार्थ*** - सुख र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको चतुर्थध्यान विपाक चित्त एक वटा ।

***पालि*** - **उपेक्खेकग्गता-सहितं पञ्चमज्झान-विपाक-चित्तं चे"ति इमानि पञ्चपि रूपावचर-विपाक-चित्तानि नाम ।**

***भावार्थ*** - उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको पञ्चमध्यान सँग मिलेको विपाक चित्त एकवटा यसरी पाँचवटा यी चित्तलाई रूपावचर विपाक चित्त भनिन्छ ।

...........................

Downloaded from http://dhamma.digital/

## क्रिय चित्त ५ वटा

*पालि* - **वितक्क- विचार- पीति- सुखेकग्गता-सहितं पठमज्झान-क्रिय-चित्तं ।**

***भावार्थ*** - वितर्क विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग पाँच वटा भएको प्रथमध्यान क्रिय चित्त एक वटा ।

*पालि* - **विचार- पीति- सुखेकग्गता-सहितं दुतियज्झान-क्रिय-चित्तं ।**

***भावार्थ*** - विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग द्वितीयध्यान क्रिया चित्त एक वटा ।

*पालि* - **पीति- सुखेकग्गता-सहितं ततियज्झान-क्रिय-चित्तं ।**

***भावार्थ*** - प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटा भएको तृतियध्यान क्रिया चित्त एक वटा ।

*पालि* - **सुखेकग्गता-सहितं चतुत्थज्झान-क्रिय-चित्तं ।**

***भावार्थ*** - सुख र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको चतुर्थध्यान क्रिया चित्त एक वटा ।

*पालि* - **उपेक्खेकग्गता-सहितं पञ्चमज्झान - क्रिय - चित्तं चे"ति इमानि पञ्चपि रूपावचर - क्रिय - चित्तानि नाम ।**

***भावार्थ*** - उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको पञ्चमध्यानसँग मिलेको क्रिया चित्त एकवटा यसरी पाँचवटा यी चित्तलाई रूपावचर क्रिया चित्त भनिन्छ ।

## निगमन

*पालि* - **इच्चेवं सब्बथापि पन्नरस रूपावचर-कुसल-विपाक-क्रिय-चित्तानि नाम ।**

***भावार्थ*** - यसरी यथाकथित नय अरुरूप कुशल विपाक र क्रिया भनिने सम्पूर्ण आकार प्रकार भएको पन्ध्रवटा रूपावचर कुशल विपाक र क्रिया चित्त भयो ।

## संग्रह - गाथा

*पालि* - **पञ्चधा झानभेदेन, रूपावचर-मानसं ।**

**पुञ्ञ-पाक-क्रिया-भेदा, तं पञ्चदसधा भवे ॥**

***भावार्थ*** - रूपावचर चित्त प्रथमध्यानादि ध्यान अङ्गसँग मिलेको भेदले पाँच थरी, फेरी कुशल, विपाक, क्रियाको भेदले पन्ध्र थरी छन् ।

………………………

Downloaded from http://dhamma.digital/

# अरूपावचर चित्त १२ वटा

## कुशल चित्त ४ वटा

***पालि* - अकासानञ्चायतन-कुसल-चित्तं ।**

***भावार्थ*** - आकनाशानन्त्यायतन ध्यान अथवा अनन्त आकाश प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको कुशल चित्त ।

***पालि* - विञ्ञाणञ्चायतन-कुसल-चित्तं ।**

***भावार्थ*** - विज्ञानन्त्यायतन ध्यान अथवा अनन्त प्रथम आरुप्य विज्ञान आरम्मण भएको अथवा द्वितीय आरुप्य विज्ञानमा पुग्ने प्रथम आरुप्य विज्ञान आरम्मण भएको ध्यानसँग मिलेको कुशल चित्त ।

***पालि* - आकिञ्चञ्ञायतन-कुसल-चित्तं ।**

***भावार्थ*** - आकिञ्चन्यायतन ध्यान अथवा लेसमात्र पनि शेष नरहेको प्रथम आरुप्य विज्ञानको भाव भनेको नास्तिभाव प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको कुशल चित्त ।

***पालि* - नेवसञ्ञा-नासञ्ञायतन-कुसल-चित्तं"चेति इमानि चत्तारिपि अरूपावचर-कुसल-चित्तानि नाम ।**

***भावार्थ*** - नैवसंज्ञा नासंज्ञायतन ध्यान अथवा स्थूल संज्ञात छैन, परन्तु सूक्ष्म संज्ञा नभएको होइन, यस्तो मनायतन धर्म आयतनमा अन्तर्गत भएको ध्यानसँग मिलेको कुशल चित्त; यसरी यी चार चित्तलाई अरूपावचर कुशल चित्त भनिन्छ ।

Dhamma.Digital

## विपाक चित्त ४ वटा

***पालि* - अकासानञ्चायतन-विपाक-चित्तं ।**

***भावार्थ*** - आकनाशानन्त्यायतन ध्यान अथवा अनन्त आकाश प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको विपाक चित्त ।

***पालि* - विञ्ञाणञ्चायतन-विपाक-चित्तं ।**

***भावार्थ*** - विज्ञानन्त्यायतन ध्यान अथवा अनन्त प्रथम आरुप्य विज्ञान आरम्मण भएको अथवा द्वितीय आरुप्य विज्ञानमा पुग्ने प्रथम आरुप्य विज्ञान आरम्मण भएको ध्यानसँग मिलेको विपाक चित्त ।

Downloaded from http://dhamma.digital/

*पालि* - **आकिञ्चञ्ञायतन-विपाक-चित्तं ।**

***भावार्थ*** - आकिञ्चन्यायतन ध्यान अथवा लेसमात्र पनि शेष नरहेको प्रथम आरुप्य विज्ञानको भाव भनेको नास्तिभाव प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको विपाक चित्त ।

*पालि* - **नेवसञ्ञा-नासञ्ञायतन-विपाक-चित्तं"चेति इमानि चत्तारिपि अरूपावचर-विपाक-चित्तानि नाम ।**

***भावार्थ*** - नैवसंज्ञा नासंज्ञायतन ध्यान अथवा स्थूल संज्ञा त छैन, परन्तु सूक्ष्म संज्ञा नभएको होइन, यस्तो मनायतन धर्म आयतनमा अन्तर्गत भएको ध्यानसँग मिलेको विपाक चित्त; यसरी यी चार चित्तलाई अरूपावचर विपाक चित्त भनिन्छ ।

..........................

## क्रिया चित्त ४ वटा

*पालि* - **अकासानञ्चायतन-क्रिय-चित्तं ।**

***भावार्थ*** - आकनाशानन्त्यायतन ध्यान अथवा अनन्त आकाश प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको क्रिया चित्त ।

*पालि* - **विञ्ञाणञ्चायतन-क्रिय-चित्तं ।**

***भावार्थ*** - विज्ञानन्त्यायतन ध्यान अथवा अनन्त प्रथम आरुप्य विज्ञान आरम्मण भएको अथवा द्वितीय आरुप्य विज्ञानमा पुग्ने प्रथम आरुप्य विज्ञान आरम्मण भएको ध्यानसँग मिलेको क्रिया चित्त ।

*पालि* - **आकिञ्चञ्ञायतन-क्रिय-चित्तं ।**

***भावार्थ*** - आकिञ्चन्यायतन ध्यान अथवा लेसमात्र पनि शेष नरहेको प्रथम आरुप्य विज्ञानको भाव भनेको नास्तिभाव प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको क्रिया चित्त ।

*पालि* - **नेवसञ्ञा-नासञ्ञायतन-क्रिय-चित्तं"चेति इमानि चत्तारिपि अरूपावचर-क्रिय-चित्तानि नाम ।**

***भावार्थ*** - नैवसंज्ञा नासंज्ञायतन ध्यान अथवा स्थूल संज्ञात छैन, परन्तु सूक्ष्म संज्ञा नभएको होइन, यस्तो मनायतन धर्म आयतनमा अन्तर्गत भएको ध्यानसँग मिलेको क्रिया चित्त; यसरी यी चार चित्तलाई अरूपावचर क्रिया चित्त भनिन्छ ।

## निगमन

Downloaded from http://dhamma.digital/

*पालि* - **इच्चेवं सब्बथापि द्वादस अरूपावचर-कुसल-विपाक-क्रिय-चित्तानि समत्तानि ।**

***भावार्थ*** - यसरी यथाकथित नय अरुरूप कुशल विपाक र क्रिया भनिने सम्पूर्ण आकार प्रकार भएको बाऱ्हवटा अरूपावचर कुशल विपाक र क्रिया चित्त सम्पूर्ण भयो ।

### संग्रह - गाथा

*पालि* - **आलम्बन- प्पभेदेन, चतुधा रुप मानसं ।**

**पुञ्ञ-पाक-क्रिया-भेदा, पुनः द्वादसधा ठितं ॥**

***भावार्थ*** - अरूपावचर चित्त आकाश आरम्मणपछि चार आरम्मणको भेदले चारथरी छन्; अनि कुशल, विपाक र क्रियाको भेदले फेरी बाऱ्ह प्रकारले स्थित छ ।

..........................

## लोकुत्तर चित्त संक्षिप्तले ८ वटा

### मार्ग - चित्त ४ वटा

*पालि* - **सोतापत्ति-मग्ग-चित्तं ।**

***भावार्थ*** - श्रोतापत्ति - मार्ग वा निर्वाण महासमुद्रमा बग्ने मार्ग अङ्ग आठवटामा पहिले पुग्ने रूपले प्रकट हुने मार्ग वा निर्वाण महासमुद्रमा बग्ने मार्ग अङ्ग आठवटामा पहिले पुगिने भएको पुद्गलको मार्गसँग मिलेको चित्त ।

*पालि* - **सकदागामि-मग्ग-चित्तं ।**

***भावार्थ*** - सकृदागामी - मार्ग वा प्रतिसन्धिको रूपमा यस मनुष्य लोकमा एक पटक मात्र आउने पुद्गलको मार्गसँग मिलेको चित्त ।

*पालि* - **अनागामि-मग्ग-चित्तं ।**

***भावार्थ*** - अनागामी - मार्ग वा प्रतिसन्धिको रूपमा यस कामभूमिमा नआउने पुद्गलको मार्गसँग मिलेको चित्त ।

*पालि* - **अरहत्त-मग्ग-चित्तं ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ*** - अरहत्त - मार्ग वा प्रज्ञा विशेषलाई ग्रहण गर्न योग्य हुनुभएको अरहन्त पुद्‌गलको भाव भनेको अरहत्त फलको कारण भैरहेको मार्गसँग मिलेको चित्त; यसरी यी चार चित्तलाई लोकुत्तर चित्त भनिन्छ ।

..........................

## फल - चित्त ४ वटा

***पालि* - सोतापत्ति-फल-चित्तं ।**

***भावार्थ*** - श्रोतापत्ति - फल वा निर्वाण महासमुद्रमा बग्ने मार्ग अङ्ग आठवटामा पहिले पुगिने रूपले प्रकट हुने वा फल भनेको सम्यकदृष्टिसँग मिलेको वा निर्वाण महासमुद्रमा बग्ने मार्ग अङ्ग आठवटामा पहिले पुगिने भएको पुद्‌गलको फल भैरहेको चित्त ।

***पालि* - सकदागामि-फल-चित्तं ।**

***भावार्थ*** - सकृदागामी - फल वा प्रतिसन्धिको रूपमा यस मनुष्य लोकमा एक पटक मात्र आउने पुद्‌गलको फल भैरहेको चित्त ।

***पालि* - अनागामि-फल-चित्तं ।**

***भावार्थ*** - अनागामी - फल वा प्रतिसन्धिको रूपमा यस कामभूमिमा नआउने पुद्‌गलको फल भैरहेको चित्त ।

***पालि* - अरहत्त-फल-चित्तं ।**

***भावार्थ*** - अरहत्त - फल वा प्रज्ञा विशेषलाई ग्रहण गर्न योग्य हुनुभएका अरहन्त पुद्‌गलको भाव भनेको अरहत्त - फल भैरहेको फल भनेको सम्यक्‌दृष्टि आदिसँग मिलेको चित्त; यसरी यी चार चित्तलाई लोकुत्तर विपाक चित्त भनिन्छ ।

## निगमन

***पालि* - इच्चेवं सब्बथापि अट्ठ लोकुत्तर-कुसल-विपाक-चित्तानि समत्तानि ।**

***भावार्थ*** - यसरी यथाकथित नय अरुरूप कुशल र विपाक भनिने सम्पूर्ण आकार प्रकारले आठवटा लोकुत्तर चित्त सम्पूर्ण भयो ।

## संग्रह - गाथा

***पालि* - चतुमग्ग- प्पभेदेन, चतुधा कुसलं तथा ।**

Downloaded from http://dhamma.digital/

**पाकं तस्स फलत्ताति, अट्ठधा-नुत्तरं मतं ॥**

***भावार्थ*** - श्रोतापत्ति-मार्ग आदि अष्टाङ्गिक मार्गसँग मिलेको चार प्रकारको विभेदले लोकुत्तर कुशल चित्त चार थरी भए जस्तै लोकुत्तर विपाक चित्त पनि त्यो सोही कुशल चित्तको नै फल भएको कारणले चारथरी छन्; यसरी लोकुत्तर चित्त आठथरी छन् भनी बुझ्नुपर्‍यो ।

..........................

# चित्त संक्षिप्तले ८९ वटा

## जातिको हिसाबले

***पालि*** - **द्वादसा कुसलानेवं, कुसलानेकवीसति ।**

**छत्तिंसेव विपाकानि, क्रियाचित्तानि वीसति ॥**

***भावार्थ*** - परमार्थका ज्ञाता तथागतले कामभूमि एघार वटामा अवचरण गर्ने चित्त चवन्नवटा, असंज्ञासत्वबाट अलग भएको रूपभूमि पन्ध्रवटामा अवचरण गर्ने चित्त पन्ध्रवटा, अरूपभूमि चारवटामा अवचरण गर्ने चित्त बाऱ्हवटा र लोकुत्तर धर्म समूहमा उत्पन्न हुने चित्त आठवटा छ भनी भन्नुभएको छ ।

***पालि*** - **इत्थ-मेकून-नवुति, पभेदं पन मानसं ।**

**एक-वीस-सतं-वाथ, विभजन्ति विचक्खणा ॥**

***भावार्थ*** - सामूहिक रूपले चित्तलाई यथाकथित जातिभेद र भूमिभेदका प्रभेदले एक कम नब्बे वा एकशय एक्काईस गरी विद्वानहरुले विभक्त गरी राखेका छन् ।

# चित्त विस्तृत रूपले १२१ वटा

## लोकुत्तर चित्त विस्तृत रूपले ४० वटा

***पालि*** - **कथमेकन-नबुति-विधं चित्तं एकवीससतं होति ?**

***भावार्थ*** - एक कम नब्बे प्रकारका चित्त एकशय एक्काईसवटा कसरी हुन्छ ?

Downloaded from http://dhamma.digital/

## स्रोतापत्ति - मार्ग चित्त ५ वटा

***पालि*** **- वितक्क-विचार-पीति-सुखेकग्गता-सहितं पठमज्झान-सोतापत्ति-मग्ग-चित्तं ।**

***भावार्थ*** **-** वितर्क विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग पाँचवटाले युक्त भएको प्रथमध्यान श्रोतापत्ति-मार्ग चित्त ।

***पालि*** **- विचार-पीति-सुखेकग्गता-सहितं दुतियज्झान-सोतापत्ति-मग्ग-चित्तं ।**

***भावार्थ*** **-** विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग चारवटाले युक्त भएको द्वितीयध्यान श्रोतापत्ति-मार्ग चित्त ।

***पालि*** **- पीति-सुखेकग्गता-सहितं ततियज्झान-सोतापत्ति-मग्ग-चित्तं ।**

***भावार्थ*** **-** प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटाले युक्त भएको तृतीयध्यान श्रोतापत्ति-मार्ग चित्त ।

***पालि*** **- सुखेकग्गता-सहितं चतुत्थज्झान-सोतापत्ति-मग्ग-चित्तं ।**

***भावार्थ*** **-** सुख र एकाग्रता ध्यान अङ्ग दुईवटाले युक्त भएको चतुर्थध्यान श्रोतापत्ति-मार्ग चित्त ।

***पालि*** **- उपेक्खेकग्गता-सहितं पञ्चमज्झान-सोतापत्ति-मग्ग-चित्तं चे"ति इमानि सोतापत्ति-मग्ग-चित्तानि नाम ।**

***भावार्थ*** **-** उपेक्षा र एकाग्रता भन्ने ध्यान अङ्ग दुईवटाले युक्त भएको पञ्चमध्यान श्रोतापत्ति-मार्ग-चित्त; यसरी यी पाँचवटा चित्तलाई श्रोतापत्ति-मार्ग-चित्त भनिन्छ ।

Dhamma.Digital

..........................

## याथिको मार्गचित्त र फलचित्त २० वटा

***पालि*** **- तथा सकदागामिमग्ग - अनागामिमग्ग - अरहत्त - मग्गचित्तं चे"ति समवीसति मग्गचित्तानि तथा फलचित्तानि चे"ति समचत्तालिस लोकूत्तर-चित्तानि भवन्ती"ति ।**

***भावार्थ*** **-** त्यसैले सकृदागामी-मार्ग, अनागामी-मार्ग, अरहत्त-मार्ग चित्त पनि पाँच पाँचथरी भएको हुनाले मार्गचित्त समान रूपले बीसवटा हुन्छन्; त्यस्तै फलचित्त पनि । यसरी मार्ग र फल चित्त बीस बीसवटा भएको हुनाले लोकुत्तर चित्त समान रूपले चालीसवटा भयो ।

त्यसैले एक कम नब्बे चित्त एकशय एक्काईसवटा हुन गएको छ ।

Downloaded from http://dhamma.digital/

## संग्रह - गाथा

*पालि* - **झानङ्ग-योग-भेदेन, कत्वे -केकं तु पञ्चधा ।**

**वुच्चता-चुत्तरं चित्तं, चत्तालीसविधन्ति च ॥**

***भावार्थ*** - पादकध्यान आदि मध्येमा एकेक वटासँग समान हुँदा लोकुत्तर चित्त एकेकवटालाई प्रथमध्यानादि ध्यानअङ्गसँग मिलेको प्रभेदले पाँचथरी गरिकन लोकुत्तर चित्तलाई चालीसवटा हुनगएको भन्नुपर्छ ।

## लौकिक र लोकुत्तर ध्यान चित्त समूह

*पालि* - **यथा च रूपावचरं, गहचता-नुत्तरं तथा ।**

**पठमादिज्झानभेदे, आरुप्यञ्चापि पञ्चमे ॥**

**एकादसविधं तस्मा, पठमादिक-मीरितं ।**

**झानमेकेक-मन्तेतु, तेवीसतिविधं भवे ॥**

***भावार्थ*** - रूपावचर र लोकुत्तर चित्तलाई प्रथमध्यानादि ध्यानअङ्गसँग मिलेको भेदले लिनुपरेझैं अरूपावचर-चित्तलाई पनि उपेक्षा र एकाग्रतासँग मिलेको हुनाले पञ्चध्यानको रूपमा लिनुपर्ने हुँदा प्रथमध्यानादि एकेक ध्यानचित्तलाई एघारवटा छ भनी बताएको छ । अन्तिम पञ्चमध्यान मात्र तेईस प्रकारले छन् ।

...........................

## कुशल विपाकको विस्तृत र चित्त विस्तृत

*पालि* - **सत्तत्तिंसविधं पुञ्ञं, द्विपञ्ञासविधं तथा ।**

**पाक-मिच्चाहु चित्तानि, एकवीससतं वुधा ॥**

***भावार्थ*** - कुशल चित्त सैंतीस र विपाक चित्त बाहुन्न प्रकारले भएको हुँदा सम्पूर्ण चित्तलाई एकशय एक्काईसवटा छ भनी विद्वान्हरुले बताएको छ ।

...........................

Downloaded from http://dhamma.digital/

## निगमन

*पालि* - **इति अभिधम्मत्थ-सङ्गहे चित्तसङ्गह-विभागो नाम पठमो परिच्छेदो ।**

***भावार्थ* -** अभिधर्मार्थ-संग्रहमा चित्त-संग्रह नामको पहिलो काण्ड सम्पूर्ण भयो ।

...........................

**चित्त-काण्ड सिद्धियो ।**

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# चैतसिक-काण्ड २

## चैतसिक लक्षण ४ वटा

***पालि* - एकुप्पाद -निरोधा च, एकालम्बन-वत्थुका ।**

**चेतो युत्ता द्विपञ्ञास, धम्मा चेतसिका मता ॥**

***भावार्थ* -** चित्त सँगसँगै उत्पन्न हुने र निरोध हुने, चित्तको जस्तै आरम्मण र समान आधार पनि भएर चित्तसँग मिल्ने बाऊन्न (५२) स्भावधर्मलाई चैतसिक भनी जान्नुपर्दछ ।

...........................

# १३ अन्यसमान चैतसिक

## सर्वचित्त - साधारण चैतसिक ७ वटा

***पालि* - कथं ?**

**फस्सो वेदना सञ्ञा चेतना एकग्गत्ता जीवितिन्द्रियं मनसिकारो ने"ति सत्तिमे चेतसिका सब्बचित्त - साधारणा नाम ।**

***भावार्थ* -** कसरी जान्ने ?

आरम्मणलाई स्पर्श गर्ने लक्षण भएको ***स्पर्श*** चैतसिक, आरम्मणको रसलाई अनुभव गर्ने लक्षण भएको ***वेदना*** चैतसिक, आरम्मणको स्वभावलाई सम्झने लक्षण भएको ***संज्ञा*** चैतसिक, आरम्मणमा सम्प्रयुक्त-धर्मलाई प्रेरित गर्ने लक्षण भएको ***चेतना*** चैतसिक एउटै मात्र आरम्मणलाई ग्रहण गरेर स्थिर रहने, चञ्चल नहुने लक्षण भएको ***एकाग्रता*** चैतसिक, सहजात भईरहेको नाम-रूप धर्मलाई रक्षा गर्ने, अधिकारमा राख्ने लक्षण भएको ***जीवितिन्द्रिय*** चैतसिक र आरम्मणमा विचार गर्ने लक्षण भएको ***मनसिकार*** चैतसिक; यसरी यी सातवटा चैतसिक सबै चित्तसँग साधारण भएर रहने हुँदा ***"सर्बचित्त साधारण चैतसिक"*** नाम भएको हो ।

# प्रकीर्णक चैतसिक ६ वटा

***पालि* – वितक्को विचारो अधिमोक्खो वीरियं पीति छन्दो चा"ति छ इमे चेतसिका पकिण्णका नाम ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ–*** सम्प्रयुक्त धर्मलाई आरम्मणमा अभिरोपन गर्ने पुऱ्याइदिने लक्षण भएको ***वितर्क*** चैतसिक, आरम्मणमा सम्प्रयुक्त धर्मलाई अनुमार्जन गर्ने लक्षण भएको ***विचार*** चैतसिक, आरम्मणलाई निर्णय गर्ने लक्षण भएको ***अधिमोक्ष*** चैतसिक, सम्प्रयुक्त धर्मलाई प्रेरणा दिएर दृढ गराउने लक्षण भएको ***वीर्य*** चैतसिक, आरम्मणलाई प्रसन्न गराउने लक्षण भएको ***प्रीति*** चैतसिक र गरौंला भन्ने इच्छा मात्रको लक्षण भएको ***छन्द*** चैतसिक; यसरी यी छ वटा चैतसिक मिस्सिएर मिल्ने भएको हुनाले ***"प्रकीर्णक चैतसिक"*** नाउँ भएको हो ।

*पालि* **– एवमेते तेरस चेतसिका अञ्ञसमानाति वेदितब्बा ।**

***भावार्थ –*** यसरी यी तेऱ्हवटा चैतसिकहरुलाई शोभन चित्तसँग मिल्ने अवस्थामा अशोभन चित्तबाट अलग हुने र अशोभन चित्तसँग मिल्ने अवस्थामा शोभन चित्तबाट अन्य अशोभन चित्त जस्तो हुने हुँदा ***"अन्यसमान चैतसिक"*** भनिन्छ भनी जान्नु पर्छ ।

...........................

*पालि* **- मोहो अहिरिकं अनोत्तप्पं उद्धच्चं लोभो दिट्ठि मानो दोसो इस्सा मच्छरियं कुक्कुच्चं थिनं मिद्धं विचिकिच्छा चे"ति चुद्दसिमे चेतसिका अकुसला नाम ।**

***भावार्थ -*** आरम्मणको स्वभावलाई छोप्ने ***मोह*** चैतसिक, काय दुश्चरित्रादिमा लाज नमान्ने ***अहिरिक*** चैतसिक, काय दुश्चरित्रादिबाट नडराउनु ***अनुत्रपा*** चैतसिक, अशान्त र चञ्चल स्वभाव भएको ***औधृत्य*** चैतसिक, आरम्मणमा टाँस्सिने ***लोभ*** चैतसिक, अयथार्थ रूपले विचार गर्ने र परामर्श गरिने ***दृष्टि*** चैतसिक, गजूर जस्तै भएर आफूले आफैलाई मै हुँ भनिकन सम्झने ***मान*** चैतसिक, कडा भएर बिगार्ने लक्षण भएको ***दोस*** चैतसिक, अर्काको सम्पत्ति देखेर मनमा सहन नसकिने ***ईर्ष्या*** चैतसिक, आफ्नो सम्पत्तिलाई लुकाउने लक्षण भएको ***मात्सर्य*** चैतसिक, गरिसेको दश्चरित्र र गर्न नपाएको सुचरित्रमा बारबार चिन्ता लिने, पश्चाताप हुने स्वभाव भएको ***कौकृत्य*** चैतसिक, चित्तको अकर्मण्यता लक्षण भएको ***स्त्यान*** चैतसिक, चैतसिकको अकर्मण्यता लक्षण भएको ***मिद्ध*** चैतसिक, र आरम्मणलाई निर्णय गर्न नसकिने ***विचिकित्सा*** चैतसिक; यसरी यी चौधवटा चैतसिकलाई अकुशल चित्तमा मात्र मिल्ने हुँदा ***"अकुशल चैतसिक"*** भनिन्छ ।

...........................

# शोभन चैतसिक २५

## शोभन साधारण चैतसिक १९ वटा

Downloaded from http://dhamma.digital/

*पालि* - **सद्धा सति हिरी ओत्तप्पं अलोभो अदोसो तत्रमज्झत्तता कायप्पस्सद्धि चित्तप्पस्सद्धि कायलहुता चित्तलहुता कायमुदुता चित्तमुदुता कायकम्मञ्ञता चित्तकम्मञ्ञता कायपागुञ्ञता चित्तपागुञ्ञता कायुजुकता चित्तुजुकता चे"ति एकूनवीसतिमे चेतसिका सोभन साधारणा नाम ।**

***भावार्थ -*** बुद्ध आदि असल आरम्मणमा सम्प्रयुक्त धर्मलाई पवित्र पार्ने ***श्रद्धा*** चैतसिक, बुद्ध आदि असल आरम्मणमा सम्प्रयुक्त धर्मलाई स्मरण गराउने ***स्मृति*** चैतसिक, काय दुश्चरित्रादि देखेर लाज मान्ने ***हिरी*** चैतसिक, काय दुश्चरित्रादि देखेर डराउने ***अत्रपा*** चैतसिक, आरम्मणमा नताँसिने ***अलोभ*** चैतसिक, कडा नभएको नबिगार्ने ***अदोस*** चैतसिक, यता उताको आरम्मणमा सम्प्रयुक्त धर्मलाई उपेक्षा गराउने ***तत्रमध्यस्थता*** चैतसिक, चैतसिकको शान्त हुने स्वभाव भएको ***कायप्रश्रब्धि*** चैतसिक, चित्तको शान्त हुने स्वभा भएको ***चित्तप्रश्रब्धि*** चैतसिक, चैतसिकको हलुका हुने स्वभाव भएको ***कायलहुता*** चैतसिक, चित्तको हलुका हुने स्वभाव भएको ***चित्तलहुता*** चैतसिक, चैतसिकको नरम हुने स्वभाव भएको ***कायमुदुता*** चैतसिक, चित्तको नरम हुने स्वभाव भएको ***चित्तंमुदुता*** चैतसिक, चैतसिकको काममा असल भाव नै लक्षण भएको ***कायकर्मण्यता*** चैतसिक, चित्तको काममा असल भाव नै लक्षण भएको ***चित्तकर्मण्यता*** चैतसिक, चैतसिकको प्रगुणता लक्षण भएको ***कायपागुञ्ञता*** चैतसिक, चित्तको प्रगुणता लक्षण भएको ***चित्तपागुञ्ञता*** चैतसिक अर्थात् चैतसिकको पीडा हुनेबाट शान्त हुने लक्षण भएको ***कायपागुञ्ञता*** चैतसिक, चित्तको पीडा हुनेबाट शान्त हुने लक्षण भएको ***चित्तपागुञ्ञता*** चैतसिक, चैतसिकको सोझो हुने भएको ***कायऋजुकता*** चैतसिक, चित्तको सोझो हुने भएको ***चित्तऋजुकता*** चैतसिक; यसरी यी उन्नाइसवटा चैतसिकलाई सबै शोभन चित्तसँग मिल्ने हुँदा ***"शोभन साधारण चैतसिक"*** भनिन्छ ।

## विरति चैतसिक ३ वटा

*पालि* - **सम्मावाचा सम्माकम्मन्तो सम्माआजीवो चे"ति तिस्सो विरतियो नाम ।**

***भावार्थ -*** जीविकोपार्जनको कारण नभएको मृषावाद आदि वचीदुश्चरित्र चारवटाबाट अलग भइरहेको ***सम्यक्वचन*** चैतसिक, प्राणातिपात आदि कायदुश्चरित्र तीनवटाबाट अलग भइरहेको ***सम्यक्कर्मान्त*** चैतसिक र जीविकोपार्जनको कारण भइरहेको वचीदुश्चरित्र चारवटा र काय दुश्चरित्र तीनवटाबाट अलग भइरहेको ***सम्यक्आजीविका*** चैतसिक यसरी यी तीनवटालाई ***"विरति चैतसिक"*** भनिन्छ ।

# अप्रमाण चैतसिक २ वटा र

## प्रज्ञेन्द्रिय चैतसिक

Downloaded from http://dhamma.digital/

*पालि* - **करूणा मुदिता अप्पमञ्ञायो नामा"ति सब्बथापि पञ्ञिद्रियेन सद्धिं पञ्चवीसति"मे चेतसिका सोभणा"ति वेदितब्बा"ति ।**

***भावार्थ -*** सीमा विहीन भैरहेका दुःखित सत्व प्रज्ञप्तिलाई आरम्मण गरी करूणा भाव जगाउने ***करूणा*** चैतसिक, र परिधि रहित भैरहेका सुखित सत्व प्रज्ञप्तिलाई आरम्मण गरी खुसी हुने ***मुदिता*** चैतसिक; यसरी यी दुईवटा चैतसिकलाई अप्रमाण चैतसिक भनिन्छ; अथवा सीमा नभएको सत्व प्रज्ञप्तिलाई आरम्मण गर्ने चैतसिक भनिन्छ ।

सम्पूर्ण अनित्य आदि आकार प्रकारले यथार्थ जान्न सक्ने, त्यसरी जान्नुमा अधिकार लिने प्रज्ञन्द्रिय भनेको ***अमोह*** चैतसिक सहित यी पच्चीसवटा चैतसिकलाई ***"शोभन चैतसिक"*** भनिन्छ भनी जान्नुपर्छ ।

### संग्रह - गाथा

*पालि* - **एत्तावता च**

**तेरसञ्ञसमाना च, चुद्दसा-कुसला तथा ।**

**सोभना पञ्ञवीसा"ति, द्विपञ्ञास पवुच्चरे ॥**

***भावार्थ -*** यी सबै चैतसिकहरुलाई संक्षिप्तले अन्यसमान चैतसिक १३, अकुशल चैतसिक १४ र शोभन चैतसिक २५; यसरी बाऊन्न ५२ वटा छ भनी स्पष्ट रूपले बताएको छ ।

..........................

## सम्प्रयोग - नय १६ वटा

*पालि* - **तेसं चित्तावियुत्तानं, यथायोग - मितो परं ।**

**चित्तुप्पादेसु पच्चेकं, सम्पयोगो पवुच्चति ॥**

***भावार्थ -*** यो संक्षिप्त कथन पछि सधैंभरि चित्तसँग मिल्ने ती चैतसिकहरुको अलग अलग मिल्ने सम्प्रयोगलाई मिल्न उचित उचित रूपले छुटचयाएर बताउँछ ।

## संप्रयोगनय संग्रह गाथा

*पालि* - **सत्त सब्बत्थ युञ्जन्ति, यथायोगं पकिण्णका ।**

Downloaded from http://dhamma.digital/

**चुद्दसाकुसलेस्वेव, सोभणेस्वेव सोभणा ॥**

***भावार्थ - सर्वचित्त साधारण चैतसिक*** ७ वटा सम्पूर्ण चित्त ८९ वटासँग मिल्छ। ***प्रकीर्णक चैतसिक*** ६ वटा उचित उचित रूपले (८९ वटा अथवा १२१ वटा चित्तसँग) मिल्छ १४ वटा ***अकुशल चैतसिक*** १२ वटा अकुशल चित्तमा मात्र मिल्न उचित उचित रूपले मिल्छ। ***शोभन चैतसिक*** २५ वटा शोभन चित्त ५९ वटासँग मात्र उचित उचित रूपले मिल्छ।

..........................

## अन्यसमान चैतसिक सम्प्रयोग - नय ७ वटा

***पालि*** **- कथं ?**

**सब्बचित्तसाधारणा ताव सत्तिवे चेतसिका सब्बेसुपि एकून-नवुति चित्तुप्पादेसु लब्भति।**

***भावार्थ -*** पहिले सर्वचित्त साधारण चैतसिक सातवटा सबै नै चित्त ८९ वटामा उपलब्ध हुन्छ।

***पालि*** **- पकिण्णकेसु पन वितक्को ताव**

**द्विपञ्चविञ्ञाणवज्जित कामावचर चित्तेसु चेव एकादससु पठमज्झान चित्तेसु चा"ति पञ्चपञ्ञास चित्तेसु उप्पज्जति।**

***भावार्थ -*** अब प्रकीर्णक चैतसिकको सम्प्रयोग नयलाई बताउँछ - ***प्रकीर्णक*** चैतसिक ६ वटा मध्येमा पहिलो ***वितर्क*** चैतसिक ***द्विपञ्चविञ्ञाण*** १० वटाबाट अलग भएका कामचित्त ४४ वटामा र प्रथमध्यानचित्त ११ वटामा; यसरी ५५ वटा चित्तमा मिल्छ।

***पालि*** **- विचारो पन तेसु चेव एकादससु दुतियज्झान-चित्तेसु चा"ति छसट्ठि चित्तेसु।**

***भावार्थ -*** विचार चैतसिक मात्र ती वितर्क मिलेका चित्त ५५ र द्वितीयध्यान चित्त ११ वटा; यसरी ६६ वटा चित्तमा मिल्छ।

***पालि*** **- अधिमोक्खो द्विपञ्चविञ्ञाण विचिकिच्छा सहगत वज्जित चित्तेसु।**

***भावार्थ - अधिमोक्ष*** चैतसिक द्विपञ्चविज्ञान १० वटा र ***विचिकित्सा*** सहगत चित्तबाट अलग भएका ७८ चित्तमा मिल्छ।

***पालि*** **- वीरियं पञ्चद्वारावज्जन-द्विपञ्चविञ्ञाण म्पटिच्छन्न-सन्तीरण-वज्जित चित्तेसु।**

Downloaded from http://dhamma.digital/

***भावार्थ - वीर्य*** चैतसिक पञ्चद्वार आवर्जन, द्विपञ्चविज्ञान १० वटा सम्प्रतिच्छन २ वटा र सन्तीरण ३ वटाबाट अलग भएका ७३ वटा चित्तमा मिल्छ ।

***पालि* - पीति दोमनस्सुपेक्खा - सहगत - कायविञ्ञाण - चतुत्थज्झान-वज्जित- चित्तेसु ।**

***भावार्थ -*** प्रीति चैतसिक दोसमूल चित्त २ वटा, उपेक्षा सहगत चित्त ५५ वटा, कायविज्ञान २ वटा र चतुर्थध्यान चित्त ११ वटाबाट अलग भएका ५१ वटा चित्तमा मिल्छ ।

***पालि* - छन्दो अहेतुक मोमूह-वज्जिता-चित्तेसु"ति ।**

***भावार्थ - छन्द*** चैतसिक अहेतुक चित्त १८ वटा, मोहमूल दुइवटाबाट अलग भएका ५९ वटा चित्तमा मिल्छ । यसरी १३ वटा ***अन्यसमान*** चैतसिकको सात प्रकारका सम्प्रयोग-नयलाई जान्नुपर्दछ ।

## संग्रह-गाथा

***पालि* - ते पन चित्तुप्पादा यथाक्कमं ।**

**छसट्ठि पञ्चपञ्ञास, एकादस च सोलस ।**

**सत्तति वीसति चेव, पकिण्णक-विवज्जिता ॥**

***भावार्थ -*** पारिसेन नयलाई बताउँछु :- ***प्रकीर्णक चैतसिक*** ६ वटाबाट अलग भएका ती चित्तहरु क्रमशः ६६ वटा, ५५ वटा, १६ वटा, ७ वटा र २० वटा छ भनी जान्नुपर्छ ।

***पालि* - पञ्चपञ्ञास छसट्ठि ट्ठसत्तति तिसतति ।**

**एकपञ्ञास चेकून, सत्तति सपकिण्णका ॥**

***भावार्थ - प्रकीर्णक चैतसिक*** ६ वटासँग मिलेका चित्तलाई क्रमशः ५५ वटा, ६६ वटा, ७८ वटा, ७३ वटा, ५१ वटा र ६९ वटा छ भनी जान्नुपर्दछ ।

........................

## अकुशल चैतसिक सम्प्रयोग-नय ५ वटा

***पालि* - अकुसलेसु पन मोहो अहिरिकं अनोत्तप्पं उद्धच्चञ्चा"ति चत्तारोमे चेतसिका सब्बाकुसल-साधारणा नामस सब्बेसुपि द्वादसाकुसलेसु लब्भन्ति ।**

***भावार्थ -*** अकुशल चैतसिकको सम्प्रयोग नयलाई बताउँछ :- अकुशल चैतसिक १४ वटा मध्ये मोह चैतसिक, अहिरिक, अनत्रपा र औधृत्य चैतसिक; यसरी यी चारवटा चैतसिकहरुलाई

Downloaded from http://dhamma.digital/

***सर्वाकुशल साधारण चैतसिक*** भनिन्छ अथवा सम्पूर्ण अकुशल चित्त १२ वटासँग साधारण भएको चैतसिक । यी चारैवटा चैतसिक सम्पूर्ण अकुशल चित्त बाऱ्हवटामा उपलब्ध हुन्छन् ।

*पालि* - **लोभो अट्ठसु लोभ-सहगत-चित्तेस्वेव लब्भति ।**

***भावार्थ - लोभ*** चैतसिक लोभ सहगत चित्त ८ वटामा मात्र मिल्छ ।

*पालि* - **दिट्ठि चतुसु दिट्ठिगत-सम्पयुत्तेसु ।**

***भावार्थ - दृष्टि*** चैतसिक दृष्टिगत सम्प्रयुक्त चित्त चारवटामा मात्र मिल्छ ।

*पालि* - **मानो चतुसु दिट्ठिगत-विप्पयुत्तेसु ।**

***भावार्थ - मान*** चैतसिक दृष्टिगत विप्रयुक्त चित्त चारवटामा मात्र मिल्छ ।

*पालि* - **दोसो इस्सा मच्छरियं कुक्कुच्चञ्चा"ति द्वीसु पटिघ-सम्पयुत्त-चित्तेसु ।**

***भावार्थ - दोस*** चैतसिक, ***ईर्ष्या, मात्सर्य*** र ***कौकृत्य*** चैतसिक; यसरी यी चार चैतसिकहरु प्रघित सम्प्रयुक्त चित्त दुईवटामा मात्र मिल्छ ।

*पालि* - **थिनमिद्धं पञ्चसु ससंखारिक-चित्तेसु ।**

***भावार्थ - स्त्यान मिद्ध*** चैतसिक ससंस्कारिक चित्त ५ वटामा मात्र मिल्छ ।

*पालि* - **विचिकिच्छा विचिकिच्छा-सहगत-चित्तेयेवा"ति ।**

***भावार्थ - विचिकित्सा*** चैतसिक विचिकित्सा सहगत चित्तमा मात्र मिल्छ । यसरी १४ वटा अकुशल चैतसिकको ५ प्रकारका सम्प्रयोग नयलाई जान्नु पर्दछ ।

Dhamma.Digital

## संग्रह-गाथा

*पालि* - **सब्बापुञ्ञेसु चत्तारो, लोभमूले तयो गता ।**

**दोसमूलेसु चत्तारो, ससंखारे द्वयं तथा ॥**

**विचिकिच्छा विचिकिच्छा, चित्ते चाति चतुद्दस ।**

**द्वादसाकुसलेस्वेव, सम्पयुज्जन्ति पञ्चधा ॥**

***भावार्थ -*** चारवटा चैतसिक सम्पूर्ण अकुशल चित्त १२ वटामा, तीनवटा चैतसिक लोभमूल चित्त ८ वटामा, चारवटा चैतसिक दोसमूल चित्त २ वटामा, ***स्त्यान मिद्ध*** चैतसिक दुईवटा

Downloaded from http://dhamma.digital/

ससंस्कारिक चित्त ५ वटामा र ***विचिकित्सा*** चैतसिक विचिकित्सा सहगत चित्त १ वटामा मात्र मिल्छ । यसरी १४ वटा अकुशल चैतसिक १२ वटा अकुशल चित्तमा मात्र ५ प्रकारले विभिन्न तरिकाले राम्रोसँग मिल्दछ ।

.........................

## शोभन चैतसिक सम्प्रयोग-नय ४ वटा

**_पालि_ - सोभणेसु पन सोभण - साधारण ताव एकून-वीसतिमे चेतसिका सब्बेसुपि एकूनसट्ठि सोभणचित्तेसु संविज्जन्ति ।**

***भावार्थ -*** शोभन चैतसिकको सम्प्रयोग नयलाई बताउँछु :- शोभन चैतसिक २५ वटा मध्ये पहिलो शोभन साधारण चैतसिक १९ वटा सम्पूर्ण शोभन चित्त ५९ वटामा मिल्दछ ।

**_पालि_ - विरतियो पन तिस्सोपि लोकुत्तर-चित्तेसु सब्बथापि वियता एकतोव लब्भन्ति लोकियेसु पन कामावचर-कुसलेस्वेव कदाचि सन्दिस्सन्ति विसुं विसुं ।**

***भावार्थ -*** अब फेरी ***विरति*** चैतसिकलाई बताउँछु :- ***विरति*** चैतसिक तीनैवटा ८ वटा लोकुत्तर चित्तमा दुश्चरित्र दुराजीवलाई हटाउने सम्पूर्ण आकार प्रकारले नियत रुपले एकैपाखमा नै उपलब्ध हुन्छ ।

यसपछि अनियतलाई बताउँछ -- लौकिक शोभन चित्त ५१ वटा मध्ये कामावचर कुशल चित्त ८ वटामा मात्र (विरति चैतसिक तीनैवटा) कहिलेकाहिँ देखापर्न आउँछ; परन्तु एकैचोटि होइन, अलग अलग ।

**_पालि_ - अप्पमञ्ञाये पन द्वादससु पञ्चमज्झान वज्जित-महग्गत-चित्तेसु चेव कामावचर-कुसलेसु च सहेतुक-कामावचर-क्रिय-चित्तेसु चा"ति अट्ठवीसति चित्तेस्वेव कदाचि नाना हुत्वा जायन्ति । उपेक्खा-सहगतेसु पनेत्थ करूणा मुदिता व सन्ती"ति केचि वदन्ति ।**

***भावार्थ -*** अब अप्रमाण चैतसिकलाई बताउँछ -- ***अप्रमाण*** चैतसिक पञ्चमध्यान चित्तबाट अलग भएका १२ वटा महग्गत चित्तमा, कामावचर कुशल चित्त ८ वटामा र सहेतुक-कामावचर क्रिया चित्त ८ वटामा; यसरी २८ वटा चित्तमा मात्र कहिलेकाहिँ मिल्दछ; त्यो पनि अलग अलग ।

केचिवादलाई बताउँछु -- कामावचर शोभन चित्त १६ वटा मध्ये उपेक्षा सहगत चित्त ८ वटामा करूणा र मुदिता चैतसिक छैन भनी कुनै आचार्यहरुले बताएका छन् ।

**_पालि_ - पञ्ञा पन द्वादसमु ञाणसम्पयुत्त-कामावचर-चित्तेसु चेव सब्बेसुपि पञ्चत्तिंस महग्गत-लोकुत्तर-चित्तेसु चा"ति सत्तचत्तालीस चित्तेसु सम्पयोगं गच्छती"ति ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ -*** अब फेरी ***प्रज्ञेन्द्रिय*** चेतसिकलाई बताउँछु -- प्रज्ञेन्द्रिय चैतसिक ज्ञान सम्प्रयुक्त चित्त १२ वटा र सम्पूर्ण महग्गत लोकुत्तर चित्त ३५ वटा; यसरी ४७ वटा चित्तमा मिल्दछ । यसरी शोभन चैतसिक २५ वटाको ४ प्रकारको सम्प्रयोग नयलाई जान्नु पर्दछ ।

## संग्रह-गाथा

*पालि* - **एकूनवीसति धम्मा, जायन्तेकूनसट्ठिस ।**

**तयो सोलस चित्तेसु, अट्ठवीसतियं द्वयं ॥**

**पञ्ञा पकासिता सत्तचत्तालीस विधेसुपि ।**

**सम्पयुत्ता चतुधेव, सोभणेस्वेव सोभणा ॥**

***भावार्थ -*** १९ वटा चैतसिक ५९ वटा चित्तमा, विरति चैतसिक तीनवटा १६ वटा चित्तमा, अप्रमाण चैतसिक दुईवटा २८ वटा चित्तमा र प्रज्ञिन्द्रिय चैतसिक ४७ वटा चित्तमा मात्र मिल्दछ । कथित नियम अनुसार शोभन चैतसिक २५ वटा शोभन चित्त ५९ वटामा मात्र चार प्रकारले सम्प्रयुक्त हुन्छ ।

## नियत अनियतयोगी चैतसिक

*पालि* - **इस्सा-मच्छेर-कुक्कुच्च, विरति करूणादयो ।**

**नाना कदाचि मानो च, थिनमिद्धं तथा सह ॥**

***भावार्थ -*** ईर्ष्या, मात्सर्य, कौकृत्य, विरति, करुणा आदि चैतसिकहरु कहिले कहिले अलग अलग भएर उत्पन्न हुन्छ; मान चैतसिक पनि कहिले कहिले उत्पन्न हुन्छ । त्यस्तै स्त्यानमिद्ध चैतसिक एक जोडा भएर कहिले कहिले उत्पन्न हुन्छ; अर्को तरिकाले -- स्त्यानमिद्ध चैतसिक एकजोडा, ईर्ष्या, मात्सर्य, कौकृत्य र मान चैतसिकसँग कहिलेकाहिँ उत्पन्न हुन्छ ।

*पालि* - **यथावुत्तानुसारेन, सेसा-नियतयोगिनो ।**

**सङ्गहञ्च पवक्खामि, तेसं दानि यथरहं ॥**

***भावार्थ -*** यथाकथित नियम अनुसार ११ वटा चैतसिकको नाम अनियतयोगी भएको छ; अथवा सधैं मिलेर नबस्ने (नमिल्ने) चैतसिक । त्यसबाट बाँकी रहेको ४१ वटा चैतसिकको नाम

Downloaded from http://dhamma.digital/

नियतयोगी अथवा सधैं मिलिरहने चैतसिक । ती नियतयोगी र अनिययोगी चैतसिकहरुलाई सुविधाअनुसार गन्ति गर्नुपर्ने वा समूह गर्ने कुरा अब बताउँछ्‌ ।

.........................

# संग्रह - नय ३३ वटा

## संग्रह-गाथा

***पालि*** **- छत्तिंसानुत्तरे धम्मा, पञ्चत्तिंस महग्गते ।**

**अट्ठत्तिंसापि लब्भन्ति, कामावचर सोभने ॥**

**सत्तवीसति पुञ्ञम्हि, द्वादसाहेतुकेति च ।**

**यथासम्भव-योगेन, पञ्चधा तत्थ सङ्गहो ॥**

***भावार्थ -*** लोकुत्तर चित्तमा ३६ वटा चैतसिक, महग्गत चित्तमा ३५ वटा र कामावचर शोभन चित्तमा ३८ वटा चैतसिक उपलब्ध हुन्छ ।

अकुशल चित्तमा २७ वटा चैतसिक र अहेतुक चित्तमा १२ वटा चैतसिक उपलब्ध हुन्छ । यसरी सुविधाअनुसार मिलेको हुनाले त्यस गणन (गन्ने) समोधान (समूह गर्ने) संग्रह-नय पाँच प्रकारले गणन गर्ने वा समूह गर्ने हुन्छ ।

***पालि*** **- कथं ?**

**लोकुत्तरेसु ताव अट्ठसु पठमज्झानिक चित्तेसु अञ्ञसमाना तेरस चेतसिका अप्पमञ्ञा-वज्जिता तेवीसति सोभण-चेतसिका चे"ति छत्तिंस धम्मा सङ्गहं गच्छन्ति ।**

***भावार्थ -*** कसरी ?

लोकुत्तर चित्त मध्ये पहिले लोकुत्तर प्रथमध्यानिक चित्त ८ वटामा अन्यसमान चैतसिक १३ वटा अप्रमाण चैतसिक दुइवटाबाट अलग भएको शोभन चैतसिक २३ वटा; यसरी ३६ वटा चैतसिक संग्रह हुन जान्छ ।

***पालि*** **- तथा दुतियज्झानिक-चित्तेसु वितक्कवज्जा ।**

***भावार्थ -*** त्यस्तै नै लोकुत्तर द्वितीयध्यानिक चित्त ८ वटामा वितर्कबाट अलग भएको ३५ वटा चैतसिक संग्रह हुन जान्छ ।

Downloaded from http://dhamma.digital/

***पालि*** **- ततियज्झानिक-चित्तेसु वितक्क-विचार वज्जा ।**

***भावार्थ*** **-** लोकुत्तर तृतीयध्यानिक चित्त ८ वटामा वितर्क विचारबाट अलग भएको ३४ वटा चैतसिक संग्रह हुन जान्छ ।

***पालि*** **- चतुत्थज्झानिक-चित्तेसु वितक्क-विचार-पीति वज्जा ।**

***भावार्थ*** **-** लोकुत्तर चतुर्थध्यानिक चित्त ८ वटामा वितर्क विचार प्रीतिबाट अलग भएको ३३ वटा चैतसिक संग्रह हुन जान्छ ।

***पालि*** **- पञ्चमज्झानिक-चित्तेसुपि उपेक्खा-सहगता ते एव संङ्गहचन्ती"ति सब्बथापि अट्ठसु लोकुत्तर-चित्तेसु पञ्चकज्झानवसेन पञ्चधाव सङ्गहो होति"ति ।**

***भावार्थ*** **-** यसरी सम्पूर्ण प्रकारले लोकुत्तर चित्त ८ वटामा ध्यान समूह पाँचवटाको हिसाबले पाँच प्रकारले नै गणन गर्ने वा संग्रह गर्ने हुनजान्छ । यसरी ती लोकुत्तर चित्त ८ वटामा पाँच प्रकारको संग्रह नयलाई बुझ्नु पर्दछ ।

## संग्रह - गाथा

***पालि*** **- छत्तिंस पञ्चत्तिस च, चतुत्तिंस यथाक्कमं ।**

**तेत्तिंस द्वयमिच्चेवं, पञ्चधानुत्तरे ठिता ॥**

***भावार्थ*** **-** लोकुत्तर चित्तमा संग्रह नय क्रमशः ३६ वटा चैतसिक, ३५ वटा, ३४ वटा र ३३ वटा चैतसिक समूह, दुई समूह; यसरी पाँच प्रकारले भयो ।

..........................

## महग्गत - चित्त संग्रह ५ वटा

***पालि*** **- महग्गतेसु पन तीसु पठमज्झानिकहृचित्तेसु ताव अञ्ञसमाना तेरस चेतसिका विरतित्तय वज्जिता द्वावीसति सोभणहृचेतसिका चे"ति पञ्चत्तिंस धम्मा सङ्गहं गच्छन्ति ।**

***भावार्थ*** **-** महग्गत चित्तको संग्रह नयलाई बताउँछु -- महग्गत चित्त २७ वटा मध्ये पहिलो महग्गत प्रथमध्यानिक चित्त तीनवटामा अन्यसमान चैतसिक १३ वटा, विरति चैतसिक तीनवटाले अलग भैरहेको २२ वटा शोभन चैतसिक; यसरी ३५ वटा चैतसिक संग्रह हुनजान्छ ।

***पालि*** **- करूणा मुदिता पनेत्थ पच्चेवमेव योजेतब्बा ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ -*** विशेषता बताउँछु । यो महग्गत प्रथमध्यानिक चित्त तीनवटामा अथवा ३५ वटा चैतसिकमा करुणा र मुदिता चैतसिकलाई अलग अलग नै मिलाउनु पर्छ ।

***पालि*** **- तथा दुतियज्झानिक-चित्तेसु वितक्क-वज्जा ।**

***भावार्थ -*** त्यस्तै नै द्वितीयध्यानिक महग्गत चित्त तीनवटामा वितर्क बाहेकको ३४ वटा चैतसिक संग्रह हुन जान्छ ।

***पालि*** **- ततियज्झानिक-चित्तेसु वितक्क-विचार-वज्जा ।**

***भावार्थ -*** तृतीयध्यानिक महग्गत चित्त तीनवटामा वितर्क विचारले अलग भएको ३३ वटा चैतसिक संग्रह हुन जान्छ ।

***पालि*** **- चतुत्थज्झानिक-चित्तेसु वितक्क-विचार-पीति-वज्जा ।**

***भावार्थ -*** चतुर्थध्यानिक महग्गत चित्त तीनवटामा वितर्क विचार प्रीतिबाट अलग भएको ३२ वटा चैतसिक संग्रह हुन जान्छ ।

***पालि*** **- पञ्चमज्झानिक-चित्तेसुपि पन पन्नरससु अप्पमञ्ञायो न लब्भन्ती"तिस सब्बथापि सत्तवीसति महग्गत-चित्तेसु पञ्चकज्झानवसेन पञ्चधाव सङ्गहो होति"ति ।**

***भावार्थ -*** विशेषता बताउँछु -- पञ्चमध्यानिक महग्गत चित्त १५ वटामा अप्रमाण चैतसिक दुईवटा उपलब्ध हुँदैन ।

यसरी सम्पूर्ण प्रकारले २७ वटा महग्गत चित्तमा ५ वटा ध्यानाङ्ग समूहको हिसाबले पाँच प्रकारले गणना गर्न हुन्छ । यसरी ती महग्गत चित्त २७ वटामा पाँच प्रकारको संग्रह नयलाई जान्नु पर्दछ ।

## संग्रह - गाथा

***पालि*** **- पञ्चत्तिंस चतुत्तिंस, तेत्तिंस च यथाक्कमं ।**

**बातिंस चेव तिंसेति, पञ्चधाव महग्गते ॥**

***भावार्थ -*** महग्गत चित्तमा संग्रह-नय क्रमशः ३५ वटा चैतसिक, ३४ वटा, ३३ वटा र ३० वटा चैतसिक; यसरी पाँच प्रकाले भयो ।

...........................

Downloaded from http://dhamma.digital/

# काम - शोभन चित्त

## संग्रह - नय १२ वटा

***पालि* - कामावचर सोभणेसु पन कुसलेसु ताव पठमद्वये अञ्ञसमाना तेरस चेतसिका पञ्चवीसति सोभण-चेतसिका चे"ति अट्ठत्तिंस धम्मा सङ्गहं गच्छन्ति ।**

***भावार्थ* -** कामावचर शोभन चित्तको संग्रह-नयलाई बताउँछु । कामावचर शोभन चित्त २४ वटा मध्ये महाकुशल चित्त ८ वटामा पनि महाकुशल प्रथमद्वयमा अन्यसमान चैतसिक १३ वटा, शोभन चैतसिक २५ वटा; यसरी ३८ वटा चैतसिक मिल्छ ।

***पालि* - अप्पमञ्ञा-विरतियो पनेत्थ पञ्चपि पच्चेकमेव योजेतब्बा ।**

***भावार्थ* -** विशेषता बताउँछु । यो महाकुशल प्रथमद्वयमा अथवा ३८ वटा चैतसिक मध्ये अप्रमाण र विरति चैतसिक ५ वटालाई अलग अलग वा एकेक गरी मात्र मिलाउनुपर्छ ।

***पालि* - तथा दुतियद्वये-ञाणवज्जिता ।**

***भावार्थ* -** त्यसरी नै महाकुशल द्वितीयद्वयमा ज्ञानले अलग भएको ३७ वटा चैतसिक मिल्छ ।

***पालि* - ततीयद्वये-ञाण-सम्पयुत्ता पीति-वज्जिता ।**

***भावार्थ* -** महाकुशल तृतीयद्वयमा ज्ञानले सम्प्रयुक्त भई प्रीतिबाट अलग भएको ३७ वटा चैतसिक मिल्छ ।

***पालि* - चतुत्थद्वये-ञाण-पीति-वज्जिता ते एव सङ्गहचन्ति ।**

***भावार्थ* -** महाकुशल चतुर्थद्वयमा ज्ञान र प्रीतिले अलग भएको ३६ वटा सोही अन्यसमान र शोभन चैतसिक संग्रहित हुनजान्छन् ।

***पालि* - क्रियचित्तेसुपि विरति-वज्जिता तथेव चतूसुपि दुकेसु चतुधाव सङ्गहचन्ति ।**

***भावार्थ* -** महाक्रिया चित्त ८ वटामा पनि विरति चैतसिकले अलग भएको ३५ वटा अन्यसमान र शोभन चैतसिक नै महाकुशलमा जस्ते चारैवता दुकमा चारै प्रकारले नै संग्रहित हुन्छ ।

***पालि* - तथा विपाकेसु च अप्पमञ्ञा-विरति-वज्जिता ते एव सङ्गहचन्ति ।**

**सब्बथापि चतुवीसति कामावचर-सोभन-चित्तेसु दुकवसेन द्वादसधाव सङ्गहो होती"ति ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ -*** त्यस्तै नै महाविपाक चित्त आठवटामा पनि अप्रमाण र विरति चैतसिक पाँचवटाबाट अलग भएको ३३ वटा अन्यसमान र शोभन चैतसिक नै चारै दुकको हिसाबले चार प्रकारले नै संग्रहित हुन्छ ।

यसरी सम्पूर्ण प्रकारले २४ वटा कामावचर शोभन चित्तमा दुकको हिसाबले १२ प्रकारले नै संग्रह गर्नुपर्ने भएको छ ।

यसरी ती कामावचर शोभन चित्तमा १२ प्रकारको संग्रहनयलाई जान्नुपर्‍यो ।

## संग्रह - गाथा

*पालि* - **अट्ठत्तिंस सत्तत्तिंस, द्वयं छत्तिंसकं सुभे ।**

**पञ्चतिंस चतुत्तिंस, द्वयं तेत्तिंसकं क्रिये ॥**

**तेत्तिंस पाके बात्तिंस, द्वयेकत्तिंसकं भवे ।**

**सहेतु कामावचर, पुञ्ञपाकह्न क्रिया मने ॥**

***भावार्थ -*** कामावचर कुशल, सहेतुक कामावचर विपाक र सहेतुक कामावचर क्रियाचित्तमा अथवा चित्त मध्ये महाकुशल चित्त ८ वटामा ३८ वटा, ३७ वटा चैतसिकको समूहमा दुईसमूह र ३६ वटा चैतसिक; फेरी महाक्रिया चित्त ८ वटामा ३५ वटा, ३४ वटा चैतसिकको समूहमा दुईसमूह र ३३ वटा चैतसिक; अनि फेरी महाविपाक चित्त ८ वटामा ३३ वटा, ३२ वटा चैतसिकको समूह दुईसमूह र ३१ वटा चैतसिक छन् ।

## त्यो चित्तमा नमिलेका चैतसिकहरु --

*पालि* - **न विज्जन्तेत्थ विरती, क्रियेसु च महग्गते ।**

**अनुत्तरे अप्पमञ्ञा, कामपाके द्वयं तथा ॥**

***भावार्थ -*** यी शोभन चित्त मध्ये महाक्रिया चित्त ८ वटामा र महग्गत चित्त २७ वटामा विरति चैतसिक, लोकुत्तर ८ वटामा अप्रमाण चैतसिक मिल्दैन । त्यस्तै नै महाविपाक चित्त ८ वटामा विरति र अप्रमाण चैतसिक दुईथरी पनि मिल्दैन ।

Downloaded from http://dhamma.digital/

## चित्त विशेषक चैतसिक

***पालि* - अनुत्तरे झानधम्मा, अप्पमञ्ञा च मज्झिमे ।**

**विरती-ञाण-पीति च, परित्तेसु विसेकका ॥**

***भावार्थ*** - लोकुत्तर चित्तमा ध्यानधर्म विशेषक हो । महग्गत चित्त २७ वटामा ध्यानधर्म र अप्रमाण चैतसिक विशेषक हो; कामावचर शोभन चित्त २४ वटामा अप्रमाण चैतसिक, विरति चैतसिक, प्रज्ञिन्द्रिय चैतसिक र प्रीति चैतसिक विशेषक हो ।

## अकुशलचित्त संग्रह - नय ७ वटा

***पालि* - अकुसलेसु पन लोभमूलेसु ताव पठमे असंखारिके अञ्ञसमाना तेरस चेतसिका अकुसल साधारणा चत्तारो चा"ति सत्तरस लोभ दिट्ठीहि सद्धिं एकूनवीसति धम्मा सङ्गहं गच्छन्ति ।**

***भावार्थ*** - अकुशल संग्रहनयलाई बताउँछु -- अकुशल चित्त १२ वटा मध्ये लोभमूल चित्त ८ वटामा पनि पहिलो लोभमूल असंस्कारिक चित्तमा अन्यसमान चैतसिक १३ वटा, अकुशल साधारण ४ वटा र लोभ दृष्टिसहित १९ वटा चैतसिक मिल्दछ ।

***पालि* - तथेव दुतिये असंखारिक लोभ-मानेन ।**

***भावार्थ*** - त्यस्तै नै दोस्रो लोभमूल असंस्कारिक चित्तमा लोभ मान सहित १९ वटा चैतसिक मिल्दछ ।

***पालि* - ततिये तथेव पीति-वज्जिता लोभ दिट्ठीहि सह अट्ठारस ।**

***भावार्थ*** - त्यस्तै नै तेस्रो लोभमूल असंस्कारिक चित्तमा प्रीतिले अलग भएको लोभ दृष्टि सहित १८ वटा चैतसिक मिल्दछ ।

***पालि* - चतुत्थे तथेव लोभ मानेन ।**

***भावार्थ*** - त्यस्तै नै चौथो लोभमूल असंस्कारिक चित्तमा लोभ मान सहित १८ वटा चैतसिक मिल्दछ ।

***पालि* - पञ्चमे पन पटिघ सम्पयुत्ते असंखारिके दासो इस्सा मच्छरियं कुक्कुच्चञ्चा"ति चतूहि सद्धिं पीति-वीज्जिता ते एव वीसति धम्मा सङ्गहचन्ति ।**

***भावार्थ*** - अब दोषमूल असंस्कारिकलाई बताउँछु -- दोषसँग मिलेको पाँचौं असंस्कारिक चित्तमा दोष चैतसिक, इर्ष्या, मात्सर्य र कौकृत्य चैतसिक; यसरी चारवटा सहित प्रीतिले अलग भएका ती २० वटा अन्यसमान अकुशल चैतसिक संग्रहित हुन्छन् ।

Downloaded from http://dhamma.digital/

*पालि* - **इस्सा-मच्छरिय-कुक्कुच्चनि पनेत्थ पच्चेकमेव योजेतब्बानि ।**

***भावार्थ*** - विशेषता बताउँछु -- यो पञ्चम असंस्कारिक चित्तमा अथवा २० वटा चैतसिक मध्ये इर्ष्या, मात्सर्य र कौकृत्य चैतसिकलाई अलग अलग नै मिलाउनु पर्छ ।

*पालि* - **असंखारिक पच्चकेपि तथेव थिन-मिद्धेन विसेसेत्वा योजेतब्बा ।**

***भावार्थ*** - असंस्कारिक चित्तमा जस्तै नै ससंस्कारिक चित्त पाँचवटामा पनि स्त्यान-मिद्धले विशेषता देखाई मिलाउनु पर्छ ।

*पालि* - **छन्न-पीति-वज्जिता पन अञ्ञसमाना एकादस अकुसल साधारणा चत्तारो चा"ति पन्नरस धम्मा उद्धच्च-सहगते सम्पयुज्जन्ति ।**

***भावार्थ*** - मोमूहलाई बताउँछु -- छन्द प्रीतिबाट अलग भएको अन्यसमान चैतसिक ११ वटा र अकुशल साधारण चैतसिक चारवटा; यसरी १५ वटा चैतसिक औधृत्य सहगत चित्तमा मिल्छ ।

*पालि* - **विचिकिच्छा-सहगत चित्ते च अधिमोक्ख विरहिता विचिकिच्छा-सहगता तथेव पन्नरस धम्मा समुपलब्भन्ती"ति ।**

**सब्बथापि द्वादसाकुसल-चित्तुप्पादेसु पच्चेकं योजियमानापि गणनवसेन सत्तधाव सङ्गहिता भवन्ती"ति ।**

***भावार्थ*** - विचिकित्सा सहगत चित्तमा पनि औधृत्य सहगत चित्तमा जस्तै नै अधिमोक्ष चैतसिकले अलग भएको विचिकित्सा सहित भएको १५ वटा चैतसिक उपलब्ध हुन्छ ।

यसरी सम्पूर्ण प्रकारले १२ वटा अकुशल चित्तमा अलग अलग गरेपनि गणन हिसाबले सात प्रकारले नै गणना गर्ने हुनजान्छ । यसरी अकुशल चित्त १२ वटामा सातथरी प्रकारले संग्रहनयलाई जान्नु पर्छ ।

## संग्रह - गाथा

*पालि* - **एकूनवीसाट्ठारस, वीसेकवीस वीसति ।**

**द्वावीस पन्नरसेति, सत्तधाकुसले ठिता ॥**

***भावार्थ*** - अकुशल चित्तमा संग्रहनय १९ वटा चैतसिक, १८ वटा चैतसिक, २० वटा, २१ वटा, २० वटा, २२ वटा चैतसिक र १५ वटा चैतसिक; यसरी सातथरी भयो ।

Downloaded from http://dhamma.digital/

## अकुसलयोगी चैतसिक

***पालि* - साधारणा च चत्तारो, समाना च दसापरे ।**

**चुद्दसेते पवुच्चन्ति, सब्बाकुसलयोगिनो ॥**

***भावार्थ* -** अकुशल साधारण चैतसिक ४ वटा, छन्द, प्रीति, अधिमोक्ष चैतसिकले अलग भएको अन्यसमान चैतसिक १० वटा; यसरी यी १४ वटा चैतसिकहरुलाई सम्पूर्ण अकुशल चित्तसँग मिलेको चैतसिक भनी बताएको छ ।

## अहेतुक - चित्त संग्रहनय ४ वटा

***पालि* - अहेतुकेसु पन हसन चित्ते ताव छन्द-वज्जिता अञ्ञसमाना द्वादसा धम्मा सङ्गहं गच्छन्ति ।**

***भावार्थ* -** अहेतुक संग्रहनयलाई बताउँछु । अहेतुक चित्त १८ वटा मध्ये पहिलो हसितुप्पाद चित्तमा छन्दबाट अलग भएको अन्यसमान चैतसिक १२ वटा संग्रह हुन्छ ।

***पालि* - तथा वोट्ठब्बने छन्द-पीति-वज्जिता ।**

***भावार्थ* -** त्यस्तै नै वोट्ठब्बने चित्तमा छन्द, प्रीतिबाट अलग भएको अन्यसमान चैतसिक ११ वटा संग्रह हुन्छ ।

***पालि* - सुखसन्तीरणे छन्द-वीरिय-वज्जिता ।**

***भावार्थ* -** सोमनस्य सहगत सन्तीरण चित्तमा छन्द, वीर्यले अलग भएको अन्यसमान चैतसिक ११ वटा संग्रह हुन्छ ।

***पालि* - मनोधातुत्तिकाहेतुक-पटिसन्धियुगले छन्द-पीति-वीरिय वज्जिता ।**

***भावार्थ* -** मनोधातु तीनवटा र अहेतुक प्रतिसन्धि दुईवटामा छन्द, प्रीति, वीर्यबाट अलग भएको अन्यसमान चैतसिक १० वटा संग्रह हुन्छ ।

***पालि* - द्विपञ्चविञ्ञाणे पकिण्णक-वज्जिता ते येव संगहचन्ती"ति ।**

**सब्बथापि अट्ठारससु अहेतुकेसु गणनवसेन चतुधाव सङ्गहो होती"ति ।**

***भावार्थ* -** द्विपञ्चविज्ञान १० वटामा प्रकीर्णक ६ वटाले अलग भएको ती ७ वटा अन्यसमान चैतसिक नै संग्रहित हुन्छ ।

यसरी अहेतुक चित्त १८ वटामा सम्पूर्ण प्रकारले गणनाको हिसाबले संग्रहनय चारवटा नै भएको छ ।

Downloaded from http://dhamma.digital/

यसरी ती अहेतुक चित्त १८ वटामा चार प्रकारको संग्रहनयलाई जान्नु पर्दछ ।

## संग्रह - गाथा

***पालि* - द्वादसेकादस दस, सत्त चाति चतुब्बिधो ।**

**अट्ठारसाहेतुकेसु, चित्तुप्पादेसु सङ्गहो ॥**

***भावार्थ* -** १८ वटा अहेतुक चित्तमा १२ वटा चैतसिक, ११ वटा, १० वटा र ७ वटा चैतसिक; यसरी चार प्रकारका संग्रहनयलाई जान्न पर्दछ ।

***पालि* - अहेतुकेसु सब्बत्थ, सत्त सेसा यथारहं ।**

**इति वित्थारतो वुत्तो, तेत्तिंसविध सङ्गहो ॥**

***भावार्थ* -** सम्पूर्ण अहेतुक चित्त १८ वटा सर्वचित्त साधारण चैतसिक ७ वटा मिल्दछ । छन्दले अलग भएको प्रकीर्णक चैतसिक ५ वटा मिल्दो मिल्दो ठाउँमा मिल्दछ । यसरी विस्तृत रूपले ३३ प्रकारको संग्रहनयलाई मैले (अनुरुद्ध आचार्यले) बताएं ।

## चैतसिकलाई चित्त समानले गणना गर्ने

***पालि* - इत्थ चित्तावियुत्तानं, सम्पयोगञ्च सङ्गहं ।**

**ञत्वा भेदं यथायोगं, चित्तेन सममुद्दिसे ॥**

***भावार्थ* -** यसरी कथितभेद अनुसार चित्तसँग सधैं मिलेको चैतसिकको परिच्छेद हिसाबले अथवा चित्तलाई छुट्याउने रूपले बताइएका १६ प्रकारका सम्प्रयोगनयलाई र चैतसिक समूहलाई छुट्याउने रूपले बताइएको ३३ प्रकारका संग्रहनयलाई पनि जानेर मिले अनुसार चित्तसँग जोग मिलेको भेदलाई देखाउन पर्दछ ।

**इति अभिधम्मत्थसङ्गहे चेतसिक सङ्गह विभागो नाम दुतियो परिच्छेदो ।**

***भावार्थ* -** अभिधमार्थसंग्रहमा चैतसिक - संग्रह विभाग नामक दोश्रो काण्ड सम्पूर्ण भयो ।

-------------

Downloaded from http://dhamma.digital/

# प्रकीर्णक-काण्ड ३

## प्रतिज्ञा र मातिका

***पालि* - सम्पयुत्ता यथायोगं, तेपञ्ञास सभावतो ।**

**चित्त-चेतसिका धम्मा, तेसं दानि यथारहं ॥**

***भावार्थ* -** मिल्न योग्य हुने गरी समान रूपले नाना प्रकारबाट मिलेको चित्त चैतसिक धर्म आरम्मण विभाजन स्पर्शन इत्यादि आ-आफ्नो कृत्य लक्षण अनुसार ५३ वटा छन् । अब ती ५३ वटा स्वभावधर्मलाई योग्यतानुसार बताउँछु ।

***पालि* - वेदना- हेतुतो किच्च, द्वारालम्बन-वत्थुतो ।**

**चित्तुप्पाद-वसेनेव, सङ्गहो नाम नीयते ।**

***भावार्थ* -** चित्त चैतसिकको हिसाबले वेदनाभेद, हेतु, कृत्य, द्वार, आरम्मण र वत्थुभेद भैरहेको वेदनादि संग्रह नाम भएको प्रकीर्णक संग्रहलाई अघि सार्दछु (प्रस्तुत गर्दछु ) ।

..........................

## वेदना संग्रह

### वेदना ३ वटा र ५ वटा

***पालि* - तत्थ वेदना सङ्गहे ताव तिविधा वेदना सुखं दुक्खं अदुक्ख-मसुखं चे"ति सुखं दुक्खं सोमनस्सं दोमनस्सं अपेक्खा"ति च भेदेन पन पञ्चधा होति ।**

***भावार्थ* -** ती ६ प्रकीर्णक संग्रह मध्येमा वेदना संग्रहमा पहिले वेदना भनेको सुखवेदना दुःखवेदना र दुःख पनि नभएको सुख पनि नभएको उपेक्षावेदना यसरी अनुभव लक्षण प्रभेदले तीथरी छन् ।

फेरी इन्द्रिय भेदको रुपमा वेदना भनेको सुखवदना, दुःख, सौमनस्य, दौर्मनस्य र उपेक्षावेदना भनिकन पाँचथरी छन् ।

..........................

Downloaded from http://dhamma.digital/

## वेदनाबाट चित्तको विभाजन

***पालि*** **- तत्थ सुखसहगतं कुसल-विपाकं कायविञ्ञाण-मेकमेव ।**

***भावार्थ*** **-** ती वेदना संग्रहमा अथवा ती पाँच वेदना मध्यम अथवा ती पाँच वेदनामा मिलेको चित्तमा सुखवेदना सहित भएको चित्त कुशलको फल भइरहेको कायविज्ञान एउटा मात्र भयो ।

***पालि*** **- तथा दुक्खसहगतं अकुसल विपाकं ।**

***भावार्थ*** **-** त्यस्तै दुःखवेदना सहित भएको चित्त पनि अकुशलको फल भइरहेको कायविज्ञान एउटा मात्र भयो ।

***पालि*** **- सोमनस्ससहगत-चित्तानि पन लोभभूलानि चत्तारि द्वादस कामावचर-सोभनानि सुख-सन्तीरण-हसनानि च द्वे"ति अट्ठारस कामावचर सोभनस्ससहगत-चित्तानि चेव पठम-दुतिय-ततिय-चतुत्थज्झान-संखातानि चतुचत्तालीस महग्गत लोकुत्तर-चित्तानि चे"ति द्वासट्ठि विधानि भवन्ति ।**

***भावार्थ*** **-** अब सौमनस्य वेदनालाई बताउँछु -- सौमनस्य वेदना सहित भएको लोभमूल चित्त ४ वटा, कामावचर शोभन १२ वटा, सौमनस्य सहगत सन्तीरण हसितुत्पाद २ वटा, यसरी कामावचर सौमनस्य सहगत १८ वटा र प्रथमध्यान चित्त ११ वटा, द्वितीयध्यान चित्त ११ वटा, तृतीयध्यान चित्त ११ वटा, चतुर्थध्यान चित्त ११ वटा भनिएको महग्गत लोकुत्तर चित्त ४४ वटा; यो भेदले ६२ वटा छन् ।

***पालि*** **- दोमनस्स सहगत-चित्तानि पन द्वे पटिघ सम्पयुत्त-चित्तानेव ।**

***भावार्थ*** **-** फेरी दौर्मनस्य सहगत चित्तलाई बताउँछु -- दौर्मनस्य वेदना सहित भएको चित्त प्रतिघ सम्पयुक्त चित्त २ वटा मात्र छन् ।

***पालि*** **- सेसानि सब्बानिपि पञ्चपञ्ञास उपेक्खा सहगत-चित्तानेवा"ति ।**

***भावार्थ*** **-** उक्त वेदना ४ वटाबाट बाँकिरहेका ५५ वटा चित्त सबै उपेक्षा सहगत चित्त मात्र भयो भनी जान्नु पर्दछु ।

## संग्रह - गाथा

***पालि*** **- सुखं दुक्खमुपेक्खाति, तिविधा तत्थ वेदना ।**

**सोमनस्सं दोमनस्स, मिति भेदेन सब्बथा ॥**

Downloaded from http://dhamma.digital/

***भावार्थ -*** ती वेदना संग्रहमा वेदना भनेको अनुभवन लक्षण प्रभेदले सुखवेदना, दुःख र उपेक्षावेदना भनिकन तीन प्रकारले छन् । इन्द्रिय भेद अनुसार सुखवेदना, दुःख, सौमनस्य, दौर्मनस्य र उपेक्षावेदना भनिकन पाँच प्रकारले भयो ।

..........................

# हेतु - संग्रह

## हेतु ६ वटा

***पालि* - हेतु सङ्गहे हेतु नाम लोभो दोसो मोहो अलोभो अदोसो अमोहो चा"ति छब्बिधा भवन्ति ।**

***भावार्थ -*** हेतु संग्रहमा हेतु भनेको लोभ हेतु, दोष, मोह, अलोभ, अदोष, अमोह हेतु, भनिकन ६ प्रकारका छन् ।

..........................

## हेतुबाट चित्तको विभाजन

***पालि* - तत्थ पञ्चद्वारावज्जन - द्विपञ्चविञ्ञाण - सम्पटिच्छन - सन्तीरण - बोट्ठब्बन - हसन - वसेन अट्ठारस अहेतुक चित्तानि नाम ।**

***भावार्थ -*** त्यस हेतु संग्रह अथवा ती ६ हेतु मध्येमा अथवा ६ हेतु सहित नभएको चित्त मध्येमा पञ्चद्वारावज्जन, द्विपञ्चविज्ञान १० वटा, सम्प्रतिच्छन चित्त २ वटा, सन्तीरण ३ वटा, वोट्ठब्बन र हसितुत्पाद चित्त हिसाबले १८ वटा चित्तलाई सम्प्रयुक्त हेतु नभएको हुनाले "अहेतुक" चित्त भन्दछ ।

***पालि* - सेसानि सब्बनिपि एकसत्तति चित्तानि सहेतुकानेव ।**

***भावार्थ -*** अहेतुक चित्त १८ वटाबाट बाँकी रहेका सम्पूर्ण ७१ वटा चित्तलाई सम्प्रयुक्त हेतु भएको हुँदा "सहेतुक" चित्त भन्दछ ।

***पालि* - तत्थापि द्वे मोमूह चित्तानि एकहेतुकानि ।**

***भावार्थ -*** ती सहेतुक चित्त ७१ वटा मध्येमा पनि मोहमूल चित्त २ वटालाई एउटा मात्र हेतु भएको हुनाले "एकहेतुक" चित्त भन्दछ ।

Downloaded from http://dhamma.digital/

***पालि*** - **सेसानि दस अकुसल-चित्तानि चेव ञाणविप्पयुत्तानि द्वादस कामावचर सोभनानि चे"ति द्वावीसति द्विहेतुक-चित्तानि नाम ।**

***भावार्थ*** - मोह मूल २ वटाबाट बाँकी भएका १० वटा अकुशल चित्त र १२ वटा ज्ञान विप्रयुक्त कामावचर शोभन चित्त; यसरी २२ वटा चित्तलाई दुईवटा हेतु भएको हुनाले "द्विहेतुक" चित्त भन्दछ ।

***पालि*** - **द्वादस ञाणसम्पयुत्त-कामावचर-सोभणनि चेव पञ्चत्तिंस महग्गत-लोकुत्तर-चित्तानि चे"ति सत्तचत्तालीस तिहेतुक चित्तानी"ति ।**

***भावार्थ*** - ज्ञानसम्प्रयुक्त कामावचर शोभन चित्त १२ वटा र महग्गत लोकुत्तर चित्त ३५ वटा; यसरी ४७ वटा चित्तलाई तीनवटा हेतु भएको हुनाले "तिहेतुक" चित्त भन्छ भनी जान्नुपर्छ ।

### संग्रह - गाथा

***पालि*** - **लोभो दोसो च मोहो च, हेतू अकुसला तयो ।**

**अलोभादोसामोहा च, कुसलाब्याकता तथा ॥**

***भावार्थ*** - लोभ हेतु, दोष हेतु र मोह हेतु भनिकन अकुशल हेतु तीनवटा छन् । अलोभ हेतु, अदोष हेतु र अमोह हेतु भनिकन कुशल हेतु पनि त्यस्तै नै तीनवटा छन् ।

***पालि*** - **अहेतुकाट्ठारसेक, हेतुका द्वे द्वावीसति ।**

**दुहेतुका मता सत्त, चत्तालीस तिहेतुका ॥**

***भावार्थ*** - अहेतुक चित्त १८ वटा, एकहेतुक चित्त २ वटा, द्विहेतुक चित्त २२ वटा र त्रिहेतुक चित्त ४७ वटा छ भनी जान्नु पर्दछ ।

..........................

# कृत्य - संग्रह

## कृत्य १४ वटा

***पालि*** - **किच्च-सङ्गहे किच्चानि नाम पटिसन्धि-भवङ्गावज्जन - दस्सन - सवन - घायन - सायन - फुसन - सम्पटिच्छन - सन्तीरण - वोट्ठब्बन - जवन - तदारम्मण - चुति-वेसन चुद्दस विधानि भवन्ति ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ -*** कृत्य-संग्रहमा कृत्य भनेको प्रतिसन्धिकृत्य, भवाङ्ग, आवर्जन, दर्शन, श्रवण, घ्रायण, साय, स्पर्शन, सम्प्रतिच्छन, सन्तीरण, वोट्ठब्बन, जवन, तदारम्मण र च्युति कृत्य भनिकन १४ प्रकारले छन् ।

## स्थान १० वटा

***पालि*** - **पटिसन्धि-भवङ्गावज्जन-पञ्चविञ्ञाणट्ठानादि वसेन पन तेसं दसधा ठानभेदो वेदितब्बो ।**

***भावार्थ -*** स्थानलाई बताउँछु -- ती कृत्य भएका चित्तको स्थान भेदलाई प्रतिसन्धिस्थान, भवाङ्ग, आवर्जन, पञ्चविज्ञान, सम्प्रतिच्छन, सन्तीरण, वोट्ठब्बन, जवन, तदारम्मण र च्युतिस्थान भनिकन १० प्रकारले भएको जान्नु पर्दछ ।

..........................

## कृत्य र स्थानबाट चित्तको विभाजन

***पालि*** - **तत्थ द्वे उपेक्खासहगत-सन्तीरणानि चेव अट्ठ महाविपाकानि च नव रूपारूप विपाकानि चे"ति एकूनवीसति चित्तानि पटिसन्धि-भवङ्ग-चुति-किच्चानि नाम ।**

***भावार्थ -*** त्यो कृत्य संग्रहमा अथवा कृत्य र स्थान दुईवटा मध्येमा अथवा त्यो कृत्य र स्थान भएको चित्त मध्येमा उपेक्षा सहगत सन्तीरण चित्त २ वटा, महाविपाक चित्त ८ वटा र रूप-अरूप विपाक चित्त ९ वटा; यसरी १९ वटा चित्तलाई प्रतिसन्धि कृत्य, भवाङ्ग कृत्य र च्युति कृत्य भएको चित्त भन्दछ ।

***पालि*** - **आवज्जन-किच्चानि पन द्वे ।**

***भावार्थ -*** दुईवटा कृत्य भएको चित्तलाई बताउँछु -- आवर्जन कृत्य भएको चित्त २ वटा ।

***पालि*** - **तथा दस्सन-सवन-घायन - सायन - फुसन - सम्पटिच्छन किच्चानि च ।**

***भावार्थ -*** दर्शन, श्रवण, घ्रायण, सायन, स्पर्शन र सम्प्रतिच्छन कृत्य भएको चित्त पनि त्यस्तै नै दुईवटा ।

***पालि*** - **तिणि सन्तीरण- किच्चानि ।**

***भावार्थ -*** सन्तीरण कृत्य भएको चित्त ३ वटा ।

***पालि*** - **मनोद्वारावज्जनमेव पञ्चद्वारे वोट्ठब्बन किच्चं साधेति ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ -*** मनोद्वारवर्जनले नै पञ्चद्वारमा वोट्ठब्बन कृत्य सिद्ध गर्छ ।

***पालि -*** **आवज्जन-द्वय-वज्जितानि कुसलाकुसल-फल-क्रिय-चित्तानि पञ्चपञ्ञास जवन-किच्चानि ।**

***भावार्थ -*** आवर्जन दुईवटाबाट अलग भएको ५५ वटा कुशल, अकुशल, फल र क्रिया चित्तलाई जवन कृत्य भएको चित्त भन्दछ ।

***पालि -*** **अट्ठ महाविपाकानि चेव सन्तीरणत्तयञ्चे"ति एकादस तदारम्मरण-किच्चानि ।**

***भावार्थ -*** महाविपाक चित्त ८ वटा, सन्तीरण चित्त ३ वटा; यसरी ११ वटा चित्तलाई तदारम्मण कृत्य भएको चित्त भन्दछ ।

***पालि -*** **तेसु पन द्वे उपेक्खासहगत - सन्तीरण - चित्तानि पटिसन्धि - भवङ्ग - चुति - तदारम्मण - सन्तीरण - वसेन पञ्च किच्चानि नाम ।**

***भावार्थ -*** समूहलाई बताउँछु - ती कृत्य र स्थान भएको चित्त समूह मध्येमा उपेक्षासहगत सन्तीरण चित्त २ वटालाई प्रतिसन्धि कृत्य, भवाङ्ग कृत्य, च्युति कृत्य, तदारम्मण कृत्य र सन्तीरण कृत्य हिसाबले ५ वटा कृत्य भएको चित्त भन्छन् ।

***पालि -*** **महग्गत-विपाकानि नव पटिसन्धि-भवङ्ग-चुति-वसेन तिकिच्चानि नाम ।**

***भावार्थ -*** महग्गत विपाक चित्त ९ वटालाई प्रतिसन्धि कृत्य, भवाङ्ग कृत्य र च्युति कृत्य हिसाबले तीनवटा कृत्य भएको चित्त भन्दछ ।

***पालि -*** **सोमनस्स-सन्तीरणं सन्तीरण - तदारम्मण - वसेन दुकिच्चं ।**

***भावार्थ -*** सौमनस्य सहगत सन्तीरण चित्तलाई सन्तीरण कृत्य र तदारम्मण कृत्य हिसाबले दुई कृत्य भएको चित्त भन्दछ ।

***पालि -*** **तथा वोट्ठब्बनं वोट्ठब्बनावज्जन-वसेन ।**

***भावार्थ -*** वोट्ठब्बन चित्तलाई वोट्ठब्बन कृत्य र आवर्जन कृत्य हिसाबले त्यस्तै नै दुईवटा कृत्य भएको चित्त भन्छन् ।

***पालि -*** **सेसानि पन सब्बानिपि जवन-मनोधातुत्तिक द्विपञ्चविञ्ञानानि यथासम्भवमेक किच्चानी"ति ।**

***भावार्थ -*** एक कृत्यलाई बताउँछु -- माथि बताई आएकोबाट बाँकी रहेको सबै नै जवन ५५ वटा, मनोधातु ३ वटा र द्विपञ्चविज्ञान १० वटालाई सुविधाअनुसार एक एक कृत्य भएको चित्त भन्छ भनी जान्नु पर्दछ ।

Downloaded from http://dhamma.digital/

## संग्रह - गाथा

***पालि* - पटिसन्धादयो नाम, किच्च भेदेन चुद्दस ।**

**दसधा ठान भेदेन, चित्तुप्पादा पकासिता ॥**

***भावार्थ* -** प्रतिसन्धि आदि नाम भएको चित्त र चैतसिकलाई कृत्य भेदले १४ वटा र स्थान भेदले १० वटा छ भनी देखाएको छ ।

***पालि* - अट्ठसट्ठि तथा द्वे च, नवाट्ठ द्वे यथाक्कमं ।**

**एक द्वि ति चतुपञ्च, किच्च ठानानि निद्दिसे ॥**

***भावार्थ* -** एउटा कृत्य एउटा स्थान, २ वटा कृत्य २ वटा स्थान, २ वटा कृत्य ३ वटा स्थान, ४ वटा कृत्य ४ वटा स्थान, पाँच वटा कृत्य ५ वटा स्थान भएको चित्तलाई क्रमशः ६८ वटा, २ वटा, ९ वटा, ८ वटा र २ वटा छ भनिकन पनि देखाउनु पर्छ ।

...........................

# द्वार - संग्रह

## द्वार ६ वटा

***पालि* - द्वार सङ्गहे द्वारानि नाम चक्खुद्वारं सोतद्वारं घानद्वारं जिह्वाद्वारं कायद्वारं मनोद्वारञ्चे"ति छब्बिधानि भवन्ति ।**

***भावार्थ* -** द्वार संग्रहमा द्वार भनेको चक्षुद्वार, श्रोत, घ्राण, जिह्वा, काय र मनोद्वार भनिकन ६ प्रकारका छन् ।

...........................

## द्वारबाट चित्तको विभाजन

***पालि* - तत्थ चक्खुमेव चक्खुद्वारं, तथा सोतादयो सोतद्वारादीनि मनोद्वारं पन भवङ्ग"न्ति पवुच्चति ।**

***भावार्थ* -** ती ६ द्वार मध्येमा प्रसाद चक्षुलाई नै चक्षुद्वार भन्छ । त्यस्तै नै श्रोत आदिलाई अथवा प्रसाद श्रोत, प्रसाद घ्राण, प्रसाद जिह्वा, प्रसाद कायलाई श्रोतद्वार आदि भन्छन्, अथवा श्रोतद्वार, घ्राणद्वार, जिह्वाद्वार, कायद्वार भन्छन् । मनोद्वारलाई बताउँछु-- अथवा नामद्वारलाई

Downloaded from http://dhamma.digital/

बताउँछु-- अवाङ्ग, उपच्छेद १९ वटालाई मनोद्वार अथवा आवर्जन इत्यादि वीथि चित्तको उत्पत्ति कारण भनिकन विशेषरुपले बताइएको छ।

*पालि* - **तत्थ पञ्चद्वारावज्जन-चक्खुविञ्ञाण-सम्पटिच्छन - सन्तीरण - वोट्ठब्बन - कामावचर - जवन - तदारम्मण-वसेन छचत्तालीस चित्तानि चक्खुद्वारे यथारहं उप्पज्जन्ति।**

***भावार्थ -*** त्यस द्वार संग्रहमा अथवा ६ द्वार मध्येमा अथवा ती ६ द्वारमा भएको चित्त मध्येमा चक्षुद्वारमा पञ्चद्वारावर्जन एउटा, चक्षुविज्ञान २ वटा, सम्पतिच्छन २ वटा, सन्तीरण ३ वटा, वोट्ठब्बन १ वटा, कामजवन २९ वटा र सन्तीरण ३ वटाले अलग भएका तदारम्मण ८ वटा हिसाबले ४६ वटा चित्त सुविधानुसार उत्पन्न हुन्छन्।

*पालि* - **तत्थ पञ्चद्वारावज्जन-सोतविञ्ञाणादि-वसेन सोतद्वारादीसुपि छचत्तालीसेव भवन्ती"ति सब्बथापि पञ्चद्वारे चतुपञ्ञास चित्तानि कामावचरानेव।**

***भावार्थ -*** त्यस्तै नै श्रोतद्वार इत्यादिमा पनि पञ्चद्वारावर्जन श्रोतविज्ञान २ वटा इत्यादि हिसाबले ४६-४६- वटा चित्त नै हुन्छन्। यसरी सम्पूर्ण प्रकारले पञ्चद्वारमा ५४ वटा चित्त चोक्खै कामावचर मात्र भएका छन्।

*पालि* - **मनोद्वारे पन मनोद्वारावज्जन-पञ्ञास जवन-तदारम्मण-वसेन सत्तसट्ठि चित्तानि भवन्ति।**

***भावार्थ -*** मनोद्वारलाई बताउँछु -- मनोद्वारमा मनोद्वार आवर्जन १ वटा, जवन ५५ वटा, तदारम्मण ११ वटा हिसाबले ६७ वटा चित्त हुन्छन्।

*पालि* - **एकूनवीसति पटिसन्धि - भवङ्ग - चुति - वसेन द्वारविमुत्तानि।**

***भावार्थ -*** प्रतिसन्धि भवाङ्ग र च्युति हिसाबले १९ वटा चित्तलाई ५ द्वारबाट अलग भएको हुनाले "द्वारविमुक्ति" चित्त भन्छन्।

*पालि* - **तेसु पन पञ्चविञ्ञाणानि चेव महग्गत- लोकुत्तर जवनानि चे"ति छत्तिंस यथारहमेकद्वारिक-चित्तानि नाम।**

***भावार्थ -*** समूहलाई बताउँछु -- ती ६ द्वारिक चित्त समूह मध्येमा द्विपञ्चविज्ञान १० वटा, महग्गत लोकुत्तर जवन २६ वटा; यसरी ३६ वटा चित्तलाई सुविधाअनुसार एकेक द्वारमा उत्पन्न हुने हुनाले "एकद्वारिक चित्त" भनिन्छ।

*पालि* - **मनोधातुत्तिकं पन पञ्चद्वारिकं।**

***भावार्थ -*** ५ द्वारमा उत्पन्न हुने चित्तलाई बताउँछु-- मनोधातु ३ वटा ५ द्वारमा उत्पन्न हुने चित्त हुन्।

*पालि* - **सुख-सन्तीरण-वोट्ठब्बन कामावचर-जवनानि छ द्वारिक चित्तानि।**

Downloaded from http://dhamma.digital/

***भावार्थ -*** सौमनस्य सहगत सन्तीरण, वोट्ठब्बन, कामावचर जवन २९ वटा, ६ वटा द्वारमा उत्पन्न हुने चित्त हुन् ।

***पालि* - उपेक्खासहगत - सन्तीरण - महाविपाकानि - द्वारिकानि चेव द्वारविमुत्तानि च ।**

***भावार्थ -*** उपेक्षा सहगत सन्तीरण २ वटा र महाविपाक चित्त ८ वटा कहिलेकाहिँ ६ द्वारमा उत्पन्न भएर कहिले कहिले ६ वटा द्वारबाट अलग हुने चित्त हुन् ।

***पालि* - महग्गत-विपाकानि द्वारविमुत्तानेवा"ति ।**

***भावार्थ -*** महग्गत विपाक चित्त ९ वटा सधैं नै ६ वटा द्वारबाट अलग हुने चित्त नै हुन् भनी जान्नुपर्छ ।

***पालि* - एकद्वारिक चित्तानि, पञ्च ५ द्वारकानि च ।**

**५ द्वारिक विमुत्तानि, विमुत्तानि च सब्बथा ॥**

***भावार्थ -*** एकवटा द्वारमा उत्पन्न हुने चित्त, ५ द्वारमा उत्पन्न हुने चित्त, ६ द्वारमा उत्पन्न हुने चित्त, कहिले ६ द्वारमा उत्पन्न भएर कहिले ६ द्वारबाट अलग हुने चित्त र सधैं नै ६ द्वारबाट अलग हुने चित्तलाई ।

***पालि* - छत्तिंसति तथा तीणि, एकत्तिंस यथाक्कमं ।**

**दसधा नवधा चे"ति, पञ्चधा परिदीपय ॥**

***भावार्थ -*** क्रममा; ३६ वटा, ३ वटा, ३१ वटा, १० वटा र ९ वटा; यसरी ५ प्रकारले देखाउनु पर्छ ।

# आरम्मण - संग्रह

## आरम्मण ६ वटा

***पालि-* आरम्मणसङ्गहे आरम्मणानि नाम रूपारम्मणं सद्दारम्मणं गन्धारम्मणं रसारम्मणं फोट्ठब्बारम्मणं धम्मारम्मणञ्चे"ति छब्बिधानि भवन्ति ।**

***भावार्थ -*** आरम्मण संग्रहमा आरम्मण भनेको रूपारम्मण, शब्दारम्मण, गन्धारम्मण, रसारम्मण, प्रष्ट्ब्यारम्मण र धर्मारम्मण भनिकन ६ प्रकारले छन् ।

Downloaded from http://dhamma.digital/

..........................

## आरम्मणबाट चित्तको विभाजन

***पालि* - तत्थ रूपमेव रूपारम्मणं तथा सद्दादयो सद्दारम्मणादीनि ।**

***भावार्थ*** - ती ६ आरम्मण मध्येमा वर्णआयतनलाई नै रूपारम्मण भनिन्छ त्यस्तै नै शब्दायतन इत्यादिलाई शब्दारम्मण इत्यादि अथवा शब्दायतन, गन्धायतन, रसायतन, प्रष्ट्ब्यातनलाई शब्दारम्मण, गन्धारम्मण, रसारम्मण, प्रष्ट्ब्यारम्मण भनिन्छ ।

***पालि* - धम्मारम्मणं पन पसाद-सुखुमरूप-चित्त-चेतसिक-निब्बान-पञ्ञति-वसेन छधा सङ्गहन्ति ।**

***भावार्थ*** - मिश्रकलाई बताउँछु-- धर्मारम्मणलाई प्रसाद ५ वटा, सूक्ष्मरूप १६ वटा, चित्त ८९ वटा, चैतसिक ५२ वटा, निर्वाण र प्रज्ञप्ति हिसाबले ६ प्रकारले संग्रहित गर्नु पर्दछ ।

***पालि* - तत्थ चक्खुद्वारिक चित्तानं सब्बेसम्पि रूपमेव आरम्मणं, तञ्च पच्चुप्पन्नं तथा सोतद्वारिक चित्तादीनम्पि सद्दादीन, तानि च पच्चुप्पन्नानियेव ।**

***भावार्थ*** - त्यस आरम्मण संग्रहमा अथवा ती ६ आरम्मण मध्येमा अथवा ६ वटा आरम्मण भएको चित्त मध्येमा चक्षुद्वारमा उत्पन्न हुने सम्पूर्ण चित्तको आरम्मण रूपारम्मण मात्र हो; त्यो रूपारम्मण पनि वर्तमान मात्र; त्यस्तै नै श्रोतद्वारमा उत्पन्न हुने चित्त इत्यादिको आरम्मण पनि शब्दारम्मण इत्यादि हुन; ती शब्दारम्मण इत्यादि पनि वर्तमान नै ।

***पालि* - मनोद्वारिक चित्तानं पन छब्बिधानम्पि पच्चुप्पन्नमतीनं अनागतं कालविमुत्तञ्च यथारहमारम्मणं होति ।**

***भावार्थ*** - मिश्रकलाई बताउँछु-- अथवा वर्तमान आरम्मण पछि वर्तमान, अतीत, अनागत र कालविमुक्त आरम्मणलाई बताउँछु-- मनोद्वारमा उत्पन्न हुने चित्तको आरम्मण योग्यताअनुसार वर्तमान, अतीत, अनागत र कालविमुक्त पनि भएर ६ प्रकारले छन् ।

***पालि* - द्वारविमुत्तानञ्च पटिसन्धि भवङ्ग चुति संखातनं छब्बिधम्पि यथासम्भवं येभुय्येन भवन्तरे छद्वारगहितं पच्चप्पन्नमतीतं पञ्ञत्तिभूतं वा कम्म-कम्मनिमित्त-गतिनिमित्त-सम्मतं आरम्मणं होति ।**

***भावार्थ*** - प्रतिसन्धि, भवाङ्ग, च्युति भनेको द्वारविमुक्त १९ वटाको आरम्मण पनि प्रायः बितिसकेको भवमा ६ वटा द्वारले गृहित भएको अथवा ६ वटा द्वारमा उत्पन्न हुने मरणासन्न जवनले ग्रहण गरिराखेका वर्तमान, अतीत र प्रज्ञप्ति पनि भएर कर्म, कर्मनिमित्त, गतिनिमित्त भनिकन पनि सम्मुत्ति गरिराखेका ६ प्रकारका आरम्मण सुविधानुसार उत्पन्न हुने हुन्छन् ।

Downloaded from http://dhamma.digital/

*पालि -* **तेसु चक्खुविञ्ञाणादीनि यथाक्कमं रूपादि एकेकारम्मणानेव ।**

***भावार्थ -*** ती आरम्मणिक चित्त संग्रह मध्येमा चक्षुविज्ञान इत्यादि अथवा चक्षुविज्ञान चित्त, श्रोत, घ्राण, जिह्वा र कायविज्ञान चित्त क्रमानुसारले रूपारम्मण इत्यादि मध्येमा एकेकवटा मात्र आरम्मण भएको हुन्छ ।

*पालि -* **मनोधातुत्तिकं पन रूपादि पञ्चारम्मणं ।**

***भावार्थ -*** मनोधातु ३ वटा त रूपारम्मणादि ५ वटा आरम्मण भएको भयो ।

*पालि -* **सेसानि कामाचर विपाकानि हसन-चित्तञ्चे"ति सब्बथापि कामावचरारम्णानेव ।**

***भावार्थ -*** द्विपञ्चविज्ञान १० वटा, सम्प्रतिच्छन २ वटाबाट बाँकी रहेका कामावचर विपाक चित्त ११ वटा र हसितुप्पाद चित्त; यसरी १२ वटा चित्त सम्पूर्ण प्रकारले पनि कामावचर धर्म मात्र आरम्मण भएको भयो ।

*पालि -* **अकुसलानि चेव ञाणविप्पयुत्त-कामावचर-जवनानि चे"ति लोकुत्तर-वज्जित-सब्बारम्मणानि ।**

***भावार्थ -*** अकुशल चित्त १२ वटा र ज्ञान विप्रयुक्त कामावचर कुशल र क्रिया जवन चित्त ८ वटा; यसरी यी २० वटा चित्त लोकुत्तर धर्म ९ वटा बाहेक सबै आरम्मण भएका हुन् ।

*पालि -* **ञाणसम्पयुत्त - कामावचार - कुसलानि चेव पञ्चमज्झान - संखातं अभिञ्ञा-कुसलञ्चे"ति अरहत्त-मग्ग-फल-वज्जित सब्बारम्मणानि ।**

***भावार्थ -*** ज्ञानसम्प्रयुक्त कामावचर कुशल चित्त ४ वटा र पञ्चमध्यान रहेको अभिज्ञाकुशल १ वटा; यसरी यी पाँच चित्त अरहत मार्ग र फलले अलग (बाहेक) सबै आरम्मण भएको हुन्छ ।

*पालि -* **ञाणसम्पयुत्त - कामावचार - क्रियानि चेव क्रियाभिञ्ञा-वोट्ठब्बनञ्चे"ति सब्बथापि सब्बारम्मणानि ।**

***भावार्थ -*** ज्ञानसम्प्रयुक्त कामावचर क्रिया चित्त ४ वटा, क्रिया अभिज्ञा चित्त र वोट्ठब्बन चित्त; यसरी यी ६ वटा चित्त सम्पूर्ण प्रकारले पनि सबै आरम्मण भएको हुन्छ ।

*पालि -* **आरूप्पेसु दुतिय चतुत्थानि महग्गतारम्मणानि ।**

***भावार्थ -*** अरूप चित्त १२ वटा मध्येमा विज्ञानन्त्यायतन चित्त ३ वटा र नैवसंज्ञा-नासंज्ञायतन चित्त ३ वटा महग्गत धर्म नै आरम्मण भएको हुन्छ ।

*पालि -* **सेसानि महग्गत-चित्तानि सब्बानिपि पञ्ञत्तारम्मणानि ।**

Downloaded from http://dhamma.digital/

***भावार्थ -*** विज्ञानन्त्यायतन चित्त ३ वटा, नैवसंज्ञा नासंज्ञायतन चित्त ३ वटा र अभिज्ञा २ वटाबाट बाँकी रहेका २१ वटा महग्गत चित्त सबै नै प्रज्ञप्ति धर्म मात्र आरम्मण भएको भयो।

*पालि -* **लोकुत्तर-चित्तानि निब्बानारम्मणानी"ति।**

***भावार्थ -*** लोकुत्तर चित्त निर्वाण धर्म नै आरम्मण भएको भयो; यसरी जान्नुपर्छ।

## संग्रह - गाथा

*पालि -* **पञ्चवीस परित्तम्हि, छ चित्तानि महग्गते।**

**एकवीसति वोहारे, अट्ठनिब्बान गोचरे॥**

***भावार्थ -*** काम आरम्मण मात्र २५ वटा चित्त, महग्गत आरम्मणमा मात्र ६ वटा चित्त, प्रज्ञप्ति आरम्मणमा मात्र २१ वटा चित्त र निर्वाण आरम्मणमा मात्र ८ वटा चित्त भएका भयो।

*पालि -* **वीसानुत्तर मुत्ताम्हि, अग्ग मग्ग फलुज्झिते।**

**पञ्च सब्बत्थ छच्चे"ति, सत्तधा तत्थ संङ्गहो॥**

***भावार्थ -*** लोकुत्तर धर्म ९ वटाले अलग भएको आरम्मणमा २० वटा चित्त, अरहन्त मार्ग र फलले अलग भएको आरम्मणमा ५ वटा चित्त र सबै आरम्मणमा ६ वटा चित्त छन्; यसरी त्यो आरम्मण संग्रहमा ७ प्रकारले गणना गर्नुपर्ने हुन्छ।

..........................

Dhamma.Digital

# वत्थु - संग्रह

## वस्तु ६ वटा

*पालि -* **वत्थु सङ्गहे वत्थूनि नाम चक्खु सोत घान जिह्वा काय हदयवत्थु चे"ति छब्बिधानि भवन्ति।**

***भावार्थ -*** वस्तु संग्रहमा वस्तु भनेको चक्षुवस्तु, श्रोत, घ्राण, जिह्वा, काय र हृदयवस्तु भनिकन ६ प्रकारले छन्।

..........................

Downloaded from http://dhamma.digital/

# वस्तुद्वारा भूमि र चित्तको विभाजन

***पालि* - तानि कामलोके सब्बानिपि लब्भन्ति ।**

***भावार्थ*** **-** कामभूमिमा वस्तुरुप ६ वटा नै उपलब्ध हुन्छन् ।

***पालि* - रूपलोके पन घानादित्तयं नत्थि ।**

***भावार्थ*** **-** अब आंशिक रूपमा उपलब्ध भएकोलाई बताउँछु-- रूपभूमिमा घ्रणादि वस्तुरूप ३ वटा छैन ।

***पालि* - अरूपलोके पन सब्बानिपि न संविज्जन्ति ।**

***भावार्थ*** **-** अब फेरि सबै उपलब्ध नभएकोलाई बताउँछु-- अरूपभूमिमा वस्तुरूप कुनै पनि छैन ।

***पालि* - तत्थ पञ्चविञ्ञाण धातुयो यथाक्कमं एकन्तेन पञ्चपसाद-वत्थूनि निस्सायेव पवत्तन्ति ।**

***भावार्थ*** **-** त्यो वस्तु संग्रहमा अथवा ती वस्तुरूप ६ वटा मध्येमा अथवा ती वस्तुरूप ६ वटालाई आधार लिने नलिने विज्ञानधातु मध्येमा पञ्चविज्ञान धातुहरु निश्चित रूपले प्रसाद वस्तुरुप ५ वटालाई क्रमशः आधार लिएर नै मात्र उपलब्ध हुने हुन्छ ।

***पालि* - पञ्चद्वारावज्जन-सम्पटिच्छन-संखाता पन मनोधातु च हदयं निस्सितायेव पवत्तति ।**

***भावार्थ*** **-** मनोधातुलाई बताउँछु-- पञ्चद्वारावर्जन सम्प्रतिच्छन २ वटा भनेको मनोधातु पनि हृदयवस्तु रूपलाई आधार लिएर मात्र उत्पन्न हुने हुने हुन्छ ।

***पालि* - अवसेसा पन मनोविञ्ञाणधातु-संखाता च सन्तीरण - महाविपाक - पटिघद्वय - पठममग्ग - हसन - रूपावचर-वसेन हदयं निस्सायेव पवत्तन्ति ।**

***भावार्थ*** **-** मनोविज्ञान धातुलाई बताउँछु-- पञ्चविज्ञान धातु र मनोविज्ञान धातुबाट बाँकी रहेको सन्तीरण ३ वटा, महाविपाक ८ वटा, दोषमूल २ वटा, श्रोतापत्ति मार्ग, हसितुत्पाद, रूपचित्त १५ वटाको हिसाबले ३० वटा मनोविज्ञान धातु पनि हृहयवस्तु रूपलाई आधार लिएर नै उत्पन्न हुने हुन्छ ।

***पालि* - अवसेसा कुसलाकुसल-क्रियानुत्तर-वसेन पन निस्साय वा अनिस्साय वा ।**

***भावार्थ*** **-** निश्चित रूपले आधार भएकोबाट (पछि) अनिश्चित रूपले आधार भएकोलाई बताउँछु-- माथि बताएका ३० वटा चित्तबाट बाँकी रहेका लौकिक कुशल चित्त १२ वटा, अकुशल चित्त १० वटा, क्रिया १३ वटा, लोकुत्तर चित्त ७ वटाको हिसाबले ४२ वटा मनोविज्ञान-धातु हृदयवस्तु रूपलाई आधार लिएर वा आधार नलिईकन उत्पन्न हुने हुन्छन् ।

Downloaded from http://dhamma.digital/

*पालि* - **आरुप्प विपाक वसेन हदयं अनिस्सायेवा"ति ।**

***भावार्थ*** - अरुप विपाक ४ वटाको हिसाबले ४ वटा मनोविज्ञान धातु हृदयवस्तु रूपलाई आधार नलिकईकन नै उत्पन्न हुने हुन्छ भनी जान्नुपर्छ ।

## संग्रह - गाथा

*पालि* - **छवत्थुं निस्सिताकामे, सत्त रूपे चतुब्बिधा ।**

**तिवत्थुं निस्सितारूपे, धात्वेका निस्सिता मता ॥**

***भावार्थ*** - ११ वटा कामभूवनमा ६ वटा वस्तुरूपलाई आधार लिएर उत्पन्न हुने विज्ञानधातु ७ वटा छ भनी जान्नुपर्छ । असंज्ञासत्वले अलग भएको १५ वटा रूपभूमिका ३ वटा वस्तुहरुलाई आधार लिएर उत्पन्न हुने विज्ञानधातु ४ वटा छ भनी जान्नुपर्छ । ४ वटा अरूपभूमिमा वस्तुहरुलाई आधार नलिईकन उत्पन्न हुने मनोविज्ञानधातु १ वटा छ भनी जान्नुपर्छ ।

*पालि* - **तेचत्तालीस निस्साय, द्वेचत्तालीस जायरे ।**

**निस्साय च अनिस्साय, पाका-रुप्पा अनिस्सिता ॥**

***भावार्थ*** - ४३ वटा चित्त वस्तुरूपलाई आधार लिएर मात्र उत्पन्न हुने हुन्छ । ४२ वटा चित्त वस्तुरूपलाई कहिले आधार लिएर कहिले आधार नलिईकन उत्पन्न हुने हुन्छ । अरूपविपाक चित्त ४ वटा वस्तुरूपलाई आधार नलिईकन नै उत्पन्न हुने हुन्छ ।

## निगमन

*पालि* - **इति अभिधम्मत्थसङ्गहे पकिण्णक-सङ्गह-विभागो-नाम ततियो परिच्छेदो ।**

***भावार्थ*** - अभिधर्मार्थ-संग्रहमा प्रकीर्णक विभाग नामक तेश्रो काण्ड सम्पूर्ण भयो ।

**प्रकीर्णक काण्ड समाप्त भयो ।**

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# नेपालका बौद्ध जनजाती

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

### (कक्षा ८, छैठौं पत्र)

नेपालका बोद्ध जनजाती प्राप्ताङ्क ३० अंक, ८ घण्टा

## लेखक - भिक्षु सुदर्शन महास्थविर

Downloaded from http://dhamma.digital/

# बौद्ध मूल जनजाति परिचय

## थारू

नेपालका बौद्धहरुमध्ये आदिम मूल जनजाति थारू पनि बौद्ध हो भनेर अलि झन आवाज उठ्दै आएको छ । पूर्वको मेचीदेखि पश्चिमको महाकालीसम्म उत्तरको मदेश त्यस्तै चुरे र महाभारत पर्वतको मदेश थारूहरुको बासस्थान हो । यी बासस्थान मध्ये कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङ्ग, कपिलवस्तु, रुपन्देही, नवलपरासी, चितवन, बारा, पर्सा, रौतहत धनुषा, सिराहा, सप्तरी, महोत्तरी, सुनसरी, मोरङ्ग र झापा आदि जिल्लाको नाम प्रख्यात छ । जङ्गल बाक्लो भएको बेला सर्प, बिच्छी, बाघ, भालुको बथान धेरै हुँदा र औंलो ज्वरोको बिगबिगी हुँदा यी ठाउँहरुमा थारूहरुमात्र बस्दथे । बाटो, पानी, बिजुलीको व्यवस्था हुँदै आएपछि जङ्गल, सर्प, बिच्छी विशेषतः औंलो ज्वरोको उन्मूलनपछि थारूहरुको बासस्थान साँगुरो हुँदै अरु जात-जातिका मानिसहरु बढी बसोबास गर्दै ल्याए । चापागाउँमा अवस्थित शिवदेव (प्रथम) को अभिलेखमा भएको **'स्थरूद्रङ्ग'** शब्दको **'थारू'** सँग सम्बन्ध भएको छ भने लिच्छवि युगसम्म उपत्यकामा पनि आइपुगेको प्रमाणित हुन्छ । यिनीहरुको जनसंख्या ४० लाखभन्दा  बढी छ । थारूहरुको कोचि (कोलिय ?), राणा, मझीयार, चौधरी, गच्छेदार, तवदार, विस्वास, मगर र पंजियार आदि उपजाति पनि छ ।

थारूबारे एकसय वर्ष पहिले एच्. एच्. रिजलेल (H. H. Risley) अध्ययन गरेदेखि धेरै मानिसहरुले धेरै-थोरै अध्ययन गरिसके । तर स्वयं थारू जातिका अधिकृत विद्वानहरुले यस विषयमा पूर्ण अध्ययन गरेको देखिँदैन । त्यसैले थारू जातिको मूल बासस्थान देखि लिएर जुनसुकै कुरामा फरक फरक विचार आएको देखिन्छ । तर पनि हिजो-आज पुरानो जगमा नयाँ घर बनाइरहेको भने देखिँदै गएको छ, अनुभव गर्दै आएको छ ।

थारूहरु भारतको राजस्थान र सिन्धुको बिचमा अवस्थित मरुभूमि **"थार"** बाट आएको हो भन्ने कुरामा अब धेरै गरेर विचारले सत्य नभएको कुरा सिद्ध भईसकेको छ । **"थार"** शब्द स्वयं पुरानो छैन तर निर्जन मरुभूमिबाट जुन जाति उठेर आउने सम्भव छैन भनेर बाबुराम आचार्यले थारूहरुको मूल बासस्थान हिमालयबाट उता जान सक्दैन भनेर भन्नु भएको छ । त्यस्तै डोर बहादुर बिष्टको विचारमा पनि गंगा-जमुना जस्तो उब्जाउ मैदान पार गरेर नेपालको तराई पुग्न सक्ने देखिँदैन । उहाँको विचारमा थारूहरुको पहिलो बासस्थान तराइ नै हो भनेर नभनी हुँदैन ।

कसैको विचारमा थारूहरु राजस्थानबाट भाग्दै आएको राजस्थानी महिलाहरुको सन्तान हो । थारू उपजाति **"राणा"** भएको विवाहमा ज्वाईं हुनेले तलवार समातेर जाने, बेहुलीहरु दाइजोसँगै विषको भाँडो दिएर पठाउने, जुठो माझ्दा पहिला खुट्टाको बुढी औंला छुने परम्परा यस विचारकहरुले उल्लेख गर्छ । तर यो परम्परा त्यति जुधेरमा मात्र यो कुरा पूरा हुँदैन । मगर, राणा भएर उनीहरु मगधबाट आएको राजघरानी हुनसक्दैन । श्री हगसन (Mr. Bayan Hodgson) को भनाइ अनुसार औंलो ज्वरो पचाउनको लागि ३ हजार वर्ष लाग्छ । थारू जातिकाहरुले तराइको औंलो ज्वरो पचाइसकेका छन् । त्यसैले उनीहरु ३ हजार वर्ष पहिलादेखि नै तराइका सर्वेसर्वा हो । त्यसैले पनि यिनीहरु राजस्थानबाट आएका भन्ने कुरामा सत्यता पाईंदैन ।

Downloaded from http://dhamma.digital/

कसैको विचारमा थारूहरु तिब्बत, चीनबाट आई पश्चिम नेपाल हुँदै तराइ मैदानमा बस्न आएको हो । कमला सांकृत्यायनको भनाई अनुसार थारू खमेर जातिसँगको सम्बन्ध भएकाहरु हो । त्यस्तै कसैको धारणानुसार थारू मंगोल बथानबाट आएको हो भने इमानसिं चेमजोंग र प्रेमबहादुर लिम्बुको विचारमा यिनीहरु किरात वंशज हो । रामानन्द प्रसाद सिंहले थारू **"थार"** मरुभूमि वा राजस्थानी सन्तानको कुरामा फरक हुँदै यिनीहरुको मूल बासस्थान कपिलवस्तुको स्थापनाकालदेखि कपिलवस्तुको भन्नु भएको छ । कपिलवस्तु थारूवान् मध्ये मूल बासस्थान भएकोले यसलाई जोड दिएको छ । श्री जनकलाल शर्माको भनाई अनुसार र श्री मातृका प्रसाद प्रधानको भनाइ अनुसार बुद्ध-धर्मको **"थेर"** शब्द नै अर्थात् **"थेरवाद"** प्रति आवद्ध भएकोले उनीहरुलाई थारू भनिएको हो । यता श्री सिंहले थारू र शाक्य एउटै नै भएको कुरा स्वीकार गर्नु भएको कुरा यहाँ उल्लेखनीय छ । कपिलवस्तुको शाक्य थारूहरुले आज औंलो ज्वरो पचाइसकेका छन् । यस री ३ हजार वर्षभन्दा बढी यहाँ थारूवानमा बसेकोले यो सम्भव भएको हो ।

थारूहरुको संस्कारमा गहिरिएर हेर्ने हो भने बौद्ध संस्कारका स्वरुप देखिन्छ । थारूहरुले व्रत उपवासलाई मान्छ । कहिल्यै पनि यज्ञ, होम गर्दैन । यिनीहरुको मथमुरैन वा मुरेन गर्ने बेलामा सिङ्गै टाउको मुण्डन गर्छ । टुपी राख्नुपर्दैन । यसरी मुण्डन गर्दा फरीयामा कपाल थाप्नुपर्छ । त्यस्तै थापेको कपाल नदीमा बगाइ दिन्छन् । पाहुनाहरु आएको बेलामा कपडा बिछ्याई स्वागत गरिन्छ । थारू महिलाहरु स्वतन्त्र महिला जातिकाहरुको हो । लोग्नेको मृत्यु हुँदा पनि देवरसँग अथवा अरु मनपर्ने केटासँग विवाह गरेर जीवन बिताउन उनीहरुलाई कुनै बाधा छैन । लोग्ने मरेपछि जन्मभर विधवा भएर बस्नुपर्दैन । अथवा लोग्ने मरेर अरु कोहिसँग जीवन बिताउँदै पानी नै नचल्ने भएर अभिशापमय जीवन बिताएर बस्नुपर्दैन । अफ्न एकपटक छाडेर अर्कोसँग गएर आफ्नै पहिलाको लोग्नेसँग जीवन बिताउन पनि सामाजिक मान्य व्यवस्था छ । अर्को कुरा रजस्वला भएको बेला खाना पकाउने जस्ता काम छाडेर बस्नुपर्दैन । पहिला रजस्वला हुँदा सम्म केही पनि ठूलो नियम छैन । विवाह हुनुभन्दा अगाडि गर्भवती भएर बच्चा भएकोलाई लांछना लगाउँला भनी डराएर मार्नु पर्दैनथ्यो । बरु सामाजिक विधि-मान्यता लिनु हुन्छ । यी सबै संस्कार प्राचीन कपिलवस्तुको शाक्यहरुको स्वतन्त्र महिला-संस्कार वा यौन सम्बन्धमा हातानाताको बलियो बन्धन नभएको संस्कारसँग नजिक सम्बन्ध छ । त्यसैले श्री केनेथ मोरगनले (Mr. Kenneth Morgan) ठिकै भनेका छन् - ***"थारू रीतिस्थिति बौद्ध रीतिस्थितिसँग सम्बन्ध छ"***।

थारू भाषामा आज पूर्वी र पश्चिमी थारू भाषा अनुसार कुनै कुनै फरक छ । एक समयमा मैथिलीको पूर्व रूपको थारू भाषामा आज भोजपुरी र अवधिको प्रभाव परिसकेको छ । तर वास्तवमा थारू भाषामा पुरानो नाम श्री रामानन्द प्रसाद सिंहको भनाइ अनुसार **"मगह"** हो । त्रिपिटकको भाषा अर्थात् बुद्ध वचनको भाषालाई आजभोलि पालिभाषा भने पनि यो नाम पछिको हो । यो भाषालाई पहिला मागधी वा मगधी पनि भनिन्छ । यसरी पुरानो थारू भाषा बुद्धले बोल्नु भएको मागधीको मगह हो । श्री सिंहले लेख्नुभएको थारूहरुको आफ्नो आफन्त वा साथीहरु भेट्दाखेरी भात खाइसक्यो भनेर सोध्न "ओदन (Odana)" खाइसक्यो भनेर भन्छ । यो ओदनको अर्थ पालि वा मागधी भाषामा **"जा"** हो । सिद्धार्थको बुबाको नाम शुद्धोदन (शुद्ध+ओदन) हो ।

Downloaded from http://dhamma.digital/

थारूहरुको घर घरमा **"थान"** छ । यस थानमा कुनै देव देवीको मूर्ति छैन । वास्तवमा यो माटोको डल्लो वा माटोको उठेको एक भाग हो । यो थूर वा स्तूपको सानो सानो स्वरूप हो । मोरङ्गको गाउँमा अहिले पनि माटोको चिबहाल बनाउने संस्कार बाँकी छ । घर बाहिर चोकमा पनि यस्तो माटोको थुप्रो मात्र हुन्छ । यो पनि चैत्यको प्रारूप हो । पछि गएर यसलाई कहिँ हनुमान भन्न थाल्यो, कहिँ यस्तो माटोको थुप्रोलाई कुनै अर्को नामाकरण गर्न थाल्यो । जनै लाउनु नपर्ने थारूहरुलाई यो अरु अरु धर्मको प्रभाव हो ।

थारूहरु समाउ रंगको बलियो शरीर भएको, अग्लो शरीर भएकाहरु हो । थारूहरुको शरीर बुद्धको मूर्तिसँग समान भएको श्री रामानन्द प्रसाद सिंहले भन्नुभएको छ । थारू महिलाहरु उभिराखेको बेलामा लुम्बिनीमा रहेको महामायादेवीको मूर्तिको तुलनामा त्यति राम्रो छैन । महामायादेवीको मूर्तिको खुट्टामा देखिएको ठूलो कलि अहिलेसम्म थारू महिलाहरुले चाँदीको ठूलो कलि लगाउने गरेको छ । श्री जगमान गुरूङ्गले उपत्यकाका ज्यापु महिलाहरुले हाकुपर्सि र लुगा लगाउने रहन-सहन थारू महिलाहरुको रहन-सहनसँग समान रहेको कुरा लेख्नु भएको छ । उपतयकाका ज्यापुहरु पनि वृजि मल्लहरु भएकोले कपिलवस्तु, लुम्बिनी र देवदहको थारू महिलाहरुसँग यसरी मिल्ने (उलाइगु) स्वाभाविक नै हो ।

थारूहरु साह्रै सोझा र मिजसिला छन् । घुमाउरो कुरा, गुज्मुज भएको विचार, मुख राम्रो मन कालो उनीहरुको छैन । झगडा उनीहरुमा साह्रै कम छ । झगडा भइहालेमा पनि गल्तीलाई केलाउने, सफा गर्ने सामाजिक व्यवस्थाले नै गर्छ । यो गणतन्त्रात्मक राजनैतिक र सामाजिक संस्कार बाँकी रहेको हो । तर गएको शताब्दीदेखि झन्झन् यो सोझाहरुलाई कानुनको जालमा फसाउने अरुहरुले गर्दा गर्दै आएको छ । सर्प-बिच्छी त्यस्तै मलेरिया सँग संघर्ष गरेर आफ्नो गर्दै आएको उनीहरुको बासस्थान खोसिँदै लगेको छ । हुँदै जाँदा आफ्नो ठाउँबाट आफूलाई निकाली बस्नुपर्ने थारूहरु नै आज बढेको छ । ऋण बोकेर जन्म भएको यिनीहरु ऋण बोकेर नै मरेर जाने गर्छन् । वन र खेतको जङ्गली जनावरहरुलाई लट्ठीले मात्र पिटेर धपाउन सक्ने यिनीहरु आज आएर मानिसहरुको जालले, कानूनले, अड्डा-अदालतको जालझेलले बाँधी आर्थिक रूपले परतन्त्र बनाइ दियो ।

थारूहरुले खेतको काम पुरुष-महिला मिली गर्ने गर्छन् । फेरी पुरुषहरुले वनमा शिकार गर्न जाने महिलाहरुले नदी, पोखरीमा गई माछा समाउने गर्ने गरेको देखिन्छ । गाई, भैंसी पुरुषहरुले विचार पुऱ्याउने गर्छन् भने महिलाहरुले खसी, सुंगुर, परेवाको विचार पुऱ्याउने गर्छन् । घाँसको ढक्की र कलः राम्रोसँग बनाउनमा र छ्वालीको पंखा बनाउनमा थारू महिलाहरु साह्रै माथि छन् । कमाउने काम जस्तो हो त्यस्तै नै खर्च गर्नमा पनि थारूहरु आ-आफू स्वतन्त्र छन् । पुरुष-महिलाहरु काम-कुरामा त्यसरी माथि पुग्नु पनि आ-आफू स्वतन्त्र गर्ने संस्कार पनि एउटा राम्रो नमुना हो ।

थारू जातिको एउटा विशेषता के हो भने घर भित्र र बाहिर चित्रकला हुनु हो । बाहिरको ढोकादेखि घरको कोठा, भित्ता सबै ठाउँमा फूल, पंक्षी, झ्यालको बुट्टाले भरिएको हुन्छ । यो चित्रमा मयुर एउटा-दुईटा भएकै हुन्छ । थाहरुहरुको मनपर्ने मासु मध्ये मयुरको मासु हो । यहाँ नै अशोकको चुलोमा मयुरलाई झन् झन् कम गरी मारेको अशोकको अहिंसा नीतिको र मौर्यवंशको

Downloaded from http://dhamma.digital/

मयुरको मासु मनपराएको देखाउने अभिलेख सम्भना आउँछ । श्री सिलभान लेभी (Sylvan Lescy) र श्री तारानाथले चम्पारण जिल्लालाई अशोकको बाजे चन्द्रगुप्त मौर्यको जन्मस्थान भनेर उल्लेख गरिएको छ । यो चम्पारण वास्तवमा मयुरको मासु मनपराउने थारूहरुको ठाउँ हो ।

अशिक्षाले आँखा बन्द गराइरहेका र आर्थिक दासताले हटाएका थारूहरु अहिले ब्युँभिएका छन् । हामीहरु बुद्धको शाक्य र कोलिय वंशको बौद्धहरु हो भनेर भन्नमा गौरव मान्छन् । कैलाली, धनगढी सबैको सहयोगले एउटा विहार बनायो । सुर्खेतको ठूलो र पुरानो काँक्रे विहारमा थारू राजा दंगी शरणको श्रद्धा पनि खस राजाहरुको श्रद्धासँगै आकर्षित भएको कुनै आश्चर्य कुरो होइन । सप्तरीको सीतापुर गाउँ विकास समितिको सिरस्थानमा शाक्यमुनि बुद्ध, लोकेश्वर, हरिततारा आदिको आठौं शताब्दीतिरको ढुंङ्गाको मूर्ति भेट्टाएकोले थारूहरु भन् उत्साहित भएका छन् । यो ठाउँ जहाँ बुद्ध मूर्तिहरु फेला पारे, अहिलेसम्म पनि थारूहरु पुजारी भइराखेकोले भन अन्वेषणको ढोका खोलिदिएको छ ।

वस्तुतः थारूहरुको मूल स्थान ३ हजार वर्षदेखि उनीहरुको बासस्थान, धार्मिक रीति, स्वतन्त्र महिला संस्कार, भाषा, चैत्य स्वरूप वा माटोको थुप्रोको पूजा गर्ने धर्म, जिउडाल, वस्त्र, गरगहना सरल, स्वच्छ स्वभाव, मयुरप्रतिको अनुराग, जीवन शैली अनि थारूवानमा प्राचीन बुद्ध बौद्ध देवीहरुको मूर्ति फेला पारेको प्रमाणले भनेको छ कि थारूहरु बुद्धकालीन बौद्धहरु नै हो । त्यसपछि पनि बौद्ध हो । त्यसैले अहिले पनि थारूहरुले हामीहरु बोद्ध भनेर बुभ्दै जानेछन् । यसमा कुनै पनि शंका नै छैन ।

स्वापू :-


१. थ : एम. ए. ब्वनाबलेया विभिन्न सफूया नोद ।

२. श्री निर्जला संग्रौलाको “ईटाहरीको सप्तरीको तथा मोरङ्गका थारू : एक अध्ययन” शोध-पत्र (स्नातकोत्तर)

३. श्री जगमान गुरूङ्गको “धर्मोदय सभा” को दोस्रो राष्ट्रिय बौद्ध सम्मेलनमा बु. सं. २५३३ को कार्यपत्र ।

४. The Real story या The Tharus को १३ औं महासम्मेलन (२०४७) को स्मारिका ।

५. चीरखा १/१


**– भिक्षु सुदर्शन महास्थविर**

Downloaded from http://dhamma.digital/

## तामाङ्ग

तामाङ्ग बौद्ध जातिको पूर्वजहरुको उद्‌गम स्थान तिब्बत (भोट) र उनीहरुको पूर्वज श्रंग्‌चंगगम्पो भन्ने गरिन्छ । त्यस्तै नै श्रंग्‌चंगगम्पाको पूर्वज महापण्डित राहुल सांस्कृत्यायनको तिब्बतमा बुद्धधर्म अनुसार कोशल राजा प्रसेनजित पुत्र भने पनि यसमा शंका छैन, उनीहरुको वंश र प्रदेश उन्नत अवस्थाको हो । साँच्चै भन्ने हो भने तामाङ्ग यो भन्दा पुरानो जाति हुनसक्छ ।

जुन समयमा नेपालमा अंशुबर्माले राज्य गरिराखेका थिए । त्यो समयमा तिब्बतको राजा श्रंग्‌चंगगम्पो पनि भारतको हर्षबर्धन जस्तै आफ्नो राज्यमा सीमा बढाउने इच्छाले सुसंगठित सैन्यहरु बनाएर आफ्नो राज्यलाई उत्तरमा चीन, तुर्किस्तानमा र पश्चिममा गिलगिल सम्म जित्यो । त्यतिबेला पनि चीन सम्राटका छोरी कोजो र नेपालका राजकुमारी भृकुटी विवाह गरी आफ्नो राज्यलाई झन सुरक्षित गऱ्यो ।

त्यतिबेला चीन र नेपालमा बुद्धधर्मको प्रभाव धेरै माथि पुगेको समय भएकोले चीनको राजकुमारीले चीनमा पुगिराखेको शाक्यमुनिको प्रतिमा दाइजोको रूपमा लिएर आयो । त्यस्तै नै नेपालबाट पनि अक्षोम्य बुद्ध, मैत्रेय बोधिसत्व र चन्दनको ताराको प्रतिमा दाइजोको रूपमा तिब्बतमा लिएर गयो । राजा श्रंग्‌चंगगम्पोको राज्यमा त्यतिबेला भूत, प्रेत पूजा; वायु मशान साधन गरी उनीहरुबाट चमत्कार देखाई रोगको उपचार गर्ने बोन धर्मको प्रभाव भएको हो । कुनै आफ्नो लिपि र साहित्य नभई अशिक्षाको कारणले सभ्यता भन्ने ने नभएको समय थियो, त्यतिबेला । यस्तो समयमा दुईजना राजकुमारीहरुको प्रयासले राजा श्रंग्‌चंगगम्पोलाई आफूले लिएर गएको बुद्धधर्मको परिचय दिँदा त्यसबाट धेरै नै प्रभावित हुनुभयो । अनि चीनको राजकन्याले लिएर गएको शाक्यमुनिको प्रतिमा ल्हासाको उत्तरपट्टि र-म-छे विहार बनाई स्थापना गऱ्यो । त्यस्तै नै भृकुटीले लगेको प्रतिमा स्थापना गर्न ल्हासाको बिचमा एउटा पोखरीलाई पुरी खुलु सनङ विहार बनाई स्थापना गऱ्यो ।

त्यतिबेला उक्त प्रभावशाली श्रंग्‌चंगगम्पो राजको कुशल नेतृत्वमा विश्वासी थोन्मि भन्ने विद्वानले उक्त विशाल राज्य संचालन गर्न र बुद्धधर्मको बारेमा लेख्न तिब्बतलाई आफ्नो लिपिको आवश्यकता देखाई तिब्बतको लागि एउटा लिपि पनि बनायो । उक्त लिपिलाई स्वयं राजाले पनि अध्ययन गरी बुद्धधर्मको पुस्तक तिब्बति भाषामा अनुवाद गर्नमा प्रेरणा दिई तिब्बती लिपिमा बुद्धधर्म तिब्बती भाषामा राख्ने प्रारम्भ गऱ्यो । त्यति मात्र होइन स्वयं श्रंग्‌चंगगम्पोले बुद्धधर्ममा दीक्षित भई देशना बुद्धधर्मको बिज रोपिदिनुभयो । फलस्वरूप तिब्बतका अशिक्षित जनता र नवगठित राज्यलाई बुद्धधर्मले एउटा ठूलो उपकार पनि गऱ्यो ।

यसप्रकारले तीनवटा पुस्तासम्म निर्विघ्न पूर्वक बुद्धधर्मको प्रगति भईसकेपछि चार पुस्ताका राजाको पालामा एकपटक त्यहाँको पुरानो बोन धर्मका मन्त्रीहरुले बुद्धधर्मलाई तिब्बतमा ठाउँ दिएन । परन्तु पाँचौं पुस्ताका राजा नालन्दाका प्रसिद्ध आचार्य शान्तरक्षितलाई तिब्बतमा लगी त्यहाँ भएकाहरुलाई त्यहीं नै भिक्षु बनाई शिक्षा-दीक्षा दिई बुद्धधर्मको शासन पुनरूत्थान गर्नमा सफल भयो । उहाँको कुशल नेतृत्वमा त्यहाँ विहारहरु पनि निर्माण हुँदै गयो । त्यहाँ फेरि एकपटक

Downloaded from http://dhamma.digital/

बुद्धधर्मको ग्रन्थहरु अनुवाद गर्ने काम तीव्ररूपमा अगाडि बढ्दै गयो । उहाँकै शिष्य पद्मसम्भव (गुरु रिम्पोछे) को तन्त्र प्रधान निंग्मापा सम्प्रदायले तिब्बतमा जरा गाडेर देखभरि बुद्धधर्मको प्रचारप्रसार गरिदियो । तिब्बतमा बुद्धधर्मले यति जरा गाड्यो नि बुद्धधर्म उनीहरुको अशिक्षित समाजलाई धेरै परिवर्त गरिदियो । धार्मिक, आर्थिक र सामाजिक स्तरमा धेरै नै उन्नत अवस्थामा पुऱ्याइदियो ।

अंशुबर्माको पालामा शुरु भएको तिब्बत-नेपाल सम्बन्ध नरेन्द्रदेव राजाको पालामा झन सुदृढ भयो । तिब्बतीय जनताहरु नेपालमा आवागमन भयो । त्यति मात्र होइन तिब्बतका बौद्धहरु नेपाल आउने, नेपाल भई फेरि भारतमा जाने, नेपालको शीलमञ्जु जस्ता विद्वानहरु तिब्बतमा गई धर्म प्रचार गर्न जाने, फेरि भारतको विद्वानहरु नेपाल भई तिब्बत जाने आदि कारणले गर्दा नेपालको धार्मिक सम्बन्ध झन् झन् कसिलो हुँदै गयो । जसले गर्दा तिब्बतीहरु वर्तमान नेपालको उत्तरपट्टिको हिमालयको काखमा भएको पहाड प्रदेशमा बिस्तारै बिस्तारै बास गर्दै ल्यायो । यही क्रममा तामाङ्गहरु पनि हिमालबाट तल आएको भन्न थाल्यो । तर यस विषयमा अनुसन्धान धेरै गर्न बाँकी नै छ ।

यसो पनि भन्ने गरिन्छ कि यसै क्रममा एकपटक तिब्बतमा गलङमरम (ग्याल्वे लाड् डरम्) भन्ने एकजना बुद्धधर्ममा विरोधी राजा भए । राज्यको मोहले गर्दा उसले आफ्नो राज्यासन बलियो पार्नका निम्ति उसले आफ्नो राज्यमा बौद्धहरुलाई साह्रै दमन र शोषण नीति अँगाल्यो । अनुवादकहरुको घरमा आगो लगाइदियो, बुद्धधर्म पढाउने पाठशाला नष्ट गरिदियो, भिक्षुहरुलाई गृहस्थ बनाइदियो । यसमा विरोध गर्नेहरुलाई नभए धनुष वाण समाउन लगाई शिकारी हुन बाध्य गरायो नभए मारिदियो । विहारमा भएको बुद्धमूर्ति पन्छाइदियो, कुनै विहारको ढोका बन्द गरी त्यहाँ रक्सीले मस्त भईरहेका भिक्षुहरुको चित्र बनाइदियो । यसो भएकोले कुनै कुनै भिक्षुहरु आफूले सक्दो पुस्तकहरु लिई भाग्यो । लान नसकेको पुस्तकहरु ल्हासामा ढुंङ्गाको मुनि सुरक्षाको निम्ति लुकाएर गयो । परन्तु यो अत्याचार लामो समयसम्म रहेन । त्यसबेला द्पल्-ग्यि-र्दो-जे (ल्हालुं पाल्गिदोर्जे) भन्ने एकजना भिक्षुले सेतो वस्त्र लगाई (भिक्षुत्व त्यागी) बाहिर उसले कालो वस्त्र लगाई कालो नै रंगाएको घोडा चढी गलङमरम (लाड् डरम्) राजालाई नाटकीय ढंगले वन्दना गरेजस्तो गरी वाणले हानी मारिदियो । यति गरेपछि त्यो भिक्षु त्यहाँबाट भाग्यो । लखेटेर गएको सैनिकहरुलाई छलाएर नदी तर्न खोज्दा कालो वस्त्र बगाई रंगले रंगाएको घोडाको रंग पनि बगाइसकेपछि चिन्न नसकि बची आफ्नो ठाउँमा पुगेर आफूले सक्दो बुद्धधर्मका पुस्तकहरु लिएर तिब्बतको राज्य सिमाना नाघेर गयो । यसप्रकार उक्त युवकले आफूलाई र बुद्धधर्मको पुस्तक बचाउनको लागि सफल भयो । पछि सोही युवक फेरि भिक्षु भई तिब्बतमा शान्तरक्षितको परम्परा अगाडि बढाउने भयो । तिब्बतमा फेरि एकपटक बुद्धधर्म प्रचारको काम भयो । क्रमशः विभिन्न विद्वानहरुको बौद्धग्रन्थहरु अनुवाद पनि हुँदै गयो ।

सन् १२९० मा जन्म भएको रिन्छेन् ग्रुब (रिन्छेन् दुब् रत्नसिद्धि) ले आफ्नो समयको अद्धितीय विद्वान भई सक्य मथेमा भएको विशाल पुस्तक भण्डार देखी अध्ययन गरी उसले आफ्नो समयसम्म प्राप्त भएको सबै पुस्तकहरु संग्रह गरी संग्रह अनुसार स्कंग्युर र स्तंग्युर नामले ग्रन्थ तयार गर्ने काम गऱ्यो । यिनै ग्रन्थ भएकोले आज बुद्ध जन्म भएको नेपाल र बुद्धत्व लाभ गरी ४५ वर्षसम्म स्वयं आफै चारिका गरी धर्म प्रचार गरेको ठाउँ भारतबाट बुद्धधर्म लोप भएको समयमा

Downloaded from http://dhamma.digital/

स्थविवाद बुद्धधर्मलाई श्रीलंका, बर्मा र थाइलैण्डमा सुरक्षित गरे जस्तै महायान बुद्धधर्म चीन र तिब्बतमा सुरक्षित भइराखेको हो ।

यसैप्रकारले खच्चरलाई पुस्तक बोकाई घोडा चढेर आएको अरु भिक्षुहरु क्रमशः नेपालको पहाडी प्रदेशमा बसी आफ्नो धर्म पालन गरेर बस्यो । यसप्रकारले नेपालमा घोडा चढी भागेका भिक्षुहरु नेपालको उत्तरपट्टी सिन्धुपाल्चोक देखि रसुवा, सेतुंग, मनाङ्ग, मुस्ताङ्ग पार गरेर हुम्लासम्म फैलेर गयो । त्यहाँ आफ्नो धर्म पालन गरिबस्यो । यिनीहरुलाई पहिला गुरु भन्ने अर्थमा आएको लामा शब्दले चिन्ने गरेको हो । पछि गएर यिनीहरुको गृहस्थी जातिलाई नै तामाङ्ग भन्ने नामले चिनिन थाल्यो भनेर भनिन्छ । यिनीहरुको जातिको विकास हुँदै जाँदा यिनीहरुको पनि धेरै प्रकारका थरहरु बन्दै गयो । पूर्वकोहरुलाई शेर्पा र पश्चिमकोहरुलाई न्हुपा भनिन थाल्यो । त्यस्तै नै यिनीहरुको थर हिम्धुं, धिम्धुं, थोक्रा, चोदेन, भ्लेनदेन, पाखरीन, थेवा, वायबा, थिं आदि आदि भएर आयो । यिनीहरुको बस्ती बढ्दै आएपछि यिनीहरुले आ-आफ्नो ठाउँमा आफ्नै तरिकाले आफूले नै शासन गर्दै ल्यायो । उनीहरुको भाषामा राजालाई ग्ले भनिन्छ । पछि अपभ्रंश भई घले भएको भनेर पनि भन्ने गरिन्छ । यही घले नै पछि धेरै हुँदै आएपछि थर छुटेर बोजोघले, सुरतघले, ग्याल्थाङ् घले, ग्याज्रुंघले आदि थर बन्न गयो ।

यिनीहरुले त्यसबेला बसाएको बस्तीको नाम पनि यिनीहरुको आफ्नै भाषामा रहन गएको हो । जस्तै बागमती अञ्चलको हेर्ने हो भने रसुवा जिल्लाको थांबोचेत्, गोल्जुं, गाट्लां, स्याप्रु, भार्खु त्यस्तै नुवाकोटको बोमितांग, सवातङ्, दोलेप्, मानेगाङ्, किम्तां, गोर्स्या आदि र धाडिङ्गको सेर्तुं, भ्रार्लाग्, तिब्लिं आदि आदि । त्यस्तै नै अरु अरु ठाउँको पनि यसरी नै आ-आफ्नो ठाउँमा आ-आफ्नै भाषाले नाम राखेको ठाउँहरुलाई लिएर हामीले यहाँ तामाङ्ग जातिको विकास कहिलेदेखि कहाँ कहाँ हुँदै गएको हो भन्ने कुरा जान्न सक्छौं ।

नेपालमा बसिसकेपछि उनीहरुले त्यसबेला त्यो त्यो ठाउँमा शासकहरुसँग मिलेर, कहीँ मित लगाएर, कहीँ शासकहरुले नभेट्टाउने ठाउँमा स्वतन्त्ररूपले आफै त्यो ठाउँमा नाइके भएर बस्यो । तर जहाँसम्म बस्यो, त्यहाँसम्म आफ्नो धर्म-संस्कृति अनुरूप गुम्बाहरु बनाई लामाहरुलाई धर्मको नाइके बनाई चाहिने कर्मकाण्ड सबै उनीहरुबाट गराई अरु गृहस्थहरुले कृषि, पशुपालन आदि व्यवसाय गरी गाउँको मुखिया भई आ-आफ्नो समूह बनाई बस्ने गर्‍यो ।

यसप्रकारले यिनीहरुले बसाएर गएको गाउँमा भएको र उनीहरु बसोबास गरिसकेपछि बनाएको गुम्बातर्फ मात्र हेर्दै गएमा पनि पहिलादेखिको अर्थात् लिच्छवि कालभन्दा अघि बौद्ध गुम्बा प्रारम्भ भएको जिल्ला लिएमा काठमाडौं, सिन्धु, दोलखा, रसुवा, गोर्खा, मनाङ्ग, मुस्ताङ्ग, डोल्पा र हुम्ला हो । त्यस्तै नै १००० वर्ष यता मल्लको अन्तिमकाल सम्म गुम्बा बनेको जिल्ला नुवाकोट, संखुवासभा, सोलुखुम्बु र मुगु जिल्ला हो । गोर्खाली शाहवंशको पृथ्वीनारायण शाहले नेपालको विजय गरेदेखि राणाशासन शुरु नभएसम्मको समयमा गुम्बा बनेको जिल्ला काभ्रे, रामेछाप, ओखलढुङ्गा, ताप्लेजुङ्ग, इलाम, धादिङ्ग, दार्चुला र जुम्ला हो । राणाकालदेखि २००७ साल अर्थात् प्रजातन्त्र घोषणा नभएसम्म पनि गुम्बा बनेको जिल्ला मकवानपुर, पर्वत, धनकुटा, तेह्रथुम, भक्तपुर, पाँचथर, लमजुङ्ग,

Downloaded from http://dhamma.digital/

सर्लाही, सिन्धुली, नवलपरासी, बाजुरा, सुर्खेत, तनहुँ, कास्की, सुनसरी, चितवन, कैलाली, बाग्लुङ्ग र कञ्चनपुर हो ।

यसप्रकारले ७५ वटा जिल्लामध्ये ४५ वटा जिल्लामा मात्र पनि हिजोआज ९८६ वटा जति गुम्बाहरु छन् । ललितपुरदेखि अर्को ३० वटा जिल्लामा कतिवटा गुम्बाहरु छन्, त्यो अनुसन्धान गर्न बाँकी नै छ । यी गुम्बाहरु कुनै सामूहिक छन् भने कुनै गाउँको लामाको व्यक्तिगत रूपमा भइराखेको छ । यी गुम्बाहरु मध्ये निकायको रूपमा हेर्ने भने हो भने निङ्गमापा सम्प्रदायको गुम्बा मात्र ७४८ वटा भन्दा बढी छन्, काक्युपा सम्प्रदायको गुम्बा १२८ वटा भन्दा बढी छन् । अर्को शाक्यपाको गुम्बा २५ वटा, गेलुंपाको गुम्बा १९ वटा र बेन्बोको गुम्बा ५ वटा जति छन् । त्यस्तै अर्को जानकारीमा नआएको गुम्बाहरु धेरै नै छन् ।

यी सबै गुम्बामा लामा गुरुहरुले नै सञ्चालन गरिरहेका छन् । कहिँ कहिँ गुम्बा नभएको बस्ती मात्र भएको ठाउँमा लामाहरु मत्र भएर उनीहरुले नै सबै तामाङ्गहरुको जन्मदेखि मरेपछि सम्मका गर्नुपर्ने सबै कर्मकाण्ड र पूजा-पाठ, धर्म-कर्म गराइरहेको छ । कहिँ कहिँ ठूल्ठूलो गुम्बामा घेलुं र ञानिहरु जम्मा गरेर धर्म सिकाउने पनि गरिरहेको छ । कहिँ कहिँ धर्मशास्त्रलाई भगवान्को रूपमा केवल पूजा मात्र गरी समय-समयमा पर्व पर्वमात्र पाठ गराईरहेको छ ।

आजभोलि यस तामाङ्ग जातिको मुख्य संस्कार कर्मकाण्ड तल उल्लेख गरे जस्तै पाइन्छ :-

१) पाश्नी (ब्यंके) । २) कपाल काट्ने । ३) विवाह । ४) मृत्यु संस्कार । ५) ग्यवा

१) पाश्नी (ब्यंके) ।

तामाङ्ग जातिहरुको बच्चा जन्मिसकेपछि ३ दिनदेखि ७ दिनभित्रमा आफ्नो समय अनुकूलको समयमा पाश्नी (ब्यंके) भनेर शुद्ध गर्ने काम गरिन्छ । त्यसबेला घरमा सर-सफाई गरी शुद्ध गरेर ( साङ्धुप) भनेर धूप दीप बालेर लामाले छोटकरीमा धरमा कुनै नराम्रो र दूषित-कीटाणु बाँकी नरहोस् होम गराइन्छ । अनि कलशमा भएको पानी बच्चा, आमा र बच्चा जन्म भएको घरमा भएका सबै परिवारलाई पिलाई सिङ्गै घरमा हाहा गरी शुद्ध गरिन्छ ।

२) कपाल काट्ने ।

छोरा पाँचवर्ष भएपछि छेवर भनेर कपाल काट्ने कर्म गरिन्छ । त्यतिबेला पनि लामालाई बोलाई (साङ्धुप) भनेर धूप बालेर दो भन्ने सूत्र पाठ गराइन्छ । अनि टासि भन्ने मंगल पाठ गराई यस कर्म पूरा गराइन्छ । त्यतिबेला बच्चाको मामाखलकको आफ्नो दाजुभाईहरु सबै र गन्यमान्यहरुलाई निमन्त्रणा गरी प्रीति भोजन गराइन्छ । आगन्तुक निमन्त्रित व्यक्तिहरुले छेवर गर्ने बच्चालाई टिका लगाई दक्षिणा दिने गरिन्छ ।

३) विवाह ।

Downloaded from http://dhamma.digital/

उमेर पुगिसकेपछि छोरा वा छोरी दुवैको घरमा पनि आ-आफ्‌ना कुलको लामालाई बोलई **साङ्धुप** भनेर धूप दीप बाली **टासि** भनेर मंगल पाठ गराइसकेपछि राती बेहुली घरमा ल्याउँछ । सक्नेले घरमा **थिनले जिन्सेक** भनेर १४ थरीका वस्तु तान्त्रिक रूपले होम पनि गरिन्छ । नसक्नेलाई यसमा कर छैन । केवल **टासि** भनेर मंगलपाठ मात्र गराई सकाइन्छ । अनि निमन्त्रित आगन्तुक र आफ्‌नो घरका दाजु-भाई, टोलका आफन्तहरुलाई आफ्‌नो गच्छे अनुसार भोजन गराइन्छ ।

४) मृत्यु संस्कार ।

कुनै पनि व्यक्ति परलोक भइसकेपछि सबभन्दा पहिला सक्नेहरुले लामा बोलाई **फोः** भनेर **उल्कान्ति** गरिन्छ । नसक्नेहरुले ज्वाईं र आफ्‌ना दाजु-भाई त्यस्तै टिमेकीहरुलाई खानापनि गराई मृतक शरीरलाई पहाडको चुचुरोमा लगी **न्होसेक्** भनेर होम गरी जलाइन्छ । तर कुनै कुनैले जमिनमा गाड्ने पनि चलन छ । तीन दिन भईसकेपछि लामा **ङोवा** गर्ने भनेर विधि गरी नुन, तेल फुकिन्छ । त्यसपछि यस दिनदेखि १२ दिनसम्म लामाले दिनका दिन **बर्दो थोटोल्** भन्ने बढी सुनाउने गरिन्छ ।

५) ग्यवा अर्गु

यो क्रिया परलोक भएकाको नाममा परिवारले समय अनुकूलको समय मिलाई मृत्यु भएको १० दिनदेखि ४९ दिन भित्र गर्ने क्रिया हो । यो कर्म गर्दा शास्त्रअनुसारले त हिंसाले अलग भई सक्नेहरुले अघिल्लो दिन जोरजाम गरी ग्यवा गर्ने ठाउँमा लामाहरुलाई बोलाई पौभा इत्यादिले सिङ्गरी भोलितिर पूजा शुरु गरी दुईदिनसम्म पूजा गरिन्छ । नसक्नेहरुले एकदिन मात्र पूजा गरी सकाउनेहरु पनि छन् । यसमा लामाजुहरुले पूजा-पाठ गरी परलोक भएकाको लागि अगतिबाट मुक्त गर्ने भनी गर्ने थिति पनि छ ।

यसबेला पनि मृत्यु भएकाको आफन्त, मामा खलक, छोरी-ज्वाईं, इष्टमित्रहरु बेलाई उनीहरुलाई भोजन गराइन्छ । यसरी निमन्त्रणामा आउनेहरुले पनि कुनै न कुनै (चामल, पैसा, रक्सी भएको प्वाङ्) लिएर आउने दस्तुर छ ।

यसको अतिरिक्त यिनीहरुले धर्मको नाममा गर्ने पूजा **गहुँपूजा** अनि कसैको घरमा वा बाहिर मणि छोर्तेन् भनेर गुम्बा चैत्य स्थापना गर्ने बेला **न्हाप्ने** भनेर पनिस्था गर्ने र पाठ गर्नेमा धेरै गरेर **डोमाङ्** भन्ने पुस्तक पाठ गराउने चलन छ । यसमा १०८ वटा ला-लामो सूत्र छ भन्ने गरिन्छ ।

यहाँ विचार गर्नुपर्ने कुरा के छ भने सातौं शताब्दी भन्दा अगाडिदेखि बुद्धधर्मावलम्बी भन्नेहरुले महायान सम्प्रदायको अपार ग्रन्थको भण्डार भएको दलाइ लामा, शाक्य लामा जस्ता धर्मगुरुको र अनेक अवतारी लामाहरुको अनुयायी भएका लामाजुहरु अनुशासन गराइराखेका, धर्मको निम्ति आफ्‌नो देशमा धर्म विरोधी राजा अत्याचार गरेको बेलामा धर्म रक्षा गर्नको निम्ति धर्मग्रन्थ लिएर देश नै परित्याग गरेर आएका तामाङ्ग जातिहरुले अहिलेसम्म पनि आफूलाई जन्मदेखि मरण भएपछि पनि लामा-गुरुहरुबाट संस्कार गराएर पनि आफूलाई बौद्ध भनेर सम्म पनि थाहा नपाइकन बसिराख्नु परेको छ । लामाजुहरुले पनि आफ्‌नो जय माता भै राखेका तामाङ्गहरुलाई धर्म के हो

Downloaded from http://dhamma.digital/

भनेर बुझाई दिने प्रयास गर्न सकेन, जसले गर्दा बिस्तारै बिस्तारै हिन्दु संस्कारलाई नै बौद्ध संस्कार भन्ने ठानेर व्यवहारमा प्रयोग गरी त्यसैमा नै भुलेर आफ्नो बुद्धधर्म अनि बोद्ध रहनसहनलाई नै छोडेर भ्रममा परी बस्ने गर्न थाल्यो । आफ्नो धर्ममा मिसिराखेको कुरीतिहरु हटाउन नसकेकोले आफ्नो जाति गरीबीको सामना गर्नुपर्ने आदि दुःख भोग्नुपर्ने र वास्तविक आफ्नो धर्म बुझाई दिने नभएकोले धेरैले हेला गरी बसिराख्नु परेको छ । अलिकति पैसा सापट लिएर पछि व्याजको व्याज गरी राम्रो खेत गुमाई बसिराख्नु परेको छ ।

आज हामी तामाङ्गहरुले आफ्नो धर्मलाई चिनि आफू विरुद्ध भएको शोषणलाई चिनि आफ्नो जातिलाई सुसंस्कृत गरी बुद्धधर्मको शिक्षा तिब्बत, चीन, जापान, कोरिया, श्रीलंका, थाइलैण्ड, बर्मा, लाओस, र इण्डोनेशिया आदि देशवासीहरुलाई उन्नतशील, प्रगतिशील गरी विश्वमा प्रकाशमान गरे जस्तै हामी तामाङ्ग बौद्धहरु पनि अगाडि बढ्नु पर्ने समय भैसकेको छ । त्यसैले धर्मलाई चिन्नको लागि शिक्षा हासिल गरी बौद्धग्रन्थहरु अध्ययन गरी आफ्ना सन्ततिहरुलाई पनि अध्ययन गराई परस्पर मैत्री (मित्रता) बलियो पारी जीवन सुखमय र शान्तिमय गराउन सक्नुपर्छ । आफ्नो धर्ममा भएको कलुषित कर्मकाण्डलाई चिनेर हटाउन आवश्यक छ । साँच्चैको बहुजन बहुजन हित हुने, कसैलाई पनि हानि नहुने बुद्धवचनलाई आफूले ग्रहण गरी जीवनलाई राम्रो फलदायक बनाउनुपर्छ ।

अस्तु !

**–धर्मरत्न शाक्य, "त्रिशुली"**

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग

# परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

## (कक्षा ८, छैठौं पत्र)

जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग प्राप्ताङ्क ३० अंक, ११ घण्टा


## लेखक - एन. भी. गोरकम

## अनुवाद - आर. बि. बन्द्य


Downloaded from http://dhamma.digital/

### परिच्छेद–१

# चार परमार्थ धर्महरु

देव ब्रह्मा मर्त्यलोक सहतिको यस जगतमा जति पनि धर्महरु देखिन्छन् तिनको यथार्थ विश्लेषणबाट यस जगतमा जम्मा दुई प्रकारकै धर्म रहेका देखिन्छन् – एक मानसिक धर्म जसलाई बौद्ध दर्शनमा नाम वा नाम धातुको संज्ञा दिइन्छ र दोस्रो भौतिक धर्म जसलाई रूप अथवा रूप धातु भनिन्छ । नाम केही कुराको अनुभव गर्दछ तर रूप कुनै कुराको पनि अनुभव गर्दैन । उदाहरणार्थ दर्शन (हेर्ने कार्य) एक प्रकारको नाम हो । यसले रंगलाई अनुभव गर्दछ । रंग आफै भने रूप हो । यो केही पनि अनुभव गर्दैन । यिनै दुई धर्म नाम र रूपको सम्मिश्रण नै जीव हो, सत्व हो । पुद्गल हो । नाम र रूप धातुलाई यथार्थ रूपमा जान्न बुझ्न चिन्न नसकेर नै हामी कुनै पनि जीवनमा आत्मा रहेको धारणा बनाउँछौं । वस्तुतः हामी जसलाई आत्मा भनी ग्रहण गर्छौं त्यो यही नाम–रूप मात्र हो, जुन उत्पति हुन्छ र विनाश हुन्छ । त्यो कुनै सत्व होइन न त कुनै पुद्गल नै हो । विशुद्धि मार्गमा (१८,२५) यस विषयमा यसरी व्याख्या गरिएको छ :–

यथापि अङ्ग सम्भारो होति सङ्डो रथो इति ।

एवं खन्धेसु सन्तेसु होति सत्तो'ति सम्मुति ॥ (सं.नि. ६,२,१०)

अर्थात्

जस्तो विभिन्न अंगहरुको सम्भारले

"रथ" – यस्तो शब्द हुन्छ ,

त्यसरी नै स्कन्धहरु *(पंच स्कन्धहरु) भएपछि

"सत्व छ" – यस्तो व्यवहार हुन्छ ।

***(पंच स्कन्धहरु भन्नु अरु होइन नाम रूप नै मात्र हुन् ।**

भगवान् बुद्धद्वारा उपदिष्ट सयौं सूत्रहरुमा केवल यही नाम-रूपको मात्र उदाहरण प्रस्तुत गरिएका छन्, सत्व वा पुद्गलको होइन । तसर्थ जसरी रथको विभिन्न अंगहरु जस्तै धुरी, चक्का, फ्रेम, ईषा इत्यादि अंग-सम्भारहरुलाई एउटा खास तरिकासँग मिलाएर पछि "रथ" भन्ने केवल व्यवहारको निमित्तको शब्द खडा हुन आउँछ, तथापि परमार्थको दृष्टिले रथको एउटा एउटा अंगलाई छुट्याई राम्ररी विचार गरेर हेर्ने हो भने रथ भन्ने कुनै वस्तु रहँदैन त्यसरी नै पाँच उपादान स्कन्धहरु भएपछि केवल व्यवहारमा मात्र 'सत्व' "पुद्गल" भनी भन्ने गरिन्छ । तर परमार्थको दृष्टिले शरीरको प्रत्येक अंगलाई परीक्षण गरेर हेर्दा "म" वा "म हुँ" भनी ग्रहण गर्नको निमित्त आधार हुने कुनै सत्व बाँकी रहन्न । परमार्थमा केही छ भने केवल नाम र रूप मात्र रहन्छ । यस प्रकार हेर्नेको दर्शनलाई नै यथार्थ दर्शन भनिन्छ ।

Downloaded from http://dhamma.digital/

हामीभित्र र हाम्रा चारैतिर जति पनि धर्महरु छन् ती केवल नाम र रूप हुन्, जुन उत्पति हुन्छन् र विनाश हुन्छन् । ती सबै अनित्य छन् । नाम र रूपलाई परमार्थ धर्म भनिन्छ । यी धर्महरुलाई हामीले जेसुकै नामाकरण गरे पनि नाम-रूपको उत्पति हुनासाथ हामी तिनका लक्षणहरुलाई अनुभव गर्न सक्तछौं । हामीले ती धर्महरुलाई नाम र रूप नै भन्नु पर्दछ भन्ने पनि केही छैन । प्रज्ञाको विकास गरिसकेका व्यक्तिहरुले नाम र रूपलाई यथार्थ रूपमा–यी अनित्य हुन्, आत्मा होइनन्, भनी अनुभव गर्न सक्तछन् । दर्शन (हेर्नु), श्रवण (सुन्नु), घ्राण (सुँघ्नु), रसास्वादन ( चाख्नु), कायद्वारा स्पर्श (छुनु) र चिन्तन (विचार गर्नु) – यी सबै नामहरु अनित्य हुन् । अज्ञानताको कारणले गर्दा हामी के भन्ठान्दछौं भने हेर्ने, सुन्ने, चिन्तन गर्ने आदि विभिन्न कार्यहरु गर्ने कार्य आत्माले गर्दछ । माथि लेखिएका सबै कुरा यदि नाम धातुको कार्य हुन्, नाम धातु हुन् भने हामी जो आत्मा छ जसले ती कुराहरु गर्दछ भनी सोच्दछौं, त्यो आत्मा भन्ने चीज कहाँ छ त ? के त्यो आत्मा भनेको माथि लेखिएका विभिन्न नाम धातु मध्येकै एउटा कुनै नाम धातु स्वभाव हो कि ? नाम र रूपका लक्षणहरुलाई राम्ररी अनुभव गर्दै विभिन्न नाम तथा रूप धातुको स्वभावको विषयमा हामी जति बढी जानकारी प्राप्त गर्न थाल्दछौं त्यति त्यति नै हामी बुझ्दछौं कि “म” “आत्मा” भन्नु एउटा प्रज्ञप्ति मात्र हो । त्यो कुनै परमार्थ धर्म होइन ।

साँच्चै भन्ने हो भने सबै मानसिक धर्महरु (क्रियाकलापहरु) नाम हुन्, भौतिक धर्महरु ( क्रियाकलापहरु) जति रूप हुन् । नाम र रूप भन्नु अलग अलग प्रकारका धर्म हुन् । नाम र रूपलाई अलग अलग नै छुटचाएर हामीले प्रत्येकको भिन्न भिन्न लक्षणलाई थाहा पाउन सकेनौं भने हामीले तिनैलाई आत्मा भनी ग्रहण गर्ने हुन्छौं । उदाहरणार्थ श्रोत नाम धर्म हो । यसको कुनै रूप वा आकार छैन । यसको कान छैन । यो श्रोत भन्नु र श्रोतेन्द्रीय भन्नु तसर्थ अलग अलग कुरा हो । तर यो श्रोतको निमित्त श्रोतेन्द्रीय आवश्यक आधार हो कुनै पनि आवाज वा शब्द सुन्नको निमित्त तीनवटा कुराको आवश्यकता रहन्छ–शब्द, शब्दलाई अनुभव गर्ने माध्यम श्रोतेन्द्रीय र शब्दलाई अनुभव गर्ने श्रोत । ती मध्ये शब्द र श्रोतेन्द्रय दुवै रूप धातु हुन् । तिनीहरु केही पनि अनुभव गर्दैनन् । खास शब्दलाई अनुभव गर्ने, सुन्ने त नाम धातु हो । खास शब्दलाई सुन्ने नामभन्दा माथि लेखिएका रूपहरु एकदमै भिन्न कुरा हुन् । हामीले श्रोत, श्रोतेन्द्रीय र शब्द वास्तवमा आपसमा एकदमै भिन्न भिन्न कुरा हुन् भन्ने कुरा महशूस गरेनौं भने हामी के विचार गर्ने छौं भने आत्माले सुन्दछ ।

नाम र रूप धातुको आपसी भेद र अन्योन्याश्रित सम्बन्धलाई प्रष्ट पार्दै विशुद्धि मार्ग ( परिच्छेद १८, ३४) मा व्याख्या गरिएको छ :–

नाम निस्तेज छ । यो आफ्नै तेज वा शक्तिबाट प्रवर्तित हुन सक्तैन । नाम न खान्छ, न पिउँछ, न बोल्छ, न ईर्य्यापथ नै गर्दछ । त्यस्तै रूप पनि निस्तेज छ । यो आफ्नै शक्तिबाट प्रवर्तित हुन सक्दैन । किनभने रूपलाई खाने इच्छा हुन्न, पिउने इच्छा हुन्न, बोल्ने इच्छा हुन्न, ईर्य्यापथ गर्ने इच्छा पनि हुँदैन । तर नामको सहाराबाट रूप प्रवर्तित हुन्छ, रूपको सहाराले नाम प्रवर्तित हुन्छ ।जब जब नामलाई खाने इच्छा हुन्छ, पिउने इच्छा हुन्छ, बोल्ने इच्छा हुन्छ, ईर्य्यापथ गर्ने इच्छा हुन्छ तब तब रूपले खान्छ, पिउँछ, बोल्छ र ईर्य्यापथ गर्दछ । . . . . . .

Downloaded from http://dhamma.digital/

अझ अगाडि लेखिएको छ :–

१. जसरी डुंगाको सहाराले मानिसहरु समुद्रमा जान्छन्, त्यसरी नै रूपको सहाराले नाम प्रवर्तित भइरहन्छ ।

२. जसरी मानिसहरुको सहाराले डुंगा समुद्रमा जान्छ, त्यसरी नै नामको सहाराले रूप-काय प्रवर्तित भइरहन्छ ।

३. मानिसहरु डुंगा र दुवै एक अर्काको सहाराले समुद्रमा जान्छन्, त्यसरी नाम र रूप दुवै अन्योन्याश्रित छन् ।

स-सांस्कारिक वा स-संस्कृत नाम दुई प्रकारका छन् : (१) चित्त (चेतना) र (२) चैतसिक ( चित्तको साथासाथै उत्पति हुने मानसिक धर्महरु वा यस्ता धर्मका अंगहरु) । यी चित्त र चैतसिक हेतुको कारण उत्पति हुन्छन् र पुनः निरोधको अवस्थामा पुग्दछन् । उत्पति भएर विनाश हुने स्वभाव भएको कारणले गर्दा नै यो नाम धातुहरुलाई स-संस्कृत भनिन्छ । निर्वाण मात्रै एक अ-संस्कृत नाम हो ।

चित्त धेरै प्रकारका छन् । यसको मुख्य काम कुनै आलम्बनलाई जान्नु वा अनुभव गर्नु हो । प्रत्येक चित्तको थाहा पाउने वा अनुभव गर्ने एउटा आलम्बन रहन्छ जसलाई पालिमा “आरम्मण” भनिन्छ । कुनै आलम्बनलाई अनुभव गर्नु वा जान्नुको अर्थ स्वतः त्यस आलम्बनको विषयमा विचार गर्नु भन्ने कुरा चाहिँ होइन । जुन चित्तले रूपलाई देख्छ, त्यस चित्तको रंग नै मात्र आलम्बन हुन्छ । यो चित्तले मात्र रंगलाई अनुभव गर्दछ । तर त्यसपछि अरु चित्तहरु उत्पति हुन्छन् जुन चित्तहरुले त्यो आलम्बन के हो भन्ने थाहा पाउँछन् र त्यस आलम्बन विषयमा विचार गर्दछन् । रंगलाई मात्र अनुभव गर्ने चित्त, त्यो आलम्बनलाई के हो भनी थाहा पाउने चित्त र त्यस आलम्बन विषयमा विचार गर्ने चित्त एक अर्कामा सर्वथा भिन्न भिन्न हुन् ती एउटै चित्त होइनन् । त्यो चित्त जसले सुन्दछ त्यो चित्तको शब्द नै मात्र आलम्बन हुन्छ । हामी मस्त निद्रामा सुतिरहँदाको अवस्थामा स्वप्न नदेखिएको बेलामा पनि चित्तले कुनै आलम्बनको अनुभव गरेकै हुन्छ । आलम्बन बिनाको कुनै पनि चित्त भनेको हुँदैन । न त चित्त बिनाको कुनै घडी हुनु सम्भव हुन्छ ।

चित्त धेरै प्रकारका छन् र यसलाई विभिन्न प्रकारबाट वर्गीकृत गर्न सकिन्छ ।

केही चित्तहरु अकुशल हुन्छन् । केही चित्तहरु कुशल हुन्छन् । कुशल चित्तहरु र अकुशल चित्तहरु हेतु हुन्, जुन काय, वाक्य र मनद्वारा गरिने अकुशल वा कुशल कर्महरु गर्ने कारण हुन सक्तछन् । त्यस्तै केही चित्तहरु अकुशल वा कुशल कर्मका परिणाम हुन्छन्, जुन चित्तलाई विपाक चित्त भनिन्छ । केही चित्त न कारण हुन्छन्, न परिणाम हुन्छन् । यस्ता चित्तलाई क्रियाचित्त भनिन्छ । यसरी चित्तलाई जाति (वा स्वभाव) को आधारमा (१) अकुशल, (२) कुशल, (३) विपाक र (४) क्रियाको रूपमा वर्गीकरण गर्न सकिन्छ । अर्थात् जातिको हिसाबले चित्त चार किसिमका छन्– अकुशल, कुशल, विपाक तथा क्रिया । कुशल विपाक तथा अकुशल विपाक दुवै एकै जाति हो– विपाक जाति ।

Downloaded from http://dhamma.digital/

कुन चित्त कुन जातिको हो भनी जान्नु पनि महत्वपूर्ण हुन्छ । किनभने हामीले थाहा नपाएर अकुशल चित्तलाई कुशल वा अकुशललाई विपाक चित्त भनी सम्झ्यौं भने हामीले आफ्नो जीवनमा कुशलताको विकास गर्न सक्ने छैनौं । उदाहरणार्थ – हामीले कुनै अप्रिय शब्द सुन्दा त्यो शब्द वा आवाजलाई अनुभव गर्दाको क्षण उत्पति हुने चित्त, श्रोत-विज्ञान जो हो त्यो अकुशल विपाक हो र हामीले आफैले गरेका अकुशल कार्यको त्यो परिणाम हो । तर त्यसपछि तत्कालै उत्पति हुन सक्ने द्वेष जो हुन्छ त्यो विपाक होइन, त्यो द्वेष चित्त अकुशल चित्त हो । विभिन्न चित्तहरु उत्पति हुने जीवनका यस्ता विभिन्न घडीहरु वा क्षणहरुलाई हामीले ती घडीहरुको भिन्न भिन्न लक्षणहरुलाई बुझेर एक अर्कादेखि अलग अलग छुट्याउनु पर्दछ ।

चित्तलाई अर्को तरिकाबाट पनि वर्गीकराण गर्न सकिन्छ –त्यो हो चित्तको भूमिद्वारा । भूमि विभिन्न प्रकारका छन् । कामावचर चित्तहरु काम-गोचरहरु वा इन्द्रिय संस्पर्शहरु जस्तै दर्शन, श्रवण, घ्राण, रसास्वादन र स्प्रष्टव्यको भूमि हो । काम गोचरहरुलाई नभोग्ने खालको चित्तको भूमिहरु पनि अरु छन् । जस्तो समय भावनाको अभ्यास गरेर ध्यान प्राप्त गर्नेहरुको त ध्यान चित्तहरु नै हुन्छन् । ध्यान चित्त अर्को चित्तको भूमि हो । यसले इन्द्रिय गोचरहरुलाई भोग्दैन । लोकोत्तर चित्त सबैभन्दा उच्च स्तरको भूमि हो । निर्वाणलाई प्रत्यक्ष रूपमा अनुभव गर्ने चित्त नै लोकोत्तर चित्त हो । चित्तलाई भूमिको हिसाबले (१) कामावचर, (२) रूपावचर, (३) अरूपावचर र (४) लोकोत्तर गरी चार किसिममा यसरी विभक्त गर्न सकिन्छ ।

चित्तलाई वर्गीकरण गर्ने अरु पनि तरिकाहरु नभएका होइनन् । हामीले चित्तका भिन्न भिन्न मात्राहरुलाई ख्याल गर्ने हो भने चित्तहरुका बीच बहुतै भिन्नताहरु पाइन्छन् । उदाहरणको लागि भन्ने हो भने लोभ, द्वेष र मोहमा आधारित अकुशल चित्तहरु अनेकन प्रकारका अलग अलग मात्रा वा गहिराइका हुन सक्तछन् । कहिलेकाहीँ यस्ता चित्तहरुले कर्मलाई प्रवृत्त गर्दछन्, कहिलेकाहीँ गर्दैनन् । कर्मलाई प्रवृत्त गर्ने वा नगर्ने कुरा चाहिँ अकुशलको मात्रा वा परिमाणमा निर्भर रहने हुरा हो । त्यसरी नै कुशल चित्तहरु पनि अनेक गहिराइका छन् । चित्तका विभिन्न आकार प्रकारका बारेमा जान्नको निमित्त पनि चित्तलाई वर्गीकरण गर्ने विभिन्न तरिकाहरुको बारेमा हामीले जानिराख्नु उपयोगी हुन्छ । हामीले चित्त विषयको आफ्नो ज्ञानलाई बढाउन सक्यौं र चित्त उत्पति हुँदा हामी सजग रह्यौं भने चित्तलाई “म” वा “मेरो आत्मा” भन्ने धारणा लिने सम्भावना हामीमा कम हुनेछ ।

चित्त जम्मा ८९ वा १२१ प्रकारका छन् । चित्तलाई १२१ प्रकारमा वर्गीकरण गर्दा यसभित्र ती आर्य मुनिहरुका चित्तहरु पनि समावेश हुन्छन् जुन महापुरुषहरुले ध्यान र विपश्यना दुवैको अभ्यास गरेका छन् र जसले ध्यानद्वारा निर्वाणलाई पनि अनुभव गर्न सक्तछन् ।

चैतसिक अर्को परमार्थ धर्म हो । यो पनि नाम धातु स्वभाव नै हो । जस्तो हामीले देख्यौं, चित्तले आलम्बनलाई अनुभव गर्दछ । रूप वा रंग नै दर्शनको आलम्बन हो । स्वर वा शब्द नै श्रोतको आलम्बन हो । जुन विषयमा चित्तले चिन्तन गरिरहेको हुन्छ त्यो चिन्तन गर्ने चित्तको त्यो चिन्तन-विषय नै आलम्बन हुन्छ । यसरी कुनै पनि चित्तले आ-आफ्नो आलम्बनलाई अनुभव गर्दा त्यहाँ चित्त मात्र हुँदैनन्, त्यो चित्तको साथ साथै उत्पति हुने अनेक चैतसिकहरु पनि सँगसँगै नै

Downloaded from http://dhamma.digital/

हुन्छन् । कसैले कुनै चिजको विषयलाई लिएर द्वेष भावनाले, वा सोभनस्य भावले वा प्रज्ञाको साथै विचार गर्न सक्छ । ती जो द्वेष, वेदना र प्रज्ञा जस्ता मानसिक धर्महरु छन् ती चित्त होइनन्, विभिन्न चित्त साथै उत्पति हुने चैतसिकहरु हुन् । एक समयमा चित्त एउटै मात्र हुन्छ तर चैतसिकहरु भने धेरै हुन्छन् । प्रत्येक चित्तको साथै कमसे कम सात वटा चैतसिकहरु त अवश्य रहन्छन् । ती चैतसिकहरु कुनै पनि चित्तको साथ साथै उत्पति भएर चित्तको सँगसँगै नै निरूद्ध भएर जान्छन् । चित्त एक्लै त कहिल्यै पनि उत्पति हुँदैन । यो चित्तको स्वभाव धर्म हो । उदाहरणको निमित्त वेदनालाई लिउँ । वेदना चैतसिक हो जुन प्रत्येक चित्तको साथै उत्पति हुन्छ । चित्तले आलम्बनलाई मात्र अनुभव गर्दछ । त्यसले त्यस आलम्बन सम्बन्धमा सुख दुःखको केही अनुभव गर्दैन । त्यसरी महशूस गर्ने काम त वेदनाको हो । वेदना कहिले सौमनस्य हुन्छ त कहिले दौर्मनस्य । हामीमा सौमनस्य (सुखकर) वा दौर्मनस्य (दुःखकर) वेदना नहुँदा पनि त्यहाँ वेदना त अझै रहन्छ । त्यस्तो घडीमा वेदना उपेक्षा युक्त अर्थात् न सुख न दुःख वेदना हुन्छ । वेदना रहित भएर प्राणी जीवित रहन सक्तैन । तसर्थ जीवित प्राणीमा सधैं नै वेदना रहन्छ । किनभने बिना वेदनाको चित्तको कुनै क्षण पनि हुँदैन । उदाहरणको लागि भनौं जब चक्षुविज्ञानको उत्पति हुन्छ, वेदना पनि त्यस चित्तको साथसाथै उत्पति हुन्छ । चक्षुविज्ञानले केवल रूप वा रंगलाई देख्दछ । किन्तु अझै त्यो देखिएको वस्तुप्रति चाहना वा बेचाहना केही रहेको छैन भने त्यो रूपलाई हेर्ने चित्त चक्षु-विज्ञान जो छ त्यो चित्तको साथ साथै उत्पति भएको चैतसिक-वेदना जो हो त्यो उपेक्षा वेदना हो । त्यो चक्षु-विज्ञानको निरोध भएपछि अरु अरु नै चित्तहरु उत्पति हुन्छन् । ती चित्तहरुमा सर्वप्रथम चक्षु-विज्ञानले हेरेको आलम्बन रूपलाई मन नपराउने चित्तहरु पनि हुन सक्तछन् । यदि त्यस्तो भएमा त्यस प्रकारका चित्तको सहचरण गर्ने वेदना दौर्मनस्य वेदना हो । चित्तको काम आलम्बनलाई चिन्नु वा पहिचान गर्नु हो । चित्त नै थाहा पाउनेमा प्रमुख हो । चित्तको साथै उत्पति हुने चैतसिकहरुले चित्तले अनुभव गरेको आलम्बनलाई नै भोग गर्दछ । किन्तु ती चैतसिकहरु प्रत्येकको आ-आफ्नै विशेष गुण तथा कृत्य हुन्छ । चैतसिक जम्मा ५२ प्रकारका हुन्छन् । सात प्रकारका चैतसिकहरु चाहिँ प्रत्येक चित्तसँग नै उत्पति हुन्छन् । अन्य प्रकारका चैतसिकहरु भने प्रत्येक चित्तसँगै उत्पति हुने गर्दैनन् । जस्तो संज्ञा पनि चैतसिक हो । यो प्रत्येक चित्तको साथै उत्पति हुन्छ । विशुद्धि मार्ग (परिच्छेद १४, १३०) मा संज्ञा बारेमा यसरी व्याख्या गरिएको पाइन्छ :–

मन वा इन्द्रियद्वारा ग्रहण गर्नु वा सम्झनु संज्ञाको लक्षण हो । ……यसको काम “यो सही हो” भनी पुनः पहिचान गर्न एउटा चिन्हलाई आधारको रूपमा बनाउनु हो जसरी सिकर्मीहरु काठको सम्बन्धमा गर्दछन् । …

चित्तले कुनै पनि आलम्बनलाई मात्र जान्दछ । यसले आफ्नो आलम्बनलाई अंकित गर्दैन वा सम्झँदैन । चित्तद्वारा अनुभव गरिएको आलम्बनलाई पछि पनि चिन्न सकियोस् भन्नाखातिर अंकित गर्ने चाहिँ संज्ञा हो । “यो सही हो” भनेर सम्झेर राख्ने यसरी संज्ञा नै हो । हामी जुनसुकै वखत कुनै पनि कुरा सम्झन्छौं भने त्यो संज्ञा हो जसले सम्झना गर्दछ, आत्माले सम्झिराखेको होइन । जस्तो उदाहरणको लागि भन्ने हो भने यो रंग रातो छ, यो घर हो वा यो चाहिँ चराको स्वर हो भने सम्झेर राख्ने संज्ञा हो ।

Downloaded from http://dhamma.digital/

चेतना (आशय) फेरि अर्को किसिमको चैतसिक हो जुन प्रत्येक चित्त साथै उत्पति हुन्छ । प्रत्येक चित्तको साथै उत्पति नहुने चैतसिकहरु पनि नभएका होइनन् । अकुशल चैतसिकहरु केवल अकुशल चित्तहरुसँग मात्र उत्पति हुन्छन् । शोभन (सुन्दर) चैतसिकहरु कुशल चित्तहरुसँगै मात्र उत्पति हुन्छन् ।

लोभ, द्वेष र मोह अकुशल चैतसिकहरु हुन् । यिनीहरु केवल अकुशल चित्तहरुसँगै मात्र उत्पति हुन्छन् । उदाहरणको लागि भनौं जब हामी कुनै सुन्दर वस्तु देख्छौं हामीले देखेको वस्तुप्रति लोभ सहितको चित्त उत्पति हुन सक्छ । त्यतिखेर त्यो चित्त साथै उत्पति हुने चेतसिक लोभ हो । लोभको अनुराग वा अनुशरण गर्ने कृत्य हो । त्यस्तै मान, दृष्टि र ईर्ष्या जस्ता अरु पनि धेरै अकुशल चैतसिकहरु छन् जुन अकुशल चित्त साथै उत्पति हुने गर्दछन् ।

कुशल चित्तहरु साथै उत्पति हुने शोभन चैतसिकहरु हुन् अलोभ, अद्वेष, अमोह इत्यादि । हामी उदार वा त्यागी भएको बेलामा कुशल चित्त साथै अलोभ र अद्वेष उत्पति भएको हुन्छ । प्रज्ञा पनि कुशल चित्त साथै उत्पति हुन सक्छ । त्यस्तै कुशल चित्तसँगै उत्पति हुने अरु पनि धेरै प्रकारका शोभन चैतसिकहरु छन् ।

यद्यपि चित्त तथा चैतसिक दुवै नाम धातु हुन् तथापि ती दुइटाको प्रत्येकको भिन्ना भिन्नै गुणहरु छन् । चैतसिकहरुलाई कसरी थाहा पाउने त भन्ने कुरामा हामीलाई आश्चर्य लाग्न सक्छ । तर वास्तवमा जब चित्तमा कुनै परिवर्तन हामी देख्छौं, हामी चैतसिकको लक्षणलाईपनि अनुभव गर्न सक्तछौं । जस्तो उदाहरणको लागि भनौं, अलोभ वा त्याग सहितको कुशल चित्तहरुको लोभ भएर कृपणता सहितको अकुशल चित्तहरु जब हामीमा उत्पति हुन्छन्, त्यस बेला हामी त्यो परिवर्तन भएको कुरा देख्न वा जान्न सक्तछौं । मात्सर्य (कृपणता) र अलोभ (उदारता) चैतसिकहरु हुन् । तिनीहरुलाई अनुभव गर्न सकिन्छ । किनभने तिनीहरुको भिन्न भिन्न लक्षणहरु हुन्छन् । त्यसरी नै हामी लोभबाट द्वेषमा, चाहनाबाट बेचाहनामा, सोमनस्यबाट दौर्मनस्यमा हुने परिवर्तन पनि देख्न जान्न सक्छौं । वेदना पनि चैतसिक हो । यसलाई पनि हामी अनुभव गर्न सक्तछौं । किनभने वेदना कहिलेकाहीँ प्रवल वा प्रधान हुन्छ । वेदना विभिन्न प्रकारका छन् । हामी हामी अनुभव गर्न सक्तछौं कि दौर्मनस्य वेदना सौमनस्य वा उपेक्षा वेदनाभन्दा एकदमै भिन्न कुरा हो । यसरी यो विभिन्न चैतसिकहरु विभिन्न चित्तहरुका साथै उत्पति हुन्छन् र तत्कालै विरूद्ध हुन्छन् । चित्तका साथै ती पनि पछि लाग्छन् । चित्त र चैतसिकको विचित्रता विषयमा यदि हामीले बढी कुरा थाहा पायौं भने यसले सत्यलाई देख्न वा साक्षात्कार गर्नमा हामीलाई सघाउ पुऱ्याउने छ ।

चित्त र चैतसिक दुवै साथसाथै उत्पति हुने धर्महरु भएकाले तिनीहरुको लक्षणको भिन्नतालाई अनुभव गर्नु निश्चय नै कठीन कुरा हो । बुद्धको प्रज्ञा सर्वोच्च स्तरको भएकै कारणले गर्दा भगवान् बुद्ध सबै चित्त तथा चैतसिकहरुको भिन्न भिन्न लक्षणहरुलाई प्रत्यक्ष रूपमा अनुभव गर्न उहाँ समर्थ हुनुहुन्थ्यो । राजा मिलिन्द सँगको प्रश्नोत्तरको क्रममा भदन्त अरहन्त नागसेनले राजा मिलिन्दलाई यसरी सम्झाउनु भयो :–

“महारज ! भगवान्ले अत्यन्त कठीन काम गर्नु भयो ।”

Downloaded from http://dhamma.digital/

"भन्ते नागसेन ! भागवान्ले अत्यन्त कठीन कार्य के गर्नु भयो ?"

"महाराज ! भगवान्ले बहुत ठीक काम गर्नु भयो जुन कि अरूपी एक आलम्बनमा हुने चित्त-चैतसिक धर्महरुलाई अलग अलग गरेर भन्नु भयो कि यो स्पर्श हो, यो संज्ञा हो, यो चेतना हो, यो चित्त हो" ।

"कृपया मलाई उपमाद्वारा सम्झाउनु होस् ।"

मानौं हे राजन्, एउटा कोही मानिस डुंगामा बसेर कुनै एउटा समुद्रमा जाँदो रहेछ र त्यसले आफ्नो हातमा अलिकति पानी लिएर आफ्नो जिब्रोले पानी चाख्दोरहेछ । के त्यसले यो पानी गंगाजीको हो, यो जमुनाको वा यो अचिरावतीबाट आएको हो भन्ने कुरा छुट्याउन सक्ला ?"

"असम्भव छ, भन्ते ।"

"हे राजन्, एउटा आलम्बनको कारणले उत्पति भएका मानसिक धर्महरुका बीच छुट्याउनु त त्योभन्दा पनि झन् कठीन कुरा छ ।"

चित्त र चैतसिक दुवै परमार्थ धर्म हुन् । ती दुवैको प्रत्येकको आ-आफ्नै लक्षण पनि हुन्छन् । ती लक्षणहरुलाई जेसुकै नामाकरण गरे तापनि तिनीहरुलाई अनुभव गर्न सकिन्छ । दर्शन (हेर्नु) भनेको आँखाद्वारा रंगलाई जान्नु हो । त्यसको लक्षणलाई अनुभव गर्नको निमित्त हामीले त्यसलाई दर्शन भनेरै भन्नु पर्ने केही छैन । परमार्थ धर्महरु केवल शब्दहरु होइनन् । तिनीहरु त वास्तविकताहरु हुन् । सत्यताहरु हुन् । यथा सौमनस्य वा दौर्मनस्य वेदना स्वभाव धर्म हुन् । तिनीहरुलाई "सौमनस्य" वा "दौर्मनस्य" भनी नभनिकनै पनि तिनीहरुको लक्षणलाई अनुभव गर्न सकिन्छ । द्वेषस्वभाव धर्म हो । जब यो उपस्थित हुन्छ यसलाई अनुभव गर्न सकिन्छ ।

मानसिक धर्महरु मात्र होइन भौतिक धर्महरु पनि छन् । भौतिक धर्महरु वा रूप तेस्रो परमार्थ धर्म हो । रूप जम्मा २८ प्रकारका छन् । त्यसमध्ये चारवटा चाहिँ मुख्य रूपहरु हुन् जसलाई पालिमा महाभूत रूप (चतुर्महाभूत) भनिन्छ । तिनीहरु के के हुन् त ?

(१) पृथ्वी धातु अथवा घनत्व । यसलाई कडापन वा नरमपनको रूपमा अनुभव गरिन्छ ।

(२) आप धातु अथवा संयोग । यसले संयोगको कार्य गर्दछ ।

(३) तेज धातु अथवा तापक्रम । यसलाई गर्मी वा ठण्डीको रूपमा अनुभव गरिन्छ ।

(४) वायु धातु अथवा गति । यसलाई गति वा दवावको रूपमा अनुभव गरिन्छ ।

ती महाभूतका तत्वहरु अरु जुनसुकै प्रकारको रूप सँगसँगै उत्पति हुन्छन्, त्यस्ता रूपलाई उपादान रूप भनिन्छ । रूपहरु एक्लै कहिल्यै पनि उत्पति हुँदैनन् । तिनीहरु समूहहरु वा एकाइहरु भएर उत्पति हुन्छन् । रूप उत्पति हुँदा कमसे कम ८ प्रकारका रूप साथसाथै उत्पति हुनु पर्दछ । उदाहरणको लागि जब गति (वायुधातु) को रूपमा रूपको उत्पति हुन्छ, घनत्व, संयोग, तापक्रम

Downloaded from http://dhamma.digital/

अर्थात् पृथ्वी धातु, आपधातु, तेजधातु र अन्य रूपहरु पनि सँगसँगै उत्पति हुनु पर्दछ । उपादान रूप भन्नाले जसको चक्षुन्द्रीय, श्रोतेन्द्रीय, घ्राणेन्द्रीय, जिव्हेन्द्रीय र कायेन्द्रीय जस्ता भौतिक रूप अंगहरु तथा रंग, शब्द, गन्ध तथा रस जस्ता रूपादि गोचरहरु हुन् ।

रूपका भिन्न भिन्न लक्षणहरुलाई आँखा, कान, नाक, जिब्रो, शरीर तथा मनद्वारा अनुभव गर्न सकिन्छ । यसरी अनुभव गर्न सकिने भएकाले यी लक्षणहरु यथार्थ धर्म हुन् । बोलचालमा हामी रूप धातुहरुलाई देह र टेबुल भनी परम्परागत व्यावहारिक शब्दहरु प्रयोग गर्दछौं । ती दुवै रूपमा, जस्तो उदाहरणको लागि भनौं, कडापन (पृथ्वी धातु) को लक्षण विद्यमान छ, जुन लक्षणलाई स्पर्शद्वारा अनुभव गर्न सकिन्छ । यसरी हामी के प्रमाणित गर्न सक्छौं भने चाहे त्यो शरीरमा होस् वा टेबुलमा, घनत्व (पृथ्वी धातु) को लक्षण दुवैमा उही हो । घनत्व (पृथ्वी धुात) परमार्थ धर्म हो तर शरीर र टेबुल परमार्थ धर्म होइनन्, ती त केवल प्रज्ञप्ति (व्यावहारिक नाउँ) मात्र हुन् । परमार्थ धर्मको विषयमा यथार्थतः ज्ञान नभएमा हामी के विचार गर्नेतिर लाग्छौं भने यो शरीर रहिरहन्छ र अनि हामी यसैलाई आत्मा भनी ग्रहण गर्छौं । किन्तु यथार्थ रूपमा हेर्ने हो भने जुन कुरालाई हामी ‘शरीर’ भनी भन्दछौं त्यो त केवल उत्पति हुँदै विनाश भइरहेका विभिन्न रूपहरु मात्र हुन् । “शरीर” भन्ने प्रज्ञप्तिको शब्द व्यवहारले हामीलाई सच्चा स्वभाव धर्मको विषयमा भ्रम पार्ने सम्भावना हुन्छ । रूप देखा पर्नासाथ यसको अनेक लक्षणहरुलाई अनुभव गर्ने कुरा हामीले सिक्यौं भने हामीले वास्तविक सत्य धर्मलाई जान्ने छौं ।

उपयुक्त हेतु भएमा मात्र उत्पत्ति हुने भएकोले चित्त, चैतसिक तथा रूप परमार्थ धर्महरुलाई संस्कृत धर्महरु अर्थात् पालिमा संखारधम्म भनिन्छ । जस्तो उदाहरणको लागि भन्ने हो भने चक्षुन्द्रीय नभएको खण्डामा वा रंग नभएको खण्डमा दर्शन उत्पति हुन सक्तैन । जब हामी आँखा बन्द गर्दछौं तब हामी केही देख्दैनौं । त्यस्तै जब पृथ्वी धातु दुई रूपहरु एक अर्काको सम्पर्कमा आउँछन् तब मात्र शब्दको उत्पति हुन सक्छ । यसरी जब हेतुहरु हुन्छन् यसको उत्पति हुन्छ र पुनः यसको विनाश भएर जान्छ वा निरोध हुन्छ । हेतुहरुको कारण जे जति पनि यहाँ उत्पनि हुन्छन् ती सबै वस्तुहरुलाई हेतुको निरोध हुनासाथ पुनः निरूद्ध हुनै पर्दछ । कसै कसैको विचार यस्तो पनि हुन सक्छ कि शब्द त रही नै रहन्छ । तर जुन कुरालाई धेरै समयसम्म रहिरहेको शब्द भनी हामी भन्ठान्दछौं त्यो वास्तवमा एक पछि अर्को जोडिँदै सन्ततिबद्ध हुँदै उत्पति हुने अनेकन् भिन्न भन्न रूपहरु हुन् ।

चारौं परमार्थ धर्म चाहिँ निर्वाण हो । यो वास्तविक स्वभाव धर्म हुनाले निर्वाण परमार्थ धर्म हो । निर्वाण क्लेशहरुको अन्त्य हो जहाँ क्लेशहरुलाई अन्त गर्ने उपाय छ, त्यहाँ क्लेशकै अन्त पनि अवश्य हुनु पर्दछ । संसारमा विद्यमान रहेका धर्महरुलाई यथार्थ रूपमा हेर्न देख्न सक्ने प्रज्ञाको विकासको बाटोमा लैजाने आर्य मार्गको अनुसरण अनुगमन गर्ने हो भने मनोद्वार मार्फत् निर्वाणलाई साक्षात्कार गर्न सकिन्छ । निर्वाण भनेको रूप धातु होइन, यो नाम धातु स्वभाव हो । तर यो हेतुको कारणले उत्पति भएर निरोध हुने चित्त चैतसिक जस्तो परमार्थ धर्म होइन । जे जति पनि उत्पति र विनाश हुन्छ त्यसको अन्त नै निर्वाण हो । उत्पति र विनाशको स्वभावदेखि सर्वथा भिन्न रहेको नाम धातु नै निर्वाण हो । यो यस्तो नाम हो जुन असंस्कृत धर्म हो । पालिमा यसलाई बिसंखार धम्म भनिन्छ । यो असंस्कृत हो । त्यसैले यसको उत्पति हुँदैन । तसर्थ यसको निरोध पनि हुँदैन । चित्त

Downloaded from http://dhamma.digital/

तथा चैतसिकहरु आलम्बनलाई अनुभव गर्ने वा भोग गर्ने नाम धातुहरु हुन् । निर्वाण यस्तो नाम धातु स्वभाव हो जसले कुनै आलम्बनलाई अनुभव गर्दैन । बरू यसलाई अनुभव गर्ने चित्त तथा चैतसिकको आलम्बन नै निर्वाण हुन सक्छ, रहन सक्छ ।

सारांश भन्ने हो भने,

गोचरहरुको चिन्तन, मनन, जानन गवेषण गर्नेवाला चित्त,

एकोत्पत्यादि चार लक्षणबाट सम्पूर्णबाट सम्पूर्णवाला चैतसिक,

परिवर्तन स्वभाववाला रूप र

रागाग्नि इत्यादि ११ अग्निहरुबाट शान्तवाला निर्वाण-यी ४ अविपरीत श्रेष्ठ स्वभाव हुनाको कारणले, परमत्थ धम्म अर्थात् परमार्थ धर्महरु हुन् । तीमध्ये चित्त, चैतसिक तथा रूप हेतुको कारण उत्पति र निरोध हुने संखार धम्म अर्थात् संस्कृत धर्महरु हुन् । उत्पति विनाशको स्वभाव धर्मदेखि अलग्ग रहेको निर्वाण एक मात्र विसंखार धम्म वा असंस्कृत धर्म हो ।

हामीले धर्मको अध्ययन गर्दा कुन धातु स्वभाव कुनचाहिँ परमार्थ धर्म हो भन्ने कुरा जान्नु आवश्यक छ । हामीले यसरी थाहा पाएनौं भने प्रज्ञप्तिको व्यवहारहरुले हामीलाई भ्रम पार्ने सम्भावना रहने छ । जस्तो उदाहरणको लागि भनौं, हामी जुन कुरालाई “शरीर” भनी भन्दछौं, त्यो रूप परमार्थ धर्म हो, चित्त वा चैतसिक होइन भन्ने कुरा हामीले थाहा पाउनु पर्दछ । त्यसरी नै निर्वाण चित्त वा चैतसिक होइन, चौथो परमार्थ धर्म हो भन्ने कुरा हामीलाई थाहा हुनु पर्दछ । संक्षेपमा भन्दा सम्पूर्ण संस्कृत धर्महरुको उत्पति र विनाशको निरोध नै निर्वाण हो ।

### मनन गर्न योग्य केही प्रश्नहरु

१. नाम र रूप बीचमा के भिन्नता छ ?

२. चित्त र चैतसिकको बीचमा के फरक छ ?

३. के चैतसिकहरु आलम्बनलाई अनुभव गर्दछन् ?

४. के चित्तको साथै एकभन्दा बढी चैतसिकहरु उत्पति हुन्छन् ?

Downloaded from http://dhamma.digital/

परिच्छेद–२

# पंच स्कन्धहरू

भगवान् बुद्धले सम्पूर्ण सत्य पत्ता लगाउनु भयो । उहाँले स्वयं आफ्नै अनुभवद्वारा प्रत्येक धर्मको लक्षण जान्नु भयो । सर्वसाधारण प्राणीहरुप्रति उहाँको असीम करूणा भएकोले उहाँले वास्तविक स्वभाव धर्मलाई धेरै भिन्न भिन्न तरीकाबाट हेर्ने कुरा अरु लोकजनलाई उपदेश गर्नु भयो, ताकि आफूभित्र तथा आफ्ना वरिपरि चारैतिरका धर्महरु विषयमा गहिरो समभ्रुदारी वा ज्ञान उनीहरुमा रहोस् । संसारका वास्तविक स्वभाव धर्महरुलाई परमार्थ धर्महरुको वर्गीकरण गर्दा तिनीहरुलाई निम्न बमोजिम वर्गीकरण गरिन्छ :–

चित्त, चैतसिक, रूप तथा निर्वाण ।

तीमध्ये चित्त, चैतसिक तथा रूप चाहिँ हेतुहरुको कारण उत्पति र निरोध हुने संस्कृत धर्महरु हुन् । तसर्थ ती अनित्य छन् । उत्पति र निरोधको धर्मबाट सर्वथा विमुक्त रहेको एक मात्र परमार्थ धर्म हो निर्वाण । यस विषयमा अघि विस्तृत रूपमा चर्चा गरिसकेको छ ।

यहाँ हामी चित्त, चैतसिक तथा रूप जस्ता संस्कृत धर्महरुलाई पंचस्कन्धको रूपबाट वर्गीकरण गर्ने कुराको चर्चा गर्ने छौं । स्कन्धको अर्थ हो समूह वा समुदाय । स्कन्धको रूपमा जे जति कुरालाई विभाजित वा वर्गीकृत गरिन्छ ती हेतुहरुको कारणले उत्पति हुन्छन् र पुनः निरूद्ध हुन्छन् । पंच स्कन्धहरु भन्नु संस्कृत धर्महरुको रूपमा रहेका चित्त, चैतसिक तथा रूप – यी तीन परमार्थ धर्महरुदेखि भिन्न कुरा होइन । अर्थात् धर्महरुलाई अनेक तरीकाबाट वर्गीकरण गर्न सकिन्छ र यसरी भिन्न भिन्न तरीकाले वर्गीकरण गर्दा ती धर्महरुलाई भिन्न भिन्न नाउँहरुसम्म दिइने कुरा हो । सम्पूर्ण ससंस्कृत नामहरु तथा रूपहरुलाई पाँच स्कन्धहरुको रूपमा वर्गीकरण गर्न सकिन्छ, यथा

१) रूप स्कन्ध–सम्पूर्ण रूपादि भौतिक धर्महरु नै रूप स्कन्ध हुन् ।

२) वेदना स्कन्ध–वेदना जति वेदना स्कन्ध हो ।

३) संज्ञा स्कन्ध–यसले सम्पूर्ण संज्ञालाई जनाउँछ ।

४) संस्कार स्कन्ध–यसको चित्तको साथै उत्पति हुने मानसिक धर्महर जस्तै ५० चैतसिकहरु समाविष्ट हुन्छन् ।

५) विज्ञान स्कन्ध–यसमा ८९ वा १२१ प्रकारका सबै चित्तहरु समावेश हुन्छन् ।

चित्तको साथै उत्पति हुने ५२ चैतसिकहरुको जहाँसम्म कुरा छ, तिनीहरुलाई तीन स्कन्धहरुको रूपमा वर्गीकरण गरिन्छ । यथा, वेदना चैतसिकलाई वेदना स्कन्धमा, संज्ञा चैतसिकलाई संज्ञा स्कन्धमा र बाँकी रहेका ५० चैतसिकहरु सबैलाई संस्कार स्कन्धको रूपमा एउटै स्कन्धमा

Downloaded from http://dhamma.digital/

वर्गीकरण गरिन्छ । उदाहरणार्थ, संस्कार स्कन्ध अन्तर्गत निम्न चैतसिकहरु समावेश हुन्छन् :- चेतना (= आशय), लोभ (=अनुराग), द्वेष (= घृणा वा दोष), मोह (=अविद्या वा अज्ञानता), मैत्री ( =प्रेमसहितको दयालुपन), अलोभ (=उदारता वा त्याग), र प्रज्ञा (=बुद्धि) । संस्कार स्कन्धलाई कहिलेकाहिँ "गतिविधि" वा "मानसिक रचना वा आकृतिहरु" भनेर पनि अनुवाद गरिन्छ ।

जहाँसम्म चित्तको प्रश्न छ, सम्पूर्ण चित्तहरुको एउटै स्कन्ध छ, त्यो हो विज्ञान स्कन्ध । विञ्ञाण, मन वा चित्त भन्ने पालि शब्दहरुले एउटै स्वभाव धर्मलाई जनाउँछ–केही कुरालाई थाहा पाउने वा जान्ने नै त्यसको लक्षण हो । जब चित्तलाई स्कन्धको रूपमा वर्गीकरण गरिन्छ अनि यसको निमित्त विज्ञान भन्ने शब्द प्रयुक्त हुन्छ । यसरी पंच स्कन्धहरुमध्ये एउटा स्कन्ध रूप स्कन्ध हो र अन्य चार स्कन्धहरु नाम स्कन्धहरु हुन् । त्यसमा पनि तीन नाम स्कन्धहरु चेतसिक हुन् र एउटा नाम स्कन्ध चित्त हो ।

कुनै पनि स्कन्ध भनिने कुरा नित्य होइन । यो उत्पति हुनासाथ पुनः लोप वा निरोध हुन्छ । स्कन्धहरु यसरी उत्पति र निरोध हुने भए तापनि ती वास्तविक धर्महर हुन् । तिनीहरु उपस्थित हुनासाथ हामी तिं धर्महरुलाई अनुभव गर्न सक्तछौं । किन्तु निर्वाण भने कुनै स्कन्ध होइन, यो स्कन्धविहीन छ । तसर्थ पालिमा यसलाई खन्धविमुत्ति भनिन्छ ।

विशुद्धि मार्गको परिच्छेद २० को प्रकरण ९६ मा नाम तथा रूपको उत्पति र निरोध बारेमा यसरी व्याख्या गरिएको पाइन्छ :–

"नाम-रूपको उत्पति हुनुभन्दा अगाडि यस्ता अनुत्पन्न नाम रूपको कुनै संचय वा राखि भन्ने कुरा छैन । उत्पन्न हुने नाम रूप पनि राशि वा संचयबाट आउने होइनन् । त्यस्तै निरूद्ध हुने नाम-रूप पनि कुनै पनि दिशा विदिशामा जाने होइनन् । न त निरूद्ध भएपछि एउटा कुनै ठाउँमा राशि, संचय वा भण्डार वा निधानको रूपमा स्थिर नै हुन्छन् । परन्तु जस्तो वीणा बजाउँदा उत्पन्न हुने शब्दको उत्पति हनुभन्दा पहिले कुनै संचय भन्ने हुँदैन, न त त्यो शब्द उत्पन्न हुँदा कुनै संचयबाट नै आउँछ, न त्यो शब्द निरूद्ध हुँदा कुने दिशा विदिशामा जान्छ र न निरूद्ध भइसकेपछि नै कतै त्यो शब्द संचित भएर रहिरहन्छ । प्रत्युत वीणा, उपवीणा (अर्थात् वीणाको घाँटी र पुरुषको उपयुक्त प्रयासद्वारा केही नभएर पनि त्यो शब्द उत्पन्न हुन्छ र उत्पन्न भइसकेपछि त्यसै नाश भएर जान्छ, ठीक त्यसरी नै सम्पूर्ण रूप तथा अरूप धर्महरु अर्थात् रूप तथा नाम धातुहरु पनि केही नभएर उत्पन्न हुन्छन् र उत्पति भइसकेपछि निरूद्ध भएर जान्छन् ।"

ती स्कन्धहरु वास्तविक हुन् । तिनीहरुलाई हामी अनुभव गर्न सक्छौं । जस्तो उदाहरणको लागि भनौं हामीले कडापन (पृथ्वी धातु) महशूस गर्दा हामी रूप स्कन्धको अनुभव गर्दछौं । यो धर्म रहिरहन्न । यो उत्पति भएर विनाश हुन्छ । तसर्थ रूप स्कन्ध अनित्य हो । शरीरका रूपहरु मात्र होइनन्, अरु पनि रूपादि भौतिक धर्महरु जति छन् ती सबै रूप स्कन्ध हुन् । जस्तो शब्द रूप स्कन्ध हो । यो उत्पति र विनाश हुन्छ । यो अनित्य छ ।

Downloaded from http://dhamma.digital/

वेदना स्कन्ध पनि सत्य छन् । वेदनाहरुलाई पनि हामी अनुभव गर्न सक्छौं । वेदना स्कन्ध अन्तर्गत सबै प्रकारका वेदनाहरु समावेश हुन्छन् । वेदनालाई अनेक प्रकारले वर्गीकरण गर्न सकिन्छ । कहिलेकाहीँ वेदनालाई तीन प्रकारले वर्गीकरण गरिन्छ :–

सौमनस्य (वेदना)

दौर्मनस्य (वेदना)

उपेक्षा (नसुख नदु:ख वेदना)

कहिलेकाहीँ वेदनाहरुको ५ भेद गरिन्छ । सौमनस्य, दौर्मनस्य र उपेक्षा वेदनामाथि यसरी निम्न दुई वेदना थप गरिन्छन् :–

शारीरिक सुख वेदना र शारीरिक दु:ख वेदना, जसलाई अलग्गै वर्गीकरण गरिन्छ ।

शारीरिक वेदना भनेको त्यस्तो वेदना हो जसको हेतुको रूपमा काया-इन्द्रीय रहेको हुन्छ । वेदना आफैं भने नाम हो तर यसको हेतुको रूपमा रूप (काया-इन्द्रीय) रहेको छ । जब कुनै एउटा आलम्बनले काया-इन्द्रीयलाई स्पर्श गर्दछ त्यसबेला शारीरिक वेदना जो हुन्छ त्यो कि त सुख हुन्छ कि दु:ख । उपेक्षा शारीरिक वेदना भन्ने हुँदैन । जब शारीरिक वेदना दु:खकर हुन्छ यो अकुशल विपाक (अकुशल कर्मको फल) हो र जब शारीरिक वेदना सुखकर हुन्छ यो कुशल विपाक (कुशल कर्मको फल) हो ।

उत्पति हुँदै निरूद्ध भइरहने वेदनाको अनेकन भिन्न भिन्न घडीहरु (क्षणहरु) हुने भएकोले उक अर्काबाट ती घडीहरुलाई छुट्याउनु बडो कठीन हुन्छ । जस्तो उदाहरणको लागि भनौं विपाकको रूपमा रहेको शारीरिक सुख वेदनासँग त्यो वेदना प्रतिको अनुराग जो पछि तुरून्त नै उत्पति हुन सक्छ ती दुईका बीचमा हामी अलमलिन सक्छौं । अथवा हामी शारीरिक दु:ख (कष्ट) र त्यसपछि तत्कालै उत्पति हुने द्वेष भावमा अलमलिन सक्छौं । जब हामीलाई शारीरिक कष्ट हुन्छ त्यो कष्टपूर्ण वेदना विपाक हो । यो विपाक चित्तको साथसाथै उत्पति हुन्छ । यसको निमित्त हेतुको रूपमा शरीर माथिको प्रभाव हुनु जरूरी छ । त्यसपछि तुरून्तै दौर्मनस्य भाव उत्पति हुन सक्छ । यो विपाक होइन तर यो मानसिक वेदना अकुशल चित्तको साथ साथै उत्पति हुन्छ । मानसिक दौर्मनस्य वेदना हाम्रो संचित द्वेषको कारणले गर्दा उत्पति हुन्छ । हुन त शारीरिक वेदना र मानसिक वेदना दुवै नाम धर्म हुन् । तथापि, तिनीहरु भिन्न भिन्न हेतुहरुको कारण उत्पति हुने एकदमै भिन्न प्रकारका वेदनाहरु हुन् । द्वेषको निमित्त आवश्यक हेतुहरु समाप्त भइसकेको अवस्थामा पनि शारीरिक दु:ख वेदना भने रहिरहन सक्छ तर त्यस अवस्थामा दौर्मनस्य वेदना भने हुन्न । अरहन्तमा पनि पंच स्कन्धको मानसिक देह बाँकी रहेसम्म अझै अकुशल विपाक रहिरहन सक्छ तर अरहन्तमा द्वेष हुँदैन । संयुक्त निकाय, सगाथा वर्ग, मार संयुक्त, भाग २ संकलित सुत्तमा यसरी लेखिएको हामी पढ्छौं :–

"मैले यस्तो सुनेको छु । एक समय भगवान् राजगृहमा मद्रकुक्षि मृगदावमा विहार गरिरहनु भएको थियो । त्यसबेलामा भगवान्को गोडामा पत्थरद्वारा चोट लागेको थियो । भगवान्लाई बृहत्

Downloaded from http://dhamma.digital/

तीव्र, दुःखद्, कठोर-कटुक-अ-सात-अ-मनाप शारीरिक वेदना त हुन्थ्यो । तर त्यो वेदनालाई भगवान्ले विना शोक गरिकन, स्मृति-संप्रजन्य र संप्रज्ञ भएर रहनु भयो । ..."

छ वटा द्वारहरु मार्फत् अनुभव गरिने आलम्बनहरुको आधारमा वेदनालाई वर्गीकरण गर्ने भए वेदना ६ प्रकारका हुन्छन् । आँखा, कान, नाक, जिब्रो, देह र मनद्वारा जे जति पनि अनुभव गरिन्छन् त्यसको आधारमा वेदनाको उत्पति हुन्छ । भिन्न भिन्न हेतुहरुको कारणबाट उत्पति हुने ती सबै वेदनाहरु फरक फरक नै हुन्छन् । वेदना जुन चित्तसँगै उत्पति भएको हुन्छ त्यही चित्तसँगै निरोध पनि हुन्छ । यसरी प्रत्येक क्षण वेदना भिन्न भिन्न हुन्छ ।

संयुक्त निकाय, पलायतन वर्ग, परिच्छेद २, वेदना संयुक्त भाग १, दुतिय गेलञ्ज सुत्तमा हामी पढ्छौं जहाँ भगवान् बुद्ध भिक्षुहरुलाई सम्बोधन गर्नु हुन्छ :–

"भिक्षुहरु ! भिक्षुले स्मृतिमान् र संप्रज्ञ भएर आफ्नो समयको प्रतीक्षा गर्नु पर्छ । यही मेरो शिक्षा हो ।"

भिक्षुहरु ! यसरी विहार गर्ने भिक्षुलाई सुख वेदनाहरु उत्पन्न हुन्छन् । उसले थाहा पाउँछ– मलाई यो सुख वेदना उत्पन्न भइरहेको छ । त्यो कुनै प्रत्यय (अर्थात् कारण) ले गर्दा हुन्छ, बिना प्रत्ययले होइन । कुन चाहिँ प्रत्ययले गर्दा त ? यही स्पर्शको प्रत्ययले गर्दा हो । यो स्पर्श अनित्य, संस्कृत (अर्थात् बनिएको), कुनै प्रत्ययले गर्दा नै उत्पन्न भएको छ । अनित्य र संस्कृत स्पर्शको प्रत्ययले उत्पन्न भएको सुखको वेदना कसरी नित्य हुन्छ र ? अतः त्यो भिक्षु स्पर्शमा र सुख वेदनामा अनित्य बुद्धि राख्दछ, यिनीहरु विनाश हुने खालका हुन्–यसरी सम्झन्छ । यिनीहरुको प्रति रागरहित हुन्छ । यिनीहरु निरूद्ध भएर जाने खालका हुन्-यसरी उसले सम्झने हुन्छ । यसरी विहार गर्नाले उसमा स्पर्श र सुख वेदनामा जुन राग हुन्छ त्यो प्रहीण भएर जान्छ ।

भिक्षुहरु ! यसरी विहार गर्ने भिक्षुलाई दुःख वेदनाहरु उत्पन्न हुन्छन् । उसलाई थाहा हुन्छ– मलाई यो दुःखको वेदना उत्पन्न भइरहेको छ । त्यो केही प्रत्ययले गर्दा हुन्छ ... । अतः त्यो भिक्षु स्पर्शमा र दुःख वेदनामा अनित्य-बुद्धि राख्दछ ... । यस प्रकारले विहार गर्नाले त्यस भिक्षुमा स्पर्श र दुःख वेदनामा जुन खिन्नता हुन्छ, त्यो प्रहीण भएर जान्छ ।

भिक्षुहरु ! यस किसिमले विहार गर्ने भिक्षुलाई अ-दुःखअ-सुख वेदनाहरु उत्पन्न हुन्छन् ।... त्यसैले त्यस भिक्षुले स्पर्शमा र अ-दुःख अ-सुख वेदनाहरुमा अनित्य-बुद्धि राख्दछ ।... यस किसिमले विहार गर्नाले त्यस भिक्षुमा स्पर्श र अ-दुःख-अ-सुख वेदनामा जो अविद्या हुन्छ त्यो प्रहीण भएर जान्छ ।..."

वेदनाहरुलाई वर्गीकरण गर्ने अझ अरु पनि धेरै तरीकाहरु छन् । हामीले वेदनाहरुलाई वर्गीकरण गर्ने विभिन्न तरीकाहरु बारेमा जान्यौं भने वेदना भनेको हेतुद्वारा उत्पति हुने एउटा मानसिक धर्म मात्र हो भन्ने कुरा बुझ्न हामीलाई मद्दत मिल्नेछ । फेरि आँखा, कान, नाक, जिब्रो, देह र मनद्वारा देखा पर्ने वर्तमान घडीको धर्म स्वभावको विषयमा जाग्रत रहनुको बदलामा उत्पति भएर पनि निरूद्ध भइसकेको वेदनाप्रति नै आशक्त भएर रहने प्रवृत्ति हामीमा रहन्छ । यसो हुनाको कारण के हो भने

Downloaded from http://dhamma.digital/

सामान्य ज्ञानले हामी क्षण क्षण उत्पति हुँदै उत्पति -स्थिति भङ्गको विद्युत गतिभन्दा बढी शीघ्रगतिको लयमा निरूद्ध हुँदै गरेका चित्त चैतसिकहरु र वेदनाहरुलाई बुझ्दैनौं, बुझ्न सक्तैनौं । यसअघि माथि उद्धरण गरिएको विशुद्धि मार्गको प्रकरणमा उल्लेख गरिए झैं नाम-रूपलाई वीणाको त्यस्तो शब्दसँग तुलना गरिएको छ जुन शब्द उत्पन्न हुँदा न कुनै संचयबाट आउँछ, न निरोध हुँदा त्यो शब्द कुनै दिशाविदिशामा नै जान्छ, न त निरूद्ध भइसकेपछि नै कतै त्यो शब्द संचित भएर रहिरहन्छ । तथापि हामी वेदनाहरुप्रति यति आशक्त भएर टाँस्सिएर रहन्छौं । कि हामी यो कुरा महशूस गर्दैनौं कि उत्पति भएर निरूद्ध भइसकेको वेदनाको अब कुनै अस्तित्व नै बाँकी छैन, त्यो त पूर्ण रूपमा समाप्त भइसकेको छ । वेदना स्कन्ध अनित्य हो । स्मृति रहेको खण्डमा हामी थाहा पाउन सक्छौं कि वेदना निरूद्ध भइसकेपछिको घडीमा वर्तमान क्षणमा त अर्कै धर्मको उत्पति भइसकेको रहेछ ।

संज्ञा (मन वा इन्द्रियले ग्रहण गर्ने कार्य) वा संज्ञास्कन्ध पनि सत्य हो । जुनसुकै बेलामा हामीले केही कुराको सम्झना गर्दाखेरी हामी यसलाई अनुभव गर्न सक्छौं । चित्तको प्रत्येक क्षणमा संज्ञा पनि हुन्छ उत्पनि हुने प्रत्येक चित्तले एउटा आलम्ब्नलाई अनुभव गर्दछ र त्यो चित्त साथै उत्पति हुने संज्ञाले पछि पनि सम्झन सकिने गरी त्यस आलम्बनलाई अंकित गर्दछ वा सम्झिराखेको हुन्छ । त्यस्तो घडीमा पनि जुन घडीमा हामी केही कुराको पनि पहिचान गरेका हुन्नौं चित्तले त्यस क्षणमा पनि कुनै आलम्बनलाई भोगेकै हुन्छ र त्यस चित्तको साथै उत्पति भएको संज्ञाले पनि त्यस आलम्बनलाई अंकित गर्दछ । चित्तको सँगसँगै संज्ञा पनि उत्पति भएर निरूद्ध हुने भएकोले संज्ञा अनित्य छ । उत्पति हुनासाथै निरूद्ध हुने संज्ञा एक मानसिक स्वभाव धर्म हो भनी संज्ञालाई यथार्थ रूपमा नजाने नबुझेसम्म हामीले संज्ञालाई आत्म भनी ग्रहण गर्ने हुन्छौं ।

संज्ञा र वेदनादेखि बाहेकका सम्पूर्ण चैतसिकहरु भएको संस्कार स्कन्ध पनि सत्य छ । यसलाई पनि अनुभव गर्न सकिन्छ । हामीमा मैत्री र करूणा जस्ता शोभन चैतसिकहरु विद्यमान रहँदा वा द्वेष मात्सर्य जस्ता अकुशल चैतसिकहरु विद्यमान रहँदा हामी संस्कार स्कन्धलाई जान्न बुझ्न अनुभव गर्न सक्छौं । सम्पूर्ण यी धर्महरु उत्पति भएर निरूद्ध हुने हुँदा संस्कार स्कन्ध पनि अनित्य छ ।

त्यसै विज्ञान स्कन्ध पनि सत्य छ । हामी यस चित्तलाई दर्शन, श्रवण, घ्राण, रसास्वादन, संस्पर्श वा चिन्तन हुँदा वखत अनुभव गर्न सक्तछौं । विज्ञान स्कन्ध (चित्त) पनि उत्पति भएर निरूद्ध हुने हुँदा यो पनि अनित्य छ । यसरी सम्पूर्ण संखत धम्म अर्थात् ससंस्कृत धर्महरु, मतलब पंचस्कन्धहरु अनित्य हुन् ।

कहिलेकाहीँ स्कन्धहरुलाई तृष्णाका समूहहरु अथवा उपादान स्कन्ध भनिन्छ । अझै पनि तृष्णाको आलम्बनको रूपमा रहेका स्कन्धहरु जति छन् । तिनैलाई उपादान स्कन्ध भनिने हो । अरहन्त नभएका व्यक्तिहरुको निम्ति स्कन्धहरु अझै उपादान स्कन्धहरु हुन्छन् । हामी देहलाई आत्मा भनी ठान्दछौं र यसरी हामी रूप स्कन्धमा आशक्त हुन्छौं । हामी चित्त प्रवृत्ति वा मानसिक शक्तिलाई आत्माको रूपमा ग्रहण गर्दछौं र यसरी हामी वेदना स्कन्ध, संज्ञा स्कन्ध, संस्कार स्कन्ध र विज्ञान स्कन्धप्रति अनुरक्त हुन्छौं । स्कन्धहरुलाई यथार्थ रूपमा नजाने नबुझेसम्म र ती स्कन्धहरुमै

Downloaded from http://dhamma.digital/

टाँसिएर हामी रहेसम्म हामीलाई दुःख भइरहने छ । स्कन्धहरु हाम्रा लागि जबसम्म तृष्णाका आलम्बनहरु अर्थात् उपादान स्कन्धहरु हुन्छन्, हामी रोगबाट पीडित व्यक्तिहरु जस्तै मात्र हुन्छौं ।

हामी संयुक्त निकाय (खन्ध वर्ग, खन्ध संयुक्त, भाग १, नकुलपितासुत्त) मा पढ्छौं :–

एक समय भगवान् भर्ग देशमा सुंसुमार गिरिको भेस-कला-वन मृगदावमा विहार गरिरहनु भएको थियो ।

त्यस बखत एक जीर्ण र वृद्ध गृहपति नकुलपिता जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ आएर एक छेउमा बसे । भगवान् बुद्धले उसलाई धर्मोपदेश गर्दै भन्नु भयो- "गृहपति ! ... तिमीले यसरी सिक्नु पर्छ– "मेरो शरीर बिमारी (आतुर) भए पनि मेरो चित्त बिरामी (आतुर) हुने छैन ।" त्यसपछि जिन भाषित वचनहरुको विशेष व्याख्यान गर्दै सारिपुत्रले गृहपतिलाई सम्झाउनु भयोः–

"गृहपति ! शरीर बिरामी (जीर्ण) भएपछि चित्त पनि बिरामी (जीर्ण) कसरी हुन्छ ? गृहपति ! कोही पृथक्जन, अविद्वान्, आर्यहरुलाई नदेख्ने, आर्य धर्मलाई नजान्ने, आर्य धर्ममा विनीत नभएका, सत्पुरुषहरुलाई नदेख्ने, सत्पुरुषहरुको धर्म नजान्ने, सत्पुरुषहरुको धर्ममा विनीत नभएका, व्यक्ति रूपलाई आत्मभाव (आफ्नोपना) को दृष्टिले हेर्दछ, अथवा रूपवान्लाई आफ्नो वा आफूमा रूपलाई वा रूपमा आफूलाई हेर्दछ । म रूप हुँ, मेरो रूप हो भन्ने मनमा ल्याउँछ । त्यस व्यक्ति जुन रूपलाई आफूमा र आफ्नो भन्ने सम्झन्छ त्यस रूप विपरिणत हुन्छ, बदलेर जान्छ । त्यस रूपको विपरिणत र अन्यथा भएर गएबाट त्यस व्यक्तिलाई शोक, रूनु-कराउनु, दुःख, दौर्मनस्य र उपायास हुन्छ ।

वेदनालाई आफ्नोपन (आत्मभाव) को दृष्टिले हेर्दछ ... ।

संज्ञाहरु ..., संस्कारहरु ..., विज्ञानलाई आफ्नोपनको दृष्टिले हेर्दछ ... (संज्ञा, संस्कार जस्तै) त्यस विज्ञानलाई विपरिणत र अन्यथा भएर गएपछि उसलाई शोक परिदेव (रूनु-कराउनु) दुःख, दौर्मनस्य र उपायास हुन्छ । गृहपति ! यसरी बिरामी भएपछि चित्त बिरामी (आतुर) भएर जान्छ । गृहपति ! शरीर जीर्ण भएपछि चित्त आतुर कसरी हुन्न त ?

गृहपति ! कोही विद्वान् अभिश्रावक, आर्यहलाई देख्ने, आर्यहरुको धर्मलाई जान्ने, आर्यहरुको धर्ममा सुविनीत ... सत्पुरुषहरुको धर्ममा सुविनीत हुन्छन् । त्यस्तो व्यक्तिले रूपलाई आफ्नोपन ( आत्मभाव) को दृष्टिले हेर्दैन ... वेदनालाई... संज्ञालाई...संस्कारलाई...विज्ञानलाई आत्मभावको दृष्टिले हेर्दैन । त्यसैले रूप, वेदना, संज्ञा, संस्कार, वेदना इत्यादिको विपरिणत र अन्यथा भएर गएमा पनि त्यस व्यक्तिलाई शोक, परिदेव (रूने-कराउने) दुःख दौर्मनस्य र उपायासादि हुँदैन ।

गृहपति ! यसरी जीर्ण भए पनि चित्त जीर्ण हुँदैन ।..."

जबसम्म हामीहरु स्कन्धहरुप्रति अनुरक्त भई टाँस्सिएका हुन्छौं तबसम्म हामी बिरामी मान्छेहरु जस्तै हुन्छौं । स्कन्धहरुलाई यथार्थ रूपमा जान्ने हो भने हामी हाम्रो बिमारीबाट निको हुन सक्छौं । स्कन्धहर अनित्य हुँदा दुःख हुन् । तिनीहरु साँच्चिकै सुख होइनन् । संयुक्त निकाय (खन्ध

Downloaded from http://dhamma.digital/

वर्ग चूल पण्णासक, अन्त वर्ग, दुःखसुत्त) मा भिक्षुगणलाई भगवान् बुद्धले चतुरार्य्य सत्यको बारेमा दिनु भएको उपदेश पढ्छौं । उहाँले भन्नुभयो :–

“भिक्षुहरु ! म तिमीहरुलाई दुःख, दुःख समुदय, दुःख निरोध तथा दुःख निरोध गामिनी प्रतिपदा मार्ग सम्बन्धमा उपदेश दिन्छु । राम्ररी ध्यान दिएर सुन ।

“भिक्षुहरु ! दुःख के हो ? पंच उपादान स्कन्ध दुःख हो । के के पाँच ? रूप उपादान स्कन्ध, वेदना उपादान स्कन्ध, संज्ञा उपादान स्कन्ध, संस्कार उपादान स्कन्ध र विज्ञान उपादान स्कन्ध । भिक्षुहरु यही पंच उपादान स्कन्धलाई दुःख भनिन्छ ।

के हो, भिक्षुहरु ! दुःख समुदय ? यो त्यही तृष्णा हो जसले पुनर्जन्मतिर लैजान्छ ...काम-तृष्णा,... भव-तृष्णा,... विभव-तृष्णातिर लिएर जान्छ... । यसैलाई भिक्षुहरु ! दुःख समुदय भनिन्छ ।

के हो, भिक्षुहरु ! दुःख निरोध ? त्यही तृष्णाबाट सर्वथा वैराग्य, त्यस तृष्णाको सर्वथा निरोध, त्याग, प्रतिनिस्सर्ग, मुक्ति, अन-आलय नै दुःख निरोध हो । यसैलाई भिक्षुहरु, दुःख निरोध भनिन्छ । अनि भिक्षुहरु ! दुःख निरोध गामिनी प्रतिपद् के हो ? त्यो यही आर्याष्टाङ्गिक मार्ग हो । ...यही दुःख निरोध गामिनी प्रतिपद् (मार्ग) हो ।”

जबसम्म स्कन्धहरु प्रतिको उपादान रहिरहन्छ तबसम्म पुनर्जन्ममा स्कन्धहरुको उत्पति रहिरहने छ र यसको मतलब हो दुःख । हामीले अष्टाङ्गिक मार्गलाई अभ्यास गर्‍यौं भने स्कन्धहरु यथार्थमा के हुन् भन्ने कुरा जान्न बुझ्न हामीले सिक्नेछौं । अनि मात्र हामी दुःख निरोध गामिनी प्रतिपद्मा रहन्छौं र त्यसको अर्थ हो जाति, जरा, व्याधि र मृत्युको अन्त्य । सम्बोधिको अन्तिम चरण जुन अरहन्तको अवस्था हो, सो चरणसम्मलाई प्राप्त गरिसकेकाहरु आफ्नो वर्तमान जीवन अवधि सकिएपछि स्कन्धहरुबाट सर्वथा मुक्त हुन्छ ।

## मनन गर्न योग्य प्रश्नहरु

१) नाम धातु कुन कुन परमार्थ धर्महरुमा आउँछन् ?

२) ससंस्कृत धर्महरु कुन कुन परमार्थ धर्महरु हुन् ?

३) असंखत धम्म वा असंस्कृत धर्म कुन चाहिँ परमार्थ धर्म हो ?

४) कुन कुन ससंस्कृत धर्महरु नाम धातु हुन् ?

५) के सबै चैतसिकहरु संस्कार स्कन्ध हुन् ?

६) के वेदना चैतसिक स्कन्ध हो ?

७) के संज्ञा चैतसिक स्कन्ध हो ?

८) के शारीरि दुःख वेदना विपाक हो ?

Downloaded from http://dhamma.digital/

९) के मानसिक दुःख वेदना (दौर्मनस्य) विपाक हो ?

१०) कुन कुन स्कन्ध नाम हुन् ?

११) के चक्षु विज्ञान स्कन्ध हो ?

१२) के "पुद्गल" भन्ने प्रज्ञप्ति पनि स्कन्ध हो ?

१३) के शब्द स्कन्ध हो ?

१४) स्कन्ध कुन कुन परमार्थ धर्महर हुन् ?

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**परिच्छेद–३**

# चित्तका अनेक पक्षहरू

भगवान् बुद्धले यस जगतमा जति पनि सत्य धर्म छन् ती सबैको विषयमा उपदेश दिनु भयो । उहाँले उपदेश दिनु भएको धर्मलाई हामीले आ-आफ्नो अनुभवबाट सिद्ध गर्न सक्छौं । तथापि आँखा, कान, नाक, जिब्रो, देह र मन मार्फत् देखापर्ने नाम र रूप जस्ता हाम्रा आ-आफ्ना दैनिक व्यवहारमा उपस्थित हुने सर्वसामान्य स्वभाव धर्महरुलाई पनि जान्ने बुझ्ने र अनुभव गर्ने कुराका अभ्यस्त भने हामी छैनौं । मुख्यतः हामीहरु केवल बितिसकेका कुरामै मात्र अभिरूचि लिने खालका देखिन्छौं । किन्तु जीवन के हो भन्ने कुरालाई यथार्थ रूपमा जान्नु छ भने हामीले तत्काल उत्पन्न हुने जीवनका स्वभाव धर्महरु बारेमै बढी जान्नुपर्छ र यस्ता धर्महरु उत्पन्न हुनासाथ हामी एकदम सजग सचेत बन्नु पर्दछ । अनि मात्र यथार्थ रूपमा जीवनको वास्तविकतालाई पत्ता लगाउन सक्नेछौं ।

भगवान् बुद्धले चित्तको बारेमा अनेक बार व्याख्या गर्नु भयो । चित्तहरु सत्य हुन् कि होइनन् भन्ने कुरामा हामीलाई सन्देह रहन सक्छ । चित्तहरु छन् भन्ने कुरालाई हामी कसरी प्रमाणित गर्न सक्छौं त ? रूप मात्र भएर नाम धातु रहित हुने कुरा पनि कहीं सम्भव त छैन ? हाम्रो आफ्नो जीवनमा यस्ता धेरै कुराहरु हुन्छन् जसलाई हामी स्वतः अपनाइराखेका हुन्छौं, जस्तो हाम्रो घर, खाना, कपडाहरु, हामीले दिनहुँ प्रयोग गर्ने गरेका ज्यावलहरु । यी वस्तुहरु आफै स्वतः उत्पन्न हुँदैनन् । तिनीहरुलाई चिन्तनशील मन, चित्तद्वारा अस्तित्वमा ल्याइएका छन् । चित्त एउटा मानसिक धर्म-नाम हो, कसले केही कुरालाई जान्दछ वा अनुभव गर्दछ । केही पनि चीजलाई अनुभव नगर्ने भौतिक धर्म-रूप जस्तो कुरा चित्त होइन । हामी एकजना गीतकारले रचना गरेको संगीत सुन्दछौं । त्यो संगीतलाई रचना गर्ने विचार चित्तको हो, त्यो गीतकारको हातलाई चलाउन लगाई संगीतको रचना गर्न लगाउने कार्य पचि चित्तकै हो । चित्त नभएको भए त्यो संगीतकारको हात चल्नै सक्तैनथ्यो ।

चित्त निकै शक्तिशाली हुन्छ । यसले अनेकन भिन्न भिन्न परिणामहरुलाई हासिल गर्न सक्तछ । अर्थ सारिणीमा चित्तको विचित्रताको बारेमा यसरी चर्चा गरिएको छ :–

चित्तले कार्यमा अनेकन प्रकारका परिणामहरु उत्पन्न गर्दछ । विश्वमा चित्रकलाभन्दा बढी विचित्र अथवा रंगीन कला अर्को कुनै पनि कला छैन । सबै चित्र मध्येमा चित्रकारको अत्युत्तम ( उत्कृष्ट) रचना बढी कलात्मक हुन्छ । यस्ता उत्कृष्ट रचनाका चित्रकलाहरुका मनमा यस यस प्रकारका चित्रहरु यस यस तरीकाले बनाउनु पर्छ भन्ने कलात्मक नमूना उत्पन्न हुन्छ । यही कलात्मक नमूनाकै माध्यमद्वारा रूपरेखाको खाका कोर्ने, चित्रमा सो खाकालाई उतार्ने, त्यसमा संभार गर्ने र त्यसलाई श्रृंगार गर्ने जस्ता मनका क्रियाहरु अथवा कलात्मक क्रियाहर उत्पन्न हुन्छन् ।... यसरी सामान्य होस् वा विशिष्ट, संसारमा जति पनि किसिमका कलाहरु छन्, ती सबै चित्तद्वारा नै हासिल गरिन्छन् । यसरी कार्यमा अनेकन प्रकारको नतिजा पैदा गर्न सक्ने क्षमता भएकै कारणले गर्दा सम्पूर्ण कलाहरु जस्ते ती सबै प्रकारका कलाहरुलाई प्राप्त गर्ने मन वा चित्त स्वयं पनि

Downloaded from http://dhamma.digital/

कलात्मक हुन्छ । त्यति मात्र होइन, चित्त स्वयं कलाभन्दा पनि बढी कलात्मक हुन्छ । किनभने कला आफै प्रत्येक किसिमका डिजाइनलाई पूर्ण रूपमा कार्यान्वयन गर्न सक्तैन । यही कारणले गर्दा नै भगवान्ले भन्नु भएको छ :–

"भिक्षुहरु ! चित्रकलाको उत्कृष्ट चित्रलाई देखेका छौ ?"

"छ भन्ते !"

"भिक्षुहरु ! चित्रकारीको त्यो उत्कृष्ट चित्र पनि चित्तद्वारा नै चित्रित गरिन्छ । चित्रकारी आफ्नो चित्तबाटै विचार गरी गरिकन ती चित्रहरुलाई चित्रित गर्दछ । अर्थात् चित्रभन्दा चित्त नै बढी कलात्मक हुन्छन् ।" त्यति मात्र कहाँ होर । देवलोक, मुनष्य लोक, नरक, तिर्यक योनी जस्ता विचित्र चेतनशील जीवहरु सबैका अंगहरु जस्तै कर्म, रूप, विचार, भाषा इत्यादि सबै मनैबाट निर्मित भएका हुन्छन् । दान, पुण्य, क्रूरता, ठगी जस्ता विभिन्न कुशल अकुशल कर्महर सबै पनि मनद्वारा नै पूर्ण गरिन्छ ।...

अनेकन रंगी विरंगी विचित्र विचित्र कुराहरु चित्तद्वारा पूर्ण गरिन्छन् । यसको कारण के हो भने चित्त पनि एउटै किसिमको मात्र होइन, अनेकन भिन्न भिन्न प्रकारका चित्तहरु हुन्छन् । भिन्न भिन्न व्यक्तिहरुको भिन्न भिन्न प्रकारकै चित्तहरु हुन्छन् । मानिसहरु कति भिन्न भिन्न छन् भन्ने कुरा हामी देख्न सक्तछौं । दुईजना व्यक्तिले एउटै उही कुरा बनाउन खोजे पनि नतिजा बिल्कुल फरक फरक नै हुन आउँछ । उदाहरणार्थ दुईजना व्यक्तिले उही रूखको चित्र लेख्यो भने ती दुइटाले बनाएका चित्रहरु उही एउटै किसिमका हुँदैनन् । यसको कारण के हो भने चित्तहरु नै भिन्न भिन्न छन् । व्यक्तिहरुमा पनि भिन्न भिन्न गुणहरु तथा क्षमताहर हुन्छन् । कुने व्यक्तिलाई आफ्ना अध्ययन कार्यहरुमा कुनै किसिमको कठिनाई रहन्न भने अरु व्यक्तिहरु कतिले त अध्ययन गर्नै नसक्ने पनि हुन्छन् । त्यस्तै मानिसहरुमा अलग अलग रूचि भन्ने कुरा छन् । एउटा व्यक्तिलाई जे कुरा मन पर्छ अर्को व्यक्तिलाई त्यो कुरा मन नपर्ने पनि हुन्छ । यसरी चित्तहरु कतिसम्म भिन्न हुँदो रहेछन् भन्ने कुरा हामी थाहा पाउँछौं । चित्तहरु नियन्त्रणभन्दा परका कुरा हुन् । प्रत्येक चित्तको आफ्नै हेतुहरु हुन्छन् जुन हेतुद्वारा मात्र तिनीहरु उत्पति हुन्छन् ।

मानिसहरु पनि आपसमा एक अर्कादेखि यतिका फरक किन हुन्छन् ? त्यसको कारण के हो भने तिनीहरुको भिन्न भिन्न संस्कारहरु हुन्छन् । मानिसहरुको जीवनमा विभिन्न अुभवहरु प्राप्त भएका हुन्छन् र यसरी अनेक प्रवृत्तिहरु चित्तमा संचित हुन पुग्छन् । एउटा कुनै केटोलाई बाल्यावस्थादेखि नै त्यागी र उदार बन्न सिकाइएको छ भने त्यो केटोले त्याग र उदारता नै संचित गरेको हुन्छ । जो मानिसहरु छिटो छिटो रिसाउँछन्, तिनीहरु थुप्रै द्वेषलाई संचित गर्दछन् । हामी सबैले अनेकन प्रवृत्तिहरु र झुकाउहरु र अनेकन रूचिहरुलाई संचय गरेका छौं ।

हामी सबैले अकुशल क्लेशहरु संचित गरेका छौं । लोभ, द्वेष, मोह इत्यादिलाई क्लेश भनिन्छ । क्लेशका अनेकन मात्राहरु हुन्छन्, यथा सूक्ष्म क्लेश अथवा अनुशयहरु, मध्यम क्लेश र स्थूल क्लेश । क्लेश सूक्ष्म हुँदा यो चित्तसँगै उत्पति हुँदैन, बल्की चित्तमा अनुशय (अर्थात् लुप्त प्रवृत्ति) को रूपमा यो संचित रहन्छ । हामी निदाइरहेको तर केही पनि स्वप्न नदेखिरहेको अवस्थामा अकुशल

Downloaded from http://dhamma.digital/

चित्तहरु भने हुँदैनन् तब अकुशल (अर्थात् लुप्त प्रवृत्ति) को रूपमा क्लेश भने त्यस बखतमा पनि विद्यमानै हुन्छ । जब हामी निद्राबाट बिउँभन्छौं, अनि फेरि अकुशल चित्तहरु उत्पति हुन्छन् । त्यसैले त्यहाँ प्रश्न स्वभावत: खडा हुन्छ, यदि प्रत्येक चित्तमा क्लेश संचित नभएको भए कसरी ती क्लेशहरु निस्के त ? त्यसैले हामीले के थाहा पाउँछौं भने चित्त अकुशल नरहेको अवस्थामा पनि क्लेशको अनुशय रहिनै रहेको हुन्छ । जबसम्म प्रज्ञाद्वारा क्लेश निर्मूल गरी सकिन्न तबसम्म चित्तमा क्लेशको अनुशय रहिरहन्छ । चित्त साथै उत्पति हुने भएकोले मध्यम क्लेश भनेको सूक्ष्म क्लेशभन्दा भिन्न कुरा हुन आउँछ । लोभ, द्वेष र मोह मूल चित्तहरुका साथै मध्यम क्लेशको उत्पति हुन्छ । उदाहरणको लागि भन्ने हो भने मध्यम क्लेश भनेको आफूले देखेको, सुनेको वा कायाइन्द्रियद्वारा स्पर्श गरिएको कुराप्रतिको अनुराग (लोभ) हो, अथवा आफूले अनुभव गरेका आलम्बनहरुप्रतिको द्वेषभाव हो । मध्यम क्लेशले अकुशल कर्महरुलाई प्रवृत्त गर्दैन । तर प्राणी हत्या, पैशून्य वचन र अदत्ता दान जस्ता कृत्यहरु काय, वाक्य र चित्तद्वारा सम्पादन गरेर स्थूल क्लेशहरुले अकुशल कर्महरुको हेतु श्रृजना गर्दछन् वा अकुशल कर्महरु गराउँछन् । कर्म भनेको एउटा मानसिक धर्म हो र यसलाई संचित गर्न सकिन्छ । मानिसहरु अनेक क्लेश तथा अनेक कर्मको संचय गर्दछन् ।

कर्मका अनेक संचितिहरु नै जीवनमा हुने अनेक परिणामहरुका लागि हेतु हुन् । यही नै कर्म र विपाकको नियम हो, हेतु र प्रत्ययको सिद्धान्त हो । मानिसहरु भिन्न भिन्न परिस्थितिहरुमा जन्मिने कुरा हामी देख्छौं । कोही मानिसहरु अनुकूल वातावरणहरुमा जन्मन्छन् र तिनीहरु आफ्ना जीवनमा धेरै सुखकर अनुभवहरु प्राप्त गर्दछन् । अरु मानिसहरुको अक्सर गरेर प्रतिकूल अनुभवहरु नै हुने सम्भावना रहन्छन् । तिनीहरु दरिद्र हुन्छन् या तिनीहरु खराब स्वास्थ्य वा रोगबाट पीडित रहन्छन् । अपर्याप्त पोषणबाट पीडित भएका बालबालिकाहरुको बारेमा कुरा सुन्दा हामीलाई अचम्म लाग्छ कि अरु केटाकेटीहरुलाई चाहिए जनि कुरा उपलब्ध हुन्छन् भने तिनीहरुले मात्र यसरी किन दु:ख पाउनु परेको होला । भगवान् बुद्धको उपदेशअनुसार यस संसारमा प्रत्येकले आफ्नै कर्मको फल मात्र भोग गर्दछ । अतीतमा गरिएको कर्मले पछि पनि आफ्नो फल दिन सक्छ । किनभने अकुशल कर्म र कुशल कर्म दुवै संचित रहन्छन् । अनि उपयुक्त अवस्थाहरु खडा हुनासाथ ती कर्मको विपाकको रूपमा फल उत्पति हुन सकिन्छ । 'फल' वा "नतिजा" शब्दलाई प्रयोग गर्दा मानिसहरु अरु जनताको निमित्त आफ्नो कार्यहरुको नतिजा भन्ने कुरा विचार गर्न सक्लान् तर "विपाक" को अर्थमा फलको भिन्नै अर्थ हुन्छ । विपाक चित्त भनेको यस्तो चित्त हो जुन चित्तले केही दु:खकर वा केही सुखकर कुरालाई अनुभव गर्दछ । यो चित्त हामीले आफैले गरेको कर्मको फल हो । किन्तु हामीहरु भने आत्माद्वारा दु:खकर वा सुखकर कुराको अनुभव गरिन्छ भन्ने सोच्चे कुराको अभ्यस्त छौं । वास्तवमा आत्म नामक कुनै वस्तु छैन, छन् केही भने विभिन्न कुराहरुलाई अनुभव गर्ने अनेक चित्तहरु मात्र छन्, आत्मा होइन केही चित्तहरु हेतु हुन्छन् । तिनीहरुले कुशल वा अकुशल कर्महरुलाई प्रवृत्त गर्न सक्छन् । केही चित्तहरु फल वा विपाक हुन्छन् । हामीले कुने दु:खदायक कुराको अनुभव गर्दा त्यो आत्माले अनुभव गर्ने होइन । त्यो त हामीले यसै जन्ममा वा पूर्वजन्ममा गरेका अकुशल कर्मको फल हो । यस प्रकारको चित्त अकुशल विपाक हो । हामीले कुने सुखको अनुभव गर्दा त्यो कुशल विपाकवाला चित्त हो जुन हामीले गरेकै कुशल कर्मको फल हो । पाँच इन्द्रियहरुमध्ये कुनै पनि इन्द्रियबाट प्रत्येक बार कुनै प्रिय आलम्बनलाई अनुभव गर्दाको क्षण कुशल विपाक हो ।

Downloaded from http://dhamma.digital/

कुनै एक जवान मान्छेले कसैलाई हिर्काएको छ भने त्यो हिर्काइ माग्ने व्यक्तिले महशूस गर्ने पीडा जो छ त्यो हिर्काउनेले गरेको कर्मको विपाक होइन । किनभने एउटाले गरेको कर्मको फल अर्कोले भोग गर्ने होइन । तसर्थ त्यो हिर्काइ माग्ने व्यक्तिले महशूस गरेको पीडा त्यस व्यक्ति स्वयंले पहिले गरेको कर्मको विपाक मात्र हो । जुन अकुशल विपाक काया-इन्द्रिय मार्फत् उसले भोग गर्दछ । त्यो हिर्काउने व्यक्तिको कार्य त केवल हिर्काइ माग्ने व्यक्तिको कष्टको समीप कारण मात्र हो अथवा भनौं तात्कालिक हेतु मात्र हो । त्यस घडीमा विपाक उत्पति हुनको निमित्त त्यो कार्य (हिर्काउने) एउटा हेतु मात्र हो, अवस्था सम्म हो । त्यो अर्को व्यक्तिलाई अकुशल कार्य गर्न लगाउने त्यहाँ एउटा अकुशल चित्त थियो । केही अघि वा पछि अथवा ढिलो वा चाँडो त्यो हिर्काउने व्यक्तिले पनि उसको आफ्नै अकुशल कर्मको फल भोग्ने नै छ । यसरी हामीमा कर्म र विपाक बारेमा बढी समझदारी रहेमा हामीले हाम्रा जीवनका धेरै घटनाहरुलाई अझ बढी स्पष्ट रूपमा जान्ने बुझ्ने छौं ।

अट्ठसालिनीमा व्याख्या गरिएको छ कि विभिन्न व्यक्तिहरुको कर्मले जन्मको अवस्थामा र जीवन पर्यन्त नै विभिन्न फलहरुलाई जन्माउँछ । त्यति मात्र होइन, व्यक्तिका शारीरिक बनौट नै पनि कर्मकै फल हुन् । त्यसमा भनिएको छ :– "कर्मकै भेदको कारणले गर्दा सबै प्रकारका जीवहरुका भाग्यमा भेद रहन्छन् । कर्मकै भिन्नताको कारणले गर्दा उंचा र नीचा, निन्दित र प्रशंसित, सुखी र दुःखी प्राणीहरुको जन्मको भेद रहेका हुन्छन् । कर्मकै विभेदले गर्दा राम्रा र नराम्रा, कूलीन वा चाण्डाल, रूपवान् वा कुरूप जस्ता प्राणीहरुका व्यक्तिगत रूपहरुमा भिन्नता देखापर्छन् । कर्मकै विभिन्नताको कारणले गर्दा नै प्राणीहरुको लौकिक अवस्थाहरु जस्तो लाभ र हानी, यश र अपयश, निन्दा र प्रशंसा, सुख र दुःखमा विभिन्नता रहेका छन् ...।"

अझ अगाडि यसरी पनि भनिएको छ :–

कर्मद्वारा नै संसार चल्छ, कर्मद्वारा मानिसहरु

बाच्छन् र कर्मद्वारा सारा सत्वहरु बाँधिएका छन् ।

जस्तो गुडिरहेको रथको चक्का यसको किलाद्वारा बाँधिएको हुन्छ । (सुत्त निपात, ६५४)

भगवान् बुद्धको उपदेशानुसार हेतुकै कारणले जुनसुकै कुरा उत्पति हुन्छ । मानिसहरु शारीरिक रूपरेखा वा स्वरूप र चरित्रमा त्यतिका भिन्न भिन्न छन् भने त्यस्तो कुरा संयोगवश भएको होइन, न त संयोगको कारणले गर्दा मानिसहरु त्यसरी भिन्न भिन्न परिस्थितिमा जिउँछन् । मान्छेको त के कुरा, पशुहरुको शारीरिक स्वरूपको भिन्नता समेत भिन्न भिन्न कर्मकै कारणले भएका हुन् । पशुहरुमा पनि चित्त हुनछन्, तिनीहरु राम्ररी पनि व्यवहार गर्न सक्छन्, नराम्ररी पनि व्यवहार गर्न सक्छन् । यसरी तिनीहरु पनि विभिन्न फलहरुलाई पैदा गर्ने विभिन्न कर्म संचित गर्छन् । प्रत्येक कर्मले आफ्नै फललाई पैदा गर्छ भन्ने कुरालाई हामीले राम्ररी बुझेको खण्डमा हामीलाई सम्पन्न परिवार वा घरानामा जन्मेकोमा वा हामीलाई आदर, गौरव र अन्य प्रिय वस्तुहरु उपलब्ध भएकोमा गर्व गर्ने कारण छैन भन्ने कुरा हामीले बुझ्ने छौं । हामीले दुःख भोग्नु पर्दा पनि हामी के बुझ्ने छौं भने यो दुःख जो हो आफ्नै कर्मले गर्दा नै भएको हो । यसो भएमा हामी आफ्नो दुःखको

Downloaded from http://dhamma.digital/

निम्ति अरुलाई दोषरोपण गर्ने वा अरुले सुख भोग गर्दा ईर्ष्यालु बन्ने प्रवृत्तितिर कमै झुक्ने हुन्छौं । यसरी धर्मलाई यथार्थ रूपमा बुझ्दा हामीलाई के थाहा हुन्छ भने सुखको अनुभव गर्ने वा दुःख भोग गर्ने आत्मा होइन, बल्कि यो त हेतुको कारण उत्पति भई तरून्तै निरूद्ध हुने विपाक मात्र रहेछ, चित्त मात्रै रहेछ ।

उस्तै उस्तै वातावरणहरु र परिस्थितिहरुमा जन्मेका व्यक्तिहरुले पनि भिन्न भिन्न रूपमा व्यवहार गर्ने गरेको हामी यस संसारमा देख्छौं । जस्तो उदाहरणको लागि सम्पन्न घरानाहरुमा जन्मेका व्यक्तिहरुमध्ये कोही कंजूस हुन्छन्, कोही हुँदैनन् । सम्पन्न कूलमा जन्मिनु चाहिँ कुशल कर्मको फल हो तर कंजूसीपना वा कृपणता बन्ने उसको संचित क्लेशहरुको कारणले हुने हो । कर्मले गर्दा कोही खास परिस्थितिमा जन्मन्छन् तर संचित क्लेशरुले उसको चरित्र निर्माण गरेको हुन्छ ।

हामीलाई वर्तमान जीवनकै मात्र अनुभव हुने भएकोले हामीमा पूर्व जन्महरु र पुनर्जन्मका विषयमा शंका उपशंकाहरु रहन सक्छ । तथापि वर्तमान जीवनमा विभिन्न व्यक्तिहरुले विभिन्नै फलहरु भोग गरेको कुरा हामी देख्छौं । यी फलहरुको हेतु निश्चय पनि भूतकाल भइरहेको हुनुपर्छ । अतीतले वर्तमानको स्वरूप तयार गर्छ र हामीले अहिले गरेका कर्महरुले अनागतमा फल पैदा गर्नेछन् । वर्तमानलाई जानेर बुझेर हामी अतीत र अनागतको बारेमा बढी जान्न बुझ्न सक्षम हुनेछौं ।

भूत, वर्तमान र भविष्यका जीवनहरु चित्तहरुको एउटा अटूट श्रृंखला हुन् । हरेक चित्त उत्पति हुनासाथै तुरून्तै भङ्ग (निरोध) हुन्छ र त्यो भङ्ग हुने चित्तको लगतैपछि अर्को चित्त उत्पति भइहाल्छ । चित्तहरु स्थिर रहिरहँदैनन् तर त्यसो भने । चित्त नभएको क्षण कुनै क्षण पनि हुँदैन । चित्त नभएमा देह त मृत लाश भइहाल्छ । हामी मस्त निद्रामा सुतेको बेलामा पनि त्यहाँ चित्त त रहिनै रहन्छ । एउटा निरूद्ध हुने चित्त नै अर्को चित्त उत्पति हुने हेतु हुन्छ । यही क्रममा यस जीवनको अन्तिम चित्तले अर्को जन्मको प्रथम चित्त-प्रतिसन्धि चित्तलाई उत्पति गर्दछ । यसर्। हामी के देख्छौं भने जीवन अगाडि बढिरहन्छ । हामीहरु एउटा चत्रमा घुमिरहेका छौं र त्यो चक्र हो जन्म र मृत्युको ।

अघिल्लो चित्त निरूद्ध नभएसम्म अर्को चित्त उत्पति हुनै सक्तैन । एक समयमा चित्त भनेको एउटै मात्र हुन सक्छ तर चित्तहरु यति छिटो छिटो उत्पति भएर विनाश भएर जान्छन् कि मान्छेलाई एक समयमा एउटाभन्दा बढी पनि चित्त हुन सक्छ भन्ने धारणा रहन जान्छ । जस्तो हामी सोचौंला कि हामी उही क्षण हेर्ने र सुन्ने काम दुवै गर्न सक्छौं तर वास्तविकता के हो भने यी चित्तहरु भिन्न भिन्न घडीहरुमा उत्पति हुन्छन् । हामीले हाम्रो आफ्नै अनुभवबाट पनि पत्ता लगाउन सक्छौं कि दर्शन (हेर्ने चित्त) एउटा छुट्टै प्रकारको चित्त हो जुन श्रोत (सुन्ने चित्त) भन्दा एकदमै भिन्न छ । यी चित्तहरु भिन्न भिन्न हेतुहरुको कारणले गर्दा उत्पति हुन्छन् र भिन्न भिन्न आलम्बनहरुलाई नै यिनीहरु अनुभव गर्दछन् ।

केही कुराको अनुभव गर्ने चित्त हो र यसले आलम्बन वा गोचरलाई अनुभव गर्दछ । प्रत्येक चित्तले एउटा गोचरलाई अनुभव गर्नै पर्दछ । गोचर बिनाको कुनै चित्त रहन सक्तैन । चित्तहरुले

Downloaded from http://dhamma.digital/

आँखा, कान, नाक, जिब्रो, काय र मनका छ वटा द्वारहरु मार्फत् भिन्न भिन्न आलम्बनहरु वा गोचरहरुलाई अनुभव गर्दछन् । चक्षुद्वारमा उत्पति हुने गोचरलाई अनुभव गर्ने चित्त नै दर्शन हो । यसरी देखिने गोचरको निमित्त हामीले “रंग” भन्ने शब्द प्रयोग गर्न सक्छौं तर यसलाई “रंग” नै भनी नामकरण गर्नुपर्ने कुनै जरूरत छैन । जब “रंग” ले चक्षु इन्द्रियमा स्पर्श गर्छ अनि दर्शन (हेर्ने चित्त) को निमित्त हेतुहरु रहन्छन् । हामीले दुवै आँखा मुद्दा केही कुरा देखिँदैन । किनभने त्यस अवस्थामा हेर्ने-चित्तको निमित्त आवश्यक आधारहरु हुन्नन् । हेर्नु भन्नु देखिएको वस्तु प्रति चिन्तन गर्ने कुराभन्दा भिन्नै कुरा हो । किनभने देखिएको गोचरप्रति चिन्तन गर्नु एक प्रकारको चित्त हो जुन चित्तले मनोद्वार मार्फत् केही कुराको अनुभव गर्दछ । त्यस्तै श्रोत दर्शनदेखि सर्वथा भिन्न चित्त हो । यसको अलग्गै हेतुहरु हुन्छन् र यसले भिन्नै गोचरलाई अनुभव गर्दछ । जब शब्दले श्रोतेन्द्रियमा स्पर्श गर्दछ तब शब्दलाई अनुभव गर्ने चित्तको निमित्त आवश्यक आधारहरु रहन्छन् । प्रत्येक चित्त उत्पति हुनको निमित्त उपयुक्त अवस्थाहरु वा हेतुहरु हुनु आवश्यक हुन्छ । हामी कानले सुँघ्न र आँखाले स्वाद लिन सक्तैनौं । सुँघ्ने चित्तले नाकद्वारा नै गन्धको अनुभव गर्दछ । स्वाद लिने चित्तले जिब्रोकै मार्फत् रसानुभूति गर्छ । शारीरिक स्पर्शलाई अनुभव गर्ने चित्तले स्पर्शलाई काया-इन्दि्य मार्फत् ने मात्र थाहा पाउँछ । चिन्तन गर्ने चित्तले मनोद्वार मार्फत् अनेक प्रकारका भिन्न भिन्न गोचरहरुलाई जान्दछ । कुनै एक समयमा एउटै मात्र चित्त हुन सक्ने भएकोले एक समयमा एउटै मात्र गोचरलाई अनुभव गर्न जान्न सकिन्छ । यो चित्तको स्वभाव धर्म हो ।

सिद्धान्तको तवरबाट पनि हामी के बुझ्न सक्छौं भने देख्ने चित्तको लक्षण सुन्ने चित्तको लक्षणभन्दा भिन्न हुन्छ र त्यो श्रवण चित्त फेरि आफै केही चीज पनि जान्न अनुभव गर्न नसक्ने रूप धातुभन्दा एकदम भिन्नै हुन्छ । यसरी जान्नु हाम्रो लागि बिल्कुलै साधारण कुरा जस्तो देखिन सक्छ किन्तु स्वयं आफ्नो अनुभवद्वारा सत्यलाई जान्ने कुरा भने सैद्धान्तिक ज्ञानभन्दा सर्वथा भिन्न कुरा हुन आउँछ । किनभने सैद्धान्तिक ज्ञान त्यति गहिरो हुन्न र त्यसैले यस्तो ज्ञानले आत्मा सम्बन्धी धारणालाई निर्मूल गरेर फ्याँक्न सक्तैन । छ द्वारहरु मार्फत् देखापर्ने धर्महर सम्बन्धमा पूर्ण सजग भएरै मात्र हामीले स्वयं हाम्रो आफ्नो अनुभवद्वारा वास्तविक सत्यलाई जान्ने छौं ।

हामीले अनुभव गर्ने आलम्बनहरु जति छन् ती सबै हामी बसेकै यही संसार हो । हामीले हेर्दाको क्षणमा त्यो संसार रंग हो । रंगको संसार दिगो रहन्न । यो तुरून्तै विनाश भएर जान्छ । हामी जब सुन्छौं, त्यो संसारनै शब्द हुन्छ तर यो पुनः विनाश हुन्छ । हामी आँखा, कान, नाक, जिब्रो काया-इन्द्रिय र मनोद्वारद्वारा अनुभव गरिने गोचरहरुप्रति मोहित हुन्छौं र त्यसैमा संलग्न हुन्छौं तर ती गोचरहरुमध्ये कुनै एउटासम्म गोचर पनि दिगो रहने होइन । यसको अर्थ हो हामीले अनुभव गरेका प्रत्येक वस्तु अनित्य छ । जुन अनित्य छ त्यसलाई आत्मा भनी ग्रहण गर्नु हुँदैन ।

अंगुत्तर निकाय (चतुक्क निपात, रोहितस्स देवपुत्र सम्बन्धी) मा भगवान् श्रावस्तीमा अनायपिण्डिकको जेतवनाराममा विहार गरिरहनु हुँदाको बखत रोहितस्स देवपुत्रले लोकको अन्तसम्म पुग्ने कुराको सम्बन्धमा भगवान् बुद्धसँग प्रश्न गर्दा भगवान्ले दिनु भएको उपदेशको चर्चा गरिएको छ ।

Downloaded from http://dhamma.digital/

रोहितस्स देवपुत्रले भन्नुभयो– "भन्ते ! जहाँ जन्म हुन्न, न जीवन (जाति) हुन्छ, न मृत्यु हुन्छ, न च्यूति हुन्छ तथा न उत्पति हुन्छ, त भन्ते ! के गमन गरेर संसार (लोक) को त्यस अन्तसम्म पुग्न सकिन्छ, त्यस अन्तलाई देख्न सकिन्छ अथवा त्यस अन्तलाई प्राप्त गर्न सकिन्छ ?"

"आयुष्मान् ! जहाँ न जन्म हुन्छ, न जाति हुन्छ, न मृत्यु हुन्छ, न च्यूति हुन्छ तथा न उत्पति नै हुन्छ, गमन गरेर लोक (संसार) को त्यस अन्तसम्म पुग्न सकिन्छ, त्यसलाई देख्न सकिन्छ वा त्यस अन्तलाई प्राप्त गर्न सकिन्छ भनी म भन्दिन ।"

"भन्ते ! आश्चर्य छ । भन्ते ! यो अद्‌भुत छ । भन्ते ! भगवान्‌को यो कथन सुभाषित छ कि आयुष्मान् ! जहाँ न जन्म हुन्छ, ... गमन गरेर संसारको त्यस अन्तसम्म पुग्न सकिन्छ ... देख्न सकिन्छ वा ... प्राप्त गर्न सकिन्छ भनी म भन्दिन ।"

भन्ते ! म पहिले रोहितस्स नाउँको ऋषि थिएँ, ग्रामणी-पुत्र ऋद्धिमान्, अकाशगामी ।... भन्ते ! त्यस बेला मेरो कदम यति ठूलो थियो कि जस्तो पूर्व समुद्रदेखि पश्चिम समुद्रको बीचको फासल थियो । भन्ते ! यस्तो चाल र यत्रो ठूला कदमवाला भएकोले मेरो मनमा हिंडेर नै संसारको अन्तसम्म पुग्छु भन्ने इच्छा उत्पन्न भयो । भन्ते ! मैले खानपिनलाई छाडी, दिशा-पिसाबलाई छाडी तथा निद्रा र आलस्यलाई छाडी, सय वर्षको मेरो जीवन भएको म, सय वर्षसम्म बाँचेर, सय वर्षतक घुम्दै रहेर पनि लोकको अन्त्यसम्ममा पुगे बिना नै बाटोमा नै मेरो मृत्यु भयो । भन्ते ! आश्चर्य छ । भन्ते ! यो अद्‌भुत छ । भन्ते ! भगवान्‌को यो उक्ति सुभाषित छ कि आयुष्मान् ! जहाँ न जन्म हुन्छ... गमन गरेर संसारको त्यस अन्तसम्म पुग्न सकिन्छ, ... देख्न सकिन्छ,... प्राप्त गर्न सकिन्छ भनी म भन्दिन ।" "किन्तु आयुष्मान् ! म यो पनि भन्दिन कि संसारको अन्तसम्म नपुगीकनै दुःखको नाश हुन सक्छ । आयुष्मान् ! यही साढे तीन हात भरको लम्बा संज्ञायुक्त शरीरमा ने म लोक (संसार) को प्रज्ञप्ति गर्दछु, लोक-समुदयको, लोक-निरोधको र लोक निरोधतिर लैजानेवाला मार्गको प्रज्ञप्ति गर्दछु ।"

पालि गाथामा भनिएको छ :–

***गमनेन न पत्तब्बो लोकस्सन्तो कुदाचनं,***

***न च अप्पत्त्वा लोकंतं दुक्खा अत्थि पमोचनं ॥***

***तस्मा हवे लोकविदु सुमेधो***

***लोकन्तगु वुसित ब्रह्मचरियो,***

***लोकस्स अन्तं समितावी ञत्वा***

***नासिंसति लोकमिमं परञ्चं ॥***

अर्थात्

Downloaded from http://dhamma.digital/

हिंडेर संसारको अन्तसम्म कहिल्यै पुग्न सकिन्न,

किन्तु संसारको अन्तसम्म पुग बिना, दुःखबाट मुक्ति पनि पाइन्न ॥

तसर्थ जो बुद्धिमान छ, लोकको जानकार हुनुपर्छ,

लोकको अन्तसम्म पुगेको हुनुपर्छ, श्रेष्ठ जीवन व्यतीत गर्ने हुनुपर्छ ॥

यस्तो शान्त पुरुष लोकको अन्तलाई जानेर इहलोक र परलोकमा कतै पनि आशक्त रहन्न ।

भगवान् बुद्धले लोकजनलाई संसारको बारेमा उपदेश दिनु भयो र संसारको अन्त अर्थात् दुःखको अन्तमा पुग्ने मार्ग पनि बताउनु भयो । यसलाई प्रापत गर्ने तरीका लोकको विषयमा जान्नु अर्थात् "यही साढे तीन हात भरको लम्बा संज्ञायुक्त शरीर" विषयमा जान्नु हामी आफैको विषयमा जान्नु ।

## केही मनन गर्न योग्य प्रश्नहरु

१) मानिसहरु कोही धनी भएर जन्मिन्छन्, कोही गरीब भएर जन्मिन्छन् । यसरी विभिन्न वातावरणहरुमा जन्मिनाको कारण के हो ?

२) मानिसहरु अनेक प्रकारले व्यवहार गर्छन्, कोही कंजूसी हुन्छन्, त अरु दानी पनि हुन्छन् । केले गर्दा यस्तो हुन्छ ?

३) उत्पति हुने प्रत्येक चित्त पूणरूपमा विनाश पनि हुन्छ भने क्लेश संचित हुन्छ भन्ने कुरा कसरी सम्भव हुन्छ र ?

Downloaded from http://dhamma.digital/

**परिच्छेद–४**

# लोभको लक्षण

चित्त धेरै प्रकारका हुन्छन् जस्तो अकुशल चित्तहरु, कुशल चित्तहरु, विपाक चित्तहरु (फल चित्तहरु) र क्रिया चित्तहरु (न-हेतु-न-फल चित्तहरु) । यी विभिन्न प्रकारका चित्तहरु सबै हामीमा एकदिनमै उत्पति हुन्छन् तर पनि हामी थाहा पाउन्नौं । यसको अर्थ हामीलाई आफ्नै सम्बन्धमा कति थोरै मात्र जानकारी रहेछ भन्ने कुरा झल्किन्छ । धेरैजसो त हामीलाई कुन चित्त अकुशल, कुन चित्त कुशल, कुन विपाक कुन क्रिया भन्ने कुरा नै थाहा हुन्न । यदि हामीले आ-आफ्नो मनलाई नै वर्गीकरण गर्न सिक्यौं भने हामीलाई आफ्नो र अरुको बारेमा बढी समझदारी जानकारी प्राप्त हुनेछ । अनि अरुहरुले हामीलाई चित्त नबुझ्दो किसिमले व्यवहार गर्दाखेरी पनि हामीमा उनीहरुप्रति करूणा र मेत्री नै बढी रहने हुन्छ । हामी अरुको अकुशल चित्तहरुलाई मनपराउँदैनौं । उनीहरुले कंजूस बनेको वा रूखो वचन बोलेको देख्दा हामीलाई दुःख लाग्छ । तर के हामीहरुमा आफैसँग पनि कुन कुन क्षणमा अकुशल चित्तहरु रहन्छन् भन्ने कुरा हामी थाहा पाउँछौं त ? यसरी थाहा पाउनु निकै उपयोगी हुन्छ । जुन बखत हामीले अरु मानिसहरुले बोलेको रूखो वचनलाई मन पराएका हुन्नौं त्यस क्षणमा हामी आफैमा पनि द्वेष सहितको अकुशल चित्त रहेको हुन्छ । अरुको अकुशल चित्त तर्फ ध्यान दिनुको बदलामा हामीले हाम्रो आफ्नै अकुशल चित्त बारेमा सजग हुनुपर्दछ । अभिधर्ममा यस्ता स्वभाव धर्महरु सबैको सविस्तार व्याख्या गरिएको छ । कसैले अभिधर्मको अध्ययन गरेको छैन भने त्यस्ता व्यक्तिलाई अकुशल भनेको के हो त्यो पनि थाहा नभएको हुन सक्छ । यसरी थाहा नपाउनेले अकुशललाई कुशलकै रूपमा ग्रहण गर्न सक्ने हुन्छ । परिणामस्वरूप त्यस्ता व्यक्तिहरुले अज्ञानतावश नै अकुशलताको संचय गर्दछ । हामीले विभिन्न प्रकारका चित्तहरु बारेमा बढी जानकारी राख्ने गऱ्यौं भने हामीमा के कस्ता प्रकारका चित्तहरु अक्सर उत्पति हुँदा रहेछन् भन्ने कुरालाई हामी आफैं पनि थाहा पाउन सक्छौं र यस प्रकार हामीले स्वयं आफैंलाई बढी राम्रासँग जान्ने छौं ।

तसर्थ हामीले कुशल र अकुशल बीचको भेदलाई राम्ररी बुझ्नु पर्दछ । अट्ठसालिनीमा कुशल शब्दको अर्थ सम्बन्धमा यसरी व्याख्या गरिएको छ :–

“कुशल” भन्ने शब्दको अनेक अर्थहरु छन् । यसको अर्थ “राम्रो स्वास्थ्यको”, “दोष रहित”, “दक्ष”, “सुखी फल वा विपाक पैदा गर्ने” भन्ने हुन सक्छ ।

अट्ठसालिनीमा लेखिएको छ :–

अब यहाँ “कुशल धर्महरु” भन्ने वाक्यांशमा कि त “कुशल” वा “दोष रहित” वा “सुखकर फलको उत्पादन गर्ने” भन्ने नै सुहाउँदो अर्थ हुन्छ ।...

हामीले दान, शील र भावना गर्दा चित्त कुशल हुन्छ । भिन्न भिन्न प्रकारका सम्पूर्ण कुशल कार्यहरु जस्तै अरुको कुशल कार्यको प्रशंसा, अरुलाई मद्दत दिनु, विनम्रता, आदर सम्मान, उपदेशको पालना, धर्मको अध्ययन र अध्यापन, समय र विपश्यना आदि दान, शील वा भावनामध्ये

Downloaded from http://dhamma.digital/

कुनै न कुनै अन्तर्गत समावेश हुन आउँछ। "कुशल" सुखकर फललाई पैदा गर्ने कुरो हो। तसर्थ प्रत्येक कुशल कर्मले सुखी विपाकलाई ल्याउने छ।

अट्ठसालिनी (भाग १, खण्ड १, परिच्छेद १, ३९) मा अकुशल बारेमा उल्लेख गरिएको छ :–

अकुशलको अर्थ कुशल होइन भन्ने हो। जस्तो मित्रताको विपरीत दुश्मनी हो वा लोभको आदि विपरीत वेवास्तापन इत्यादि हो, त्यस्तै "अकुशल" को विपरीत "कुशल" हो ...।

अकुशल कर्महरुले दुःखकर विपाक ल्याउने छन्। मानिसहरु पनि दुःखकर विपाक भोग्न चाहिँ चाहँदैनन् तर अधिकांश व्यक्तिहरु दुःखी विपाक ल्याउने हेतु जो हो अकुशल कर्म, त्यस अकुशल विषयमै केही थाहा पाउँदैनन्। न कहिले चित्त अकुशल रहन्छ भन्ने कुरा तिनीहरु थाहा पाउँछन् न तिनीहरु कहिले अकुशल कर्महरु गर्दछन् भन्ने कुरा नै कहिल्यै थाहा पाउँछन्।

अभिधर्मको अध्ययनबाट हामीलाई अकुशल चित्तहरुका तीन समूह बारेमा ज्ञान हुन्छ। ती समूहहरु हुन् :–

१) लोभ मूल चित्तहरु अर्थात् लोभको जराबाट उत्पन्न भएका चित्तहरु।

२) द्वेष मूल चित्तहरु अर्थात् द्वेषको जराबाट उत्पन्न भएका चित्तहरु।

३) मोहमूल चित्तहरु अर्थात् मोहको जराबाट उत्पन्न भएका चित्तहरु।

मोह प्रत्येक अकुशल चित्तको साथै उत्पति हुन्छ। लोभ मूल चित्तहरुको वास्तवमा दुइटा मूल हुन्छन् :– (१) मोह र (२) लोभ। प्रत्येक अकुशल चित्त साथै मोह मात्र उत्पति हुने होइन, लोभ पनि सरहने भएकोले तिनीहरुलाई लोभ मूल चित्तहरु भनी नामकरण गरिन्छ। यसरी लोभ मूल (जरा) को आधारमा लोभमूल चित्तहरुको नामकरण गरिन्छ। द्वेषमूल चित्तहरुको पनि दुइटै मूल (जरा) हुन्छन्। (१) मोह र (२) द्वेष। द्वेषको मूलको कारण तिनीहरुलाई द्वेष मूल चित्तहरु भनी नामकरण गरिन्छ। चित्तहरु यति धेरै प्रकारका हुन्छन् कि उपर्युक्त तीनै वर्गका अकुशल चित्तहरुमध्ये प्रत्येक वर्गमा एकभन्दा बढी प्रकारका चित्त रहन्छन्।

लोभ मूल चित्तहरु वास्तवमा ८ भिन्न भिन्न प्रकारका हुन्छन्। हामीमा विभिन्न प्रकारका लोभ मूल चित्तहरु हुन्छन् भन्ने कुरा हामीले लोभको लक्षणको बारेमा बढी जानकारी राख्ने गरेमा स्पष्टतः जान्न सक्नेछौं। लोभ परमार्थ धर्म हो र यो चैतसिक हो। यो एउटा स्वभाव धर्म भएकोले यसलाई अनुभव गर्न जान्न सकिन्छ।

लोभ उपादान वा आशक्ति हो। विशुद्धि मार्ग (परिच्छेद १४, १६२) मा लोभ विषयमा यस प्रकार उल्लेख गरिएको पाइन्छ।

...लोभ बाँदरहरुलाई बाँध्नको लागि लगाइएको आलोपको समान आलम्बनलाई ग्रहण गर्ने लक्षणवाला हो। तातो कराहीमा फ्याँकिएको मासुको टुक्रा जस्तै टाँस्सिनु यसको कृत्य हो। बत्तीको कालोमोसोको रंग अथवा टेलाञ्जन लगाउने जस्तै नछोड्नु यसको प्रत्युपस्थान हो। संयोजनीय

Downloaded from http://dhamma.digital/

धर्महरु (जसले बन्धनतिर लैजान्छ) मा आस्वाद देख्ने पदस्थानवाला हो । तृष्णाको नदीको सरह बढ्दै गई तेजधारवाला (द्रुतगामी) नदीले जस्तै अपायरूपी महासागरमै यसले लिएर जान्छ । लोभलाई यसरी जान्नु पर्दछ ।

लोभलाई कहिलेकाहीँ लोभ वा तृष्णा भनी अनुवाद गरिन्छ । लोभको अनेक मात्रा हुने भएकोले यसलाई विभिन्न शब्दहरुबाट अनुवाद गर्न सकिन्छ । लोभ स्थूल, मध्यम वा सूक्ष्म हुन सक्छ । अधिकांश मानिसहरु लोभ ज्यादै नै प्रत्यक्ष हुँदाखेरि यसलाई पहिचान गर्न सक्तछन् तर कम मात्राको लोभ हुँदा भने उनीहरु पहिचान गर्न सक्तैनन् । जस्तो उदाहरणको लागि भनौं, हामी स्वादिष्ट खाना अति नै अधिक मात्रामा खानेतिर प्रवृत्त हुँदा वा मद्यपान वा धुम्रपानमा बढी संलग्न रहँदाको अवस्थामा हामी लोभलाई चिन्न सक्छौं । त्यस्तै हामी जनताप्रति अनुरक्त छौं । हामीलाई मनपर्ने व्यक्तिहरुको मृत्यु भई जब हामीले आफ्ना प्रिय व्यक्तिहरुलाई त्याग्नु पर्ने हुन्छ, हामीलाई दुःख लाग्न थाल्छ । त्यतिखेर हामीमा रहेको अनुराग ज्यादै प्रत्यक्ष हुन्छ र हामी देख्न सक्छौं कि प्रिय व्यक्तिहरुप्रतिको हाम्रो अनुरागको कारणले गर्दा लोभले दुःखलाई पैदा गरिदिन्छ । किन्तु लोभका अनेकन मात्राहरु हुन्छन् । चित्तहरु अति छिटो छिटो उत्पति भएर निरूद्ध हुने हुँदा छ वटा द्वारहरु मार्फत् दैनिक व्यवहारमा हामीले अनेकौं कुराको अनुभव गरेका कारणले उत्पति हुने लोभलाई हामीले पहिचानसम्म पनि गर्न नसक्ने हुन सक्छौं । खासगरी हामीमा उत्पन्न भएको लोभको मात्रा कम छ र लोभीपना वा वासना (काम वासना) जस्तो यसको मात्रा गहिरो र तीव्र छैन भने लोभलाई पहिचानसम्म पनि गर्न नसक्ने हुन सक्छौं हामी । कुनै पनि घडीमा हामीले सुखकर दृष्य, प्रिय आवाज, मिठो सुवास वा स्वान वा काया-इन्द्रियद्वारा प्रिय स्पर्श हुँदा प्रत्येक समयमा लोभ उत्पति हुने सम्भावना छ । यसरी दैनिक व्यवहारमा हाम्रो जीवनमा लोभ एकदिनमै अनगिन्ति बार उत्पति हुने गर्दछ ।

उपयुक्त हेतुहरु हुनासाथ लोभको उत्पति हुन्छ । यो नियन्त्रण भन्दा बाहिरको कुरा हो । कैयौं सूत्रहरुमा भगवान् बुद्धले लोभको विषयमा बोल्नु भएको छ, लोभबाट हुने खतराहरुतर्फ संकेत गर्नु भएको छ र लोभलाई जित्ने उपाय बारेमा पनि उपदेश दिनु भएको छ । सूत्रहरुमा पाँच इन्द्रियहरुद्वारा अनुभव गर्न सकिने सुखकर वा प्रिय गोचरहरुलाई पाँच काम गुणहरुका आस्वादहरु भनिएको छ । महादुःख स्कन्ध सूत्रमा (मज्झिम निकाय, सिंहनाद वर्ग) भगवान् बुद्ध जेनतेन महाविहारमा श्रावस्ती नजिकै विहार गरिरहनु भएको बेलामा यसबारेमा भिक्षुहरुलाई सम्बोधन गर्नु भएको कुरा यसरी उल्लेख गरिएको छ :–

“भिक्षुहरु ! कामहरुको आस्वाद (स्वाद) के हो ? यी पाँच, भिक्षुहरु ! काम-गुण हुन् । कुन कुन पाँच ? (१) इष्ट, कान्त, रूचिकर, प्रिय-रूप, कामयुक्त चित्तलाई रञ्जन गर्ने चक्षुद्वारा विज्ञेय (जान्ने योग्य) रूप । (२) इष्ट, कान्त, रूचिकर, प्रिय-रूप, कामयुक्त चित्तलाई रञ्जन गर्ने श्रोत-विज्ञेय शब्द । (३) इष्ट, कान्त, रूचिकर, प्रिय-रूप, कामयुक्त चित्तलाई मोहित गर्ने घ्राण-विज्ञेय गन्ध । (४) इष्ट, कान्त, रूचिकर, प्रिय-रूप, कामयुक्त चित्तलाई मोहित गर्ने जिव्हा-विज्ञेय रस । (५) इष्ट, कान्त, रूचिकर, प्रिय-रूप, कामयुक्त चित्तलाई रञ्जन गर्ने काय-विज्ञेय स्पर्श । यिनीहरु नै, भिक्षुहरु ! पाँच काम-गुणहरु हुन् । यी पाँच काम गुणहरुको कारण जो सुख जो सौमनस्य उत्पति हुन्छन्, तिनै कामहरुको आस्वाद हो ।”

Downloaded from http://dhamma.digital/

काम सुखहरुको आस्वाद वास्तविक सुख होइन । अभिधर्मको अध्ययन नगर्नेहरुले खासगरी सौमनस्य वेदना साथै उत्पति हुने लोभलाई कुशल भनी सोच्न सक्दछन् । सौमनस्य साथै उत्पन्न हुन सक्ने लोभ र मैत्री धर्महरुको बीच रहेको भिन्नतालाई यस्ता व्यक्तिहरु थाहा नपाउने हुन सक्छन् । किनभने सौमनस्य साथै साथ लागेको चित्त कुशल चित्त नै हुनुपर्छ भन्ने केही कुरा छैन । अकुशल चित्तहरु र कुशल चित्तहरु बारेमा बढी कुरा जानी तिनका लक्षणहरुमा जब हामी सचेत हुन्छौं, अनि हामी देख्नेछौं कि लोभमूल चित्त साथै उत्पति हुन सक्ने सौमनस्य वेदना कुशल चित्तसाथै उत्पति हुन सक्ने सौमनस्य वेदनाभन्दा भिन्नै हुँदोरहेछ । वेदना चैतसिक हो र यो प्रत्येक चित्त साथै उत्पति हुन्छ । तसर्थ चित्त अकुशल छ भने वेदना पनि अकुशलै हुन्छ र चित्त कुशल हुँदा वेदना पनि कुशलै हुन्छ । प्रियमनाप दृष्य र शब्द प्रति हामी आकर्षित हुँदाको क्षण उत्पति हुने सौमनस्य वेदना र हामी त्यागी हुँदा उत्पति हुने सौमनस्य वेदनाको लक्षणमा भिन्नता रहेको कुरा हामी आफैं अनुभव गर्न सक्षम हुनेछौं ।

भगवान् बुद्धले लोभले दुःख प्रजनित हुन्छ भनी भन्नु भएको छ । जब हामीलाई आफ्ना प्रिय व्यक्तिहरुबाट वियोग हुनुपर्छ वा जब हामीले आफूले आनन्द लिएका वस्तुहरुबाट वञ्चित हुनुपर्छ, हामीलाई दुःख लाग्छ । माथि उद्धृत गरिएको महादुःख स्कन्ध सूत्रमा भगवान् बुद्धले इन्द्रिय सुखहरुको अर्थात् कामहरुको कारण दुःख हुने बारेमा बताउनु भएको कुरा हामीले पढ्यौं । भगवान् बुद्धले भिक्षुहरुलाई भन्नु भयो :– भिक्षुहरु ! कामहरु (इन्द्रिय सुखहरु) को दुष्परिणाम (आदिनव) के हो त ? भिक्षुहरु । एउटा कुलपुत्रले कुनै एक शिल्पको आधारमा शीतउष्पा पीडित (ठण्डी र गर्मीबाट दुःख पाएर) भएर ठूलठूला भिंगाहरु, लामखुट्टेहरु, हावा, घाम र सर्प बिच्छे आदि घिस्रेर हिंड्ने जनावरहरुको स्पर्शबाट उत्पीडित भएर भोक तिर्खाले मरेर जीविकोपार्जन गर्दछ । यो भिक्षुहरु ! कामगुणहरुबाट रहेको दुष्परिणाम हो । यही जन्ममा यो दुःखहरुका समूह (दुःख स्कन्ध) काम हेतु, काम-निदान र काम-अधिकरण (काम-विषय) कामहरुकै कारण हो ।

भिक्षुहरु ! त्यस कुल-पुत्रलाई यदि यस प्रकारले उद्योग गरेर, उत्थान गरेर, मेहनत गरेर पनि त्यो भोग उत्पति भएन भने उसले शोक गर्छ, दुःखी बन्छ, चिल्लाउँछ, छाती पिटी पिटी रून्छ, मूर्छित हुन्छ–हाय ! मेरो प्रयास व्यर्थ गयो, मेरो मेहनत निष्फल भयो भनी विलाप गर्छ । यो पनि भिक्षुहरु ! कामहरुकै दुष्परिणाम हो, यही जन्ममा दुःख-स्कन्ध... कामगुणहरुकै कारण हो ।

"र फेरि, भिक्षुहरु ! कामगुणहरुकै हेतु, कामहरुकै विषयमा कामहरुकै लागि राजा पनि राजाहरुसँग झगडा गर्दछन्, क्षत्रीहरुसँग झगडा गर्दछन्, ब्राह्मणहरु ब्राह्मणहरुसँग झगडा गर्दछन्, गृहपतिहरु गृहपतिहरुसँग झगडा गर्दछन्, आमा छोरासँग झगडा गर्छे, छोरो आमासँग झगडा गर्छ, बाबु छोरासँग झगडा गर्दछ, छोरो बाबुसँग झगडा गर्दछ, भाइ भाइसँग झगडा गर्छ, दाजु बहिनीसँग झगडा गर्छ, बहिनी दाजुसँग झगडा गर्छे, मित्र मित्रसँग झगडा गर्दछ । तिनीहरु कलह, बिग्रह, विवाद गर्दै एक दोस्रो उपर हातले पनि आक्रमण गर्दछन्, ढुंगाले पनि आक्रमण गर्दछन्, लट्ठीले पनि ... शस्त्रहरुले पनि आक्रमण गर्दछन् । तिनीहरु यहाँ मृत्युकै अवस्थामा पुग्दछन् वा मृत्यु समान दुःख भोग्दछन् । भिक्षुहरु ! यो पनि कामहरुकै दुष्परिणाम हो । यही जन्ममा दुःख स्कन्ध... काम गुणहरुकै कारण हो ।"

Downloaded from http://dhamma.digital/

हामी कामगुणहरुमा आउने अरु अनेकन दुष्परिणामहरु र भविष्यमा तिनले ल्याउने परिणामहरुबारे पनि उल्लेख भएको पाउँछौं । भगवान् बुद्धले रूपाकारहरुको आस्वाद र तिनका दुष्परिणामहरु पनि व्याख्या गर्नु भयो । हामी पढ्छौं :–

"के हो, भिक्षुहरु ! रूपाकारको आस्वाद ?

भिक्षुहरु ! रूपकारको आस्वाद भनेको कूलीन परिवार वा ब्राह्मण परिवार वा गृहपति परिवारको त्यस्तो केटी जस्तै हो जो १५ वा १६ वर्षकी बैंशमा न ज्यादै अग्ली, न ज्यादै पुड्की, न साह्रै दुब्ली, न साह्रै मोटी, न साह्रै काली, न साह्रै गोरी हुन्छे–के त्यस केटी, भिक्षुहरु ! त्यस बेलामा आफ्नो सौन्दर्य र आकर्षणको शीर्षस्थ स्तरमा हुन्छन् ?

"अवश्य हुन्छ" भन्ते !

भिक्षुहरु ! सौन्दर्य र आकर्षणबाट जे जस्तो पनि सुख र आनन्द उत्पति हुन्छ, त्यो रूपाकारहरुको आस्वाद हो ।

भिक्षुहरु ! रूपाकारहरुको आदिनव के हो त ?

भिक्षुहरु ! त्यही केटीलाई केहो समयपछि अस्सी वर्ष वा नब्बे वर्ष वा सय वर्षकी बुद्ध... कुप्री, निहुरेकी, लट्ठीको भरमा अडेकी, दुःखी भएर हिंडीरहेकी, विगत यौवना, दाँत नभएकी, केश झरेकी, चाउरी परेका छाला भएकी,... अंङ्ग प्रत्यङ्ग विरूप भएकी अवस्थामा देख्ने हुन्छ...

फेरि, भिक्षुहरु ! त्यसै आइमाईलाई श्मशानमा शब फ्याँकिएको अवस्थामा, एक दिन दुई दिन वा तीन दिनकी मृतकको अवस्थामा फुलेकी, विरूप भएकी, सड्न लागेकी अवस्थामा देख्ने हुन्छ ।

भिक्षुहरु ! तिमीहरु अनि के विचार गर्छौ ? पहिलेको त्यो सौन्दर्य र आकर्षण जो थियो नष्ट भएर दुष्परिणाम देखिएको छ भनी सोच्दछौ ?

त्यसै हो भन्ते !

यो पनि भिक्षुहरु रूपाकारहरुको आदिनव हो ।...।"

भगवान् बुद्धले भिक्षुहरुलाई जे भन्नु भयो त्यो कुरो हामीलाई रूखो लाग्न सक्छ तर यो वास्तविकता हो स्वभाव धर्म हो । जाति, जरा, व्याधि र मृत्युको रूपबाट जीवनलाई यसको यथार्थ स्वरूपमा अङ्गिकार गर्न हामीलाई गाह्रो लाग्छ । हामी आफै देह वा हाम्रा इष्ट व्यक्ति कसैको देहलाई लाश हुने कुरो चिन्तनसम्म पनि गर्न सक्तैनौं हामी जन्मने कुरालाई भने स्वीकार गर्छौं तर जन्मको परिणामको स्वरूप रहेका जरा, व्याधि र मृत्यु धर्मलाई स्वीकार गर्न भने हामीलाई कठीन लाग्छ । हामी सम्पूर्ण संस्कारको अनित्यतालाई भुल्न खोज्छौं । जब हामी ऐनामा आफूलाई हेर्छौं, र जब हामी आफ्नो देहको सेवा सुश्रुषामा लाग्छौं, त्यतिखेर हामी हाम्रो यो देह दिगो रहन्छ र यो हाम्रो आफ्नो हो भनी ग्रहण गर्नेतिर लाग्छौं । किन्तु शरीर त मात्र रूप हो, यस्ता धातुहरु जुन उत्पति हुनासाथ निरोध भइहाल्छन् । सदा दिगो रहने त शरीरमा एउटा रेणुसम्म पनि छैन ।

Downloaded from http://dhamma.digital/

देहलाई आत्मा भनी ग्रहण गर्नु एक प्रकारको मिथ्या दृष्टि हो । जसलाई पालिमा दिट्ठी भनिन्छ । दिट्ठी लोभ मूल चित्त साथै उत्पति हुने एउटा चैतसिक हो । लोभ मूल चित्त जम्मा ८ प्रकारका छन् र तीमध्ये ४ प्रकारका लोभ मूल चित्तसाथै दिट्ठीले सहगमन गरेको हुन्छ । अर्थात् अर्को शब्दमा भन्ने हो भने चार प्रकारका लोभ मूल चित्तहरु दृष्टि सहगत हुन्छन् । जब दृष्टिसाथै लोभ मूल चित्तहरु उत्पति हुन्छन् त्यस क्षणमा मिथ्या दृष्टि हुन्छ ।

भिन्न भिन्न प्रकारका दृष्टि छन् । आत्मामा विश्वास गर्नु एक प्रकारको दृष्टि हो । कुनै कुरामा आत्मा छ भनी ग्रहण गर्दा दृष्टि हुन्छ । कोही कोही मानिसहरु यस जीवनमा पनि रहने र यस जीवन अवधि सकिएपछि पनि कायमै रहने आत्मा भन्ने छ कुरामा विश्वास गर्दछन् । यो शाश्वत दृष्टि हो । अरुहरु यस जीवनमा मात्र रहने र यो जीवन सकिनासाथ निर्मूल हुने आत्मा छ भन्ने कुरामा विश्वास गर्दछन् । यो उच्छेद दृष्टि हो । कर्मको फल छैन र कर्म र विपाक भन्ने कुरा छैनन् भनी विश्वास गर्ने अर्को किसिमको दृष्टि हो । यस संसारमा पानीमा नुहाएर वा देवताको स्तुति गरेर मात्र पनि क्लेशहरुलाई परिशुद्ध गर्न वा पखाल्नु सकिन्छ भनी विचार गर्ने खालका व्यक्तिहरु अनेकौं देशहरुमा सदैव पाइ नै रहेका छन् । आफूले गरेका पाप कर्मका फलहरुलाई यसरी हटाउन सकिन्छ भन्ने उनीहरुको विश्वास हो । प्रत्येक कर्मको आफ्नो फल आफै ल्याउँछ भन्ने कुरा तिनीहरुलाई थाहा छैन । क्लेशहरुलाई जरैदेखि निर्मूल गर्न सक्ने प्रज्ञाको विकास गरेर मात्रै हामी क्लेशहरुबाट परिशुद्ध हुन सक्छौं । कर्मले उपयुक्त फल दिँदैन भनी सोच्ने हो भने यस्ता व्यक्तिहरुले पुण्यको अभ्यास गर्नु बेकार हो भन्ने कुरामा सजिलैसँग विश्वास गर्ने हुन्छ । यस प्रकारको विश्वासले पाप कर्महरुतिर लगी समाजमा भ्रष्टतालाई बढावा दिनेछ ।

आठ प्रकारका लोभ मूल चित्तहरुमध्ये चार प्रकारका चित्तहरु मिथ्या दृष्टिसँगै उत्पति हुन्छन् । पालिमा तिनीहरुलाई दिट्ठीगत सम्यसुत्त अर्थात् दृष्टिगत सम्प्रयुक्त भनिन्छ । चार प्रकारका लोभ मूल चित्तहरु मिथ्या दृष्टि रहित भएर उत्पति हुन्छन् । ती चित्तहरु दृष्टिगत विप्रयुक्त हुन् (पालिमा दिट्ठीगत विप्पयुक्त भनिन्छ) ।

जहाँसम्म लोभ मूल चित्तका साथ सहगमन गर्ने वेदनाको कुरा छ, लोभ मूल चित्तहरु सौमनस्यसाथै वा उपेक्षा वेदनाको साथै उत्पति हुन सक्छन् । सौमनस्य वेदनासाथै उत्पति हुँदै लोभ अझ तीव्र हुन्छ । दृष्टि सहगत चार प्रकारका लोभ मूल चित्तहरुमध्ये दुई प्रकारका चित्तहरु सौमनस्यसाथै उत्पति हुन्छन् । तिनीहरु सौमनस्य सहगत हुन् । दुई प्रकारका चित्तहरु चाहिँउपेक्षा वेदना साथै उत्पति हुन्छन् । तिनीहरु उपेक्षा सहगत हुन् । उदाहरणार्थ, आत्मा छ र दिगो रूपमा रहिनै रहन्छ भन्ने धारणामा टाँस्सिदा त्यो चित्त सौमनस्य सहगत वा उपेक्षा सहगत वा उपेक्षा सहगत हुन सक्छ । मिथ्या दृष्टि रहित भएर उत्पति हुने चार प्रकारका लोभ मूल चित्तहरु मध्ये दुई प्रकारका चित्त सौमनस्य सहगत हुन्छ र बाँकी दुई प्रकारका चाहिँ उपेक्षा सहगत हुन्छन् । यसरी आठ प्रकारका लोभ मूल चित्तहरुमध्ये चार प्रकारका चित्तहरु सौमनस्य वेदनासाथै उत्पन्न हुन्छ र चार प्रकारका चित्तहरु चाहिँ उपेक्षा वेदनासाथै उत्पन्न हुन्छन् ।

लोभ-मूल चित्तहरुको वर्गीकरण गर्दा तिनीहरुको अर्को विभेद पनि गर्न सकिन्छ । लोभ मूल चित्तहरु असांस्कारिक (असंखारिक) वा ससांस्कारिक (पालिमा ससंखारिक) हुन सक्तछन् ।

Downloaded from http://dhamma.digital/

"असांस्कारिक" लाई कहिलेकाहीँ "अप्रोत्साहित" "नउक्साइएको" वा "स्वच्छन्द वा अनायास" भनेर पनि अर्थ गरिन्छ। "ससांस्कारिक" लाई "प्रोत्साहित" "प्रेरित" भनी अनुवाद गरिन्छ। विशुद्धि मार्ग (परिच्छेद १४, ९१) मा लोभ मूल चित्त विषयमा यस प्रकार भनिएको छ कि यो ससांस्कारिक हो "जब मन्द उत्साहित चित्त साथै यो हुन्छ।" ससांस्कारिक लोभ मूल चित्तहरुलाई अरु कसैको सल्लाह वा अनुरोधद्वारा उत्साहित गर्न पनि सकिन्छ अथवा तिनीहरु स्वयं आफ्नै चिन्तनद्वारा उत्साहित भएर पनि उत्पन्न हुन सक्छन्। आफ्नै निजी चिन्तनबाट प्रेरित भएर उत्पति भएमा पनि ती ससांस्कारिक नै हुन्छन्। ती चित्तहरु "मन्द गति र आग्रह सहित" मै हुन्छन्। यसरी लोभ त ससांस्कारिक छँदाभन्दा असांस्कारिक छँदा झन् बढी तीव्र हुन्छ।

दृष्टिगत सम्प्रयुक्त चार लोभ मूल चित्तहरुमध्ये दुई प्रकारका असांस्कारिक र दुई प्रकारका हुन्छन्। दृष्टिगत विप्रयुक्त लोप मूल चित्तहरुमध्ये दुई प्रकारका असांस्कारिक र दुई प्रकारका ससांस्कारिक छन्। यसरी आठ प्रकारका लोभ मूल चित्तहरुमध्ये चार असांस्कारिक र बाँकी चार ससांस्कारिक छन्।

यसरी जम्मा आठ प्रकारका लोभ मूल चित्तहरु निम्न बमोजिम हुन् :–

१) सौमनस्य सहगत, दृष्टिगत-सम्प्रयुक्त, असांस्कारिक – एक।

२) सौमनस्य सहगत, दृष्टिगत-सम्प्रयुक्त, ससांस्कारिक – एक।

३) " " " विप्रयुक्त, असांस्कारिक – एक।

४) " " " " ससांस्कारिक – एक।

५) उपेक्षा सहगत, दृष्टिगत-सम्प्रयुक्त, असांस्कारिक – एक।

६) " " " " ससांस्कारिक – एक।

७) " " " विप्रयुक्त, असांस्कारिक – एक।

८) " " " " ससांस्कारिक – एक।

अट्ठसालिनी (भाग २, खण्ड ९, परिच्छेद ३, २५५) मा दृष्टिगत-सम्प्रयुक्त ससांस्कारिक लोभ मूल चित्तहरुको उदाहरण यसरी प्रस्तुत गरिएको छ। एउटा कुलीन परिवारको कुल-पुत्रले मिथ्या दृष्टि भएकी एउटी स्त्रीसँग विवाह गर्दछ। यसरी ऊ मिथ्या दृष्टि भएको मानिसको संगतमा पर्दछ। पहिले त उनीहरुका बीच विचारमा मत भिन्नता मात्र रहने हुन्छ तर पछि गएर ऊ पनि ती मिथ्या दृष्टिहरु नै ग्रहण गर्न थाल्दछ र ती मिथ्या दृष्टिहरु उसलाई पनि प्रिय र मनाप हुन थाल्छन्।

दृष्टिगत-विप्रयुक्त लोभ मूल चित्तहरु सौमनस्य सहगत वा उपेक्षा सहगत हुन्छन्। उदाहरण दिने हो भने, राम्रा राम्रा लुगाहरु लगाउँदा, सिनेमा हेर्न जाँदा, हँसि ठट्टा गर्दा वा प्रिय-रूप वस्तुहरुका विषयमा अरहरुसँग कुराकानी गर्दा दृष्टिगत-विप्रयुक्त सौमनस्य सहगत लोभ मूल

Downloaded from http://dhamma.digital/

चित्तहरु उत्पति हुन्छन् । दृष्टिगत विप्रयुक्त सौमनस्य सहगत लाभे मूल चित्तहरु ससांस्कारिक हुन्छन् जब, उदाहरणको लागि भनौं, कोही व्यक्ति पहिले कहिल्यै मद्यपान नगर्ने मान्छे भएर पनि अरु कसैले पिउन लगाएर पिएपछि यसैमा आनन्द लिने हुन्छ ।

त्यस्तै दृष्टिगत विप्रयुक्त उपेक्षा सहगत लोभ मूल चित्तहरु उत्पति हुने सम्भावना त्यसबेला रहन्छ जब जस्तो उदाहरणार्थ भनौं हामी उभिन खोज्छौं वा विभिन्न आलम्बनहरुलाई समाउन खोज्छौं । किनकि यस्ता कार्यहरुबाट हामीमा सुखी वेदना रहँदैन, यस्ता घडीहरुमा चित्त उपेक्षा सहगत लोभ हुने सम्भावना हुन्छ । यसरी हामी के देख्छौं भने लोभले प्रायः हाम्रा दैनिक जीवनका साधारण से साधारण कार्यहरुलाई पनि प्रवृत्त गर्दछ ।

## केही मनन गर्न योग्य प्रश्नहरु

१) लोभ हुँदा के सधैं सौमनस्य वेदना पनि हुनुपर्छ ?

२) के लोभ मूल चित्तसाथै मात्र दृष्टि उत्पति हुन्छ ?

३) कति प्रकारका लोभ मूल चित्तहरु हुन्छन् ?

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**परिच्छेद–५**

# लोभका विभिन्न मात्राहरू

लोभद्वारा दुःख हुन्छ भन्ने कुरा थाहा भएपछि हामी लोभलाई उन्मूलन गर्न चाहन्छौं । केही क्षण त लोभलाई दमन गर्न हामी समर्थ हुन पनि सक्नेछौं तर उपयुक्त अवस्था रहनासाथ लोभ बार बार देखा परिहाल्छ । लोभद्वारा दुःख हुन्छ भन्ने कुरा थाहा पाउँदा पाउँदै पनि हामी लोभद्वारा विरत भएर रहन सक्तैनौं । तथापि यसलाई निर्मूल गर्ने एउटा उपाय भने अवश्य छ । त्यो के भने यसलाई सम्पूर्ण कुराहरुलाई तिनीहरुको यथार्थ स्वभावको रूपमा पहिचान गर्न सक्ने प्रज्ञाद्वारा निर्मूल गर्न सकिन्छ । यस प्रकारको प्रज्ञाको विकास गर्नलाई अकुशल कार्यहरुलाई प्रेरित गर्ने स्थूल लोभलाई मात्र थाहा पाएर पुग्दैन, बल्कि अझ सूक्ष्म खालका लोभका विभिन्न अंशहरुलाई पनि थाहा पाउनु आवश्यक हुन्छ । हामी जति बढी मात्रामा सविस्तार चित्तहरुको विषयमा ज्ञान हासिल गर्छौं, त्यति नै हामीलाई आफैलाई पहिचान गर्न मद्दत हुने हो । निम्न सूत्रमा बढी सूक्ष्म लोभको उदाहरण पाइन्छ । संयुक्त निकाय (सगाथा वर्ग ९, वन संयुक्त,– प्रकरण १४ पदुमपुप्फ सुत्त) मा यसरी उल्लेख गरिएको छ :–

एक समयमा कोही भिक्षु कोशलको कुनै एक वन खण्डमा बसिरहेको थियो । त्यहाँ रहँदा खेरि त्यो भिक्षुले भिक्षाटनबाट फर्केर भोजन गरी सकिएपछि कमल पोखरी (पुष्कारिणी) मा पसेर एउटा रातो कमलको सुवास सुँघ्न थाल्यो । अनि त्यो वन खण्डको रक्षा गर्ने देवताले त्यस भिक्षु प्रति करूणा भावबाट प्रेरित भएर उसको कल्याणको इच्छा गरी त्यो भिक्षुलाई होसमा ल्याउने विचारले त्यो भिक्षुको समीपै गएर गाथाद्वारा भने :–

"जो यस वारिज पुष्पलाई चोरी गरी सुँघिरहनु भएको छ ।

यो एक किसिमको चोरी नै हो, मारिष ! तपाईं गन्ध चोर हुनुहुन्छ ॥

(भिक्षु-) न केही म लिएर जान्छु, न केही नष्ट गर्दछु, टाढैबाट म पुष्प सुँघ्छ,

तब मलाई कोही गन्ध चोर भनी कसरी भन्न सक्दछ ?

जो पुष्पहरुलाई उखाडि दिन्छ, पद्यहरुलाई नै रस चुस्छ,

यस्ता काम गर्नेलाई भने चोर भनी किन भनिन्न ?

(देवता-) अत्यन्त लोभमा डुबेको मान्छे धाईको कपडा झैं मैलो हुन्छ,

त्यस्तालाई भन्नु बेकार छ, तथापि तपाईंलाई त भन्नु सक्छु ।

निष्पाप, नित्य पवित्रताकै खोजीमा लाग्ने पुरुषको,

केशको टुप्पो बराबरको पाप पनि ठूलो बादल जस्तै देखा पर्छ ।...

Downloaded from http://dhamma.digital/

... भिक्षु होसमा आएर संभालिन्छ ।"

सूत्रहरुमा मात्र होइन, नियममा पनि बढी सूक्ष्म लोभका उदाहरणहरु प्रस्तुत गरिएका छन् । विनय, सूत्र, अभिधर्म सबैले हामीलाई आफैलाई राम्ररी चिन्न मद्दत गर्न सक्तछन् । विनयको अध्ययनबाट हामीलाई के ज्ञान हुन्छ भने थोरैमा पनि सन्तुष्टीको जीवन व्यतीत गर्ने भिक्षुहरुमा पनि लोभ संचित भएर रहेहो हुन्छ । जब जब भिक्षुहरु आफ्नो जीवनको परिशुद्धताबाट विमुख हुन गएका उदाहरण पाइए तब तब नै ती भिक्षुहरुलाई अझ बढी सजग रहन सघाउ पुऱ्याउने हेतुले एउटा एउटा विनयको नियम बनाइएको थियो । तसर्थ भिक्षु जीवनमा आइपर्ने सानो से सानो विवरणलाई समेत ढाक्ने गरी बनाइएका विनय-नियमहरुको उपयोगितालाई हामी यसरी बुझ्न सक्तछौं । खाने, पिउने, पोशाक पहिरने र हिंड्ने जस्ता दैनिक जीवनका मामुली से मामुली कृत्यहरु गर्दा पनि ती नियमहरुले भिक्षुहरुलाई सजग रहन स्मृतिवान् रहन मद्दत पुऱ्याउँछन् । यस्ता यस्ता नियमहरु पनि त्यहाँ छन् जसले यस्तो हेर्दा खेरि दोषरहित कृत्यहरु झैं देखिने कुराहरु जस्तो पानीमा खेल्ने, पानीले खेल्ने (पाचितीय ५३) वा अरु सहयोगी भिक्षुहरुलाई जिस्क्याउने जस्ता कुरालाई निषेध गर्दछन् । किनभने यस्ता कृत्यहरु कुशल चित्तहरुबाट होइन अपितु अकुशल चित्तहरुबाटै गरिन्छन् ।

हामी विनय (सुत्त विभंग, पाचितीय ८५) मा पढ्छौं कि भिक्षुहरुले कुबेलामा गाउँमा पस्नु हुँदैन । किनभने यसो गर्नाले तिनीहरु सांस्सारिक कुराकानीमा झन् सजिलैसँग लाग्ने हुन्छन् । त्यहाँ उल्लेख गरिएको छ :–

अब त्यस समयमा छ जवान भिक्षुहरुको त्यो समूह कुबेलामा गाउँमा पसेर एउटा भवनमा बसिकन राज-कथा, चोर-कथा, महात्म्य-कथा, सेना-कथा, भय-कथा, युद्ध-कथा, अन्न-कथा, पान-कथा, वस्त्र-कथा, शयन-कथा, गंध-कथा, माला-कथा, ज्ञाति-कथा, युद्धयान-कथा, ग्राम-कथा, निगम-कथा, नगर-कथा, जनपद-कथा, स्त्री-कथा, शूर-कथा, (प्रबल पेय पदार्थका कुराकानी), विशिखा (चौबाटो)-कथा, कुम्भस्थान (पनेरा)-कथा, पूर्व-प्रेत-कथा, नानात्व-कथा, लोक-आख्यापिका, समुद-आख्यापिका, इति-भवाभव (यसो भयो यसो भएन)-कथा आदि निरर्थक किसिम किसिमका सांसारिक कथा भन्ने थाले... ।

यो प्रकरण साधारण गृहस्थजनको लागि पनि उपयोगी छ । हामी सांसारिक विषयमा कुरा नकाटिकन बस्न सक्तैनौं । किन्तु हामीले थाहा पाउनु पर्दछ कि यसो हेर्दा दोषरहित देखिने हाम्रा कुराकानी पनि प्रायः लोभ मूल चित्तहरु वा द्वेष मूल चित्तहरुद्वारा प्रवृत्त हुन्छन् । हामीले स्वयं आफूलाई जान्नको लागि पनि कुन प्रकारको चित्तद्वारा हाम्रा कुराकानी प्रेरित हुन्छ भन्ने कुरा पत्ता लगाउनु पर्दछ ।

प्रत्येक पटक लोभ मूल चित्त उत्पति हुँदा लोभ संचित हुन्छ । हेतुहरु खडा हुनासाथ अनि काय, वाक्य वा मन मार्फत् लोभले अकुशल कर्महरु गर्न प्रेरित गर्छ । लोभले गर्दा कस्ता प्रकारका कर्महरु गरिँदो रहेछ भन्ने कुरा हामीलाई थाहा पाउनासाथ हामीमा लोभलाई उखेलेर फ्याँक्ने प्रवल उत्साह आउने हुन्छ ।

Downloaded from http://dhamma.digital/

खराब कर्महरुलाई पालिमा अकुशल कम्म अथात् अकुशल कर्म भनिन्छ । कर्म भनेको चित्त साथै उत्पति हुने चैतसिक हो, जुन चेतना हो अर्थात् कुनै कुरा गर्ने आशय वा इच्छा हो । तथापि कर्म शब्दलाई अझ बृहत् अर्थमा प्रयोग गरी चेतनाद्वारा उत्प्रेरित भई गरिएका कार्यहरुको लागि पनि प्रयोग गरिन्छ । कर्म पथ भन्ने शब्दलाई पूर्ण गरिएको वा सम्पन्न गरिएको कामको लागि प्रयोग गरिन्छ । कर्म पथ अकुशल कर्म वा कुशल कर्म हुन सक्छ । लोभ वा द्वेषद्वारा प्रवृत्त गरिने र काय, वाक्य वा चित्तद्वारा सम्पन्न गरिने जम्मा दश अकुशल कर्मपथ छन् । यो अकुशल कर्म पथ मध्येका केही कर्म पथलाई कहिले लोभ र कहिले द्वेषद्वारा प्रवृत्त गर्न सकिन्छ । त्यसैले कसैले अकुशल कर्म गर्न लागेको देख्दा हामीले त्यो कर्मलाई कुन प्रकारको चित्तले प्रेरित गरेको छ भन्ने कुरा सदैव निश्चित गरी भन्न सक्तैनौं । दश अकुशल कर्मपथहरु निम्न बमोजिमका हुन् :–

१) प्राणातिपात (हिंसा), २) अदत्ता दान (चोरी), ३) काम मिथ्याचार (व्यभिचार), ४) मृषावाद (झुठ), ५) पिशुन वचन (चुग्ली), ६) परुष वचन (रूखो बोली) र ७) सम्प्रलाप (व्यर्थको गफ) ।

८) अभिध्या (लोभ), ९) व्यापाद (द्रोह) र १०) मिथ्या दृष्टि (उल्टोमत) ।

प्राणातिपात, अदत्ता दान र काम मिथ्याचार जस्ता तनि अकुशल कर्मपथहरु कायद्वारा गरिन्छन् । मृषवाद, पिशुन वचन, पुरुष वचन र सम्प्रलाप जसता चार अकुशल कर्मपथहरु वचनद्वारा पूरा गरिन्छन् । अभिध्या, व्यापाद र मिथ्या दृष्टि जस्ता तीन अकुशल कर्मपथहरु चित्तद्वारा पूरा गरिन्छन् । शरीरद्वारा गरिने अकुशल कर्मपथहरुमध्ये लोभद्वारा चोरी र व्यभिचार गरिन्छ । चोरी कहिलेकाहीँ लोभद्वारा र कहिलेकाहीँ द्वेषद्वारा पनि गरिन्छ । जस्तो यदि कसैले अर्काको सम्पत्ति आफैले भोग गर्नको लागि चोरी गर्दछ भने त्यो लोभद्वारा चोरी भएको हुन्छ । होइन, केवल अरुलाई नोक्सानी गर्ने हेतुले चोरी गरिएको छ भने त्यो चोरी द्वेषद्वारा प्रवृत्त भएको हुन्छ र त्यतिखेर द्वेष विद्यमान हुन्छ ।

वचनद्वारा गरिने अकुशल कर्मपथ मध्ये मृषावाद, पिशुनवचन र सम्प्रलाभलाई लोभद्वारा प्रवृत्त गर्न सक्तछ । यदि कसैले आफैलाई प्राप्त गर्नको निमित्त वा आफूलाई अरुको सामु प्रिय बन्नको निमित्त यस प्रकारका वचनहरु बोलेका छन् भने ती वचनहरु लोभद्वारा प्रवृत्त हुन्छन् । तथाकथित सफेद झुठ वा ठट्टाको निमित्त मात्र गरिएको झुठो कुरोमा कुने नोक्सान वा आपत्ति छैन भन्ने कुरा हामी सोच्न सक्छौं । किन्तु सबै किसिमका मिथ्यावचनहरु अकुशल चित्तहरुद्वारा नै प्रेरित हुन्छन् । अम्बलत्थिका, राहुलोवाद सूत्र, मध्यम निकाय, भिक्षु वर्गमा भगवान् बुद्धले राहुललाई झुठ बोल्ने बारेमा उपदेश दिनु भएको छ । भगवान् बुद्धले भन्नुभयो :–

“त्यसरी नै राहुल ! जसलाई जानी जानीकन झूठो बोल्नमा लाज हुँदैन, त्यस्ताको लागि कुनै पनि पाप अकरणीय हुन्न, यसरी म मान्दछु । त्यसैले, राहुल ! “म ठट्टामा पनि झुठो बोल्दिन” यसरी तिमीले आफैलाई शिक्षित गर्नु पर्दछ ।”

पिशुन वचनको जहाँसम्म प्रश्न छ, धेरैजसो मानिसहरु अर्काको बारेमा कुरा गर्ने प्रवृत्तिका हुन्छन् । अर्काको नाउँ वा यशलाई कुनै हानी नोक्सानी पुऱ्याउने मनसाय भएन भने यस्ता कुरा अकुशल कर्मपथ हुँदैन । तर अर्काको बारेमा कुरा गर्ने बानी भएपछि अकुशल कर्मपथको निमित्त

Downloaded from http://dhamma.digital/

सजिलैसँग अवसर प्राप्त हुन सक्छ । यदि कसैले आफूलाई केही प्राप्त गर्ने नियत लिई वा अरुलाई खुशी तुल्याउने उद्देश्यले पिशुन वचन बोलेको छ भने यस प्रकारको अकुशल कर्म पथ लोभमूल चित्तद्वारा प्रवृत्त हुन्छ । हामीहरु आफै र अरुहरु पनि हेतुको कारणले उत्पति भएका धर्महरु र अनित्यका शिकार छौं भन्ने कुरा हामीले देखे बुझ्नेपछि अर्काको विषयमा कुरा काट्ने वा अर्काको सम्बन्धमा टिका टिप्पणी गर्ने बानी हामीमा घट्दै जाने हुन्छ । अर्काको कामहरुको विषयमा हामीले कुरा गर्दा गर्दैको अवस्थामा पनि अवस्थाहरु परिवर्तन भइसकेका हुन्छन् । तिनीहरुले जे भनेका थिए वा गरेका थिए ती लोप भइसकेका हुन्छन् र शेष कुनै बाँकी रहन्नन् ।

सम्प्रलाप भनेको आलसी अर्थरहित विषयमा कुरा गर्नु हो । कहिलेकाहीँ यस प्रकारको कुरा अकुशल कर्मपथको तिव्रता नभएको लोभमूल चित्तहरुद्वारा अभिप्रेरित हुने सम्भावना छ । कहिलेकाहीँ लोभ पनि यतिको मात्रामा भइदिन्छ कि त्यसले अकुशल कर्मपथको रूपमा रहेको सम्प्रलापलाई प्रवृत्त गरिदिन्छ ।

मनद्वारा दुई प्रकारका अकुशल कर्मपथहरुलाई लोभ मूल चित्तहरुले प्रवृत गर्न सक्छन् : यथा, अभिध्या (लोभीपना) र मिथ्या दृष्टि । बेइमानीपूर्वक अर्काको सम्पत्तिलाई आफूले प्राप्त गर्न खोज्नु अभिध्या हुन आउँछ । मिथ्या दृष्टि धेरै प्रकारका हुन्छन् । किन्तु तीन किसिमका मिथ्या दृष्टिहरु मनद्वार गरिने अकुशल कर्म हुन्छन् । तीमध्ये एउटा दृष्टि हो अहेतुक दृष्टि अर्थात् सत्वहरुको अस्तित्वको निमित्त कुनै हेतु छैन न त तिनीहरुको शुद्धि वा अशुद्धिको निम्ति कुनै हेतु छ भन्ने विश्वास । अर्को मनद्वारा गरिने अकुशल कर्मपथ वाला मिथ्या दृष्टि हो अकृय-दृष्टि, अर्थात् कुशल तथा अकुशल कर्महरुका फल हुँदैनन् भन्ने विश्वास । तेश्रो मनद्वारा गरिने अकुशल कर्मपथा वाला मिथ्या दृष्टि हो नास्तिक दृष्टि (पालिमा नत्थिक-दिट्ठी) अर्थात् नकारात्मक सिद्धान्त । मृत्युपछि पुनर्जन्म हुन्न भन्ने नै यस दृष्टिको विश्वास हो ।

स्थूल वा बढी सूक्ष्म, जतिसुकै मात्रा भएको लोभ किन नहोस् यसले दुःख नै ल्याउँछ । आँखा, कान, नाक, जिब्रो, कायाइन्द्रिय र मन मार्फत् उपस्थित हुने गोचरहरुमा जबसम्म हामी आकर्षित हुन्छौं र तीद्वारा वशीभूत हुन्छौं तबसम्म हामीहरु गोचरका दास दासी जस्तै नै हुन्छौं । यदि हाम्रो सुख हाम्रा चारैतिरका परिस्थिति र अरुले हामीप्रति गर्ने व्यवहारमा निर्भर हुन्छ भने हामी निश्चय पनि स्वतन्त्र छैनौं । एकै क्षणमा व्यक्तिअरु हामीप्रति दयावान् हुन्छन् भने अर्कै घडीमा उनीहरु हामीदेखि अप्रसन्न हुन सक्तछन् । यदि हामी अरुको स्नेहलाई अतिशय महत्व दिन्छौं भने हामी आफ्ना मनमा सजिलैसँग अशान्ति महशूस गर्नेछौं र हामीहरु आफ्ना भाव र भावनाहरुका दास दासी बन्छौं ।

हामीहरु आफैं र अरु व्यक्तिहरु समेत दुवै थरी हेतुको कारण उत्पति भई पुनः निरूद्ध हुने नम-रूप धर्महरु बाहेक अरु केही होइनौं भन्ने कुरा हामीले राम्ररी बुझ्यौं भने हामहिरु बढी स्वतन्त्र र उन्मुक्त हुन सक्छौं । अरुले हामीलाई अप्रिय वचनहरु बोल्दा तिनीहरुलाई त्यस तरीकाले हामीसँग बोल्न लगाउने हेतुहरु रहेका हुन्छन् भने हामीलाई त्यस्ता वचनहरु सुन्न लगाउने पनि हेतुहरु नै रहेका हुन्छन् । हामीप्रतिको अरुहरुको व्यवहार र त्यस व्यवहारप्रति हामीले देर्शाउने प्रतिक्रियाहरु दुवै नाम र रूप हुन् जुन नित्य होइनन् । तिनीहरुका बारेमा हामीले सोच्दा सोच्दैको अवस्थामा पनि

Downloaded from http://dhamma.digital/

ती व्यवहार र प्रतिक्रिया रूपी नाम र रूप निरूद्ध भइसकेका हुन्छन् । तसर्थ यसरी बुझ्ने प्रज्ञाको विकास गर्नु नै बढी उन्मुक्त रहने उपाय हो । वर्तमान घडीप्रति हामीले स्मृति राख्न सकेमा अरुले हामीप्रति कस्ता व्यवहार गरे भन्ने  कुरालाई नै हामी कम महत्व मात्र दिन थाल्छौं ।

लोभ धर्मले हामीमा यति गहिरोसँग जरा हालेको हुन्छ कि यसलाई अनेकौं चरणमा मात्र निर्मूल गर्न सकिन्छ । सर्वप्रथम मिथ्या दृष्टिलाई निर्मूल गरिनु पर्छ । अनि मात्र अरु प्रकारका लोभलाई निर्मूल गर्न सकिन्छ । श्रोतापन्नले मिथ्या दृष्टिलाई निर्मूल गरेको हुन्छ । सम्पूर्ण धमृहरु नाम र रूप मत्र हुन्, आत्मा होइन भनी महशूस गर्ने प्रज्ञा उसले विकास गरेको हुन्छ । उसले मिथ्या दृष्टिलाई निर्मूल नै गरिसकेको हुँदा दृष्टिगत सम्प्रयुक्त लोभ मूल चित्त अब उसमा उत्पति नै हुँदैन । हामीलाई थाहा भइसकेको छ कि चार प्रकारका लोभ मूल चित्तहरु दृष्टिगत सम्प्रयुक्त हुन्छन् र चार प्रकारका चाहिँ दृष्टिगत विप्रयुक्त हुन्छन् । श्रोतापन्नले आफै सबै प्रकारका लोभलाई निर्मूल गरिनसकेको हुँदा उसमा दृष्टिगत विप्रयुक्त लोभ मूल चित्तहरु उत्पति हुने गर्दछन् । श्रोतापन्नमा अझै मान रहेको हुन्छ । तसर्थ मान दृष्टिगत विप्रयुक्त चार प्रकारका लोभ मूल चित्तहरुसाथै उत्पति हुन सक्छ । एकले अर्कोसँग कुनै प्रकारको तुलना गर्नु मान हो । जस्तो अरु व्यक्तिहरुकोभन्दा मेरो बुद्धि वा प्रज्ञा बढी छ भनी तुलना गर्नु मान हो जुनसुकै बखत हामीले आफूलाई अरु कसैको तुलनामा राम्रो, बराबर वा कम भनी सोच्दा मान रहेको हुन्छ । हामीले आफूलाई अरुभन्दा कम ठान्नु कुशल चित्त होइन, मान हो । मान अर्थात् अहंभावले हामीमा यति गहिरोसँग जरा हालेको हुन्छ कि यो अरहन्त फल प्राप्त भएपछि नै मात्र सर्वथा निर्मूल हुन्छ ।

सम्बोधिको दोश्रो चरणलाई साक्षात्कार गरेको व्यक्ति अर्थात् सकृदागामीमा श्रोतापन्नमाभन्दा कम लोभ रहेको हुन्छ । बोभिज्ञानको तेश्रो चरणलाई साक्षात्कार गरिसकेको पुद्गल अर्थात् अनागामीमा पाँच इन्द्रियहरु मार्फत् उपस्थित गरिने गोचरहरुप्रति कुनै आशक्ति रहेको हुँदैन तर उसमा अझै मान (अहंभाव) रहेकै हुन्छ र जीवनप्रति ऊ अझै आशक्त रहन्छ । अरहन्तले भने लोभलाई पूर्णरूपमा उखेलेर फ्याँकेको हुन्छ ।

अरहन्तले सबै क्लेशहरुलाई निर्मूल गरिसकेको हुँदा ऊ पूर्ण रूपमा विमुक्त हुन्छ । हामी संयुक्त निकाय (पालयतन वर्ग, देहदह वर्ग भाग ४ अगहच सुत्त) मा शाक्यहरुको निगम देवहरुमा बस्नु हुँदा भगवान्‌ले भिक्षुहरुलाई उपदेश दिनु भएको कुरा पढ्छौं । भगवान्‌ले भन्नुभयो :–

"भिक्षुहरु ! देवता र मनुष्यहरु रूप चाहने र रूपदेखि प्रशन्न रहने खालका हुन्छन् । भिक्षुहरु ! रूपहरु बदलिनाले र नष्ट हुनाले देवता र मुनष्यहरु दुःखपूर्वक विहार गर्दछन् । तिनीहरु शब्द ..., गन्ध..., रस..., स्पर्श... र धर्म चाहने र ती शब्द, गन्ध, रस, स्पर्श र धर्मदेखि प्रसन्न रहने वाला हुन्छन् ।

ती शब्द, गन्ध, रस, स्पर्श र धर्म पनि बदलिनाले र नष्ट हुनाले भिक्षुहरु ! देवता र मनुष्यगण दुःखपूर्वक विहार गर्दछन् ।

भिक्षुहरु ! तथागत अर्हत् सम्यक् सम्बुद्ध रूपको समुदय र अस्त हुने, आस्वाद द्वेष र मोक्षको कुरालाई यथार्थ रूपमा जानेर रूपलाई चाहना गर्ने हुँदैन, रूपमा अभिरत हुँदैन, रूपदेखि प्रसन्न

Downloaded from http://dhamma.digital/

रहने हुँदैन । रूप बदलिने र नष्ट हुने भएर पनि बुद्ध सुखपूर्वक विहार गर्दछ । शब्द... गन्ध... । रस... स्पर्श... र धर्म सम्बन्धमा पनि यस्तै हो ।"

"येभुय्येन हि सत्ता तण्हाय पेत्तिविसयं उपपज्जति" अट्ठसालिनी ।

अथवा

(प्रायः प्राणधारी तृष्णा-लोभबाट प्रेत योनीमा पुग्दछ )

## केही मनन गर्न योग्य प्रश्नहरु

१) के दान, शील वा भावनाको उद्देश्य नहुँदाको कुराकानी पनि चित्तद्वारा प्रवृत्त रहन सक्दछ ?

२) कर्म कुन चैतसिक हो ?

३) दशाकुशल कर्मपथ के के हुन् ?

४) के सबै प्रकारका दृष्टि अकुशल कर्म पथ हुन् ?

५) लोभले सधैँ किन दुःख ल्याउँछ ?

६) सबै प्रकारको लोभलाई कसले निर्मूल गरेको हुन्छ ?

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**परिच्छेद–६**

# द्वेषको लक्षण

हामीहरु अरुसँग रिसाउँदा हामीलाई आफ्नै क्रोधले हानी पुऱ्याउँछ । भगवान् बुद्धले द्वेषको प्रतिकूल परिणामहरुलाई दर्शाउँदै भन्नु भएको छ कि एकजना प्रतिद्वन्दीले अर्को प्रतिद्वन्दीलाई जुन खराबी चिताउँछ त्यो खराबी स्वयं त्यस क्रोधी पुरुषले वा स्त्रीले आफैले भोग्नु पर्ने हुन्छ (अंगुत्तर निकाय, परिच्छेद छ प्रकरण १० क्रोध हेर्नोस्) एउटा प्रतिद्वन्दीले अर्को प्रतिद्वन्दीलाई कुरूप होस् भन्ने कामना गर्दछ तर क्रोधबाट वशीभूत भएर यसरी कामना गर्ने व्यक्तिको आफ्नै रूप कुरूप हुन्छ । एउटा प्रतिद्वन्दीले अर्को प्रतिद्वन्दीको निद्रा हराम होस् भन्ने कामना गर्दछ तर त्यस शत्रुप्रतिको क्रोध वा द्वेष भावले गर्दा उसको आफ्नै निद्रा हराम हुन जान्छ । यस्तै आफ्ना प्रतिद्वन्दीलाई अरु पनि अहित चिताएर क्रोधी स्त्री वा पुरुषले आफै सो अहितलाई भोग्नु परेका अरु पनि उदाहरणहरु नभएका होइनन् । जस्तो एउटा प्रतिद्वन्दी अर्को आफ्नो प्रतिद्वन्दीलाई मित्रहीन होस् भन्ने कामना गर्दछ तर यस प्रकारको व्यक्ति रिसद्वारा वशीभूत हुने भएकोले उसलाई आफ्नै सहयोगीहरु, मित्रहरु र नाता कुटुम्बहरुले टाढा टाढा राख्न खोज्ने हुन्छन् । यसरी क्रोधी भएर यस प्रकारको व्यक्तिले कर्म, वचन र विचारद्वारा खराब काम गर्दछ । अनि अहित गरी जिएर यस्तै अहित गरी बोलेर र यस्तै अहित हुने कुरा चिताएर वर्तमान देहको अन्त भएपछि मृत्यु परान्त ऊ नरकमा उत्पति हुन्छ ।

हामी राष्ट्र राष्ट्रहरुका बीच एकता र मेलमिलापको संसारमा बाँच्न चाहन्छौं । मानिसहरुले हिंसात्मक कार्यहरु गर्दा हामीलाई दुःख लाग्छ । तर हामीलाई जनताका बीच हुने लडाईं र झगडाको वास्तविक हेतु थाहा हुन्न । हामीले वस्तुतः लडाईं र झगडाका खाख हेतु के हुन् भन्ने कुरा विचार गर्नु पर्दछ । किनभने लडाईं र झगडाको खास हेतु त मानिसहरुले संचित गरेका क्लेशहरु हुन् । हामीमा द्वेष उत्पति हुँदा अरु व्यक्तिहरु वा अप्रिय परिस्थितिहरुले गर्दा हामीमा द्वेष र घृणा उत्पति भएको हो भन्ने कुरा हामी सोच्दछौं । तर हामीमा बराबर द्वेष उत्पति हुनाको वास्तविक कारण त हामीमै रहेको द्वेषको संचय हो । हामीमा द्वेष कम रहनको लागि हामीले द्वेषको स्वभावलाई जान्नु पर्दछ र द्वेष उत्पति हुनासाथ सजग रहनु पर्दछ ।

द्वेषको धेरै मात्राहरु हुन्छन् । यो कम वा बढी स्थूल हुन सक्छ जस्तो क्रोध । हामी स्थूल द्वेषलाई नै पहिचान गर्न सक्छौं तर द्वेष अति सूक्ष्म हुँदा यसलाई महशूस गर्न गाह्रो हुन्छ । हामीले अभिधर्मको अध्ययन गरेमा हामीलाई द्वेषको लक्षण बारेमा बढी जानकारी रहन्छ । द्वेष भनेको अकुशल चित्त साथै उत्पति साथै उत्पति हुने एउटा अकुशल चैतसिक हो । द्वेषको जराबाट उत्पन्न चित्तलाई द्वेष मूल चित्त भनिन्छ । लोभको लक्षणभन्दा द्वेषको लक्षण भिन्न हुन्छ । लोभ उत्पति हुँदा तत्काल अनुभव गरिएको आलम्बनलाई चित्तले रूचाउँछ भने द्वेष उत्पति हुँदा चित्तले अनुभव गरेको आलम्बन प्रति घृणा हुन्छ । हामीले कसैसँग रिसाउँदा वा कसैलाई अभद्र वचन बोल्दा द्वेषलाई चिन्न सक्छौं । तर हामी केही कुरा देखि भयभित भएको अवस्थामा पनि द्वेष नै हुन्छ । किनभने आफू जुन कुरादेखि डराएको हुन्छ त्यस कुरा प्रति उसलाई घृणा हुन्छ । जीवनमा यस्ता कति कुराहरु छन् जुनदेखि मानिस डराएको हुन्छ । जस्तो मानसि भविष्यदेखि सन्त्रस्त हुन्छ, रोग, दुर्घटना र मृत्युदेखि

Downloaded from http://dhamma.digital/

सन्त्रस्त हुन्छ । क्रोधको उपचार गर्न मानिसहरु धेरै उपायहरु अपनाउँछन् तर यसको एउटै मात्र उपाय नै प्रज्ञाको विकास गर्नु हो । जुन प्रज्ञाले द्वेषको अन्तनिर्हित प्रवृत्ति अर्थात् प्रतिघ अनुशयलाई निर्मूल गरिदिन्छ ।

लोभको कारणद्वारा द्वेष हुन्छ । हामी प्रिय मनाप वस्तुबाट वञ्चित हुन चाहन्नौं र जब इष्ट प्रिय वस्तुबाट हामी वञ्चित रहन्छौं, हामी दिक्क हुन्छौं, खिन्न हुन्छौं । खिन्नता पनि एक प्रकारको द्वेष नै हो । यो पनि अकुशल हो । हामीलाई संसारको स्वभाव धर्मबारे यथार्थ ज्ञान भएन भने मानिसहरु र वस्तुहरु स्थिर रहन्छन् भने विश्वास हामी गर्नेछौं । किन्तु मानिसहरु र वस्तुहरु सबै केवल उत्पति भएर विनाश हुने धर्म मात्र हुन् । अर्को क्षणमै पलकभर नै तिनीहरु परिवर्तित भइसकेका हुन्छन् । हामीलाई संसारको स्वभाव धर्म विषयमा यथार्थ ज्ञान भएमा हामी खिन्नताबाट कमै प्रभावित वा वशीभूत हुनेछौं । व्यतीत भइसकेपछि घटनाप्रति दुःख मनाउ गर्नुमा कुनै बुद्धिमानी छैन ।

यस विषयमा थेरी गाथा ३३ मा यसरी उल्लेख गरिएको पाइन्छ । एउटा राजाकी रानी उब्बिरी आफ्नी प्रिय छोरी जीवाको मृत्युमा साह्रै नै विलाप गर्दैथिइन् । हरेक दिन उनी श्मसानमा जान्थी । उनीले बुद्धलाई भेटिन् । भगवान् बुद्धले उनीलाई त्यो श्मसानमा विगत जन्महरुका करीब ८४,००० हजार उनका छोरीहरु गाडिएको कुराको उपदेश दिँदै भन्नु भयो कि ती सबै पूर्वजन्मकी छोरीहरुका नाउँ जीवा नै थिए ।

भगवान् बुद्धद्वारा उपदिष्ट धर्ममाथि गहिरिएर विचार गर्दा त्यस रानीले प्रज्ञाको विकास गरिन् र संसारका स्वभाव धर्महरुलाई यथार्थ रूपमा देख्न थालिन् । परिणामस्वरूप तिनीले अरहन्त मार्ग फल पनि प्राप्त गरिन् ।

द्वेष मूल चित्तहरुसाथै उत्पति हुने अरु पनि अकुशल चैतसिकहरु छन् । पश्चाताप वा मानसिक सन्ताप जसलाई पालिमा कुकुच्छ (अर्थात् कौकृत्य) भनिन्छ, त्यो पनि एक प्रकारको अकुशल चैतसिक हो । हामीले केही कुरा गर्न नहुने गरेका वा गर्नु पर्ने नगरेकोमा पश्चाताप गर्छौं । त्यस घडीमा कौकृत्य चैतसिक जो छ द्वेष मूल चित्तसाथै उत्पन्न हुन्छ । हामीले केही कुरामा पश्चाताप गर्दा वर्तमान क्षणलाई पहिचान गर्नको बदला बितेको कुरामा चिन्तन गरिरहेका हुन्छौं केही कुरा हामीले बिगारी नै सकेको छ भने पछि त्यस कामप्रति द्वेष गरेर बस्नु व्यर्थकै कुरा हुन्छ ।

द्वेष ईर्ष्या (पालिमा इस्सा) को साथै पनि उत्पन्न हुन सक्छ । हामीहरु ईर्ष्यालु हुँदा वा अरु कसैले सुख भोग गरेको कुरा हामीले हेर्न नचाहँदा उत्पति हुने चैतसिक हो ईर्ष्या जुन द्वेषमूल चित्तसाथै उत्पन्न हुन्छ । त्यस क्षणमा चित्तले आफूले अनुभव गरेको गोचरलाई मनपराउँछन् । ईर्ष्या जतिसुकै सूक्ष्म किन नहोस्, ईर्ष्या कति छिटो छिटो उत्पत्ति हुँदो रहेछ भन्ने कुरा हामीले पत्ता लगाउनु पर्छ । हार्मा वास्तवमा अरु कसैलाई भित्री हृदयदेखि चाहन्छौं वा अरुहरुसँग हिड्डुल, संगत गर्दा हामी आफ्नै मात्र विचार गर्दा रहेछौं भन्ने कुरा थाहा पाउने यो एउटा उपाय हो ।

Downloaded from http://dhamma.digital/

द्वेषमूल चित्त साथसाथै उत्पति हुन सक्ने अर्को अकुशल चैतसिक हो मात्सर्य (पालिमा मच्छरिय) अर्थात् कृपणता । हामी कंजूस हुँदा द्वेष पनि हामीमा रहन्छ । त्यस घडीमा अरु कसैले पनि हाम्रो भोग सुखमा बाँडेर लिऊन् भन्ने कुरा हामी रूचाउँनौं ।

द्वेष सदैव दौर्मनस्य वेदनासाथै नै उत्पति हुन्छ । प्रायः मानिसहरु दौर्मनस्य वेदना प्राप्त गर्न रूचाउँदैनन् । तसर्थ उनीहरु द्वेषलाई पनि रूचाउँदैनन् । संसारको वास्तविक स्वभाव धर्महरु विषयमा हामीलाई बढी ज्ञान र जानकारी भएको अवस्थामा दौर्मनस्य वेदना नरूचाउने कारणले मात्र हामीले द्वेषलाई उन्मूलन गर्न खोज्ने हुन्नौं, अपितु अकुशलताका नराम्रा परिणामहरु भोग गर्नु पर्ने हुन्छ भन्ने कुरालाई बुझेर हामी द्वेषलाई उखेलेर फ्याँक्न चाहन्छौं ।

द्वेष उत्पति हुन सक्ने द्वारहरु पनि पाँच इन्द्रियद्वारहरु र मनोद्वार नै हुन् । हामीले नराम्रा दृश्यहरु देख्दा, कर्णकटु शब्दहरु सुन्दा, अप्रिय गन्ध सुँघ्दा, नमिठो खाना खाँदा, शरीरमा दर्दयुक्त स्पर्शहरु हुँदा र अप्रिय कुराहरुको चिन्तन गर्दा द्वेष उत्पति हुन सक्छ । हामीमा अलिकति मात्र पनि बेचैनीको भाव रहनु पनि द्वेष छ भन्ने संकेत हुनु हो । इन्द्रियहरु मार्फत् अप्रिय स्पर्शहरु हुँदा द्वेष छिटो छिटो उत्पति हुने सम्भावना छ जस्तो उदाहरणको निमित्त भनौं, तापक्रम ज्यादै गर्मी वा ज्यादै ठण्डी हुँदा द्वेष बराबर उत्पति हुन सक्ने हुन्छ । हाम्रो शरीरमा अलिकता मात्र पनि दुःख वेदना भएमा पनि द्वेष उत्पन्न हुने सम्भावना छ ।

जहाँ द्वेषको लागि हेतुहरु रहन्छन् । त्यहाँ द्वेषको उत्पति हुन्छ । पाँच इन्द्रियहरु मार्फत् अनुभव गर्न सकिने गोचरहरुमा आशक्ति रहेसम्म द्वेष उत्पन्न हुन्छ । जो कोही पनि सुखकर कुरा मात्र भोग गर्न चाहन्छन् र जब यस्ता कुरा उपलब्ध हुँदैनन् तब द्वेष उत्पन्न हुन सक्छ ।

द्वेषको निमित्त अर्को हेतु हो धर्मको अज्ञानता । हाम्रो आफ्नो कर्मले गर्दा नै अकुशल विपाक उत्पति हुन्छ भन्ने कुरा हामीलाई थाहा नभएमा पाँच इन्द्रियहरु मध्ये कुनै एक इन्द्रिय मार्फत् प्रत्येक पटक अप्रिय अनुभव हुँदा द्वेष उत्पन्न हुने सम्भावना रहन्छ । यसरी द्वेष त बारम्बार संचित रहन्छ । जस्तो उदाहरणार्थ भनौं, अरु कसैबाट अप्रिय वचन सुन्नासाथ त्यो मान्छेदेखि नै रिसाउने हुन सक्छ । धर्मको अध्ययन गर्नेहरुलाई त यो थाहा हुन्छ कि केही अप्रिय कुराहरु सुन्नु भनेकै आफ्नै कर्मद्वारा ल्याएको त्यो अकुशल विपाक हो । अकुशल विपाक भनेको तुरून्तै विनाश भइहाल्छ, त्यो रहिरहन्न । यदि हामीमा वर्तमान घडीप्रतिकै सजगता बढी भएमा आफ्नो अकुशल विपाक माथि नै चिन्तन गर्ने प्रवृत्ति कमै मात्र  रहने छ ।

अधिधर्मको अध्ययनबाट हामी के थाहा पाउँछौं भने द्वेष मूल चित्त दुई प्रकारका हुन्छन. (१) असांस्कारिक र (२) ससांस्कारिक अरु कसैले गरेका अनिष्ट कामको विषयमा सम्झाइ दिएपछि रिसाउनु ससांस्कारिक द्वेष हो । असांस्कारिक द्वेष त ससांस्कारिक द्वेषभन्दा बढी तीव्र हुन्छ । द्वेष मूल चित्तहरुलाई प्रतिघसाथ लागेको अर्थात् प्रतिघ सम्प्रयुक्त भनिन्छ । प्रतिघ भनेको द्वेषको अर्को नाउँ हो । द्वेष मूल चित्तहरु सदैव दौर्मनस्य सहगत नै हुन्छन् । दुई प्रकारका द्वेष मूल चित्तहरु हुन् :–

१) दौर्मनस्य सहगत, प्रतिघ सम्प्रयुक्त, असांस्कारिक –एक ।

Downloaded from http://dhamma.digital/

२) दौर्मनस्य सहगत, प्रतिघ सम्प्रयुक्त, ससांस्कारिक –एक ।

द्वेषका विभिन्न मात्राहरु (अंशहरु) हुन्छन् । यो स्थूल वा बढी सूक्ष्म हुन सक्छ । द्वेष स्थूल हुँदा यसले काय, वाक्य र चित्तद्वारा अकुशल कर्मपथलाई प्रेरित गर्दछ । कायद्वारा गरिने दुई प्रकारका अकुशल कर्मपथ जस्तो हत्या र चोरीलाई द्वेषले प्रवृत्त गर्न सक्छ । यदि हामी संसारमा कम हिंसा वा अशान्ति चाहन्छौं भने हामीले प्राणातिपातबाट विरत हुने प्रयास गर्नुपर्दछ । प्राणतिपात गरेर हामी थुप्रै द्वेषको संचय गर्छौं । एउटा भिक्षुको जीवन नै अहिंसाको जीवन हो । तसर्थ ऊ संसारमा कुनै पनि प्राणीलाई आघात गर्दैन किन्तु हरकोही व्यक्ति भिक्षुहरु जस्तै जिउन समर्थ हुँदैन । क्लेशहरु अनात्मा हुन् । तिनीहरु हेतुको कारण उत्पति हुन्छन् । बुद्धोपदेशको उद्देश्य व्यक्तिहरुलाई अकुशल कर्मबाट प्रतिषेध गर्न नियम बनाउनु होइन, बल्कि क्लेशहरुलाई नै सर्वथा निर्मूल गर्ने प्रज्ञाको विकास गर्न सघाउ पुऱ्याउनु हो ।

चोरी वा अदत्तादानको कार्य लोभ वा द्वेषद्वारा प्रवृत्त हुन सक्छ । चोरी गर्दा अरुलाई हानी पुऱ्याउने नियत रहेको छ भने त्यो चोरी द्वेषद्वारा प्रेरित छ । अर्काको सम्पत्तिमा हानी पुऱ्याउनुलाई पनि यसै कर्मपथमा समावेश गरिन्छ ।

द्वेष वाक्यद्वारा गरिने चार प्रकारका अकुशल कर्मपथलाई प्रेरित गर्न सक्छ । ती हुन् : (१) मृषावाद, (२) पिशुन वचन, (३) परूष वचन, (४) सम्प्रलाप । मृषावाद, पिशुन वचन र सम्प्रलापलाई लोभ वा द्वेषद्वारा पनि प्रवृत्त गर्न सकिन्छ । कसैको यशमा हानी पुऱ्याउनु वा अरुले त्यसलाई हेला गर्ने गराउनु जस्ता कसैलाई पुऱ्याउने नियतले गरिएका कृत्यहरु द्वेषद्वारा प्रवृत्त हुन्छन् । अधिकांश व्यक्तिहरु शस्त्रास्त्रको प्रयोगलाई हटाउनु पर्दछ भन्ने कुरा सोच्दछन् तर उनीहरु यो कुरा बिर्सिन्छन् कि जिब्रो पनि यस्तो शस्त्र हुन सक्छ जसले कि नराम्रोसँग आघात पुऱ्याउन सक्तछ । कुवचनले गर्दा संसारमा धेरै धेरै हानी हुन्छ । यसले मानिसहरुका बीच कलह खडा गरिन्छ । हामीले कुवचन बोलेर हामी आफैलाई हानी गर्दछौं । किनभने कुवचनद्वारा क्लेशहरु संचित गरिन्छन् र हामीले अकुशल विपाक भोग्नु पर्ने हुन्छ । सुत्त निपातमा लेखिएको छ :

प्रत्येक व्यक्ति जन्मिदा साँच्चि नै

मुखभित्र बन्चरो पनि जन्मिन्छ,

आफैलाई काट्छ त्यो मूर्खले जसले

कुबाच्य जब जब ऊ बोल्छ ।

मनद्वारा गरिने अकुशल कर्म पथको सम्बन्धमा द्वेषले अरुलाई आघात वा हानी पुऱ्याउने नियतलाई प्रेरित गर्न सक्छ ।

मानिसहरु अक्सर गरेर अशान्तिको बारेमा कुरा गर्दछन् र यसलाई निराकरण गर्ने उपायहरु बारेमा बोल्दछन् । के हामीमध्ये कसैले यो भन्न सक्छ कि यसरी बोल्ने मान्छे द्वेषबाट मुक्त छ र उसले कहिल्यै हत्या गर्दैन भन्ने कुरा ? हाम्रा अनेक जन्महरुको क्रममा हामीले कति द्वेषको संचय

Downloaded from http://dhamma.digital/

गरेका छौं हामीलाई नै थाहा छैन । जब उपयुक्त अवस्थाहरु रहन्छन्, हामीले आफैले गर्न सकौंला भनी कहिल्यै नसोचेका हिंसा कार्य पनि हामीले गर्ने सम्भावना हुन्छ । द्वेष भनेको कति नराम्रो कुरो हो र यसले कस्ता कस्ता कामहरु पा गराउन सक्छ भन्ने कुरा बुझेपछि हामी यसलाई निर्मूल गर्ने चाहना गर्दछौं ।

अरु माथि दया गर्दा द्वेषको अनुशय अथवा अन्तर्निहित स्वभावलाई त हामीले निर्मूल गरिसकेका हुन्नौं तर कमसे कम यस्ता घडीहरुमा हामीहरु थप द्वेषलाई त संचय गर्दैनौं । भगवान् बुद्धले मानिसहरुलाई मैत्रीको अभ्यास गर्ने उपदेश दिनु भयो । शान्ति लाभ गर्न मान्छेले के गर्नु पर्छ भन्ने कुरा मैत्री सूत्रमा (सुत्त निपात १४३-१५२ गाथाहरु) सम्मुलेखित छ । उक्त सूत्रानुसार शान्तिको कामना गर्ने व्यक्तिले सबै प्रकारको प्राणी मात्रको सुरक्षा र आनन्दको कामना गर्नुको साथै एक्लो छोरालाई आमाले आफ्नो प्राणको बाजी लगाएर पनि रक्षा गर्ने जस्तै प्रत्येक प्राणीको निमित्त प्रेम सहितको असीमित चेतना राख्नु पर्छ ।

भगवान् बुद्धले हामीलाई आफूप्रति अप्रसन्न रहेकाहरुसँग पनि रिस नगर्ने कुराको उपदेश दिनु भयो । भगवान् बुद्धले भिक्षुहरुलाई उपदेश दिँदै भन्नु भएको छ :–

(१)

अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।

ये च तं उपनय्हन्ति, वेरं तेसं न सम्मति ॥

(२)

अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।

ये तं न उपनय्हन्ति, वेरं तेसूप न सम्मति ॥

(३)

नहि वेरेन वेरानि, सम्मन्तीध कुदाचनं ।

अवेरेन च सम्मन्ति, एस धम्मो सनन्तनो ॥

अर्थहरु

(१)

"मलाई उसले गाली गऱ्यो", "मलाई पित्यो", "मलाई जित्यो" "मेरो लुट्यो" भनी जसले बार बार मनमा लिइरहन्छ त्यस व्यक्तिको वैरी कहिल्यै शान्त हुँदैन ।

(२)

Downloaded from http://dhamma.digital/

"मलाई गाली गऱ्यो", "मलाई पित्यो", "मलाई जित्यो" "मेरो लुट्यो" भन्ने कुरा मनमा लिइरहनेको वैरी शान्त हुँदैन ।

(३)

वैरभावले वैर भाव कहिल्यै शान्त हुँदैन, अवैरभावले मात्रै वैरी शान्त हुन्छ, यो पहिलेदेखि नै चलेर आएको सनातन धर्म हो ।

कहिलेकाहीँ द्वेषको सट्टामा मैत्री प्राप्त गर्न त हामीलाई असम्भव नै प्रतीत हुन्छ । जस्तो उदाहरणको लागि भनौं अरुले हामीलाई अनुचित तवरले व्यवहार गर्दा हामी साह्रै नै दुःखित हुन सक्छौं र त्यस बखत हामी आफ्नो दुःखकै विषयमा चिन्तन गरेर बसिरहन्छौं । द्वेष निर्मूल भई नसकेको अवस्थामा द्वेषलाई उत्पन्न हुने हेतुहरु भइ नै रहन्छन् । सम्पूर्ण संस्कृत धर्महरु प्रति स्मृति राखेर बस्न सकेमा मात्र द्वेषलाई निर्मूल गर्न सक्ने प्रज्ञाको विकास हुन्छ ।

द्वेषलाई हामी एकै पटक निर्मूल गर्न सक्तैनौं । यसलाई क्रमशः एक एक चरण गरेर मात्रै निर्मूल गर्न सकिन्छ । सम्बोधिको प्रथम चरण प्राप्त गरिसकेका श्रोतापन्नले पनि द्वेषलाई अझै निर्मूल गरिसकेको हुन्न तर यसको मात्रा भने निश्चय पनि कम भैसकेको हुन्छ । सम्बोधिको दोश्रो चरण कृदागामीको मार्ग र फल प्राप्त गरिसकेका पुद्गलमा द्वेष शिथिल भएको हुन्छ तर अझै पूर्ण रूपमा निर्मूल भएको हुन्न । सम्बोधिको तेश्रो चरण पूरा गरिसकेका अनागामीले मात्र द्वेषलाई सम्पूर्ण रूपमा निर्मूल गरिसकेको हुन्छ । त्यस अवस्थामा त्यस पुद्गलमा द्वेषको अन्तर्निहित प्रवृत्ति वा अनुशय समेत बिल्कुल नष्ट भइसक्छ ।

हामीले द्वेषलाई निर्मूल गरिसकेका छैनौं । तथापि द्वेष उत्पति हुँदा यसको लक्षण प्रति सजग हुँदै हेतुहरुको कारण उत्पति हुने एक प्रकारको नाम धर्म हो भनी हामी सचेत हुन सक्तछौं । द्वेष उत्पति हुँदै हामी स्मृति सम्प्रजन्य भएर रहन सकेनौं भने द्वेष नै नित्य रहने जस्तो देखिन्छ र यसलाई आत्माको रूपमा ग्रहण गर्ने हुन्छौं । अरु नाम तथा रूप धातुहरु उत्पति भएको हामी देख्दैनौं । परन्तु हामीमा स्मृति रहेको खण्डमा द्वेषलाई आत्मा होइन, एक प्रकारको नामको रूपमा यसको लक्षणलाई हामीले बुझ्ने छौं र एक पटक एउटा क्रममा देखापर्ने अरु नामहरु तथा रूपहरुलाई पनि हामीले पहिचान गर्ने छौं । यसरी हामी सिक्छौं कि नाम तथा रूपका अनेक लक्षणहरु हुन्छन् जुन कुनै पनि नित्य रहँदैनन् संसारका स्वभावधर्महरुप्रति हामीमा स्पष्ट समझदारी विकास भएको खण्डमा हामीमा अप्रिय घटना वा अनुभवको विषलाई लिएर लामो समयसम्म चिन्तन गरेर बस्ने प्रवृत्ति कम हुनेछ । किनभने यो एक प्रकारको अस्थिर नाम मात्र हो भन्ने कुरा हामी बुझ्दछौं । परिणामस्वरूप हामी अतीत काल र भविष्यको बारेमा विचार गरी रहनको सट्टा वर्तमान समयमै बढी ध्यान दिने हुन्छौं हामीलाई घटेका घटना अप्रिय घटनाहरु बारेमा अरुलाई सुनाउनमा पनि हामी कमैमात्र उद्यत रहने छौं किनभने यही नै हामी आफैं वा अरुको निमित्त द्वेषको संचय गर्ने अर्को आधार हुन सक्ने हुन्छ । अनि हामीदेखि अरु कोही रिसमा पनि हामीलाई उसको अवस्थाहरु बारेमा कि ऊ थाकेको हुन सक्छ वा उसलाई सञ्चो नभएको हुन सक्छ भन्ने कुरामा बढी समझदारी रहने छ । वास्तवमा जसले हामीलाई अनुचित तवरले व्यवहार गर्दछ

Downloaded from http://dhamma.digital/

उसप्रति हामीले करूणा देखाउनु उचित हुन्छ । किनभने त्यस्ता व्यवहार गर्ने व्यक्तिहरु आफैलाई दुःखी बनाउँछन् ।

द्वेषको बदलामा अरुहरुप्रति बढी मैत्री र करूणा राख्नको लागि स्मृति नै एउटा हेतु वा आधार हो ।

"दोसेन हि चण्डजातिताय दोषसदिसं निरयं उपपज्जन्ति" – अट्ठसालिनी ।

अर्थात्

(द्वेष, चाहे जो सुकैमा होस् यसले नरकमा पुऱ्याइदिन्छ )

## केही मनन गर्न योग्य प्रश्नहरु

१) लोभ द्वेषको निमित्त किन हेतु हुन्छ ?

२) मृषावाद, पिशुन वचन र सम्प्रलाप वाक्यद्वारा गरिने अकुशल कर्म पथ हुन् जसलाई लोभ वा द्वेषद्वार प्रेरित हुन्छन् ?

३) के द्वेषले मनद्वारा गरिने अकुशल कर्मपथलाई प्रेरित गर्न सक्छ ?

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

## परिच्छेद–७

# मोह

लोभ मूल अकुशल चित्तहरु उत्पति हुँदा वा द्वेष मूल अकुशल चित्तहरु उत्पति हुँदा त हामी थाहा पाउन सकौंला तर मोह मूल अकुशल चित्तहरु कहिले हामीमा उत्पन्न हुन्छन् के हामी थाहा पाउँछौं त ? मोहको लक्षण के हो त ? जसले उच्च शिक्षा हासिल गरेको छैन, जो विदेशी भाषाहरु बोल्न जान्दैनन्, जो इतिहास वा राजनीति शास्त्र सम्बन्धी केही कुरा थाहा पाउन्न त्यस्ता मान्छेलाई हामी अज्ञ भनी सोचौंला । के बुद्धोपदेशमा त्यसै प्रकारको मोह (अज्ञानता) लाई नै निर्मूल गरिनु पर्ने हो त ? यदि त्यसो हो भने त्यसको अर्थ त के हुन्छ भने जो विदेशी भाषाहरु बोल्दछन् वा जो इतिहास राजनीति शास्त्रका कुरा जान्दछन्, तिनीहरुको जीवनमा बढी कुशलता हुने हुन्छ । बुद्धधर्मको अध्ययनबाट के थाहा हुन्छ कि यो कुरा सत्य होइन ।

मोहको स्वभाव वा लक्षण बुझ्नको लागि मोह रहँदा हामी के कुराको अज्ञानी रहन्छौं भन्ने कुरो नै हामीले जान्नुपर्छ । यहाँ प्रज्ञप्तिको संसार पनि छ भन्ने परमार्थहरुको संसार पनि छ । हामीले संसारको विषयमा सोच्दा हामी व्यक्तिहरु, जनावरहरु र अरु चीजबीजहरुको बारेमा सोच्छौं र तिनीहरुलाई अनेक नाउँबाट व्यवहार गर्छौं किन्तु ती सबै चीजहरुको अनित्य स्वभावका नाम र रूप मात्र हुन् भन्ने कुरा हामी थाहा पाउन्नौं ।

वास्तविक संसार त परमार्थ धर्महरुको संसार हो । परमार्थ धर्महरु केवल नाम तथा रूप हुन् । हाम्रा दैनिक जीवनमा प्रकट हुने नामहरु तथा रूपहरुलाई तिनीहरुलाई जसरी नामकरण हामी किन नगरौं, पाँच इन्द्रियद्वारहरु र मनोद्वार मार्फत् प्रत्यक्ष रूपमा अनुभव गर्न सकिन्छ । यही संसार नै वास्तविक संसार हो । हामी जब हेर्छौं, त्यहाँ रंगकै संसार हुन्छ, जब हामी सुन्छौं त्यहाँ शब्दकै संसार हुनछ र जब हामी चिन्तन गर्दछौं, त्यहाँ विचारकै संसार रहन्छ । रंग र हेराई वास्तविक हुन्, तिनीहरुका लक्षणहरुलाई अनुभव गर्न सकिन्छ । हामी तिनीहरुलाई “रंग” र “हेराइ” (दर्शन) भनी भनौं वा केही नामकरण नै नगरौं, त्यसको केही अर्थ छैन । जबसम्म हामी “रूख” वा “मेच” भन्ने लौकिक व्यवहारहरु (प्रज्ञप्ति) मै टाँसिन्छौं, हामी वास्तविक स्वभाव धर्मको कुनै लक्षण अनुभव गर्दैनौं । हामी जब रूखलाई देख्छौं हामीले प्रत्यक्ष रूपमा अनुभव गर्न सकिने कुरा त रंग हो । रंग एक प्रकारको परमार्थ धर्म हो । यो आँखाद्वारा अनुभव गर्न सकिने एक प्रकारको रूप हो र यो साँचो छ । हामीले रूखलाई छुँदा हामी साह्रोपन वा कडापनलाई अनुभव गर्न सक्छौं। यो काया-इन्द्रियद्वारा अनुभव गर्न सकिने एक प्रकारको रूप हो र यो सत्य छ । रंग तथा कडापन जस्ता परमार्थ धर्महरुलाई जेसुकै नामकरण किन नगरोस्, तिनीहरुलाई अनुभव गर्न सकिन्छ ।

षडिन्द्रीयहरु मार्फत् अनुभव गरिने संसार सत्य हो तर यो चिरस्थायी होइन, यो अनित्य छ । हामीले अघि उल्लेख गरिए झैं हामीले हेर्दा रंगको संसार हुन्छ तर यो तत्कालै विनाश हुन्छ । हामीले सुन्दा स्वरको संसार हुन्छ तर यो पनि स्थायी हुन्न । गन्धको संसार, रसको संसार, काया-इन्द्रियद्वारा गरिने स्पर्शको संसार र चिन्तनको संसार पनि त्यस्तै हो । तथापि हामी लौकिक प्रज्ञप्तिको संसारसित मात्र परिचित देखिन्छौं । किनभने मोह र मिथ्या दृष्टि चिर कासदेखि हामीमा

Downloaded from http://dhamma.digital/

संचित रहेको छ । परमार्थ धर्महरुको संसारको मोह जो छ त्यस प्रकारको मोहलाई नै बुद्धोपदेशानुसार निर्मूल गरिनु पर्दछ । किनभने मोहले दुःखलाई प्रजनित गर्दछ ।

"आर्य विनयमा संसार" भन्ने धर्मोपदेशमा परमार्थ धर्महरुको संसारको विषयमा चर्चा छ । आर्य मुनिले जुनसुकै वस्तुहरुलाई यथार्थ रूपमा देख्ने प्रज्ञाको विकास गरेको हुन्छ । त्यसैले ऊ साँच्चिकै संसारलाई चिन्दछ ।

संयुक्त निकाय (षलायतन वर्ग, छन्न वर्ग भाग ४ पलोकसुत्त) मा आनन्दले भगवान् बुद्धसँग लोक संसारको विषयमा गरेको छलफलको चर्चा आउँछ :

"भन्ते ! लोकजनहरु "संसार, संसार" भन्दछन् भन्ते के भएर "संसार" भनिन्छ ?

आनन्द ! जे प्रलोकधर्मा (अर्थात् नाशवान) हुन्छ, त्यसलाई आर्यविनयमा संसार भनिन्छ । आनन्द ! प्रलोकधर्मा के हो त ? आनन्द ! चक्षु प्रलोकधर्मा हो । रूप प्रलोकधर्मा हो । चक्षु-विज्ञान... । चक्षु-संस्पर्श...। वेदना...। श्रोत...। मन प्रलोकधर्मा हो । धर्मा प्रलोक धर्मा हो । मनोविज्ञान प्रलोकधर्मा हो । मन-संस्पर्श प्रलोक धर्मा हो । मन-संस्पर्शको कारण जति पनि सुख, दुःख, नसुख नदुःख वेदना उत्पति हुन्छन् ती पनि प्रलोकधर्मा हुन् ।

आनन्द ! जो प्रलोकधर्मा (नाशवान्) छन् त्यसलाई आर्य विनयमा संसार भनिन्छ ।"

षडिन्द्रीय द्वारहरु मार्फत् प्रकट हुने संसारलाई नचिनीकनै म आफूलाई पहिचान गर्न सक्छु भन्ने धारणा कुनै व्यक्तिमा रहन सक्छ । उसले यसरी सोच्न सक्छ कि म आफ्नो क्रोध र लोभलाई जान्दछु । तर वास्तवमा भन्ने हो भने क्रोध र लोभ भिन्न भिन्न किसिमका नाम मात्र हुन्, आत्मा होइन भन्ने कुरा यथार्थ रूपमा उसले अनुभव गरेको हुन्न । जबसम्म संसारका स्वभाव धर्महरुलाई आत्माको रूपमा उसले ग्रहण गरेको हुन्छ, तबसम्म त्यो व्यक्तिले आफैलाई वास्तवमा चिन्दैन र उसले क्लेशहरुलाई निर्मूल गर्न पनि सक्तैन । किनभने त्यस्तो व्यक्ति उही धारणा उही आत्माकै विचारमा फँसेको हुन्छ, वास्तविकताको कुनै लक्षणलाई पनि उसले अनुभव गरेको हुन्न । हामीमा लोभ र द्वेष कति शिघ्र उत्पति हुन्छन् भन्ने कुरा उसलाई थाहा हुन्न र उसलाई अकुशलका अति सूक्ष्म अंशहरु पनि थाहा हुन्न । प्रज्ञाको विकास गर्न थालेपछि नै मात्र कुनै पनि व्यक्ति स्वयं आफूलाई कति कम मात्र चिन्दो रहेछ भन्ने कुरा महशूस गर्दछ ।

मोह रहँदाको अवस्थामा हामी अन्धकारमा बाँच्छौं । त्यो त तथागतको महान् करूणाको हो कि उहाँ मानिसहरुलाई धर्मोपदेश गर्न अग्रसर हुनुभयो । अन्धकारलाई दूर गर्न सक्ने ज्योति धर्म नै हो । हामीलाई धर्मको ज्ञान नभएमा हामी संसारको विषयमा र स्वयं आफ्नै विषयमा अज्ञानी रहन्छौं । हामी कुशल र अकुशल कर्महरु र तिनका विपाकहरुका विषयमा अनभिज्ञा रहन्छौं । हामी क्लेशहरुको उन्मूलन अनभिज्ञ रहन्छौं ।

अभिधर्मको अध्ययनबाट हामीलाई मोहको लक्षणको बारेमा बढी जान्न मद्दत हुनेछ । अर्थसारिणी (भाग २, खण्ड ९ परिच्छेद १, २४९) मा मोहको सम्बन्धमा यसरी उल्लेख गरिएको छ :–

Downloaded from http://dhamma.digital/

“मोहको लक्षण हो चित्तको अन्धाभाव हुने वा ज्ञानको विपरितता हुने कृत्य हो गोचरहरुको स्वभावलाई छिपाउने । सम्यक् आचारणको विपरीतताको प्रदर्शन वा अन्धकार प्रादुर्भाव गर्नु वसको प्रत्युपस्थान वा आकार हो । अयोनिसो मनस्कार यसको समीप कारण वा पदस्थावाला हो । मोहलाई सम्पूर्ण अनैतिकताहरुको मूल भनी सम्झनु पर्दछ ।

मोहको धेरै मात्राहरु हुन्छन् । धर्मको अध्ययनबाट हामी वास्तविकताहरु सम्बन्धमा कमै मात्र अनभिज्ञ रहने छौं र हामी परमार्थ धर्महरु, कमै र विपाक विषयमा बढी बुझ्ने हुनेछौं । तर यसको अर्थ हामीले मोहलाई जरै समेत उखेल्ने छौं भन्ने कुरा भने होइन । मोहलाई सत्य र वास्तविकताको विषय सोचेर मात्रै निर्मूल गर्न सकिन्न । यसलाई त आर्य विनयमा संसार केलाई भनिन्छ सो कुरा जान्ने र चक्षु-इन्द्रिय, रंग र चक्षु-विज्ञान, श्रोतेन्द्रिय, शब्द र श्रोत-विज्ञान तथा षडिन्द्रियहरु मार्फत् प्रकट हुने सम्पूर्ण स्वभाव धर्महरुको विषयमा जान्ने प्रज्ञाको विकास गरेरै मात्र निर्मूल गर्न सकिन्छ ।

अभिधर्मको अध्ययनबाट हामीलाई के थाहा हुन्छ भने मोह सबै प्रकारका अकुशल चित्तहरु साथै उत्पति हुन्छ । लोभ मूल चित्तहरुको मोह र लोभ मूलहरु हुन्छन् भने द्वेष मूल चित्तहरुको मोह र द्वेष मूलहरु हुन्छन् । केवल मोह मात्रै मूल भएका दुई प्रकारका अकुशल चित्तहरु हुन्छन्– तिनीहरु मोह मूल चित्तहरु हुन् । एक प्रकारको मोह मूल चित्त विचिकित्सा (पालिमा विचिकिच्छा) सँग उत्पति हुन्छ र अर्को किसिमको मोह मूल चित्त चाहिँ औद्धत्य (पालिमा उधच्च) सँगै उत्पति हुन्छ । मोह मूल चित्तहरु साथै उत्पन्न हुने वेदना चाहिँ सदैव उपेक्षा वेदना हुन्छ । मोह मूल चित्त रहँदा प्रिय वा अप्रिय, सौमनस्य वा दौर्मनस्य भन्ने कुरा रहन्न । दुवै प्रकारका मोह मूल चित्तहरु असांस्कारिक हुन् ।

लोभ मूल चित्तहरु साथै मात्र उत्पति हुने मिथ्यादृष्टिको लक्षणसँग मोहको लक्षणलाई मिसाएर अलमलिनु हुँदैन । मिथ्यादृष्टि उत्पति हुँदा जस्तो भनौं अनित्यलाई नित्य भनी सम्झन्छ अथवा आत्मा छ भन्ने धारणामा बसिरहन्छ । मोह मूल चित्तको क्षणमा चाहिँ मिथ्यादृष्टिमा टाँसिँदैन तर धर्महरुको यथार्थ स्वभावबाटै अनभिज्ञता रहन्छ । मोहको कारणले मिथ्या दृष्टि हुन्छ तर मोहको लक्षण दिट्ठी वा मिथ्यादृष्टिको लक्षण भन्दा चाहिँ भिन्नै हुन्छ ।

दुई प्रकारका मोह मूल चित्तहरु हुन् :–

१. उपेक्षा सहगत, विचिकित्सा सम्प्रयुक्त ।

२. उपेक्षा सहगत, औद्धत्य सम्प्रयुक्त ।

विचिकित्सा सम्प्रयुक्त मोह मूल चित्त भएको व्यक्तिले बुद्ध धर्म र संघको विषयमा शंका गर्दछ । साँच्चिकै बुद्धले सत्य पत्ता लगाउनु भएको हो कि होइन, बुद्धले क्लेशहरुलाई अन्त्य गर्ने मार्गको उपदेश दिनु भएको हो कि होइन, कहीँ अरु मानिसहरु पनि बुद्ध हुन सक्ने छन् कि भनी नाना किसिमको आशंका उसमा रहन्छ । ऊ अतीत र अनागत जन्महरुबारे, कर्म र विपाकहरुको सम्बन्धमा पनि शंका गर्दछ । ऊ नाम र रूप सत्य हुन् कि होइनन् भन्ने कुरामा शंका गर्दछ । विचिकित्सा अर्थात् शंकाको पनि धेरै मात्राहरु हुन्छन् । हामीले प्रज्ञाको विकास गर्न शुरु गर्दा

Downloaded from http://dhamma.digital/

हामीलाई वर्तमान क्षणको वास्तविकता र सत्यको विषयमा शंका रहन सक्तछ । उदाहरणको लागि भनौं, जब श्रोत (सुन्ने कार्य) हुन्छ, त्यहाँ शब्द पनि भइहाल्छ तर चित्तले एक समयमा एउटै मात्र आलम्बनलाई ग्रहण गर्न सक्ने भएकोले एक समयमा एउटै मात्र सत्यताको सजगता रहन सक्तछ । वर्तमान क्षणमा हामीले जुन धर्मको अनुभव गरेका हुन्छौं त्यो वास्तवमा नाम (जसले सुन्ने कार्य गर्दछ) सो वा रूप (आवाज) हो भन्ने कुरामा हामीलाई शंका रहन सक्तछ । नाम र रूप यति छिटो छिटो उत्पति भएर विनाश हुन्छ कि वर्तमान घडीमा कुन चाहिँ स्वभाव धर्म वा वास्तविकताको अनुभव गरिएको हो भन्ने कुरा थाहा पाउन गाह्रो हुन्छ । षडिन्द्रयद्वारहरुमा प्रकट हुने नाम तथा रूपका लक्षणहरुलाई प्रज्ञाबाट स्पष्ट रूपमा थाहा नपाएसम्मको लागि परमार्थ धर्महरुको संसारको विषयमा शंका रहि नै रहन्छ ।

अर्थ सारिणी (भाग २, खण्ड ११, परिच्छेद ३, २५९) मा शंका सम्बन्धमा यसरी भनिएको छ :–

“यहाँ शंका (विचिकित्सा) को अर्थ हो ज्ञान रूपी चिकित्साबाट रहित हुनु । (अथवा जुन उपायद्वारा धातु स्वभावको अनुसन्धान गर्ने व्यक्तिले पीडा र थकाई (पालिमा किच्छति) को दुःख अनुभव गर्दछ, त्यो शंका हो) यसको लक्षण हो सन्देहता । यसको कृत्य हो विभिन्न गोचरहरुमा चित्तको कम्पन । अनिश्चयता विर्भावता यसको आकार वा प्रत्युपस्थान हो । अनुचित मनस्कारता यसको समीप कारण वा पदस्थानवाला हो र यसलाई ज्ञान प्राप्तिको मार्गमा खतराको रूपमा जान्नु पर्दछ ।...”

विचिकित्सा मिथ्यादृष्टि भन्दा भिन्न कुरा हो । मिथ्या दृष्टि हुँदा वास्तविक धर्महरु नित्य हुन् भन्नेमा वा तिनीहरुलाई आत्माको रूपमा ग्रहण गर्ने धारणामा संलग्न हुन्छ । विचिकित्सा उत्पति हुँदा मन शरीरभन्दा भिन्न हो कि होइन, आत्मा भनेको छ कि छैन भन्ने कुरामै छक्क परिन्छ । वास्तविकतालाई वा वास्तविक धर्महरुलाई जस्तो छ त्यस्तै रूपमा देख्ने प्रज्ञाको विकास नगरी विचिकित्सालाई निर्मूल गर्ने अर्को विकल्प छँदै छैन । बुद्ध र उहाँको उपदेशहरुमा शंका गर्ने व्यक्तिहरु ऐतिहासिक घटनाहरुको अध्ययन गरेर शंका मेटाउन सकिन्छ कि भनी सोच्दछन् । तिनीहरु बुद्ध जीवित रहनु भएको कालको विषयमा र उहाँले भ्रमण गर्नु भएको ठाउँहरुको सम्बन्धमा अरु बढी विस्तृत विवरणहरु पत्ता लगाउन चाहन्छन् । तिनीहरु त्रिपिटक लेखिएको ठीक ठीक समय जान्न चाहन्छन् । वास्तवमा तिनीहरुको शंकालाई ऐतिहासिक घटनाहरुको अध्ययनले कहिल्यै पनि मेट्न सकिन्न । किनभने यसले क्लेशहरुको उन्मूलन गर्ने भगवान् बुद्धको उपदेशको लक्ष्यसम्म पुऱ्याउँदैन ।

बुद्धकालीन मानिसहरु पनि यस्ता यस्ता कुराहरुका बारेमा कल्पना गरिरहेका थिए कि जुन कल्पनाले उपदेशको लक्ष्यसम्म पुऱ्याउँदैनथ्यो । संसार परिमित वा अन्तवाला हो कि अनन्त हो, शाश्वत हो कि अशाश्वत हो, परिनिर्वाणपछि तथागत रहनु हुन्छ कि रहनु हुन्न भन्ने कुराहरुमा उनीहरु अचम्म मान्दै थिए ।

चुल मालुंक्य सूत्र (मध्यम निकाय, भिक्षुवर्ग) मा उल्लेखित छ कि आयुष्मान् मालुंक्यपुत्र बुद्धले दृष्टिहरु वा सैद्धान्तिक मतहरुको व्याख्या नगर्नु भएकोले अप्रसन्न भएको थियो । यो मतहरु

Downloaded from http://dhamma.digital/

सम्बन्धमा भगवान् बुद्धसँग प्रश्न गर्छु र यसरी प्रश्न गर्दा पनि भगवान्ले व्याख्या नगर्नु भएको खण्डमा म भिक्षुसंघको परित्याग गर्छु भनी उसले विचार गऱ्यो । यस विषयमा उनले भगवान् बुद्धसँग प्रश्न गर्दा भगवान्ले उसैलाई सोध्नु भयो कि “के मैले मालुंक्यपुत्र ! तिमीलाई यो भनेको थिएँ कि आऊ मालुंक्यपुत्र ! मेरो साथै ब्रह्मचर्य पालन गर । म तिमीलाई बताउँछु– (१) संसार शाश्वत हो कि अशाश्वत हो....अथवा तथागत परिनिर्वाणपछि रहनु हुन्छ कि रहनु हुन्न ? मालुंक्यपुत्रले जवाफ दिए– “होइन भन्नु भएको थिएन, भन्ते !” । भगवान् बुद्धले पुनः प्रश्न गर्नु भयो– “के तिमीले मलाई भनेका थियौं कि भगवान्ले यी दृष्टिहरु वा मतहरुका सम्बन्धमा मलाई व्याख्या गरेको खण्डमा मात्र भगवान्को अन्तर्गतमा म ब्रह्मचर्य पालन गर्दछु ?” “होइन, यसो भनेको थिएन, भन्ते !” मालुंक्यपुत्रले पुनः उत्तर दिए । भगवान् बुद्धले अनि मालुंक्यपुत्रलाई सम्झाउनु भयो कि विभिन्न दृष्टिहरु वा मतहरुका विषयमा व्याख्या नगरेसम्म म ब्रह्मचर्य पालन गर्दिन भन्ने व्यक्ति त्यस्तो मान्छे जस्तै हो जसलाई विषालु वाण लागेको छ तर जबसम्म त्यो वाण हान्ने मानिस क्षत्रीय, ब्राह्मण, वैश्य वा शूद्र को हो, त्यो कुरा थाहा नपाएसम्म त्यो वाण हान्नेको नाउँ र गोत्र थाहा नपाएसम्म, त्यसको रूप थाहा नपाएसम्म, त्यो धनुषवाण, धनुषको तार, धनुषको धातु, धनुषको किसिम थाहा नापएसम्म जो मान्छे आफूलाई लागेको वाण झिक्न दिँदैन वा झिक्दैन । तर त्यो वाण लागेको मान्छे ती सबै कुरा थाहा पाउनुभन्दा अगाडि नै मरिसक्छ ।

विभिन्न मतमतान्तरहरु आफूलाई व्याख्या गरेपछि मात्र भगवान्को अन्तर्गत ब्रह्मचर्य पालन गर्छु भन्ने मानिसको पनि त्यही गति हुन्छ । भगवान् बुद्धले भन्ने भयो :–

“मालुंक्यपुत्र ! संसार शाश्वत छ भन्ने दृष्टि रहे पछि नै ब्रह्मचर्य बास हुने कुरो होइन । मालुंक्यपुत्र ! संसार अशाश्वत छ भन्ने दृष्टि रहेपछि नै ब्रह्मचर्य बास रहने कुरो पनि होइन । संसार शाश्वत छ भन्ने दृष्टि रहे पनि अथवा संसार अशाश्वत छ भन्ने दृष्टि रहे पनि यहाँ जन्म हुन्छ नै, जरा हुन्छ, मृत्यु हुन्छ, शोक, परिदेव, संताप, दुःख, दौर्मनस्य र उपायास हुन्छन् नै यिनीहरुको यही जन्ममा नै विनाश गर्ने कुराको उपदेश मैले दिएको छु ।...”

“यसैले मालुंक्यपुत्र ! मेरा अव्याकृत (वचनलाई अ-विषय) लाई अव्याकृतकै रूपमा धारण गर र मेरो व्याकृतलाई व्याकृत (सुवर्णित) कै रूपमा धारण गर । मालुंक्यपुत्र ! मेरा के के अव्याकृत हुन् त ? संसार शाश्वत छ कि अशाश्वत छ भन्ने कुरा मेरो अव्याकृत हो । किन, मालुंक्यपुत्र ! मैले यसलाई अव्याकृत भनेको छु छ ? किनभने यो (यसको व्याकरण) सार्थक छैन, ब्रह्मचर्य बासको निमित्त उपयोगी छैन । न यो निर्वेद-वैराग्य, निरोध-उपशम (शान्ति) अभिज्ञा ( लोकोत्तर ज्ञान) सम्बोधि (परम ज्ञान) निर्वाणकै लागि आवश्यक छ । त्यसैले मैले यसलाई अव्याकृत गरेको छु ।”

“ मालुंक्यपुत्र ! के के कुरा व्याकृत छन् त ? “यो दुःख हो,” यसलाई मैले व्याकृत गरेको छु । मालुंक्यपुत्र ! “यो दुःख समुदय हो”, “यो दुःख निरोध हो”, “यो दुःख निरोध गामिनी मार्ग हो”– यसलाई मैले व्याकृत गरेको छु । मालुंक्यपुत्र ! मैले किन यसलाई व्याकृत गरें त ? मालुंक्यपुत्र ! यो सार्थक छ, आदि ब्रह्मचर्य -उपयोगी छ र यो निर्वेद, विराग दुःख निरोध, उपशम अनुत्तर ज्ञान, सम्बोधि र निर्वाणको निमित्त हितकर छ ।...

Downloaded from http://dhamma.digital/

निर्वाणको लक्ष्यसम्म नपुऱ्याउने कुराहरुको विषयमा चिन्तन गरेर विचिकित्सालाई उपचार गर्न सकिन्न । बल्कि वर्तमान घडीमा उत्पन्न हुने नाम तथा रूपको विषयमा जागरूक भएर मात्र यसलाई उपचार गर्न सकिन्छ । विचिकित्सा रहँदैको अवस्थामा पनि हेतुहरुको कारण उत्पति हुने यो एक प्रकारको नाम मात्र हो, आत्मा होइन भन्ने कुरा महशूस गर्न सकिन्छ । यसरी वर्तमान घडीमो वास्तविकतालाई अझ स्पष्ट रूपमा बुझिने छ ।

दोश्रो प्रकारको मोह मूल चित्त उपेक्षा सहगत औद्धत्य सम्प्रयुक्त हुन्छ । औद्धत्य आकुलता वा चिन्ताको रूपमा अनुवाद गरिन्छ । औद्धत्य छँदा चित्तसँगै स्मृति रहन्न । प्रत्येक कुशल चित्त साथै स्मृति हुन्छ र त्यसले जुन कुशल हो त्यो कुरा सम्झन्छ । त्यसैले विपश्यना मात्र स्मृति (पालिमा सती) रहने होइन, व्यक्तिले दान गर्दा, शील पालन गर्दा, बद्धोपदेशको अध्ययन वा उपदेश गर्दा, वा समथ (भावना) को अभ्यास गर्दा पनि स्मृति रहन्छ । विपश्यना स्मृतिले नाम वा रूपको लक्षणलाई याद गर्दछ ।

औद्धत्य उत्पति हुँदा चित्त कुशल हुन्न । त्यतिखेर मान्छेले दान शील वा भावनामा आफूलाई लगाउन सक्तैन । औद्धत्यले चित्तलाई कुशलबाट हटाइ दिन्छ अर्थात् विकर्षित पार्दछ । औद्धत्य सम्प्रयुक्त मोह मूलचित्त एक दिनमा धेरै पटक उत्पति हुन्छ तर यसको लक्षणलाई जान्न गाह्रो हुन्छ । विपश्यनाको अभ्यास नगर्ने व्यक्तिलाई यस प्रकारको चित्त थाहा हुन्न । मानिस जब वास्तविक स्वभाव धर्म प्रति भुलक्कद हुन्छ र दिवास्वप्न देखिरहेको हुन्छ त्यस बखतमा त्यो चित्त हुनै पर्छ भन्ने केही आवश्यक छैन । हामीले दिवा स्पप्न देखिरहेको बेलामा औद्धत्य सम्प्रयुक्त मोह मूल चित्तहरु मात्र हुँदैनन, लोभ मूल चित्तहरु र द्वेष मूल चित्तहरु पनि हुन सक्छन् । जुनबेला मान्छे वास्तविक धर्म स्वभावलाई भुलेको अवस्थामा रहन्छ र अकुशल चित्त लोभ वा द्वेष मूल हुन्न र चित्त विचिकित्सा सम्प्रयुक्त पनि छैन, त्यसबेला दोश्रो प्रकारको औद्धत्य सम्प्रयुक्त मोहमूल चित्त रहेको हुन्छ ।

सम्पूर्ण अकुशलको मूल नै मोह हो । हामीलाई वास्तविकताहरुको ज्ञान नहुँदा हामीले अकुशल जम्मा गर्नु स्वाभाविक नै हुन्छ । मोहले गर्दा लोभ हुन्छ । वास्तविक स्वभाव धर्म अर्थात् भनौं वास्तविकतालाई यथार्थ रूपमा नजानेपछि इन्द्रियहरु मार्फत् अनुभव गरिएका गोचरहरुमै हामी तल्लीन रहन्छौं मोहको कारण द्वेष पनि हुन्छ । वास्तविकताहरुको ज्ञान नहुँदाको बखत हामीलाई अप्रिय कुराहरुको अनुभव हुँदा हामीमा द्वेष हुन्छ । मोह सधैं अकुशल चित्तसँगै सम्प्रयुक्त रहन्छ र अकुशल कर्महरुले गर्दा लोभ मूल चित्तहरु वा द्वेष मूल चित्तहरु मात्रै उत्पति हुने होइन, बीच बीचमा कैयौं मोह मूल चित्तहरु पनि त्यहाँ उत्पन्न हुन्छन् ।

मोह पंच इन्द्रियद्वारहरु र मनोद्वार मार्फत् उत्पन्न हुन्छन् । जस्तो हामीले कुनै शब्द सुन्नासाथ श्रोतद्वार मार्फत् अनुभव गरिएको कारणबाट मोह उत्पति हुने सम्भावना हुन्छ । मोह मूल चित्त औद्धत्य सम्प्रयुक्त रहँदा वास्तविकताहरु प्रतिको सावधानिता रहन्न । जब मोह मूल चित्त विचिकित्सा सम्प्रयुक्त रहन्छ, तब हामी त्यतिखेर देखा परेको जुन वास्तविकता हो त्यो नाम वा रूप के हो भन्ने कुरामा हामीलाई शंका रहन्छ । षडिन्द्रीय द्वारहरु मार्फत् प्रकट हुन स्वभाव धर्महरु प्रति हामी सावधान रह्यौं भने मोहलाई निर्मूल गर्न सक्ने प्रज्ञाको विकास हुन्छ ।

Downloaded from http://dhamma.digital/

श्रोतपन्नले त्यस प्रकारको मोह मूल चित्त, जुनमा विचिकित्सा सम्प्रयुक्त हुन्छ, लाई जरैदेखि उखेलिसकेको हुन्छ । त्यस पुद्गललाई परमार्थ धर्महरु सम्बन्धमा कुनै प्रकारको शंका रहँदैन । उसले "आर्य विनयको संसार" लाई बुझ्केको हुन्छ । उसमा बुद्ध, धर्म र संघ प्रति शंका रहन्न । उसलाई क्लेशहरुको अन्त्य गर्ने मार्ग विषयमा शंका हुँदैन । श्रोतापन्न, सकृदागामी र अनागामी अझै औद्धत्य सम्प्रयुक्त मोह मूल चित्तहरु हुन्छन् । केवल अरहन्तले मात्र औद्धत्यलाई निर्मूल गरिसकेको हुन्छ ।

(अविद्या) वा मोह भनेको वास्तविक स्वभाव धर्महरुको यथार्थ लक्षणलाई नदेख्नु चतुरार्य सत्यहरुलाई नजान्नु हो । मोहको कारण पहिलो आर्य सत्य -दुःखसत्य देख्दैन । उसले नाम वा रूपलाई अनित्य र दुःख हो भन्ने कुरा बुझ्दैन । उसलाई दोश्रो आर्य सत्य- दुःख समुदय, जो तृष्णा हो, त्यो पनि थाहा हुन्न । नाम र रूपमा आशक्त रहनाको कारणले जन्म र मृत्युको चक्रको अन्त्य हुँदैन र यसरी दुःखको अन्त्य हुँदैन उसले दुःख निरोध, जुन निर्वाह हो, लाई थाहा पाउँदैन । उसलाई दुःख निरोध गामिनी प्रतिपद्, जो आर्य अष्टाङ्गिक मार्ग हो, थाहा हुन्न । आर्य अष्टाङ्गिक मार्गलाई विपश्यनाद्वारा विकसित गरिन्छ ।

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद ४, जम्बुखादक संयुक्त, अविज्जा सुत्त प्रकरण ९) मा जम्बुखादक परिब्राजकले सारिपुत्रलाई सोधेको प्रश्नको चर्चा गरिएको छ :–

"अविद्या, अविद्या ! भन्ने भनाइ छ, आवुस सारिपुत्र ! अविद्या भनेको के हो ?"

"आवुस ! दुःखको अज्ञान जो छ, दुःख समुदयको अज्ञान, दुःख निराधको अज्ञान, दुःख निरोध गामिनी मार्गको अज्ञान, आवुस ! यसलाई नै अविद्या भनिन्छ ।"

"आवुस ! यो अविद्याको प्रहाणको लागि केही मार्ग छ त ?"

"आवुस ! निश्चय नै यस्तो अविद्या प्रहाण गर्ने बाटो छ ।"

"आवुस ! अविद्याको प्रहाणको लागि के मार्ग छ त ?"

"आवुस ! यो यही आर्य अष्टाङ्गिक मार्ग हो ।"

उपर्युक्त प्रसंगबाट स्पष्ट हुन्छ, आर्य अष्टाङ्गिक मार्गले नै अविद्यालाई निर्मूल गर्छ ।

"मोहेन हि निच्चं संमूल्हं तिरच्छान योनियं उप पज्जन्ति ।" – अट्ठसालिनी ।

अर्थात्

(मोहबाट अवश्य नै स्वभावैले तिर्यक् योनीमा पुग्दछ )

Downloaded from http://dhamma.digital/

## केही मनन गर्न योग्य प्रश्नहरु

१) मोह के हो ? यसलाई किन निर्मूल गरिनु पर्दछ ?

२) कसरी मोहलाई उखेलेर फ्याँक्न सकिन्छ ?

३) वास्तविकताहरु प्रति शंका रहँदा के त्यहाँ मोह पनि रहन्छ ?

४) मोह कतिवटा द्वारहरु मार्फत् उत्पति हुन सक्छ ?

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**परिच्छेद–८**

# अहेतुक चित्तहरू

यदि हामीले स्वयं आफैलाई राम्ररी चिन्न चाहने हो भने हामीले कुशल चित्तहरु वा अकुशल चित्तहरु रहने क्षणहरुलाई मात्र जानेर पुग्दैन, बल्कि अरु घडीहरुलाई पनि जान्नु पर्दछ । हामीले केही कुरूप दृश्य देख्दा हामी त्यो देखेको कुरालाई मनपराउन्नौं । त्यस मन नपराउने घडीमा हामीमा द्वेष मूल अकुशल चित्त रहन्छ । तर त्यस गोचर प्रतिको बेचाहना उत्पन्न हुनुभन्दा अगाडि चक्षुद्वारा त्यो गोचरलाई मात्र ग्रहण गर्ने घडीहरु रहनु पर्दछ । ती घडीहरुमा अकुशल चित्तहरु अझै उत्पति भइसकेको हुन्न, केवल हेतु नभएका चित्तहरु मात्र रहेका हुन्छन् ।

हेतु वा मूलको रूपमा काम गर्ने जम्मा छ प्रकारका चैतसिकहरु छन् । तीमध्ये लोभ, द्वेष र मोह-तीन हेतुहरु अकुशल छन् । तीनवटा हेतुहरु शोभन छन्, यथा अलोभ, अद्वेष र अमोह । हेतु सम्प्रयुक्त चित्त वा चैतसिक सहेतुक हो, जस्तो द्वेष मूल चित्त सहेतुक हो । द्वेष मूल चित्त साथै उत्पति हुने हेतुहरु हुन् मोह र द्वेष ।

हेतु बिनाका चित्तहरु अहेतुक चित्तहरु हुन् । कुनै एक दिन थुप्रै अहेतुक चित्त उत्पति भइरहन्छन् । हामीले हेर्दा, सुन्दा, सुँघ्दा, रस लिँदा वा काया इन्द्रियद्वारा स्पर्श गर्दा (कुशल वा अकुशल) सहेतुक चित्तहरु उत्पति हुनु भन्दा पहिले अहेतुक चित्तहरु रहन्छन् । तर हामी प्रिय वा अप्रियताका घडीहरुमा मात्र ध्यान दिन उद्यत हुन्छौं । हामीले अरु घडीहरुलाई पनि जान्नु पर्दछ । अर्थात् हामीले अहेतुक चित्तहरुलाई पनि जान्नु पर्दछ ।

अहेतुक चित्त जम्मा १८ प्रकारका छन् । पन्ध्र प्रकारका अहेतुक चित्त विपाक चित्तहरु हुन् र बाँकी तीन प्रकारका चाहिँ कृया-चित्तहरु हुन् (अर्थात् यस्ता चित्तहरु जुन निष्कृय छन् न-हेतु न-विपाक नै हुन्) । अहेतुक विपाक चित्तहरु मध्ये सात वटा अकुशल विपाक चित्तहरु (अकुशल कर्महरुका परिणाम) हुन् र बाँकी आठवटा कुशल विपाक चित्तहरु (कुशल कर्मका विपाक) हुन् । हामीले केही नराम्रो दृश्य देख्दा त्यो अप्रिय वस्तुले चक्षु-इन्द्रियमा स्पर्श भएपछि दर्शन उत्पति हुने हो । दर्शन भनेको चक्षुहरुद्वारा देखा परेको गोचरलाई ग्रहण गर्नु वा जान्नुसम्म हो । चक्षु-विज्ञान अहेतुक विपाक चित्त हो । त्यतिन्जेल अझै त्यस अप्रिय वस्तुप्रति अरूचि उत्पति भइसकेको हुन्न । त्यस वस्तुलाई मन नपराउने चित्त त पछि उत्पति हुन्छ । यो सहेतुक चित्त हो । दर्शन भन्नु र आफूले देखेको कुरा जान्नु वा ग्रहण गर्नु भनेको एउटै होइन । देखिएको कुरालाई थाहा पाउने चित्तले त्यो आलम्बन वा गोचरलाई चक्षुद्वारबाट होइन, बल्कि मनोद्वारबाट अनुभव गर्दछ । यसको भिन्नै लक्षण हुन्छ । हामीले "दर्शन" भन्ने शब्द प्रयोग गर्दा साधारणतया देखिएको आलम्बन के हो भन्ने जान्ने भन्ने अर्थमा प्रयोग गर्दछौं । किन्तु त्यो आलम्बन के हो भन्ने कुरा जान्नु अगावै त्यहाँ केवल "रंग" लाई मात्र ग्रहण गर्ने वा केवल गोचरलाई मात्र हेर्ने चित्त हुनु पर्दछ । हामी जे देख्छौं त्यसलाई "रंग" भन्दछौं । "रंग" को अर्थ हो केवल चक्षुहरुद्वारा देखा पर्न सक्ने कुरा । हामीले आँखा चिम्लिँदा "दर्शन" हुन सक्तैन । श्रोत (सुन्ने कार्य) हुँदा हामी के अनुभव गर्न सक्छौं भने दर्शनको भन्दा श्रवण वा श्रोतको लक्षण भिन्नै हुन्छ । श्रवण गर्ने चित्तले कानद्वारा शब्दलाई अनुभव गर्दछ वा

Downloaded from http://dhamma.digital/

ग्रहण गर्दछ । यसरी वास्तविकताहरुको विभिन्न लक्षणहरुलाई बारम्बार अनुभव गरेरै मात्र हामी तिनीहरुलाई यथार्थ रूपमा जान्न सक्तछौं । मानिसहरुमा एकै पटक देख्न र सुन्न सक्ने आत्मा छ भन्ने धारणा रहन सक्ला तर कुन चाहिँ द्वारमार्फत् त्यो आत्मालाई अनुभव गर्न सकिन्छ त ? संसारका स्वभाव धर्महरुलाई आत्मा भनी ग्रहण गर्नु मिथ्यादृष्टि हो ।

दर्शन, श्रोत, घ्राण, रसास्वादन, र काया-इन्द्रियद्वारा संस्पर्शका कुरा हेतुहरु विना उत्पति हुँदैनन् । तिनीहरु कर्मका फल हुन् । चक्षुइन्द्रिय, श्रोतेन्द्रिय, घ्राणेन्द्रिय, जिव्हा-इन्द्रिय र काया-इन्द्रियहरु पनि कर्मद्वारा नै उत्पति भएका रूपहरु हुन्, तिनीहरु कर्मका भौतिक प्रतिफल हुन् । कर्मका मानसिक प्रतिफललाई मात्रै विपाक भनिन्छ । तसर्थ चित्त तथा चैतसिक मात्र विपाक हुन सक्छन् । रूप विपाक होइन । कर्मद्वारा उत्पन्न भएका पाँच इन्द्रियहरु हाम्रा सम्पूर्ण जीवनभरिमा उत्पति हुने कुशल विपाक र अकुशल विपाकको लागि भौतिक आधार हुन् ।

जे जति पनि उत्पति हुन्छन् तिनको उत्पति निमित्त हेतुहरु हुनुपर्छ भन्ने कुरा भगवान् बुद्धले उपदेश दिनु भयो । हामीले केही अप्रिय कुरा देख्दा त्यसको निमित्त एउटा हेतु हुनुपर्छ । यो अकुशल कर्मको फल हो । अकुशल विपाक कुशल कर्मको फल हुन सक्तैन । केही प्रिय कुरा देख्नु कुशल विपाक हो । यो कुशल कर्मकै फल मात्र हुन सक्छ । पाँच इन्द्रियहरुमध्ये कुनै एक इन्द्रिय मार्फत् प्रिय वा अप्रिय स्पर्श हुँदा उत्पति हुने जुन विपाक चित्त हो त्यो अहेतुक हो । त्यस अवस्थामा चित्त साथै उत्पति हुने अकुशल हेतुहरु र शोभन हेतुहरु हुँदैनन् ।

चक्षुहरुद्वारा प्रिय वा अप्रिय गोचरलाई अनुभव गर्ने अहेतुक विपाक चित्त हो चक्षुविज्ञान, जसलाई पालिमा चक्खु-विञ्ञाण भनिन्छ ।

कानहरुद्वारा प्रिय वा अप्रिय गोचरलाई अनुभव गर्ने अहेतुक विपाक चित्त हो श्रोत विज्ञान, जसलाई पालिमा सोत-विञ्ञाण भनिन्छ ।

नाकद्वारा प्रिय वा अप्रिय गोचरलाई अनुभव गर्ने अहेतुक विपाक चित्त हो घ्राण-विज्ञान, जसलाई पालिमा घाण-विञ्ञाण भनिन्छ ।

जिव्हाद्वारा प्रिय वा अप्रिय गोचरलाई अनुभव गर्ने अहेतुक विपाक चित्त हो जिव्हा-विज्ञान, जसलाई पालिमा जिव्हा-विञ्ञाण भनिन्छ ।

काया-इन्द्रियद्वारा प्रिय वा अप्रिय गोचरलाई अनुभव गर्ने अहेतुक विपाक चित्त हो काया-विज्ञान, जसलाई पालिमा काया-विञ्ञाण भनिन्छ ।

पाँचद्वारहरुमध्ये प्रत्येक द्वारबाट आलम्बनलाई अनुभव गर्ने दुई प्रकारका अहेतुक विपाक छन्, एउटा अकुशल विपाक र अर्को कुशल विपाक । यसरी पंच इन्द्रियद्वारहरुमा निर्भर रही उत्पति हुने अहेतुक विपाक चित्तहरुको पाँच जोडा छन् । अहेतुक विपाक चित्तका अरु किसिमहरु पनि छन्, जुन पछि उल्लेख गरिने छन् । दश अहेतुक विपाक चित्तहरुका पाँच जोडाहरुलाई पालिमा द्वी-पंच-विञ्ञाण भनिन्छ । सारांशमा निम्न बमोजिम हुन् :–

Downloaded from http://dhamma.digital/

| | | |
|---|---|---|
| १. चक्षु-विज्ञान– | उपेक्षा सहगत अकुशल विपाक । |
| ” | उपेक्षा सहगत कुशल विपाक । |
| २. श्रोत-विज्ञान– | उपेक्षा सहगत अकुशल विपाक । |
| ” | उपेक्षा सहगत कुशल विपाक । |
| ३. घ्राण-विज्ञान– | उपेक्षा सहगत अकुशल विपाक । |
| ” | उपेक्षा सहगत कुशल विपाक । |
| ४. जिव्हा-विज्ञान– | उपेक्षा सहगत अकुशल विपाक । |
| ” | उपेक्षा सहगत कुशल विपाक । |
| ५. काया-विज्ञान– | उपेक्षा सहगत अकुशल विपाक । |
| ” | उपेक्षा सहगत कुशल विपाक । |

अकुशल विपाक होस् वा कुशल विपाक, हेर्ने, सुन्ने, सुँघ्ने र रस लिने अहेतुक विपाक चित्तहरु चाहिँ सदैव उपेक्षा सहगत हुन्छन् । त्यस आलम्बनलाई मन नपराउने चित्त त पछिमात्र उत्पति हुनेछ । त्यो चित्त चाहिँ सहेतुक (हेतुसहित उत्पति भएको) हुन्छ र दौर्मनस्य वेदना त्यस चित्तको साथै लागेको हुन्छ । अथवा त्यस आलम्बनलाई मन पराउने चित्त उत्पति हुन सक्छ, त्यस्तो सहेतुक चित्तमा सौमनस्य वेदना वा उपेक्षा वेदना साथ लागेको हुन सक्छ । चित्तहरु भिन्नै छन् र चित्त साथै लाग्ने वेदनाहरु पनि भिन्नै हुन्, यो कुनै पनि धर्म धर्महरुलाई आत्माको रूपमा ग्रहण गरिनु हुन्न ।

काया-इन्द्रिय मार्फत् स्पर्शको अनुभव गर्ने अहेतुक विपाक चित्त साथै उत्पति हुने वेदना उपेक्षा वेदना हुन सक्तैन । तसर्थ यस्तो चित्त कि त दुःख वेदना कि त सुख वेदना साथै उत्पति हुन्छ । अप्रिय किसिमको शारीरिक स्पर्शले गर्दा अहेतुक विपाक चित्त साथै सहगत हुने वेदना चाहिँ दुःख वेदना हो । प्रिय किसिमको शारीरिक स्पर्शको अनुभव गर्दाखेरीको अहेतुक विपाक चित्तसित सहगत वेदना भने सुख वेदना हो । दुःख वेदना र सुख वेदना दुवै नाम धर्म हुन् जो काया-इन्द्रियद्वारा गोचरलाई अनुभव गर्ने विपाक चित्त साथै मात्र उत्पति हुन सक्छ । शारीरिक वेदना र मानसिक वेदना दुवै नाम धर्म हुन् तर तिनीहरु भिन्न भिन्न अवस्थाहरुले गर्दा र भिन्न भिन्न घडीहरुमा उत्पति हुन्छन् । जस्तो रमणीय वातावरणहरुमा रहँदा हामीमा सुख वेदना रहन सक्छ तर त्यो भए पनि अझै हामी चिन्तित रहन सक्ने सम्भावना छ र यसरी हामीमा दौर्मनस्य वेदना (मानसिक दुःखको वेदना) का घडीहरु आउन सक्छन् । यी वेदनाहरु विभिन्न क्षणहरुमा उत्पति हुन्छन् । सुख वेदना कुशल कर्मको फल हो । हामी दुःखी वा अप्रसन्न छँदा उत्पति हुने दौर्मनस्य वेदना जो छ त्यो हाम्रो द्वेषको संचयको कारणले गर्दा उत्पति हुन्छ । त्यो अकुशल हो ।

Downloaded from http://dhamma.digital/

काया-इन्द्रिय भनेको हाम्रो सम्पूर्ण शरीरभरि विद्यमान रहेको एक प्रकारको रूप हो । यस काया-इन्द्रियद्वारा हामी दिन भरिनै स्पर्शहरु अनुभव भइरहन्छन् । जुन बेला हामी साह्रो वा नरम वस्तुलाई स्पर्श गर्दछौं, ठण्डी वा गर्मीले शरीरमा स्पर्श गर्दछ र जब हामी हिंड्छौं वा चल्दछौं, झुक्छौं वा आंग तान्छौं, काया-इन्द्रियद्वारा अप्रिय वा प्रिय स्पर्शहरु प्राप्त गर्छन् । प्रत्येक क्षणमै शारीरिक स्पर्श भइरहन्छ भने हरेक क्षणमा दुःख वेदना वा सुख वेदना उत्पति हुन्छ त भन्ने कुरामा साधारण जनलाई अचम्म लाग्न सक्छ । मानिसहरु स्थूल शारीरिक वेदनाहरुको त विचार गर्न सक्छन् तर सूक्ष्म शारीरिक वेदनाहरुमा ध्यान दिन सक्तैनन् । जस्तो उदाहरणका लागि भनौं, कुनै पनि वस्तु साह्रै साह्रो, ज्यादै चिसो वा ज्यादै गरम छ भने काया-इन्द्रियद्वारा त्यस वस्तुलाई अनुभव गर्ने अहेतुक विपाक चित्त साथै दुःख वेदना उत्पति भएको हुन्छ । वास्तविक स्वभाव धर्महरु बारेमा सजग बन्न नसकेको व्यक्तिले सूक्ष्म शारीरिक वेदनाहरुमा ध्यान दिएर हेर्न सक्तैनन् ।

अरहन्तले काया-इन्द्रियद्वारा अप्रिय स्पर्श वा प्रिय स्पर्शको अनुभव गर्दा उनलाई अहेतुक विपाक चित्त साथै उत्पति हुने शारीरिक दुःख वेदना वा शारीरिक सुख वेदना मात्र हुन्छ । तर उनमा विपाक चित्त पछि अकुशल चित्तहरु वा कुशल चित्तहरु हुँदैनन् । बल्कि कृया-चित्तहरु मात्र हुन्छन् ।

संयुक्त निकाय (षलायतन वर्ग, वेदना संयुक्त भाग १ प्रकरण ६ सल्लत सुत्त) मा भगवान् बुद्धले भिक्षुहरुलाई दिनुभएको निम्न उपदेश उल्लेखित छ :–

"भिक्षुहरु ! अज्ञ पृथक्जन सुख वेदनालाई अनुभव गर्दछन् । दुःख वेदनालाई अनुभव गर्दछन् । अ-दुःख अ-सुख वेदनालाई अनुभव गर्दछन् ।

भिक्षुहरु ! पण्डित अर्या श्रावकहरु पनि यिनै तीन प्रकारका वेदनाहरुलाई अनुभव गर्दछन् ।

भिक्षुहरु ! तब पण्डित आर्य श्रावक र अज्ञ पृथक्जनका बीचमा के फरक भयो त ?

भन्ते ! धर्मका मूल त भगवान् नै हुनुहुन्छ ।

भिक्षुहरु ! अज्ञ पृथक्जन दुःख वेदनाले पीडित भएर शोक गर्दछन्, परेशान (हैरान) हुन्छन्, रूने-कराउने गर्दछन्, छाती पिटी पिटी रून्छन्, सम्मोहमा खस्दछन् (अर्थात् किंकर्तव्य विमूढ भएर जिल्लिएर रहन्छन्) । यसरी, उसले दोहोरो वेदनाहरुलाई अनुभव गर्दछन्-शारीरिक र मानसिक । त्यसै दुःख वेदनाबाट पीडित भएर खिन्न हुन्छन् । दुःख वेदनाबाट पीडित भएर त्यसले काम सुख प्राप्त गर्ने इच्छा गर्दछ । त्यसो किन ? भिक्षुहरु ! किनभने अज्ञ पृथक्जन काम सुख बाहेक दोश्रो दुःखबाट छुट्कारा पाउने उपायलाई जान्दैनन् । काम सुखको इच्छा गरेर उसमा सुख वेदनाप्रति राग उत्पति हुन्छ ...."

के यो साँच्चिकैको जीवन होइन त ? दुःख वेदनाबाट स्पर्श भएर पनि हामी सुख वेदनामा आनन्दित हुन्छौं । हामी सुख वेदनालाई साँच्चिकैको सुख हो भन्ने कुराको विश्वास गर्दछौं । जीवनलाई नै दुःखको रूपमा यथार्थ किसिमबाट हामी देख्दैनौं । हामी जरा, व्याधि र मृत्यु दुःख दौर्मनस्य र उपायास लगायत सम्पूर्ण संस्कृत धर्महरुको अनित्यता प्रति आँखा चिम्लिन खोज्छौं । हामी जीवनमा सुखको अपेक्षा गर्दछौं र हामीलाई दुःख आइ पर्दा सुख वेदनाले हाम्रो दुःखलाई निको

Downloaded from http://dhamma.digital/

पार्न सक्छ कि भन्ने कुराको विचार गर्दछौं र यसैमा हामी आशक्त रहन्छौं । "प्रतित्य समुत्पाद" मा यो सिकाइएको छ कि वेदनाले गर्दा तृष्णा हुन्छ । सुख वेदना र न-सुख-न-दुःख वेदनाको कारणले मात्र तृष्णा हुन्छ । सुख वेदना र न-सुख-न-दुःख वेदनाको कारणले मात्र तृष्णा हुने होइन, दुःख र वेदनाबाट पनि मान्छे मुक्त हुन चाहने भएकोले यसको कारणले पनि तृष्णा हुन्छ । संयुक्त निकायको उपर्युक्त सूत्रमा अझ यसरी उल्लेख गरिएको छ :–

"... उसले सुख वेदनाको अनुभव आशक्त भएरै गर्दछ । न-सुख-न-दुःख वेदनाको अनुभव गर्दा पनि आशक्त रहेरै अनुभव गर्दछ । भिक्षुहरु ! यसैलाई भनिन्छ कि अज्ञ पृथक्जन जाति, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायासले संयुक्त छन् । त्यो व्यक्ति दुःखमै आशक्त रहन्छ । यसरी म भन्दछु ।

तर भिक्षुहरु ! पण्डित आर्यश्रावक दुःख वेदनाबाट पीडित भएर शोक गर्दैन, हैरान हुँदैन, रूने कराउने गर्दैन, छाती पिटी पिटी रूँदैन, सम्मोहमा पर्दैन । त्यो व्यक्ति एउटै मात्र वेदनालाई अनुभव गर्दछ–शारीरिक, मानसिक होइन । ... त्यस्तो व्यक्ति सुख वेदनाको अनुभव अनाशक्त भएर गर्दछ । दुःख वेदनाको अनुभव अनाशक्त भएरै गर्दछ र अ-दुःख अ-सुख वेदनाको अनुभव पनि अनाशक्त भएरै गर्दछ । भिक्षुहरु ! यसैलाई भनिन्छ कि पण्डित आर्य-श्रावक जाति, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायासबाट असंयुक्त छ । यसरी म भन्दछु ।

भिक्षुहरु ! पण्डित आर्य श्रावक र अज्ञ पृथक्जनमा यही फरक रहन्छ ।..."

भगवान् बुद्धले वेदनाहरुको सम्बन्धमा धेरै पटक उपदेश दिनु भयो । उहाँले व्याख्या गर्नु भयो कि वेदनाहरु हेतुको कारण उत्पति हुन्छन् र पुनः निरूद्ध हुन्छन् । वेदनाहरु अनित्य हुन् र तिनीहरुलाई आत्माको रूपबाट ग्रहण गर्नु हुँदैन । संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, तृतीय पण्णासक, भाग ३ गृहपति वर्ग, हलिद्दक सुत्त) मा यसरी उल्लेख गरिएको छ :–

"एक समय आयुष्मान् महाकात्यायन अवन्तीमा कुररघर पर्वतमा विहार गर्नु हुन्थ्यो ।

तब, गृहपति हालिद्दिकानि आयुष्मान् महाकात्यायन भए छेउ आए र एक छेउमा बसेर उसले भने :–

"भन्ते ! भगवान्ले बताउनु भएको छ कि धातु-नानात्वको प्रत्ययले स्पर्श-नानात्व उत्पन्न हुन्छ । स्पर्श-नानात्वको प्रत्ययले वेदना-नानात्व उत्पन्न हुन्छ । भन्ते ! कसरी धातु-नानात्व (धातुको अनेकता वा विभिन्नता) को प्रत्ययले स्पर्श-नानात्व (स्पर्शको विभिन्नता), र स्पर्श-नानात्वको प्रत्ययले वेदना-नानात्व (वेदनाको विभिन्नता) उत्पन्न हुन्छ ?

गृहपति ! भिक्षुले चक्षुबाट प्रिय रूपलाई देखेर, यो सुखवेदनीय चक्षु विज्ञान हो भन्ने कुरा जान्दछ । स्पर्शको प्रत्ययबाट सुखमय वेदना उत्पन्न हुन्छ । चक्षुबाट नै अप्रिय रूपलाई देखेर यो दुःख वेदनीय चक्षु विज्ञान हो भन्ने कुरा जान्दछ । दुःख वेदनीय स्पर्शको प्रत्ययले गर्दा दुःखमय वेदना उत्पन्न हुन्छ । चक्षुबाट नै उपेक्षित रूपलाई देखेर यो अ-दुःख-अ-सुख वेदनीय चक्षु विज्ञान

Downloaded from http://dhamma.digital/

हो भन्ने कुरालाई जान्दछ । अ-दुःख-अ-सुख वेदनीय स्पर्शको प्रत्ययले गर्दा अ-दुःख-अ-सुख वेदना उत्पन्न हुन्छ ।

त्यसरी नै गृहपति ! श्रोतबाट शब्दलाई सुनेर, घ्राणबाट गन्ध सुँघेर, जिह्वाबाट रसको आस्वाद लिएर, कायबाट स्पर्श गरेर र त्यस्तै मनबाट प्रिय धर्मलाई जानेर, ... अप्रिय धर्मलाई जानेर... उपेक्षित धर्मलाई जानेर...सुखमय वेदना...दुःखमय वेदना...अ-दुःख-अ-सुख वेदना उत्पन्न हुन्छन् ।

गृहपति ! यस्तै प्रकारले धातु-नानात्वको प्रत्ययले गर्दा स्पर्श नानात्व र स्पर्श-नानात्वको प्रत्ययले गर्दा वेदना-नानात्व उत्पन्न हुन्छन् ।”

यदि विभिन्न द्वारहरु मार्फत् प्रकट हुने धर्महरु बारेमा हामी सजग रहन्छौं भने हामीलाई धेरै भिन्न भिन्न नामहरु र रूपहरु अनुभवद्वारा थाहा हुनेछ । हामीले विभिन्न प्रकारका चित्त र विभिन्न प्रकारका वेदनालाई जान्ने छौं । सम्पूर्ण यी धर्महरु आत्मा होइनन् संस्कृत धातुहरु मात्र हुन् भन्ने कुरा हामी जान्ने छौं । अनुभवबाटै हामीलाई थाहा हुने छ कि लोभ, द्वेष र मोह मूल चित्तहरु र सहेतुक कुशल चित्तहरु मात्र होइनन्, हेतु नभएका चित्तहरु-अहेतुक चित्तहरु, पनि हुन्छन् । विभिन्न द्वारहरु मार्फत् प्रकट हुने दर्शन, श्रोत र अन्य धर्महरुका विषयमा अरु बढी कुरा जान्नु रूचिकर नहुन सक्तछ । तथापि यथार्थ रूपमा कुराहरु जान्नलाई यो थाहा पाउनु जरूरी छ कि शब्दलाई जान्ने चित्तको लक्षण त्यो शब्दलाई मन पराउने वा मन नपराउने चित्तको लक्षण भन्दा भिन्न हुन्छ र यी चित्तहरु भिन्न भिन्न हेतुहरुको कारण उत्पति हुन्छन् । बुद्धले जो जति कुराको उपदेश दिनु भयो ती कुराहरु वास्तविकताहरु सम्बन्धमा स्मृति संप्रजन्य भएर प्रमाणित गर्न सकिन्छ ।

## केही मनन गर्न योग्य प्रश्नहरु

१) छ वटा हेतुहरु (मूलहरु) के के हुन् ?

२) दर्शन हुँदा कुशल विपाक वा अकुशल विपाक हुन सक्छ । चक्षु-विज्ञान साथ लागेका हेतुहरु छन् कि छैनन् ?

Downloaded from http://dhamma.digital/